संविधानसभा

# संविधान अभिलेख अध्ययन तथा निक्यौंल समितिको प्रतिवेदन, २०७१



संविधानसभा

संविधान अभिलेख अध्ययन तथा निक्यौंल समिति

# संविधानसभा
# संविधान अभिलेख अध्ययन तथा निक्यौंल समितिको प्रतिवेदन, २०७१

संविधानसभा
संविधान अभिलेख अध्ययन तथा निक्यौंल समिति

## प्राक्कथन

अघिल्लो संविधानसभाबाट संविधान निर्माण सम्बन्धमा भए गरेका कार्यहरुको स्वामित्व लिने गरी संविधान निर्माणको प्रकिया सञ्चालनको लागि संविधानसभाबाट २०७० चैत्र ७ गते संविधानसभा नियमावली,२०७० पारित भएको थियो । उक्त नियमावली अनुसार गठित संविधानसभा अन्तर्गतका पाँचवटा समितिहरुमध्ये "संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समिति" पनि एक रहेको छ । यस समितिको कार्यक्षेत्र संविधानसभामा रहेका अभिलेख तथा तत्कालीन संविधानसभाले संविधान निर्माणको लागि तयार गरेको दस्तावेज अध्ययन गरी संविधानका अन्तरवस्तुमा रहेका सहमतिका विषय र असहमतिका विषय निर्क्यौल गरी विषयगत आधारमा पूर्ण वा आंशिक प्रतिवेदन संविधानसभामा पेश गर्ने रहेको छ ।

उक्त कार्य सम्पादनको लागि २०७० साल चैत्र २१ गते संविधानसभाले ७२ सदस्यीय "संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समिति" गठन गरेको थियो । समितिमा रहनु भएका माननीय सदस्यहरुको विवरण अनुसूची-१ मा दिइएको छ । समिति गठन पश्चात् २०७० चैत्र २३ गते समितिको पहिलो बैठकले समितिको कार्यतालिका र कार्यविधि बनाउने निर्णय गरेको थियो । २०७० साल चैत्र ३० गते बसेको समितिको बैठकले संविधानसभाको कार्यतालिकालाई आधार मानी आफ्नो कार्यतालिका र कार्यविधि बनाएको थियो । समितिको कार्यतालिका र कार्यविधि अनुसूची-२ मा दिइएको छ । समितिबाट बनाइएको कार्यतालिका अनुसार २०७१ साल बैशाख ४ गते संविधानसभामा रहेका अभिलेख तथा तत्कालीन संविधानसभा र त्यस अन्तर्गतका समिति र उपसमितिले संविधान निर्माणको लागि तयार गरेको दस्तावेज अध्ययन गरी सहमति र असहमतिको विषय निर्क्यौल गरी समितिमा प्रतिवेदन पेश गर्न समितिले विभिन्न छ वटा उपसमितिहरु गठन गरेको थियो । ती उपसमितिहरुलाई २०७१ बैशाख १० गतेसम्म दस्तावेजहरु अध्ययन गर्ने र २० गते सम्म निर्क्यौलको काम सम्पन्न गरी समिति समक्ष प्रतिवेदन प्रस्तुत गर्ने कार्यादेश दिइएको थियो । उपसमितिहरुको विवरण अनुसूची-४ मा दिइएको छ ।
उपसमितिहरुले संविधानको मस्यौदा निर्माणको दक्षता हासिल गरेका विषयविद् र विज्ञहरुको समेत राय लिई प्रतिवेदन तयार गरेका थिए । ती प्रतिवेदनहरु पेश गर्ने, छलफल गरी निर्णयमा पुग्ने र सभामा पेश गर्ने प्रयोजनको लागि प्रतिवेदन तयारीको कार्यतालिका अलग्गै बनाइएको थियो, जुन अनुसूची-३ मा दिइएको छ । उपसमितिहरुले तोकिएको कार्यविधि र कार्यतालिकाको अधीनमा रही आ-आफ्ना प्रतिवेदनहरु समितिमा पेश गरेका थिए । उपसमितिका प्रतिवेदनहरु समितिमा प्राप्त भएपछि छलफल गरी त्यसलाई अन्तिम रुप दिई समितिले आंशिक प्रतिवेदन तयार गरी सम्माननीय अध्यक्षज्यू समक्ष पेश गर्ने र संविधानसभामा प्रस्तुत गर्ने व्यवहारिक प्रकिया अवलम्बन गरेको थियो ।

संविधानसभाले मिति २०७० साल चैत्र २१ गते पारित कार्यतालिका अनुसार यस समितिले तत्कालीन संविधानसभाले संविधान निर्माणका लागि तयार गरेको दस्तावेज अध्ययन गरी सहमतिका विषय र असहमतिका विषय निर्क्यौल गरी सभामा पूर्ण वा आंशिक प्रतिवेदन पेश गर्ने, समितिको प्रतिवेदन माथि सैद्धान्तिक छलफल गरी सहमति भएका विषयहरु सभाले मस्यौदाका लागि संविधान मस्यौदा समितिमा पठाउने र असहमति भएका विषयहरु सहमति गर्न आवश्यक निर्देशन सहित संवैधानिक-राजनैतिक संवाद तथा सहमति समितिमा पठाउने अवधि २०७१ जेष्ठ महिनाको दोस्रो हप्तासम्म तोकिएकोले यो समिति र संविधानसभाको कार्य समानान्तर रुपमा जानु पर्ने अवस्था थियो । यस्तो स्थितिमा समितिले पूर्ण प्रतिवेदन तयार गरी एकै पटक पेश गर्नुभन्दा पनि समितिगत तथा विषयगत रुपमा अलग अलग आंशिक प्रतिवेदन पेश गर्दै जानु उपयुक्त हुने देखिएकोले सोही अनुसारको व्यवहारिक कार्यविधि अपनाइयो । समितिले तत्कालीन संविधानसभाका विभिन्न समितिसँग सम्बन्धित आंशिक प्रतिवेदन पारित गरेको, संविधानसभाका अध्यक्ष समक्ष पेश गरेको र संविधानसभामा प्रस्तुत गरेको विवरण अनुसूची-७ मा समावेश गरिएको छ ।

यो प्रतिवेदन तयार गर्दा सम्बन्धित विषयगत समितिको प्रतिवेदन, उक्त प्रतिवेदन माथि तत्कालीन संविधान सभामा भएको छलफल र त्यो क्रममा उठेका विषयको आधारमा अवधारणा-पत्र तथा प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन अध्ययन समितिले तयार पारेको प्रतिवेदन,२०६७, तत्कालीन संविधानसभामा प्रतिनिधित्व गर्ने २७ दलका नेताको संयुक्त बैठकबाट भएको सहमति र उल्लिखित सबै प्रयासलाई आधार मानी संविधानसभाले तत्कालीन संवैधानिक समितिलाई दिएको सुझाव र निर्देशन लगायतका दस्तावेज र अभिलेखको अध्ययन गरिएको थियो ।

समितिले गरेको अध्ययनबाट तत्कालीन संविधानसभाका विषयगत समितिहरुले निर्माण गरेका प्रतिवेदनहरु माथि संविधान सभामा नै विस्तृत छलफल गरिएको, विवाद र फरकमत माथि सहमति कायम गर्ने प्रयास अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन अध्ययन समितिबाट र तत्कालीन संविधानसभामा प्रतिनिधित्व गर्ने २७ दलका संसदीय दलका नेताहरुको संयन्त्रबाट भई उक्त प्रक्रियाबाट भएका सहमतिलाई संविधानसभाबाट अनुमोदन गरी सहमति हुन बाँकी विवादका विषयलाई प्रश्नावलीको रुपमा सूचीकृत गरी तत्कालीन संवैधानिक समितिलाई सहमति कायम गर्न निर्देशन दिएको देखिन्छ ।

तत्कालीन संवैधानिक समिति र सो अन्तर्गत गठित विवाद समाधान उपसमितिबाट सहमति कायम गरिएका कतिपय विषयहरु संविधानसभामा पेश भई निर्णय भएको नदेखिएकोले समितिले संविधानसभाको मिति २०६६/१०/२०, २०६६/११/२०, २०६६/१२/२०, २०६७/१०/१२ र २०६७/१२/३ का बैठकबाट भएको निर्णय र उक्त निर्णयका आधारमा तत्कालीन संविधानसभाको संवैधानिक समितिलाई दिएको सुझाव र निर्देशनलाई आधार बनाई **तत्कालीन संविधानसभाका विषयगत समितिका प्रतिवेदन**मा रहेका मस्यौदामा समावेश विषयमध्ये सहमति र असहमतिका विषय निक्यौंल गरिएको छ । उल्लिखित मितिहरुमा दिइएका सुझाव तथा निर्देशनहरुको विवरण अनुसूची-५ मा दिइएको छ ।

विषयगत समितिको प्रारम्भिक मस्यौदामा सहमती भएको तर तत्कालीन संविधानसभाले अन्य विषयगत समितिको कार्य क्षेत्रमा परेको भनी संवैधानिक समितिलाई दिएको निर्देशनमा उल्लेख भएका विषयहरुलाई यो प्रतिवेदनमा सहमति भएको विषय अन्तर्गत राखी संविधान मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामाग्री हुने निक्यौंल गरी संविधान मस्यौदा समितिमा पठाउन प्रस्ताव गरिएको छ । राज्य पुनसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनसाथ अनुसूची-६ मा राखिएको प्रदेशको संख्या, सिमाना, क्षेत्र र अधिकारको सूची सम्बन्धी विवरण यस प्रतिवेदनमा अनुसूची ६.१, ६.२, ६.३, ६.४, ६.५, ६.६, र ६.७ गरी राखिएको छ ।

"संविधान अभिलेख अध्ययन तथा निक्यौंल" समिति गठन पश्चात् समितिको बैठक मिति २०७०/१२/२३ देखि २०७१/२/१४ सम्म जम्मा १८ पटक बसी आफ्नो खास कार्यमा ५१ घण्टा व्यतित गरेको थियो । समितिको बैठक र बैठकमा भएको निर्णय सम्बन्धी विवरण अनुसूची-८ मा दिइएको छ । समितिबाट गठित उपसमितिहरुको बैठकहरु पनि विभिन्न मितिमा बसेका थिए । समितिको कार्यक्षेत्रको विषयमा आफूलाई तोकिएको जिम्मेवारी पूरा गर्ने सिलसिलामा तत्कालीन संविधानसभाका प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजस्व बाँडफाँड समिति र राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदन अध्ययन उपसमितिको ७ वटा, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति र न्याय प्रणाली सम्बन्धी समितिको प्रतिवेदन अध्ययन उपसमितिको ११ वटा, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति र साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको प्रतिवेदन अध्ययन उपसमितिको ६ वटा, राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति र राज्यको शासकीय स्वरुप निर्धारण समितिको प्रतिवेदन अध्ययन उपसमितिको ५ वटा, व्यवस्थापकीय अङ्गको स्वरुप निर्धारण समिति र संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदन अध्ययन उपसमितिको ८ वटा, संवैधानिक समिति, अवधारणापत्र र प्रारम्भिक मस्यौदा प्रतिवेदन अध्ययन समिति र विवाद समाधान उपसमितिको प्रतिवेदन अध्ययन उपसमितिको ८ वटा बैठक बसेको थियो ।

अध्ययनको क्रममा देखिएका तत्कालीन संविधानसभाका विषयगत समितिहरुका प्रतिवेदनहरुमा उल्लिखित संविधानको प्रारम्भिक मस्यौदामा रहेका जम्मा धारा संख्या, अन्य समितिको कार्यक्षेत्रमा परेका विषय, सहमतिका विषय, असहमतिका विषय र असहमतिका प्रश्न संख्या सम्बन्धी समितिगत विवरण तयार गरी अनुसूची-९ मा प्रस्तुत गरिएको छ ।

तत्कालीन संविधानसभाका विषयगत समितिले पेश गरेका प्रतिवेदन, त्यसमाथि संविधानसभामा भएको छलफल, संविधानसभाले संवैधानिक समितिलाई दिएको सुझाव एवं निर्देशन समेतको आधारमा ११ वटा विषयगत समितिको संविधानको प्रारम्भिक मस्यौदामा रहेका जम्मा धारा संख्या जोड्दा ४२७ पुगेको देखिन्छ । ४२७ धाराहरुमध्ये अन्य समितिको कार्यक्षेत्रमा परेका ६२ धारा, सहमतिका २६५ धारा र असहमतिका १५५ धारा रहेको पाइएको छ । असहमतिका विषयसँग सम्बन्धित १५५ धाराहरुमा रहेका असहमतिको विषयको प्रश्न संख्या १५६ रहेका र त्यसमध्ये पचास प्रतिशत अर्थात् ७८ वटा प्रश्न त राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको मस्यौदासँग सम्बन्धित विषय रहेको देखिएको छ ।

समितिले आफ्नो कार्य प्रारम्भ गर्दा सभापतिको निर्वाचन भइ नसकेको भए तापनि समितिका ज्येष्ठ सदस्य मा. श्री कुलबहादुर गुरुङबाट सभापतित्व गरी समितिको कार्य तदारुकताका साथ अगाडि बढाइएको थियो । यसको लागि मा. श्री कुलबहादुर गुरुङ र समितिका माननीय सदस्यहरुप्रति म आभार प्रकट गर्दछु ।

प्रतिवेदन तयार गर्न समितिमा रहेर सक्रिय भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण माननीय सदस्यहरुप्रति धन्यवाद दिन चाहन्छु । उपसमितिका लागि निर्धारण गरिएका जिम्मेवारीहरु समयमै प्रभावकारी रुपमा सम्पन्न गर्नु भएकोमा उपसमितिका माननीय संयोजक र माननीय सदस्यहरुप्रति धन्यवाद दिन चाहन्छु । समितिले तयार गरेका प्रतिवेदनहरु सहजताका साथ संविधानसभामा पेश गर्न सहयोग पुऱ्याउनु भएकोमा समितिका सम्पूर्ण माननीय सदस्यहरु, उपसमितिका मा.संयोजक तथा माननीय सदस्यहरु, विषयविद् तथा विज्ञहरु, सचिवालय र समितिका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । यसैगरी समितिले पेश गरेका प्रतिवेदनहरुमा गंभीर अध्ययन गरी सभाको बैठकमा भाग लिई अमूल्य सुझाव र विचार राख्नु हुने माननीय सदस्यहरु र उपसमिति, समिति र संविधान सभामा भएको छलफल तथा निर्णयलाई जनसमक्ष सम्प्रेषण गरी सहयोग गर्नु हुने विभिन्न संचार माध्यमसँग सम्बन्धित सञ्चारकर्मी साथीहरु लगायत सबैप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

संविधानसभा नियमावली,२०७० को नियम ६६ को उपनियम (५) र (६) बमोजिम यस समितिले आंशिक प्रतिवेदन संविधान सभामा क्रमश: पेश गरेको र उल्लिखित आंशिक प्रतिवेदनहरु संविधानसभामा छलफल भई सहमति भनी निक्यौल गरिएका विषय संविधान मस्यौदा समितिमा र असहमति रहेको भनी निक्यौल गरिएका विषय संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाइएको हुनाले संविधानसभाको एकीकृत अभिलेख व्यवस्थित गर्न सहजहोस् भनी यस समितिबाट भएका सम्पूर्ण कामकारवाही र पेश भएका सबै आंशिक प्रतिवेदन समेटेर प्रस्तुत प्रतिवेदन तयार गरिएको हो । यसबाट संविधानसभा र माननीय सदस्यहरुलाई समितिको कामकारवाही सम्बन्धी अद्यावधिक जानकारी प्राप्त गर्न सहज हुने विश्वास लिएको छु ।

धन्यवाद ।

मिति: २०७१/०८/०५

(विष्णुप्रसाद पौडेल)
सभापति

## खण्ड-क

### सहमतिको प्रतिवेदन


| सि.नं. | विषय | पृष्ठ संख्या |
| --- | --- | --- |
| १. | प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजस्व बाँडफाँड समिति | १ |
| | सूची १. प्रस्तावित आर्थिक अधिकारको बाँडफाँड | २६ |
| | सूची २. विभिन्न तहका सरकारबीच राजस्व स्रोतको बाँडफाँड | ३० |
| २. | राष्ट्रिय हितको संरक्षण समिति | ३२ |
| ३. | राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति | ४५ |
| | सन्दर्भ सामाग्रीको रुपमा संविधान मस्यौदा समितिमा पठाउने विषय | ५० |
| ४. | न्याय प्रणाली सम्बन्धी समिति | ५५ |
| | महान्यायाधिवक्ता | ७१ |
| ५. | मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति | ७८ |
| | क) नागरिकता | ७८ |
| | ख) मौलिक हक सम्बन्धी | ८२ |
| | ग) मौलिक कर्त्तव्य | ९८ |
| | घ) राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी | ९८ |
| ६. | सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति | ११२ |
| ७. | अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति | १२३ |
| ८. | राज्यको शासकीय स्वरुप निर्धारण समिति | १३३ |
| ९. | व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समिति | १४८ |
| १०. | संवैधानिक समिति | १६८ |
| ११. | संवैधानिक निकायको संरचना निर्धारण समिति | १८५ |



Parliament Secretariat Library
Accession Number ...............

## खण्ड-ख

### असहमतिका प्रतिवेदन


| | | |
|---|---|---|
| १२. | राष्ट्रिय हितको संरक्षण समिति | २०५ |
| १३. | राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति | २०५ |
| १४. | मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति | २१९ |
| १५. | न्याय प्रणाली सम्बन्धी समिति | २२३ |
| १६. | राज्यको शासकीय स्वरुप निर्धारण समिति | २३४ |
| १७. | व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समिति | २६४ |
| १८. | संवैधानिक निकायको संरचना निर्धारण समिति | २७७ |
| १९ | संवैधानिक समिति | ३०४ |


### अनुसूचीहरु


| | | |
|---|---|---|
| अनुसूची-१ | समितिको विवरणहरु | ३१८ |
| अनुसूची-२ | समितिको कार्यतालिका र कार्यविधि | ३१९ |
| अनुसूची-३ | प्रतिवेदन छलफलको कार्यतालिका,२०७१ | ३२० |
| अनुसूची-४ | उपसमितिहरुको विवरण | ३२१ |
| अनुसूची-५ | संविधानसभाबाट संवैधानिक समितिलाई दिएका सुझाव एवं निर्देशनहरु | ३२३ |
| अनुसूची-६.१ | प्रदेशको संख्या, सिमाना र क्षेत्र | ३५५ |
| अनुसूची-६.२ | स्वायत्त क्षेत्रको सूची | ४४६ |
| अनुसूची-६.३ | संघको अधिकारको सूची | ४४७ |
| अनुसूची-६.४ | प्रदेशको अधिकारको सूची | ४४९ |
| अनुसूची-६.५ | साझा अधिकारको सूची | ४५१ |
| अनुसूची-६.६ | स्थानीय तहको अधिकारको सूची | ४५३ |

| | | |
|---|---|---|
| अनुसूची-६.७ | विशेष संरचना अन्तर्गत स्थापना हुने स्वायित्त क्षेत्रको अधिकारको सूची | ४५४ |
| अनुसूची-७ | प्रतिवेदन पारित र पेश सम्बन्धी | ४५५ |
| अनुसूची-८ | समितिको बैठकमा भएको निर्णयको विवरण | ४५७ |
| अनुसूची-९ | सहमति र असहमतिको संख्यात्मक विवरण | ४६७ |
| अनुसूची-१० | समितिको कार्य सम्पादनसँग सम्बन्धित कर्मचारीहरुको विवरण | ४६८ |

# खण्ड-क
# सहमतिका विषयहरु

# १. प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति

| सि. नं. | विषयवस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | समितिको निर्क्यौल | कैफियत |
|---|---|---|---|---|
| १ | प्रस्तावना | जैविक विविधताको संरक्षण | यो विषय संवैधानिक समितिको कार्यक्षेत्र भित्र पर्ने भए पनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | – |
| | | प्राकृतिक स्रोतको दिगो व्यवस्थापन एवं उपयोग | | |
| | | आर्थिक समृद्धि, समन्याय र सन्तुलित विकास | | |
| | | प्रतिस्पर्धात्मक लोकतन्त्र, समाजवाद उन्मुख मिश्रित अर्थतन्त्र | | |
| | | प्राकृतिक स्रोत र साधनको उपयोगमा आदिवासी, जनजाति लगायतका स्थानीय समुदायको पहिलो अधिकार सुनिश्चित गर्ने, | | |
| | | खाद्य सम्प्रभुता | | |
| २ | आर्थिक अधिकार | **१. मौलिक हक**<br>**स्वतन्त्रताको हक:** (१) प्रत्येक नागरिकलाई नेपाल राज्यको कुनै पनि स्थानमा पेशा, व्यवसाय, रोजगार, उद्योग, व्यापार र लगानी गर्ने स्वतन्त्रता हुनेछ । | यो विषय मौलिक अधिकार तथा राज्यको निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र भित्र पर्ने भएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | – |
| | | (२) प्रत्येक नागरिकलाई नेपाल राज्यको कुनै पनि भागमा विना रोकटोक आवत जावत तथा बसोबास गर्ने स्वतन्त्रता हुनेछ। | | |
| | | २. **वातावरणको हक:-** (१) प्रत्येक व्यक्तिलाई स्वच्छ एवं स्वस्थ वातावरणको हक हुनेछ । | | |
| | | (२) दिगो विकासको लागि आवश्यक कानूनी व्यवस्था गर्न उपधारा (१) ले बाधा पुऱ्याएको मानिने छैन । | | |
| | | ३. **खानेपानीको हक:-** (१) प्रत्येक व्यक्तिलाई विना भेदभाव स्वच्छ एवं स्वस्थ खानेपानीको हक हुनेछ ।<br>४. **खाद्यसम्बन्धी हक** : (१) प्रत्येक नागरिकलाई भोक विरुद्धको हक हुनेछ । | | |

| | | | | |
|---|---|---|---|---|
| | | (२) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ । | | |
| | | **५. सम्पत्तिको हक:** (१) प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।<br><br>तर सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्ति वा संस्थाको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्दा कानून बमोजिम उचित क्षतिपूर्ति दिइनेछ । | | |
| | | (२) राज्यले वैज्ञानिक/ क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागू गर्दा कुनै पनि व्यक्ति वा संस्थाको हदबन्दी भन्दा बढी जमिन कानून बमोजिम अधिग्रहण वा प्राप्त गर्न सक्नेछ । | | |
| | | **६. शोषण विरुद्धको हक:** (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ । | | |
| | | (२) प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइने छैन । | | |
| | | (३) मानिसलाई बेचबिखन गर्न, बाल श्रमको उपयोग गर्न, दास वा बाँधा बनाउन पाइने छैन । | | |
| | | (४)कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन ।<br><br>तर यस उपधारामा उल्लिखित व्यवस्थाले सार्वजनिक प्रयोजनको लागि नागरिकलाई अनिवार्य सेवामा लगाउन सकिने कानून बनाउन रोक लगाएको मानिने छैन ।<br><br>७. <u>**आवासको हक:**</u> प्रत्येक नागरिकलाई आवासको हक हुनेछ । यसको लागि | | |

| | | | | |
|---|---|---|---|---|
| | | राज्यले कानून बनाई व्यवस्थित गर्नेछ।<br>८. **रोजगारीको हक:** प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । यसको लागि राज्यले कानून बनाई व्यवस्थित गर्नेछ । | | |
| ३ | **मौलिक कर्तव्य** | **९. मौलिक कर्तव्य:-**<br>(१) प्राकृतिक स्रोतको संरक्षण र सम्बर्द्धन गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।<br>(२) सार्वजनिक सम्पत्तिको संरक्षण र सम्बर्द्धन गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।<br>(३) कुनै पनि नागरिकले आफ्नो अधिकारको प्रयोग गर्दा अरुको हक अधिकार हनन गर्न पाइने छैन ।<br>(४) कानून बमोजिम कर तिर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ । | यो विषय मौलिक अधिकार तथा राज्यको निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र भित्र पर्ने भएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ४ | **राज्यको दायित्व, सिद्धान्त र नीति** | **१० राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू :**<br>राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरु देहाय बमोजिम हुनेछन् :-<br>**११. राज्यको दायित्व:**<br>(१) प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन एवं दिगो उपयोग गर्दा स्थानीय समुदायको आवश्यकतालाई प्राथमिकता दिंदै त्यसबाट प्राप्त लाभको समन्यायिक वितरण गर्ने,<br>(२) आदिवासी, जनजाति, दलित एवं स्थानीय समुदायको आनुवंशिक स्रोत एवं सांस्कृतिक सम्पदा सम्बन्धी परम्परागत ज्ञान, सीप र अभ्यासको संरक्षण, सम्बर्द्धन एवं सुरक्षण गर्ने र सोबाट प्राप्त लाभको समन्यायिक वितरण गर्ने,<br>(३) जलस्रोत लगायतका प्राकृतिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रियस्तरमा सन्धि | यो विषय मौलिक अधिकार तथा राज्यको निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र भित्र पर्ने भएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | सम्झौता गर्दा राष्ट्रिय हितमा गर्ने,<br>(५) प्राकृतिक प्रकोपबाट सुरक्षा गर्न पूर्व सावधानी लिने, प्रकोपकालीन अवस्थामा उद्धार एवं संरक्षण गर्ने र प्रकोप पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति प्रदान गर्ने,<br>(६) संघीय सरकार र प्रदेशहरुबीच पारस्परिक सहकार्य गरी अधिकतम आर्थिक तथा सामाजिक विकासको लागि काम गर्ने वातावरण मिलाउने,<br>(७) समष्टिगत आर्थिक स्थायित्व कायम राख्न संघ सरकारको समन्वयमा प्रदेश सरकारहरुले आपसमा सहकार्य गर्ने ।<br>(८) अन्तरप्रदेश व्यापार तथा सेवा प्रदायक वस्तुको विस्तार निर्बाध रुपमा गर्ने व्यवस्था मिलाउने,<br>(९) देशमा लगानी तथा उद्योग व्यवसायको सुरक्षाको व्यवस्था गर्ने, | | |
| | | **१२. राज्यको निर्देशक सिद्धान्तः**<br>(१) वातावरण संरक्षण र अन्तरसन्ततीय समन्याय (Inter-generational equity) कायम गर्दै दिगो विकासको लक्ष्य हासिल गर्ने राज्यको उद्देश्य हुनेछ, | | |
| | | (२) समृद्ध, न्यायपूर्ण, सन्तुलित र समावेशी अर्थतन्त्रको निर्माण गर्ने राज्यको मूलभूत उद्देश्य हुनेछ । | | |
| | | (३) आर्थिक असमानता हटाउँदै स्वतन्त्र आत्मनिर्भर एवं उन्नतिशील राष्ट्रिय औद्योगिक अर्थतन्त्रको निर्माण गर्नु राज्यको आर्थिक उद्देश्य हुनेछ । | | |
| | | (४) प्राकृतिक एवं आर्थिक स्रोतसाधनलाई सीमित व्यक्तिमा केन्द्रित हुन नदिई कुनै पनि जाति, लिङ्ग, वर्ग वा व्यक्ति उपर आर्थिक शोषण हुन नदिने राज्यको उद्देश्य हुनेछ । | | |
| | | (५) बजार क्षेत्र नपुगेका वा निजी क्षेत्रले | | |

| | | | | |
|---|---|---|---|---|
| | | सम्बोधन गर्न नसकेका क्षेत्रमा सरकारले उचित ध्यान दिने, | | |
| | | (६) राष्ट्रिय स्रोत साधनको प्रभावकारी परिचालन, उपभोग र प्रवर्द्धन गर्ने,<br>(७) श्रमिकका पेशागत अधिकार तथा न्यूनतम ज्याला सुनिश्चित गर्ने,<br>(८) उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्द्धन आदिका लागि लगानीको वातावरण वृद्धि गरी रोजगारी एवं आय आर्जनका अवसरहरूको व्यापक वृद्धि गर्ने, | | |
| | | १२. राज्यका नीतिहरु:<br>(१) व्यापार व्यवसाय खोल्ने, सञ्चालन गर्ने, एकाधिकार हुन नदिई प्रतिस्पर्धी वातावरणमा मुनाफा प्राप्त गर्ने र सरोकारवालाहरुको हकको संरक्षण गर्दै आवश्यकता अनुसार बन्द गर्न पाउने नीति अवलम्बन गर्ने, | | |
| | | (२) जलवायु परिवर्तनबाट पर्न सक्ने नकारात्मक असरलाई न्यून गर्ने नीति अवलम्बन गर्ने, | | |
| | | (३) प्राकृतिक सम्पदा, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरुको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने नीति अवलम्बन गर्ने, | | |
| | | (४) खाद्य संप्रभुताको माध्यमबाट किसानको दीर्घकालीन हित संरक्षण गर्दै राज्यले खाद्य अधिकार सुरक्षित गर्ने नीति अवलम्बन गर्ने, | | |
| | | (५) वैदेशिक सहायता राष्ट्रिय प्राथमिकताको आधारमा लिइनेछ र यसको उपयोग एवं वितरण (Allocation) गरियी, पूर्वाधारको अवस्था र क्षेत्रीय विकासको अन्य अवस्थाको आधारमा गरिने,<br>(६) देशमा वैदेशिक पूँजी र प्रविधिलाई आकर्षित गर्ने नीति राज्यले अवलम्बन | | |

| | | | | |
|---|---|---|---|---|
| | | गर्ने,<br>(७) सामन्ती भू-स्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने,<br>(८) भूमिहीन सुकुम्बासी, कमैया, हलिया, हरवा, चरवा, कम्हलरी लगायतका आर्थिक सामाजिक रुपले पछाडि पारिएका वा परेका वर्गलाई जग्गा लगायत आर्थिक सामाजिक सुरक्षाको वैकल्पिक व्यवस्था गर्ने नीति लिने ।<br>(९) आर्थिक अधिकारमा महिलाको समान हक स्थापित गर्ने नीति अवलम्बन गर्ने। | | |
| ५ | **आर्थिक कार्य प्रणाली** | **१४. <u>आर्थिक अधिकारको बाँडफाँड:-</u>** आर्थिक अधिकारको बाँडफाँड सूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>(१) विभिन्न तहका सरकारबीचका आर्थिक अधि-कारहरुको बाँडफाँड सूची-१ मा व्यवस्था भए बमोजिम हुनेछ । कुनै पनि सरकारको क्षेत्राधिकार भित्र नपरेका आर्थिक अधिकारहरु संघीय सरकारमा निहित रहेको मानिनेछ ।<br>(२)संघीय व्यवस्थापिकाले सूची-१ मा उल्लिखित संघीय सरकारको एकल क्षेत्राधिकार भित्रको कुनै पनि कुरामा कानून बनाउन सक्नेछ ।<br>(३)प्रदेश सरकारले आफ्नो एकल क्षेत्राधिकार भित्रको कुनै पनि विषयमा कानून बनाई लागू गर्न सक्नेछ ।<br>(४) संघीय सरकारले आर्थिक अधिकारका क्षेत्रमा आवश्यक नीति, मानकस्तर र रेखदेख सम्बन्धी आधारभूत कानून बनाउन सक्नेछ ।<br>(५) स्थानीय सरकारले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा संघीय र प्रदेशको कानूनसँग नबाझिने गरी कानून बनाई लागू गर्न सक्नेछ ।<br>(६) सूची १ बमोजिमको बाँडफाँडमा दुई वा दुई भन्दा बढी तहका सरकारहरुबीच स्पष्ट हुन नसकेका | यो विषय मौलिक अधिकार तथा राज्यको निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र भित्र पर्ने भएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | विषयहरुको निर्क्योल संघीय कानूनले तोके बमोजिम हुनेछ ।<br><br>(७) सहवर्ती क्षेत्राधिकार भित्रका विषयमा संघीय व्यवस्थापिकाले आधारभूत कानून (Frame-work Legislation) तर्जुमा गरी प्रदेश र स्थानीय सरकारको अधिकार तोक्न सक्नेछ र प्रादेशिक व्यवस्थापिका र स्थानीय सरकारले सो संघीय कानूनका आधारमा उक्त कानूनसँग नबाझिने गरी आवश्यक कानूनी व्यवस्था मिलाई कार्यान्वयन गर्न सक्नेछ ।<br><br>(८) प्रादेशिक सरकारले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा योजना तथा नीति तयार गर्नेछन् ।<br><br>(९) स्थानीय सरकारले संघीय र प्रादेशिक कानूनको अधीनमा रही आफ्नो क्षेत्राधिकार भित्रको विषयमा योजना तथा नीति तयार गर्नेछन् ।<br><br>(१०) संघीय कानून बनाउँदा प्रदेश र स्थानीय सरकारको आर्थिक अधिकार तथा प्रदेश र स्थानीय स्तरको आर्थिक व्यवस्थामा प्रतिकूल असर पर्ने गरी बनाउन पाइने छैन ।<br><br>(११) संघले प्रादेशिक सरकार र प्रादेशिक सरकारले स्थानीय सरकारको विकास निर्माण र जनतालाई प्रदान गर्ने सेवाको अनुगमन गर्ने र कार्यान्वयन प्रभावकारी बनाउन क्षमता र दक्षता अभिवृद्धि गर्ने काममा सहयोग गर्ने ।<br><br>(१२) प्रादेशिक र स्थानीय सरकारहरु आफ्नो क्षेत्राधिकारभित्रका विषयमा स्वायत्त हुनेछन् ।<br><br>(१३) सरकारले प्राकृतिक स्रोतको विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नेछ । यस्तो लाभको निश्चित अंश रोयल्टी वा सेवा/वस्तुको रुपमा | | |

| | | | | |
|---|---|---|---|---|
| | | परियोजना प्रभावित क्षेत्र/स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्नेछ ।<br>(१४) प्राकृतिक स्रोतको विकास गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा निश्चित अंशसम्म लगानी गर्न प्राथमिकता दिइनेछ ।<br>(१५) प्रत्येक तहका सरकारहरुलाई आफ्नो क्षेत्राधिकार भित्र निहित आर्थिक अधिकार सम्बन्धी विषयमा निर्णय गर्ने तथा वार्षिक बजेट बनाउने र कार्यान्वयन गर्ने अधिकार हुनेछ ।<br>(१६) बिभिन्न तहका सरकारहरुको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।<br>(१७) ऋण लिंदा देशको समष्टिगत आर्थिक स्थायित्व कायम राख्नु पर्नेछ<br>(१८) वैदेशिक सहायता र ऋण लिने अधिकार संघीय सरकारको हुनेछ । | | |
| ६ | बजेट निर्माण | **१५. बजेट निर्माण :**<br>(१) संघ, प्रदेश र स्थानीय सरकारको बजेट समग्र अर्थतन्त्रको प्रभावकारी व्यवस्थापन, पारदर्शिता र जवाफदेहीलाई सुदृढ गर्ने गरी बनाइने्छ ।<br>(२) प्रादेशिक र स्थानीय सरकारहरुको बजेटको खाका, बजेट पेश गर्ने समय, तथा संघीय बजेट व्यवस्थापनसँगको सम्बन्ध संघीय कानूनले तोके बमोजिम हुनेछ । | यो विषयमा संविधानसभामा सहमति रहेको देखिंदा संविधान मस्यौदा समितिमा पठाउने । | |
| ७ | राजस्वका स्रोतको बाँडफाँड | **१६. राजस्वका स्रोतको बाँडफाँड:**<br>संघीय, प्रादेशिक र स्थानीय सरकारले सूची- २ मा उल्लेख भए बमोजिम | यो विषयमा संविधानसभामा सहमति रहेको देखिंदा संविधान | |

| | | | | |
|---|---|---|---|---|
| | | स्रोतहरुमा कर लगाउन र ती स्रोतहरुबाट राजस्व उठाउन सक्ने छन् । तर कुनै सरकारको तहमा नपरेका स्रोतहरु संघीय सरकारले तोके बमोजिम हुनेछन् ।<br><br>**१७. कानून बमोजिम बाहेक कर लगाउन नपाइने:**<br><br>कानून बमोजिम बाहेक संघीय, प्रादेशिक र स्थानीय सरकारद्वारा कुनै पनि कर लगाउन र उठाउन पाइने छैन । | मस्यौदा समितिमा पठाउने । | |
| ८ | **राष्ट्रिय सर्वसंचित कोष** | **१८. राष्ट्रिय सर्वसंचित कोष :**<br>गुठी रकम बाहेक संघीय सरकारलाई तालिका २ मा उल्लेखित प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जाहरू र ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन तथा नेपाल सरकारलाई प्राप्त हुने अन्य जुनसुकै रकम एक सरकारी कोषमा आम्दानी बाँधिनेछ जसलाई राष्ट्रिय सञ्चित कोष भनिनेछ । | यो विषय व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समितिको कार्यक्षेत्र भित्र पर्ने भएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ९ | **अर्थ विधेयक** | **१९. अर्थ विधेयक:**<br>अर्थ विधेयक सरकारी विधेयकको रुपमा मात्र प्रस्तुत गरिनेछ ।<br>अर्थ विधेयक भन्नाले देहायमा उल्लिखित सबै वा कुनै विषयसित सम्बन्ध राख्ने विधेयकलाई जनाउनेछ :-<br>(क) कर लगाउने, उठाउने, खारेज गर्ने, छूट दिने, परिवर्तन गर्ने वा कर प्रणालीलाई व्यवस्थित गर्ने विषय,<br>(ख) सञ्चित कोष वा अन्य कुनै सरकारी कोषको संरक्षण गर्ने, त्यस्तो कोषमा रकम जम्मा गर्ने वा त्यस्तो कोषबाट कुनै रकम विनियोजन वा खर्च गर्ने वा विनियोजन वा खर्च गर्न खोजिएको रकम घटाउने, बढाउने वा खारेज गर्ने विषय;<br>(ग) नेपाल सरकारले ऋण प्राप्त गर्ने वा जमानत दिने विषय व्यवस्थित गर्ने वा नेपाल सरकारले लिएको वा लिने आर्थिक दायित्व सम्बन्धी कानून संशोधन गर्ने विषय,<br>(घ) सरकारी कोषमा प्राप्त हुने सबै | यो विषय व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समितिको कार्यक्षेत्र भित्र पर्ने भएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रकारको राजस्व, ऋण असुलीबाट प्राप्त रकम र अनुदानको रकम जिम्मा राख्ने, लगानी गर्ने वा नेपाल सरकारको लेखाको लेखा परीक्षण गर्ने विषय; वा<br>(ङ) खण्ड (क) देखि खण्ड (घ) सम्मका विषयहरुसँग प्रत्यक्ष सम्बन्ध भएका प्रासङ्गिक विषयहरु,<br>तर कुनै अनुमतिपत्र दस्तुर, निवेदन दस्तुर, नवीकरण दस्तुर जस्ता शुल्क, दस्तुर लगाउने वा कुनै जरिवाना वा कैद हुने व्यवस्था वा स्थानीय निकायले लगाउने कुनै कर, दस्तुर वा शुल्क भएको कारणले मात्र कुनै विधेयक अर्थ विधेयक मानिने छैन । | | |
| १० | **राष्ट्रिय सर्वसञ्चित कोषबाट व्यय** | **२०. राष्ट्रिय सर्वसञ्चित कोषबाट व्यय :**<br>देहायका रकम बाहेक सञ्चित कोष वा अन्य कुनै सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैन ।<br>(क) राष्ट्रिय सर्वसञ्चित कोषमाथि व्ययभार भएको रकम;<br>(ख) विनियोजन गर्ने ऐनद्वारा खर्च हुने रकम;<br>(ग) विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा पेस्कीको रूपमा ऐनद्वारा खर्च हुने रकम; वा<br>(घ) विशेष अवस्थामा व्ययको विवरण मात्र भएको उधारो खर्च ऐनद्वारा व्यय हुने रकम । | यो विषय व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समितिको कार्यक्षेत्र भित्र पर्ने भएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ११ | **राष्ट्रिय सर्वसञ्चित कोषमाथि व्ययभार** | **२१. राष्ट्रिय सर्वसञ्चित कोषमाथि व्ययभार :**<br>देहायका विषयसँग सम्बन्धित खर्चहरू राष्ट्रिय सर्वसञ्चित कोषमाथि व्ययभार हुनेछन् :-<br>(क) राष्ट्रपति तथा उपराष्ट्रपतिको पारिश्रमिक र सुविधाको रकम;<br>(ख) सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा अन्य न्यायाधीशहरूलाई दिइने पारिश्रमिक, सुविधा र निवृत्तिभरणको | यो विषय व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समितिको कार्यक्षेत्र भित्र पर्ने भएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा | |

| | | | | |
|---|---|---|---|---|
| | | रकम, <br><br> (ग) निम्नलिखित पदाधिकारीलाई दिइने पारिश्रमिक र सुविधाका रकमहरू:- <br><br> (१) व्यवस्थापिका-संसदका सभामुख र उपसभामुख, <br> (२) अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र आयुक्तहरू, <br> (३) महालेखापरीक्षक, <br> (४) लोकसेवा आयोगका अध्यक्ष र सदस्यहरू, <br> (५) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरू, र <br> (६) राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यहरू । <br> (७) राष्ट्रिय वित्तीय आयोगका अध्यक्ष र सदस्यहरु । <br> (८) राष्ट्रिय प्राकृतिक स्रोत आयोगका अध्यक्ष र सदस्यहरु । <br> (९) अन्य संवैधानिक आयोगहरु <br> (घ) सर्वोच्च अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी प्रशासनिक व्ययभार । <br> (ङ) नेपाल सरकारको दायित्वको ऋणसम्बन्धी व्ययभार, <br><br> (च) नेपाल सरकार विरुद्ध अदालतबाट भएको फैसला वा आज्ञप्ति अनुसार तिर्नु पर्ने रकम, <br> (छ) कानूनले राष्ट्रिय सर्वसञ्चित कोषमाथि प्रादेशिक र स्थानीय सरकारलाई प्रदान गरिने अनुदान लगायत अन्य व्ययभार हुने भनी निर्धारित गरेको रकम । | पठाउने । | |
| १२ | **राजस्व र व्ययको अनुमान** | **२२. राजस्व र व्ययको अनुमान** <br><br> (१) अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्ष व्यवस्थापिका-संसद समक्ष देहायका कुराहरू समेत खुलाई वार्षिक अनुमान पेश गर्नु पर्नेछ:- <br> (क) राजस्वको अनुमान, <br><br> (ख) राष्ट्रिय सर्वसञ्चित कोषमाथि | यो विषय व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समितिको कार्यक्षेत्र भित्र पर्ने भएपनि मस्यौदा | |

| | | | | |
|---|---|---|---|---|
| | | व्ययभार हुने आवश्यक रकमहरू, र<br>(ग) विनियोजन ऐनद्वारा व्यय हुने आवश्यक रकमहरू ।<br>(२) उपधारा (१) बमोजिम वार्षिक अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र सो खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि पेश गर्नु पर्नेछ । | समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| १३ | **विनियोजन ऐन** | **२३. विनियोजन ऐन**<br>विनियोजन ऐन अनुसार व्यय हुने आवश्यक रकम शीर्षकहरूमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राखिनेछन् । | यो विषय व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समितिको कार्यक्षेत्र भित्र पर्ने भएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| १४ | **पूरक अनुमान** | **२४. पूरक अनुमान**<br>(१) कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा अर्थमन्त्रीबाट व्यवस्थापिका-संसद समक्ष पूरक अनुमान पेश गरिनेछ-<br>(क) चालु आर्थिक वर्षका निमित्त विनियोजन ऐनद्वारा कुनै सेवाको लागि खर्च गर्न अख्तियारी दिइएको रकम अपर्याप्त भएमा वा त्यस वर्षका निमित्त विनियोजन ऐनले अख्तियार नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा, वा<br>(ख) त्यस आर्थिक वर्षमा कुनै विनियोजन ऐनद्वारा अख्तियारी दिएको रकमभन्दा बढी खर्च हुन गएमा ।<br>(२) पूरक अनुमानमा राखिएको रकम | यो विषय व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समितिको कार्यक्षेत्र भित्र पर्ने भएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | शीर्षकहरूमा निर्दिष्ट गरी पूरक विनियोजन विधेयकमा राखिनेछन् । | | |
| १५ | **पेश्की खर्च** | **२५. पेश्की खर्च**<br>(१) यस भागमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षका लागि अनुमान गरिएको व्ययको कुनै अंश अगावै पेश्कीका रूपमा ऐनद्वारा खर्च गर्न सकिनेछ ।<br>(२) माथि व्यवस्था भए अनुसार राजस्व र व्ययको अनुमान पेश नगरिएसम्म पेश्की खर्च विधेयक प्रस्तुत गरिनेछैन र पेश्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको तृतीयांशभन्दा बढी हुनेछैन।<br>(३) पेश्की खर्च ऐन अनुसार खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिनेछ । | यो विषय व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समितिको कार्यक्षेत्र भित्र पर्ने भएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| १६ | **राजस्व र व्यय सम्बन्धी विशेष व्यवस्था** | **२६. राजस्व र व्यय सम्बन्धी विशेष व्यवस्था**<br>(१) यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चालू आर्थिक वर्षको अन्त्यसम्ममा आगामी आर्थिक वर्षको लागि राजस्व र व्ययको अनुमान व्यवस्थापिका-संसद समक्ष पेश हुन नसक्ने विशेष परिस्थिति उत्पन्न भएमा चालू आर्थिक वर्षको आर्थिक ऐन बमोजिम राजस्व सङ्कलन गर्न सकिनेछ ।<br>(२) उपधारा (१) बमोजिमको परिस्थिति उत्पन्न भएमा अर्थमन्त्रीले त्यसको कारण खुलाई चालू आर्थिक वर्षको कुल व्ययको एक तृतीयांशमा नबढ्ने गरी आगामी आर्थिक वर्षको लागि खर्च गर्ने अधिकारको विधेयक व्यवस्थापिका-संसद समक्ष पेश गर्न सक्नेछ । | यो विषय व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समितिको कार्यक्षेत्र भित्र पर्ने भएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | (३) उपधारा (२) बमोजिम खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिनेछ ।<br>(४) यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपधारा (२) बमोजिम व्यवस्थापिका-संसद समक्ष पेश भएको विधेयक सो विधेयक पेश भएको दिनमा नै छलफल प्रारम्भ गरी पारित गर्न सकिनेछ । | | |
| १७ | **उधारो खर्च** | **२७. उधारो खर्च**<br>यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा बाह्य आक्रमणको संभावना वा आन्तरिक विघ्न वा अन्य कारणले गर्दा स्थानीय वा राष्ट्रव्यापी संकटको अवस्था सृजना भएमा विनियोजन अन्तर्गत चाहिने विवरण खुलाउन अव्यावहारिक वा राज्यको सुरक्षा वा हितका दृष्टिले अवाञ्छनीय देखिएमा अर्थमन्त्रीले व्ययको विवरण मात्र भएको उधारो खर्च विधेयक व्यवस्थापिका-संसद समक्ष पेश गर्न सक्नेछ । | यो विषय व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समितिको कार्यक्षेत्र भित्र पर्ने भएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| १८ | **आकस्मिक कोष** | **२८. आकस्मिक कोष**<br>ऐनद्वारा आकस्मिक कोषका नामले एउटा कोष स्थापना गर्न सकिनेछ र त्यस्तो कोषमा समय समयमा ऐनद्वारा निर्धारण भए अनुसारको रकम जम्मा गरिनेछ । सो कोष नेपाल सरकारको नियन्त्रणमा रहनेछ । नेपाल सरकारले सो कोषबाट आकस्मिक कार्यको लागि खर्च गर्न सक्नेछ । त्यस्तो खर्चको रकम ऐनद्वारा यथाशीघ्र सोधभर्ना गरिनेछ । | यो विषय व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समितिको कार्यक्षेत्र भित्र पर्ने भएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| १९ | **आर्थिक कार्यविधि सम्बन्धी ऐन** | **२९. आर्थिक कार्यविधि सम्बन्धी ऐन**<br><br>ऐनद्वारा विनियोजित एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्ने र आर्थिक कार्यविधि सम्बन्धी अन्य कुराहरू ऐनद्वारा व्यवस्थित हुनेछ । | यो विषय व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समितिको कार्यक्षेत्र भित्र पर्ने भएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| २० | **राजस्वको न्यायोचित बाँडफाँड** | **३०.राजस्वको न्यायोचित बाँडफाँड**<br><br>(१) संघीय सरकारले आफ्नो स्रोतबाट संकलन गरेको राजस्व केन्द्र, प्रदेश र स्थानीय सरकारहरुलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउनेछ ।<br><br>(२) प्रदेश र स्थानीय सरकारहरुले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण सिफारिश गर्न एक स्वतन्त्र राष्ट्रिय वित्तीय आयोग गठन गरिनेछ ।<br><br>(३) संघीय सरकारले प्रादेशिक र स्थानीय सरकारहरुलाई उनीहरुको खर्चको आवश्यकता, राजस्वको क्षमता र प्रयासको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।<br><br>(४) प्रादेशिक सरकारले संघीय सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई स्थानीय सरकारको आफ्नो खर्च आवश्यकता, राजस्व क्षमता र प्रयासको आधारमा कानूनमा व्यवस्था भएबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्नेछन् ।<br><br>(५) संघीय सरकारले राष्ट्रिय सर्वसंचित कोष मार्फत प्रदान गरिने अन्य | यो विषयमा संविधानसभामा सहमति रहेको देखिंदा संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | अनुदान (सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिइने विशेष अनुदान) वितरण सम्बन्धी व्यवस्था मिलाउनेछ ।<br>(६) संघ, प्रदेश र स्थानीय सरकारहरु बीचको राजस्वको बाँडफाँड पारदर्शी हुनेछ ।<br>(७) राजस्व बाँडफाँड सम्बन्धी ऐन बनाउँदा राष्ट्रिय नीति, राष्ट्रिय आवश्यकता, प्रदेश र स्थानीय सरकारको स्वायत्तता, प्रादेशिक र स्थानीय सरकारहरुले जनताहरुलाई पुऱ्याउनु पर्ने सेवा र उनीहरुलाई प्रदान गरिएको आर्थिक अधिकार, राजस्व उठाउन सक्ने क्षमता, विकास निर्माणमा गर्नुपर्ने सहयोग, क्षेत्रीय असन्तुलन, गरिबी र असमानता, वञ्चितीकरण, आकस्मिक कार्य र अस्थायी आवश्यकता पूरा गर्न गर्नुपर्ने सहयोग जस्ता कुराहरु समावेश हुनुपर्नेछ । | | |
| २१ | **प्रादेशिक सरकारहरुको बजेट** | **२१. प्रादेशिक सरकारहरुको बजेट**<br>(१)प्रादेशिक सरकारले संघीय सरकारको सूचीमा रहेका करहरुमध्ये कानून बमोजिम तोकिएका स्रोतहरुमा थप कर (सरचार्ज) लगाउन सक्नेछ । यस्तो करहरुको नीतिगत तथा आधारभूत दर तोक्न सक्ने विस्तृत व्यवस्था संघीय कानून बमोजिम हुनेछ । विभिन्न तहका सरकारले दोहोरो पर्ने गरी कर लगाउन पाउने छैनन् ।<br>(२) प्रदेश सरकारहरुले राजस्वको क्षमता र कराधार अनुसारको कर उठाउनु पर्नेछ । कर उठाउन नसकेको अवस्थामा उठाउन नसके वापतको क्षतिपूर्ति वा अनुदान संघीय सरकारबाट पाउने छैनन् ।<br>(३) वित्तीय व्यवस्था सम्बन्धी जिम्मेवार प्रादेशिक अधिकारीले प्रत्येक आर्थिक वर्षको लागि राजस्वको अनुमान, | यो विषयमा संविधानसभामा सहमति रहेको देखिंदा संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रादेशिक सर्वसंचित कोष माथि व्ययभार हुने आवश्यक रकमहरु तथा विनियोजन ऐनद्वारा व्यय हुने आवश्यक रकमहरु खुलाई प्रादेशिक बजेट प्रादेशिक व्यवस्थापिकामा पेश गर्नु पर्नेछ ।<br><br>(४) प्रादेशिक सरकारको विनियोजन, पूरक बजेट, पेश्की खर्च, उधारो खर्च र अन्य राजस्व र व्यय सम्बन्धी विशेष व्यवस्था कानूनमा निर्धारण भए बमोजिम हुनेछ ।<br><br>(५) प्रत्येक प्रादेशिक सरकारको एक कोष हुनेछ, जसलाई प्रादेशिक सर्वसंचित कोष भनिनेछ । यस कोषमा सूची-२ मा उल्लेखित सबै स्रोतहरुबाट प्राप्त हुने राजस्व, संघीय सरकारबाट प्राप्त हुने अनुदान, ऋण र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ ।<br><br>(६) प्रदेशको आफ्नो क्षेत्राधिकार भित्र रहेका कर, विनियोजन, आर्थिक दायित्व, लेखा परीक्षण गर्ने विषय र यी विषयहरुसँग सम्बन्ध भएका प्रासङ्गिक विषयहरु प्रादेशिक अर्थ विधेयकको रुपमा वित्तीय व्यवस्था सम्बन्धी जिम्मेवार प्रादेशिक अधिकारीले मात्र प्रादेशिक व्यवस्थापिकामा पेश गर्नेछन् ।<br><br>(७) आफ्नो क्षेत्राधिकार भित्र कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु, सेवा पूँजी र श्रमको आवत-जावत तथा छिमेकी प्रदेशलाई प्रतिकूल हुने गरी लगाउन पाइने छैन ।<br><br>(८) प्रादेशिक सरकारले घाटा बजेट निर्माण गर्नुपर्ने भएमा संघीय ऐनमा व्यवस्था भए बमोजिम घाटा पूर्ति गर्ने स्रोतको प्रस्ताव गर्नुपर्नेछ । | | |

| | | | | |
|---|---|---|---|---|
| २२ | **स्थानीय सरकारको बजेट** | **३२. स्थानीय सरकारको बजेट**<br><br>(१) हरेक स्थानीय सरकारको एक स्थानीय सर्वसंचित कोष हुनेछ । यस कोषमा सूची २ मा उल्लेखित स्थानीय सरकारलाई सबै स्रोतबाट प्राप्त हुने राजस्व, संघीय र प्रादेशिक सरकारबाट प्राप्त हुने अनुदान, ऋण र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ ।<br><br>(२) स्थानीय सरकारहरुले राजस्वको क्षमता र कराधार अनुसारको कर उठाउनु पर्नेछ । कर उठाउन नसकेको अवस्थामा उठाउन नसके वापतको क्षतिपूर्ति वा अनुदान पाउने छैनन् ।<br><br>(३)अधिकार प्राप्त स्थानीय सरकारको प्रतिनिधिले प्रत्येक आर्थिक बर्षको लागि आय-व्ययको विवरण स्थानीय सरकारको परिषद्मा पेश गरी अनुमोदन गराउनु पर्नेछ ।<br><br>(४)आफ्नो क्षेत्राधिकार भित्र कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु, सेवा, पूँजी र श्रमको आवत-जावत र छिमेकी प्रदेश वा स्थानीय सरकारलाई प्रतिकूल हुने गरी लगाउन पाइने छैन ।<br><br>(५) स्थानीय सरकारले घाटा बजेट निर्माण गर्नु पर्ने भएमा संघीय र प्रादेशिक ऐनमा व्यवस्था भए बमोजिम घाटा पूर्ति गर्ने स्रोतको प्रस्ताव गर्नु पर्नेछ । | यो विषयमा संविधानसभामा सहमति रहेको देखिंदा संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| २३ | राजस्व र खर्चको लेखा व्यवस्थापन: | **३३. राजस्व र खर्चको लेखा व्यवस्थापन:**<br>(१) संघीय, प्रादेशिक र स्थानीय सरकारहरुको राजस्व र खर्चको वर्गीकरण एकै प्रकारको हुनेछ । यस सम्बन्धी व्यवस्था संघीय कानूनले तोके बमोजिम हुनेछ ।<br>(२) संघीय, प्रादेशिक र स्थानीय सरकारहरुले एकै किसिमको मान्य सिद्धान्तमा आधारित लेखा प्रणाली अवलम्बन गर्नेछन् । यसको पद्धति र ढाँचा संघीय कानूनले तोके बमोजिम हुनेछ ।<br>(३) संघीय कानूनले तोकेको राजस्व र खर्चको वर्गीकरण तथा लेखा प्रणालीको पालना गर्नु प्रादेशिक र स्थानीय सरकारहरुको दायित्व हुनेछ ।<br>(४) तोकिएको राजस्वको वर्गीकरण, खर्च वर्गीकरण र लेखाप्रणाली पालना नगर्ने प्रदेश सरकारलाई संघीय सरकारले दिने अनुदान पालना नगरेसम्म रोक्का राख्न सक्नेछ ।<br>(५) तोकिएको राजस्व र खर्चको वर्गीकरण र लेखाप्रणाली पालना नगर्ने स्थानीय सरकारलाई प्रादेशिक सरकारले दिने अनुदान पालना नगरेसम्म रोक्का राख्न सक्नेछन् ।<br>(६) बजेटमा खर्चको अनुमान चालू र पूँजीगत खण्डमा विभाजन गरी पेश गर्नुपर्नेछ ।<br>(७) घाटा पूर्ति गर्न ऋण लिनु पर्ने भए त्यसबाट समग्र आर्थिक क्षेत्रमा पर्न सक्ने प्रभावको विश्लेषण गरी पेश गर्नुपर्नेछ ।<br>(८) प्रदेश र स्थानीय सरकारले लिने ऋणको व्यवस्थापन संघीय ऐन (उदाहरणका लागि वित्तीय उत्तरदायित्व ऐन)बाट निर्देशित हुनेछ । | यो विषयमा संविधानसभामा सहमति रहेको देखिंदा संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| २४ | राष्ट्रिय प्राकृतिक स्रोत आयोग | **३४. राष्ट्रिय प्राकृतिक स्रोत आयोग**<br>(१) नेपालमा एक राष्ट्रिय प्राकृतिक स्रोत आयोग हुनेछ जसमा अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहनेछन् –<br>(क) सम्बधित विषयमा विशेषज्ञता हासिल गरेको व्यक्ति अध्यक्ष<br>(ख) प्राकृतिक स्रोत, जलस्रोत, भूगर्भ, वातावरण कानून् र अर्थ विशेषज्ञहरु मध्येबाट दुई जना सदस्य<br>(२) राष्ट्रिय प्राकृतिक स्रोत आयोगका अध्यक्ष तथा सदस्यहरुको नियुक्ति तथा पदमुक्ति सम्बन्धी व्यवस्था:<br>(क)राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय प्राकृतिक स्रोत आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछन् ।<br>(ख)राष्ट्रिय प्राकृतिक स्रोत आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ ।<br>तर राष्ट्रिय प्राकृतिक स्रोत आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरीकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(३) देहायको अवस्थामा राष्ट्रिय प्राकृतिक स्रोत आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ ।<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा<br>(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा<br>(ग) निजको मृत्यु भएमा<br>(४) देहाय बमोजिमको योग्यता नभई कुनै व्यक्ति राष्ट्रिय प्राकृतिक स्रोत आयोगको | यस विषयमा राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदन र यो प्रतिवेदनलाई समायोजन गरी उपयुक्त व्यवस्था गर्न संविधानसभाले संविधान मस्यौदा समितिलाई निर्देशन दिने गरी संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |

| | | | | |
|---|---|---|---|---|
| | | अध्यक्ष वा सदस्यको पदमा योग्य हुने छैन ।<br><br>(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको।<br><br>(ख) सम्बन्धित क्षेत्रमा राष्ट्रिय स्तरमा विशेषज्ञता हासिल गरेको ।<br><br>(५) राष्ट्रिय प्राकृतिक स्रोत आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | |
| | **राष्ट्रिय प्राकृतिक स्रोत आयोगको काम कर्तव्य र अधिकार** | **३५.राष्ट्रिय प्राकृतिक स्रोत आयोगको काम कर्तव्य र अधिकार**<br><br>(क) प्राकृतिक स्रोत सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश- प्रदेश, प्रदेश र स्थानीय सरकार, र स्थानीय सरकार-स्थानीय सरकारबीच उठ्ने विवाद निरुपण गर्ने ।<br><br>(ख) प्राकृतिक स्रोतको बाँडफाँड र सोसँग सम्बन्धित बातावरणको विषयमा उठ्न सक्ने संभावित विवादहरु पहिल्याई आवश्यक अध्ययन अनुसन्धान गरी सरकारलाई सिफारिश गर्ने ।<br><br>(ग) कानूनद्वारा तोकिएका अन्य कार्यहरु गर्ने । | यस विषयमा राज्यको पुंनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदन र यो प्रतिवेदनलाई समायोजन गरी उपयुक्त व्यवस्था गर्न संविधानसभाले संविधान मस्यौदा समितिलाई निर्देशन दिने गरी संविभान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |
| | **वार्षिक प्रतिवेदन** | **३६.वार्षिक प्रतिवेदन :**<br><br>यस संविधान बमोजिम वार्षिक प्रतिवेदन आयोगले राष्ट्रपति समक्ष पेश गर्ने छ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका समक्ष पेश गर्नु पर्नेछ । | | |
| २५ | **राष्ट्रिय वित्तीय आयोग** | **३७. राष्ट्रिय वित्तीय आयोग :**<br><br>(१) नेपालमा एक राष्ट्रिय वित्तीय आयोग हुने छ जसमा अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहने छन् । | यो विषयमा संविधानसभामा सहमति रहेको देखिंदा संविधान | |

| | | | | |
|---|---|---|---|---|
| | | (२) राष्ट्रिय वित्तीय आयोगका अध्यक्ष तथा सदस्यहरुको नियुक्ति तथा पदमुक्ति सम्बन्धी व्यवस्था<br><br>(क) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय वित्तीय आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछन् ।<br><br>(ख) राष्ट्रिय वित्तीय आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ ।<br><br>तर राष्ट्रिय वित्तीय आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरीकाले सो पदबाट हटाउन सकिनेछ । | मस्यौदा समितिमा पठाउने । | |
| | | (३) देहायको अवस्थामा राष्ट्रिय वित्तीय आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ ।<br><br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा<br><br>(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा<br><br>(ग) निजको मृत्यु भएमा | | |
| | | (४) देहाय बमोजिमको योग्यता नभई कुनै व्यक्ति राष्ट्रिय वित्तीय आयोगको अध्यक्ष वा सदस्यको पदमा योग्य हुने छैन ।<br><br>(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको ।<br><br>(ख) सम्बन्धित क्षेत्रमा राष्ट्रिय स्तरमा विशेषज्ञता हासिल गरेको । | | |
| | | (५) राष्ट्रिय वित्तीय आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | |

| | | | |
|---|---|---|---|
| | **राष्ट्रिय वित्तीय आयोगको काम कर्तव्य र अधिकार** | **३८. राष्ट्रिय वित्तीय आयोगको काम कर्तव्य र अधिकार**<br><br>(१) संविधान र प्रचलित कानूनमा व्यवस्था भए बमोजिम राष्ट्रिय सर्वसंचित कोषबाट संघीय, प्रादेशिक र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र संयन्त्र तय गर्ने,<br><br>(२) राष्ट्रिय सर्वसंचित कोषबाट प्रादेशिक र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान कानूनमा व्यवस्था भएको आधारमा सिफारिस गर्ने,<br><br>(३) राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था बापत प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने,<br><br>(४) प्रादेशिक सरकारको सर्वसंचित कोषबाट प्रादेशिक र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र संयन्त्र तय गर्ने,<br><br>(५) संघीय, प्रादेशिक र स्थानीय सरकारको खर्च जिम्मेवारी र राजस्व असुलीमा सुधार गर्नुपर्ने उपायहरुको सिफारिस गर्ने,<br><br>(६) समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी संघ, प्रादेशिक र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सिफारिस गर्ने,<br><br>(७) संघ र प्रादेशिक सरकारको राजस्व बाँडफाँड आधारको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने,<br><br>(८) संघ र राज्य तथा प्रादेशिक र स्थानीय निकाय बीच राजस्वको | |

| | | | | |
|---|---|---|---|---|
| | | बाँडफाँड सम्बन्धी विवादको निरुपण गर्ने,<br><br>आयोगका अन्य काम, कर्तव्य र अधिकार, राजस्वको बाँडफाँड गर्दा अपनाउनु पर्ने विस्तृत आधार, आयोगका पदाधिकारीहरुको योग्यता, सेवा शर्त सहितका कुराहरु कानूनमा व्यवस्था भए बमोजिम हुनेछन् ।<br><br>**३९. वार्षिक प्रतिवेदन :**<br><br>यस संविधान बमोजिम वार्षिक प्रतिवेदन आयोगले राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका समक्ष पेश गर्नु पर्नेछ । | | |
| २६ | **अन्तरप्रदेशीय/स्थानीय सरकार व्यापार** | **४०. अन्तरप्रदेशीय/स्थानीय सरकार व्यापार**<br><br>प्रादेशिक तथा स्थानीय सरकारहरूले आफ्नो क्षेत्रबाट अर्को प्रदेश वा स्थानीय सरकारको क्षेत्रमा हुने निर्यात वा अर्को प्रदेश वा स्थानीय सरकारको क्षेत्रबाट हुने आयात वा आफ्नो क्षेत्र भै अन्य प्रदेश वा स्थानीय सरकारमा आयात र निर्यात हुने मालवस्तुको कुनै पनि माध्यमबाट गरिने ओसार पसारमा कुनै प्रकारको बाधा पुऱ्याउने, कर लगाउने वा विभेद गर्ने छैनन् । | यो विषयमा संविधानसभामा सहमति रहेको देखिंदा संविधान मस्यौदा समितिमा पठाउने । | |
| २७ | **सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन** | **४१. सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन**<br><br>(१) नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।<br><br>(२) उपधारा (१) बमोजिम कानून बनाउँदा अन्य कुराको अतिरिक्त देहायका विषयका सन्धि वा सम्झौताको | यो विषय राष्ट्रिय हितको संरक्षण समितिको कार्यक्षेत्र भित्र पर्ने भएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन व्यवस्थापिका-संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको दुई तिहाई बहुमतले गर्नुपर्ने शर्त राखिनेछ :<br>(क) शान्ति र मैत्री,<br>(ख) सुरक्षा एवं सामरिक सम्बन्ध,<br>(ग) नेपाल राज्यको सीमाना, र<br>(घ) प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड ।<br>तर खण्ड (क) र (घ) मा उल्लिखित बिषयका सन्धि वा सम्झौता मध्ये राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन व्यवस्थापिका-संसदको बैठकमा उपस्थित सदस्यहरूको साधारण बहुमतबाट हुन सक्नेछ । | | |
| | | (३) यो संविधान प्रारम्भ भएपछि हुने कुनै सन्धि वा सम्झौता यस धारा बमोजिम अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन नभएसम्म नेपाल सरकार वा नेपाल राज्यको हकमा लागू भएको मानिनेछैन ।<br>(४) उपधारा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल राज्यको प्रादेशिक अखण्डतामा प्रतिकूल असर पर्ने गरी कुनै सन्धि वा सम्झौता गरिनेछैन । | | |

व्यवस्थापिका-संसद सचिवालय

## सूची–१

### प्रस्तावित आर्थिक अधिकारको बाँडफाँड

| क्षेत्र/ विषय | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|
| सेना | राष्ट्रिय सुरक्षा र सेना | | |
| प्रहरी | केन्द्रीय प्रहरी | प्रादेशिक प्रहरी | |
| | अन्तर्राष्ट्रिय व्यापार | | |
| | दूर सञ्चार (नियमन/नियन्त्रण) | | |
| | मुद्रा, मौद्रिक नीति, बैंकिङ, बीमा | | |
| | अध्यागमन/परराष्ट्र मामिला/अन्तर्राष्ट्रिय सन्धि सम्झौता आदि। | | |
| | वित्तीय नीति | | |
| | राष्ट्रिय योजना नीति | प्रादेशिक योजना नीति | स्थानीय योजना नीति |
| | तथ्याङ्क | | |
| | अन्तर्राष्ट्रिय सीमा/सीमा सुरक्षा। | | |
| | गुप्तचर सेवा | | |
| | अनुसन्धान प्रतिष्ठानहरु | अनुसन्धान प्रतिष्ठानहरु | |
| नागरिक उड्डयन | नागरिक उड्डयन र विमानस्थल | विमानस्थल | |
| | रेलमार्ग सेवा नियमन र संचालन | प्रादेशिक रेल मार्ग | |
| | हुलाक सेवा | | |
| | जनस्वास्थ्य र खाद्य गुणस्तर निर्धारण तथा नियमन | | |
| | जनसंख्या तथा परिवार नियोजन | परिवार नियोजन | परिवार नियोजन |

| | | | |
|---|---|---|---|
| बौद्धिक सम्पति | बौद्धिक उपज: प्रतिलिपि अधिकार, पेटेन्ट, ट्रेडमार्क आदि | | |
| | नापतौल, गुणस्तर | | |
| | श्रम सुरक्षा, श्रम सम्बन्ध, ट्रेड युनियन | | |
| | विज्ञान तथा प्रविधि | | |
| | संघीय निजामती सेवा | प्रादेशिक निजामती सेवा | स्थानीय सेवा |
| सडक | राष्ट्रिय राजमार्ग (पुलसहित)<br>अन्तर प्रादेशिक सडक (पुलसहित) | एकै प्रदेशभित्रको (Intra-state) मार्ग (पुलसहित)<br>बस्ती विकास/योजना | स्थानीय/ शहरी सडक (पुल सहित)<br>झोलुंगे पुल<br>ढल, वारुणयन्त्र, सडक बत्ती<br>बस्ती विकास /योजना |
| सिचाई | ठूला तथा अन्तर प्रादेशिक सिंचाई | प्रादेशिक स्तरका तथा अन्तरस्थानीय सरकार अन्तरगत पर्ने मझौला भूमिगत सिचाई योजना तथा प्रदेश भित्रका सिंचाई योजना | आफ्नो क्षेत्रभित्रका साना सिचाई<br>र भूमिगत सिचाई योजना |
| खानेपानी | ठूला खानेपानी योजना<br>खानेपानी मानक स्तर | मझौला खानेपानी योजना | साना खानेपानी आयोजना, खानेपानी वितरण र व्यवस्थापन,<br>फोहोर मैला व्यवस्थापन |
| शिक्षा | उच्च (उच्च प्राविधिक समेत) शिक्षा र विश्वविद्यालयको मानकस्तर र नियमन,<br>शिक्षाको राष्ट्रिय एजेण्डा ,<br>पाठ्यक्रम, परीक्षा | | |
| | विश्वविद्यालय | विश्वविद्यालय,<br>प्राविधिक तथा व्यावसायिक शिक्षा,<br>पाठ्यक्रम/पाठ्यपुस्तक/ परीक्षा<br>विशेष शिक्षा (दृष्टिविहीन बहिरा र अन्य शारीरिक अशक्तका लागि) | दश जोड दुईसम्म / अनौपचारिक शिक्षा |
| स्वास्थ्य | स्वास्थ्य मानकस्तर/गुणस्तर र अनुगमन | स्वास्थ्य गुणस्तर- अनुगमन | |

| | | | |
|---|---|---|---|
| | राष्ट्रिय/विशिष्ट सेवा प्रदायक अस्पताल | हालको क्षेत्रीय/ अन्चल अस्पताल | हालको जिल्ला स्तरको अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी/ |
| | परम्परागत उपचार सेवा | परम्परागत उपचार सेवा | |
| | सरुवा रोग नियन्त्रण | सरुवा रोग नियन्त्रण | |
| विद्युत् | बृहत्/ठूला/मध्यम जलविद्युत् | मध्यम/जलविद्युत् | साना/माइक्रो जलविद्युत् |
| | राष्ट्रिय ग्रिड | | |
| | विद्युत् वितरण | विद्युत्<br>वितरण | विद्युत् वितरण |
| | | वैकल्पिक ऊर्जा | वैकल्पिक ऊर्जा |
| कृषि | कृषि मानकस्तर र नियमन, अनुसन्धान र प्रविधि | कृषि अनुसन्धान<br>प्रविधि व्यवस्थापन,<br>उत्पादन व्यवस्थापन | कृषि उत्पादन व्यवस्थापन<br>कृषि, पशु स्वास्थ्य तथा अन्य प्राविधिक सेवा |
| पर्यटन/संस्कृति | अन्तर्राष्ट्रिय/राष्ट्रिय सम्पदा स्थलको संरक्षण नियमन, विकास र व्यवस्थापन, पदयात्रा/ पर्वतारोहण (अनुमति), होटल/ पुरातात्विक मानकस्तर<br>पर्यटकीय स्थलको विकास<br>भाषा/संस्कृति संरक्षण/प्रबर्द्धन | प्रादेशिक सम्पदा स्थलको संरक्षण, विकास र व्यवस्थापन<br>पर्यटकीय स्थलको विकास<br>भाषा/संस्कृति संरक्षण प्रबर्द्धन | स्थानीय सम्पदा स्थलको संरक्षण, विकास,<br>भाषा/संस्कृति संरक्षण प्रबर्द्धन<br>पर्यटकीय स्थलको विकास |
| सामाजिक विकास | प्रकोप न्यूनीकरण/ उद्धार सहायता | प्रकोप न्यूनीकरण/ उद्धार सहायता | प्रकोप न्यूनीकरण /उद्धार सहायता |
| | सामाजिक सुरक्षा (नियमन समेत) | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा<br>व्यवस्थापन |
| | खेलकूद (मानकस्तर र नियमन) | खेलकूद | खेलकूद |

| | | | |
|---|---|---|---|
| उद्योग व्यवसाय | उद्योग व्यवसाय/वैदेशिक लगानी (नियमन) | औद्योगिक व्यवस्थापन | घरेलु तथा साना उद्योग व्यवस्थापन |
| पञ्जीकरण | जन्म, विवाह, मृत्युदर्ता, बसाईसराई | जन्म, विवाह, मृत्युदर्ता, बसाईसराई | जन्म, विवाह, मृत्युदर्ता, बसाईसराई |
| वातावरण | वातावरण (मानक र नियमन समेत) | वातावरण | वातावरण |
| | जैविक विविधता | जैविक विविधता | जैविक विविधता |
| वन | वन | वन | वन |
| | राष्ट्रिय/अन्तर प्रादेशिक जलाधार क्षेत्र | जलाधार क्षेत्र | जलाधार क्षेत्र |
| | राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षण क्षेत्रहरु (मध्यवर्ती क्षेत्रसमेत) | राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र (मध्यवर्ती क्षेत्रसमेत) | |
| | सिमसार क्षेत्रहरु | सिमसार क्षेत्रहरु | सिमसार क्षेत्रहरु |
| | वन्यजन्तु संरक्षण | वन्यजन्तु संरक्षण | वन्यजन्तु संरक्षण |
| खानी तथा खनिज | खानी तथा खनिज | खानी तथा खनिज | खानी तथा खनिज |
| जमिन | भू-उपयोग नीति | भू-उपयोग नीति/भू-व्यवस्थापन | |

## सूची–२

### विभिन्न तहका सरकारबीच राजस्व स्रोतको बाँडफाँड

(तत्कालीन संविधानसभाले दिएको निर्देशन बमोजिम परिमार्जन गरिएको छ ।)

| राजस्वको स्रोत | संघ | प्रदेश | स्थानीय | कैफियत |
|---|---|---|---|---|
| भन्सार | √ | | | |
| मूल्य अभिवृद्धि कर | √ | | | राज्य पुर्नसंरचना समितिबाट भएको अधिकारको बाँडफाँडलाई समेत मध्यनजर गरी मूल्य अभिवृद्धि कर र आयकर लगाइने अधिकार प्रदेश र स्थानीय सरकारलाई पनि प्रदान गर्नुपर्ने सुझाव आएको सन्दर्भमा संवैधानिक समितिले त्यसलाई ध्यान दिने भनी संविधानसभाले २०६६।१०।२१ संवैधानिक समितिलाई निर्देशन दिएकोले यस बमोजिम कार्यान्वयन गर्न संविधानसभाले संविधान मस्यौदा समितिलाई निर्देशन दिन उपयुक्त हुने । |
| अन्तःशुल्क | √ | √ | | |
| मनोरञ्जन कर | | √ | √ | |
| भूमिकर | | | √ | |
| संस्थागत आयकर | √ | | | राज्य पुर्नसंरचना समितिबाट भएको अधिकारको बाँडफाँडलाई समेत मध्यनजर गरी मूल्य अभिवृद्धि कर र आयकर लगाइने अधिकार प्रदेश र स्थानीय सरकारलाई पनि प्रदान गर्नुपर्ने सुझाव आएको सन्दर्भमा संवैधानिक समितिले त्यसलाई ध्यान दिने भनी संविधानसभाले २०६६।१०।२१ संवैधानिक समितिलाई निर्देशन दिएकोले यस बमोजिम कार्यान्वयन गर्न संविधानसभाले संविधान मस्यौदा समितिलाई निर्देशन दिन उपयुक्त हुने । |
| व्यक्तिगत आयकर | √ | | | राज्य पुर्नसंरचना समितिबाट भएको अधिकारको बाँडफाँडलाई समेत मध्यनजर गरी मूल्य अभिवृद्धि कर र आयकर लगाइने अधिकार प्रदेश र स्थानीय सरकारलाई पनि प्रदान गर्नुपर्ने सुझाव आएको सन्दर्भमा संवैधानिक समितिले त्यसलाई ध्यान दिने भनी संविधानसभाले २०६६।१०।२१ संवैधानिक समितिलाई निर्देशन |

| | | | | |
|---|---|---|---|---|
| | | | | दिएकोले यस बमोजिम कार्यान्वयन गर्न संविधानसभाले संविधान मस्यौदा समितिलाई निर्देशन दिन उपयुक्त हुने । |
| सम्पत्ति कर | | | √ | |
| व्यवसाय कर | | | √ | |
| सवारी साधन कर | | √ | | |
| घर जग्गा रजिष्ट्रेशन दस्तुर | | √ | √ | |
| क्यासिनो | √ | | | |
| सेवा शुल्क | √ | √ | √ | |
| कार्बन सेवा | √ | | | |
| प्राकृतिक स्रोतबाट प्राप्त हुने सलामी (रोयल्टी) तथा अन्य आय | √ | √ | √ | |
| दण्ड जरिवाना | √ | √ | √ | |

फरक मत आएका र मतैक्यता हुन नसकेका भनी सूचिकृत गरिएका अन्य विषयहरुको हकमा प्रतिवेदनमा आएको मस्यौदाले नै संबोधन गरको हुँदा समितिको प्रारम्भिक मस्यौदा बमोजिम नै गर्नै ।

Parliament Secretariat Library
Accession Number ..................

## २. राष्ट्रिय हितको संरक्षण समिति

| सि.नं | विषयवस्तु | सहमति भएका विषय | समितिको निर्क्यौल | कैफियत |
|---|---|---|---|---|
| १. | प्रस्तावना : | राष्ट्रको निमित्त वलिदान गर्ने वीर शहीदहरूको स्मरण गर्दै ! हामी सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्न नेपाली जनता वर्तमान र भावी सन्ततिको सुःख, शान्ति र सम्वृद्धिको लागि यो घोषणा गर्दछौं "...नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वतन्त्रता र राष्ट्रिय एकता, शान्ति सुव्यवस्था, संघीय लोकतान्त्रिक र समावेशी गणतन्त्रको संरक्षण र सम्वर्द्धन, नेपाली जनताको गाँस, वास र कपास, शिक्षा, स्वास्थ्य, रोजगारी, आय आर्जनको अवसर, व्यक्तित्व विकास, जीउ, धन, सम्पत्तिको सुरक्षा लगायत राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा प्रत्येक नेपाली नागरिकको ईज्जत प्रतिष्ठाको अभिवृद्धि गर्ने प्रण गर्दै, सम्पूर्ण नेपाली जनताको समतामूलक आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नति, प्रगति र विकास गर्ने संकल्प गर्दै, विश्व शान्ति, सम्वृद्धि र समानताको लागि बाधक देखिएका असमानता, भोकमरी र गरिबीको अन्त गर्दै स्वतन्त्र भएर बाँच्न पाउने अधिकार समेत समावेश भएको लोकतन्त्र र मानवअधिकारको सम्मानको जगमा विश्व शान्ति, सम्वृद्धि र समानताको लागि एक नयाँ अन्तर्राष्ट्रिय व्यवस्थाको निर्माण गर्ने लक्ष्यमा प्रतिबद्ध रहँदै,..." | यो विषय राष्ट्रिय हितको संरक्षण समितिको कार्यक्षेत्र भित्र नभएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | - |
| २. | सार्वभौमसत्ताको प्रयोग : | जनतामा निहित सार्वभौमसत्ताको प्रयोग देहाय बमोजिम हुनेछ :-<br><br>(क) विधायकी अधिकार<br>व्यवस्थापिका र जनमत संग्रह मार्फत प्रयोग हुनेछ ।<br><br>(ख) कार्यकारिणी अधिकार | यो विषय राष्ट्रिय हितको संरक्षण समितिको कार्यक्षेत्र भित्र नभएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा | - |

| | | | | |
|---|---|---|---|---|
| | | जननिर्वाचित राष्ट्रप्रमुख / मन्त्रिपरिषद्‌बाट प्रयोग हुनेछ ।<br><br>(ग) न्याय सम्बन्धी अधिकार यो संविधान र अन्य कानून तथा न्यायका मान्य सिद्धान्त अनुसार अदालत तथा न्यायीक निकायहरूबाट प्रयोग हुनेछ ।<br>(घ) सरकारका सबै अंगले संविधान प्रदत्त नागरिकका मौलिक हकको सम्मान, संरक्षण र सम्वर्द्धन गर्नेछन् र कानून बमोजिम बाहेक त्यस्ता अधिकारको प्रयोगमा संकुचन, रोक वा ईन्कार गरिने छैन ।<br>(ङ) प्रत्येक नागरिकले जनप्रतिनिधिहरूको निर्वाचन तथा जनमत संग्रह मार्फत कानूनमा व्यवस्था भए बमोजिम बालिग मताधिकारको प्रयोग गर्नेछ । | पठाउने । | |
| ३. | <u>राष्ट्रिय हित</u> | (१)सार्वभौमसत्ता र राष्ट्रिय अखण्डता, **राष्ट्रियता स्वाधिनता**को रक्षा, राष्ट्रको स्वतन्त्रता, **राष्ट्रिय एकता सबै नेपालीको हक, हित र स्वाभिमानको संरक्षण** , सामाजिक तथा सांस्कृतिक सामन्जस्यता, समानुपातिक र समावेशी बहुदलीय लोकतान्त्रिक संघीय गणतन्त्रात्मक राजनैतिक व्यवस्था, आर्थिक समुन्नति र सम्वृद्धि, विभिन्न जात जाति, **धर्म**, वर्ग र समूहका बीचमा सामाजिक सदभाव कायम राखी विभेदरहित, समतामूलक समाजको निर्माण गर्नु, **नेपाली श्रम र पूँजीको संरक्षण, खाद्य सुरक्षा, उर्जा सुरक्षा र स्वच्छ पानीको संरक्षण गर्ने** नेपालको राष्ट्रिय हितका आधारभूत विषयहरू हुनेछन् ।<br><br>(२)देशको सार्वभौमसत्ता र अखण्डतामा वा विभिन्न जातजाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने, देशको गोप्य तथा संवेदनशील सूचनाहरू अनधिकृत व्यक्ति वा संस्थालाई | यो विषयमा संविधानसभामा सहमति रहेको देखिंदा संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधान सभाले परिमार्जन गर्न निर्देशन दिएका विषय समेत समावेश गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | चुहावट गर्ने राष्ट्र हित प्रतिकूलको कार्य कानून बमोजिम दण्डनीय हुनेछ ।<br><br>(३) राष्ट्रिय हित र मर्यादा विपरित गरिने कुटनीतिक आचरण र कार्यहरू कानून बमोजिम दण्डनीय हुनेछ । | | |
| ४. | मौलिक हक | (१) सम्पदा संरक्षणको हक : प्रत्येक व्यक्तिलाई देशको प्राकृतिक श्रोत तथा सांस्कृतिक सम्पदा संरक्षण र उपयोगको हक हुनेछ ।<br><br>(२) शिक्षा, स्वास्थ्य, रोजगार, गाँस, वास, कपास, सिंचाई, उन्नत बीउ, मल र खाद्य प्रत्याभूतिको हक सबै नागरिकलाई हुनेछ ।<br><br>(३) तर, नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकतामा प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन । | यो विषय राष्ट्रिय हितको संरक्षण समितिको कार्यक्षेत्र भित्र नभएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | - |
| ५. | नागरिकको कर्तव्य : | (१) राष्ट्रिय हितको संरक्षण र सम्वर्द्धनमा सहयोग र सेवा पुऱ्याउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।<br><br>(२) नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकताको सम्मान र संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।<br><br>(४) राष्ट्रिय झण्डा र गानको सम्मान गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ । | यो विषय राष्ट्रिय हितको संरक्षण समितिको कार्यक्षेत्र भित्र नभएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ६. | राज्यको दायित्व : | (१) नेपालको स्वतन्त्रता, भौगोलिक अखण्डता, सार्वभौमसत्ता र राष्ट्रिय एकतालाई अक्षुण्ण राख्दै नागरिकको सुरक्षा प्रदान गरी आर्थिक, सामाजिक, राजनैतिक एवं सांस्कृतिक अधिकारको समानता र न्यायोचित तरिकाबाट उपभोग गर्न सक्ने स्थिति सिर्जना गर्ने राज्यको दायित्व हुनेछ ।<br><br>(२) सार्वभौमसत्ता, राष्ट्रिय अखण्डताको रक्षा, राष्ट्रिय एकता | यो विषय राष्ट्रिय हितको संरक्षण समितिको कार्यक्षेत्र भित्र नभएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | - |

| | | | | |
|---|---|---|---|---|
| | | र राष्ट्रिय सम्मानको अभिवृद्धि, राष्ट्रिय सुरक्षा र राजनैतिक स्थिरता, प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवं महिला, दलित, आदिवासी, लोपोन्मुख जाति, जनजाति, मुस्लिम, मधेसी, समुदायको भाषा, धर्म,-संस्कृतिको संरक्षण एवं सम्बर्द्धन, आर्थिक समुन्नति, गरिबी उन्मुलन, विभेदरहीत समाजको निर्माण, सबै वर्ग, जाति, लिङ्ग, वृद्ध, अपाङ्ग, बालबालिका र अल्पसंख्यक, सिमान्तकृत समुदाय र क्षेत्रका नागरिकको हक अधिकारको सुनिश्चितता, कानूनको शासन, पञ्चशिलका सिद्धान्त र विश्वशान्तिको पक्षपोषण गर्दै नेपालको स्वतन्त्रता, नेपाली जनताको स्वाभिमानको रक्षा र पहिचान अन्तर्राष्ट्रिय जगतमा अभिवृद्धि गरी राष्ट्रिय हितको प्रवर्द्धन गर्नु राज्यको दायित्व हुनेछ ।<br><br>(३) देशको सांस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षणको लागि विश्वसम्पदा सूचीमा सूचिकृत भएका तथा अन्य सांस्कृतिक र प्राकृतिक सम्पदाको रुपमा रहेका दूर्लभ जीवजन्तु, वनस्पति, हिमाल, जलसम्पदा, ताल, सीमसार, निकुञ्ज, आरक्ष, खनिज आदिको अभिलेखीकरण गरी सो को संरक्षण, सम्बर्द्धन र सूचीकृत गर्नु राज्यको दायित्व हुनेछ ।<br><br>(४) नेपाली जनताले अपेक्षा गरेको शान्ति, सुरक्षा, समृद्धि तथा स्वतन्त्रताको चाहनालाई परिपूर्ति गर्दै राष्ट्रिय हितका विषयहरुको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्न राष्ट्रिय हित र सुरक्षा सम्बन्धी मूल नीति बनाई कार्यान्वयन गर्नु राज्यको दायित्व हुनेछ । | | |
| ७. | **राज्यका निर्देशक सिद्धान्त :** | (१) देशको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रतालाई कायम राखी अन्तर्राष्ट्रिय जगतमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्दै राष्ट्रिय हितको प्रवर्द्धन गर्ने दिशामा | यो विषय राष्ट्रिय हितको संरक्षण समितिको कार्यक्षेत्र भित्र नभएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ | - |

| | | | | |
|---|---|---|---|---|
| | | राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ ।<br><br>(२) सबै राष्ट्रहरूको स्वतन्त्रता र सार्वभौमिक समानताको सम्मान गर्दै एउटा स्वतन्त्र राष्ट्रले अर्को स्वतन्त्र राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने, राष्ट्रहरू बीचको आन्तरिक विवादको शान्तिपूर्ण समाधान गर्ने अन्तर्राष्ट्रिय कानून, संयुक्त राष्ट्रसंघको बडापत्रमा उल्लेखित सिद्धान्त र मान्यताहरू प्रति पूर्ण प्रतिबद्ध रहँदै नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन हुनेछ ।<br><br>(३) अन्तर्राष्ट्रिय सम्बन्धमा शक्ति र सैन्य बलको प्रयोगको विरोध गर्दै विश्वलाई पूर्ण निःशस्त्रीकरण गर्ने दिशामा योगदान गर्ने नेपालको अन्तर्राष्ट्रिय सम्बन्धको उद्देश्य रहनेछ । | सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ८. | राज्यका नीति : | (१) नेपालको भौगोलिक अखण्डतालाई प्रभावकारी रुपमा संरक्षण र सम्वर्द्धन गर्नको लागि अन्तर्राष्ट्रिय सिमानाको व्यवस्थापन र नियन्त्रण वैज्ञानिक ढंगले गर्ने र छिमेकी मुलुकसंगको सीमा व्यवस्थापन नियमन सीमा प्रणालीको सिद्धान्तमा आधारित भई गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।<br><br>(२) राज्यले देशमा उपलब्ध जनशक्तिलाई राष्ट्रिय हित प्रवर्द्धनका लागि अधिकतम उपयोग गर्ने र प्रत्येक नागरिकले आफूमा रहेको सीप, ज्ञान र धारणा राष्ट्र हितका लागि समर्पण गर्न पाउने वातावरण सिर्जना गर्ने नीति लिनेछ ।<br><br>(३) देशको प्राकृतिक तथा सांस्कृतिक सम्पदाको पहिचान, संरक्षण, सम्वर्द्धन गरी त्यस्ता सम्पदामा वर्तमान र भावी पुस्ताको अन्तर्वंशीय समन्यायिक हकलाई समेत सुनिश्चित गर्ने | यो विषय राष्ट्रिय हितको संरक्षण समितिको कार्यक्षेत्र भित्र नभएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | - |

| | | | | |
|---|---|---|---|---|
| | | नीति राज्यले अवलम्बन गर्नेछ ।<br><br>(४) राज्यले जनतामा वातावरणीय स्वच्छता प्रति चेतना जगाउँदै स्वच्छ र स्वस्थ वातावरण कायम राख्न नेपालको कुल भू-भागको कम्तिमा चालिस प्रतिशत भू-भागमा वनजंगल कायम राख्ने नीति राज्यले लिनेछ ।<br><br>(५) राज्यले आदिवासी जनजातिको जैविक तथा सांस्कृतिक श्रोत सम्बन्धी परम्परागत ज्ञान, सीप, अनुसन्धान र अभ्यासको पहिचान, संरक्षण र सम्बर्द्धन गरी त्यस्तो ज्ञान, सीप र अभ्यासबाट प्राप्त लाभमा सम्बन्धित समुदायको हकको सुनिश्चित गर्ने नीति लिनेछ ।<br><br>(६) राज्यले देशको प्राकृतिक स्रोत र सांस्कृतिक सम्पदा संरक्षणमा स्थानीय समुदायका महिला, भूमिहीन र विपन्न वर्गका व्यक्तिहरूको सहभागितालाई प्रोत्साहित गर्ने र त्यस्तो सम्पदाको संरक्षण र सम्बर्द्धनबाट प्राप्त लाभमा समन्यायिक पहुँचको अधिकारलाई सुनिश्चित गर्ने नीति अवलम्बन गर्नेछ ।<br><br>(७) राज्यले राष्ट्र र राष्ट्रिय हित अनुकुल उपयोगी एवं लाभदायक रुपमा देशको प्राकृतिक श्रोत तथा सम्पदाको परिचालन गर्ने नीति लिनेछ ।<br><br>(८) राष्ट्रिय स्वतन्त्रता र सार्वभौमसत्ताको संरक्षण, भौगोलिक अखण्डता र स्वाभिमानलाई कायम राख्दै समानताको आधारमा विश्वव्यापीकरण र राष्ट्र राष्ट्रहरूका बीच बढ्दो पारस्परिक अन्तर्निभरताको वास्तविक यथार्थलाई आत्मसात गरी संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशिल एवं शान्तिपूर्ण सहअस्तित्वको | | |

| | | | | |
|---|---|---|---|---|
| | | सिद्धान्त, मानव अधिकारको सम्मान, अन्तर्राष्ट्रिय कानून र विश्व शान्तिको मान्यताको आधारमा छिमेकी मित्र राष्ट्रहरू र संसारका अरु सबै मुलुकहरू सित आर्थिक, सामाजिक एवं अन्य क्षेत्रमा समानताको आधारमा सहयोगात्मक सुसम्बन्ध कायम गरी नेपालमा शान्तिलाई अन्तर्राष्ट्रिय मान्यताको आधारमा संस्थागत गर्दै जाने नीति राज्यले अवलम्बन गर्नेछ ।<br><br>(९) राज्यले नेपाली जनता र छिमेकी मित्र राष्ट्रहरूको जनताका बीचमा रहेको सामाजिक तथा सांस्कृतिक सम्बन्धलाई अझ मजबुत र प्रगाढ बनाउँदै दुवै छिमेकी मुलकहरूसंग समानताको आधारमा व्यवहार गर्ने नीति अवलम्बन गर्नेछ ।<br><br>(१०) नेपालले राष्ट्रहरू बीचको विवादलाई युद्धबाट समाधान गर्ने कुनैपनि प्रयासमा एक राष्ट्रले अर्को राष्ट्रको क्षेत्रीय अखण्डता र स्वतन्त्रताको विरुद्ध गरिएको कुनै पनि शक्ति र धम्कीको प्रयोगको विरोध गर्ने नीति अवलम्बन गर्नेछ ।<br><br>(११) नेपाल बाहिर रहेका नेपाली नागरिकहरूको हक हितको सुरक्षाका साथै विभिन्न मुलुकमा रहेबसेका नेपाली नागरिकसंगको आर्थिक तथा सामाजिक सम्बन्ध कायम गराउने दिशामा नेपालको परराष्ट्र नीति क्रियाशील हुनेछ ।<br><br>(१२) विश्व शान्तिको प्रवर्द्धन र विकासको साथै लोकतन्त्र र मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन प्रति पूर्ण समर्थन र सहयोग गर्दै स्वतन्त्र राष्ट्रले भोग्दै आएका आन्तरिक द्वन्द, कलह र युद्धको शान्तिपूर्ण समाधानको लागि द्वन्द समाधानमा नेपालले हाँसिल | | |

| | | | | |
|---|---|---|---|---|
| | | गरेको अनुभव उपलब्धीहरूलाई संयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय निकायहरूको माध्यमबाट सम्बन्धित पक्षहरूलाई आवश्यक सहयोग उपलब्ध गराउने नीति राज्यले लिनेछ ।<br><br>(१३) राज्यले आवश्यकता अनुसार भूतपूर्व सैनिक र प्रहरीमा रहेको ज्ञान, सीप र अनुभवको उपयोग गर्ने नीति अवलम्बन गर्नेछ । | | |
| ९. | **परराष्ट्र सम्बन्ध :** | नेपालको परराष्ट्र सम्बन्ध सञ्चालन सम्बन्धी अधिकार केन्द्र/संघमा निहित रहनेछ । | यो विषयमा संविधानसभामा सहमति रहेको देखिंदा संविधान मस्यौदा समितिमा पठाउने । | - |
| १०. | **नेपाली राजदूत र विशेष प्रतिनिधि :** | (१)राष्ट्रप्रमुख/मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।<br><br>(२) राष्ट्रप्रमुखले विदेशी राजदूत र विशेष प्रतिनिधिको ओहदाको प्रमाणपत्र ग्रहण गर्नेछ । | यो विषय राष्ट्रिय हितको संरक्षण समितिको कार्यक्षेत्र भित्र नभएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | - |
| ११. | **सन्धि सम्पन्न गर्ने अधिकार :** | (१) सन्धि वा सम्झौता गर्ने अधिकार केन्द्र/संघमा निहित रहनेछ ।<br><br>**(२) प्रदेशको सूचीकृत क्षेत्राधिकारको विषयमा सन्धि वा सम्झौता गर्दा केन्द्रले प्रदेशको सहमति लिनुपर्नेछ ।**<br><br>(३) प्रदेश/प्रान्तले केन्द्रीय सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता गर्न सक्नेछ **(यसलाई संविधानको अन्य उपयुक्त स्थानमा राख्ने )** | यो विषयमा संविधानसभामा सहमति रहेको देखिंदा संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधान सभाले परिमार्जन गर्न निर्देशन दिएका विषय समेत समावेश गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| १२. | - | - | - | तत्कालीन संविधान सभाले २०६७/१०/१२ मा परिमार्जन गर्न निर्देशन दिए बमोजिम यो धारा हटाई खण्ड (क) लाई धारा १३ मा समावेश गरिएको । |
| १३. | <u>**सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन**</u> : | (१) नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।<br>(२) उपधारा (१) बमोजिम कानून बनाउँदा अन्य कुराको अतिरिक्त देहायका विषयका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन केन्द्रीय/संघीय व्यवस्थापिकामा **उपस्थित सदस्यहरुको** दुई तिहाई बहुमतले गर्नुपर्ने शर्त राखिनेछ :-<br>(क) शान्ति र मैत्री;<br>(ख) सुरक्षा एवं सामरिक सम्बन्ध;<br>(ग) नेपाल राज्यको सिमाना; र<br>(घ) प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड<br>**३) यो संविधान प्रारम्भ भएपछि हुने कुनै सन्धि वा सम्झौता यस धारा बमोजिम अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन नभएसम्म नेपाल सरकार वा नेपाल राज्यको हकमा लागू भएको मानिने छैन ।**<br>**४) उपधारा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि** | यो विषयमा संविधानसभामा सहमति रहेको देखिंदा संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधान सभाले परिमार्जन गर्न निर्देशन दिएका विषय समेत समावेश गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | नेपाल राज्यको प्रादेशिक अखण्डतामा प्रतिकूल असर पर्ने गरी कुनै सन्धि वा सम्झौता गरिने छैन । | | |
| १४. | - | - | - | तत्कालीन संविधान सभाले निर्देशन बमोजिम धारा १५ को विषय हटाइएको |
| १५. | - | - | - | तत्कालीन संविधान सभाले परिमार्जन गर्न निर्देशन दिए बमोजिम यो धारा १५ को विषय हटाइएको |
| १६. | **व्यवस्थापिकाबाट स्वीकृति प्राप्त गर्नुपर्ने** | जलश्रोत उपयोगका सम्बन्धमा स्वदेशी व्यक्ति वा संस्था बाहेकका अन्य व्यक्ति वा संस्थालाई लगानी गर्न दिने सम्बन्धी सम्झौता गर्नु अघि केन्द्रीय व्यवस्थापिकाको बैठकको बहुमतबाट स्वीकृति प्राप्त गर्नुपर्नेछ । | यो विषयमा संविधानसभामा सहमति रहेको देखिंदा संविधान मस्यौदा समितिमा पठाउने । | - |
| १७. | **संकटकालिन अधिकार** : | (१) नेपाल राज्यको सार्वभौमसत्ता अखण्डता वा कुनै भागको सुरक्षा वा राष्ट्रिय एकतामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङ्खलताको कारणले गम्भिर संकट उत्पन्न भएमा राष्ट्रप्रमुख/ मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्र प्रमुखले नेपाल राज्यभर वा कुनै खास क्षेत्रमा लागु हुने गरी संकटकालिन अवस्थाको घोषणा वा आदेश जारी गर्न सक्नेछ ।<br>(२) गम्भीर प्राकृतिक प्रकोप वा | यो विषय राष्ट्रिय हितको संरक्षण समितिको कार्यक्षेत्र भित्र नभएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | - |

| | | | | |
|---|---|---|---|---|
| | | चरम आर्थिक विश्रृखलताको कारणले प्रान्त/प्रदेशमा गम्भीर संकट उत्पन्न भएमा आफ्नो प्रादेशिक क्षेत्राधिकार भित्र लागू हुने गरी केन्द्रीय/ संघीय सरकारको सहमतिमा प्रान्त/प्रदेश सरकारले संकटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्न सक्नेछ । | | |
| १८. | आत्मनिर्णय को अधिकार : | नेपालको संघीय शासन प्रणाली स्वायत्त शासन व्यवस्थाको सिद्धान्तमा आधारित भै सञ्चालन हुनेछ । सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकताको प्रतिकूल नहुने गरी प्रत्येक प्रान्त/प्रदेश र स्थानीय सरकारलाई यस संविधानमा व्यवस्था भए बमोजिम आफ्नो प्रादेशिक क्षेत्रभित्रका जनताको राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक विकास तथा प्राकृतिक सम्पदाको सम्बर्द्धन, संरक्षण र उपयोग गर्ने पूर्ण आत्मनिर्णयको अधिकार रहनेछ । | यो विषय राष्ट्रिय हितको संरक्षण समितिको कार्यक्षेत्र भित्र नभएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | - |
| १९. | राजनैतिक दल : | कुनैपनि राजनैतिक दलले देशको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकताको प्रतिकूल हुने गरी आफ्ना कियाकलापहरू सञ्चालन गर्न पाउने छैन । सो विपरित गरिने क्रियाकलाप कानूनद्वारा दण्डनीय हुनेछ । | यो विषय राष्ट्रिय हितको संरक्षण समितिको कार्यक्षेत्र भित्र नभएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | - |
| २०. | जनमत संग्रह सम्बन्धी व्यवस्था : | (१) राष्ट्रिय महत्वको कुनै विषयमा जनमत संग्रहबाट निर्णय लिन आवश्यक छ भनी संघीय/केन्द्रीय व्यवस्थापिकामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको दुई तिहाई बहुमतबाट निर्णय भएको विषयमा जनमत संग्रहबाट निर्णय लिन सकिनेछ ।<br>(२) उपधारा (१) बमोजिमको प्रक्रियाबाट निर्णय लिइने कार्यविधि कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | यो विषय राष्ट्रिय हितको संरक्षण समितिको कार्यक्षेत्र भित्र नभएपनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | - |

| | | | | |
|---|---|---|---|---|
| २१. | **नेपालको अन्तर्राष्ट्रिय सिमाना :** | **(१)नेपालको अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा, व्यवस्थापन र सिमाङ्कनको मुख्य जिम्मेवारी संघीय/केन्द्रिय सरकारको हुनेछ ।** | यो विषयमा संविधानसभामा सहमति रहेको देखिंदा संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधान सभाले परिमार्जन गर्न निर्देशन दिए परिमार्जन गरिएको । |
| २२. | **राष्ट्रिय सुरक्षा परिषद् :** | (१) नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षा सम्बन्धी नीति तर्जुमा गर्न तथा नेपाली राष्ट्रिय सेनाको परिचालन, **नियन्त्रण** र व्यवस्थापन गर्नका लागि मन्त्रिपरिषद्लाई/ कार्यकारिणी प्रमुखलाई सिफारिस गर्न देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहेको एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ :-<br>(क)कार्यकारिणी प्रमुख - अध्यक्ष<br>(ख) रक्षा मन्त्री - सदस्य<br>(ग) गृह मन्त्री - सदस्य<br>(घ) परराष्ट्र मन्त्री - सदस्य<br>(ङ) अर्थ मन्त्री - सदस्य<br>**(२) रक्षा मन्त्रालयको सचिवले राष्ट्रिय सुरक्षा परिषद्को सचिव भई काम गर्नेछ ।**<br>**(३) राष्ट्रिय सुरक्षा परिषदले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रप्रमुख समक्ष पेश गर्नेछ र निजले उक्त प्रतिवेदन मन्त्रिपरिषद् मार्फत व्यवस्थापिका समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।**<br>(४) राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धी अन्य व्यवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | यो विषयमा संविधानसभामा सहमति रहेको देखिंदा संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधान सभाले परिमार्जन गर्न निर्देशन दिएका विषय समेत समावेश गरिएको । |
| २३. | **सैनिक सेवा आयोगको गठन :** | नेपाली राष्ट्रिय सेनाको नियुक्ति र पदोन्नतिको लागि कानूनमा व्यवस्था भए बमोजिम एक सैनिक सेवा आयोगको गठन गरिनेछ । | यो विषयमा संविधानसभामा सहमति रहेको देखिंदा संविधान मस्यौदा समितिमा पठाउने । | - |
| २४. | **नेपाली राष्ट्रिय सेना सम्बन्धी** | *(१) **देशको सार्वभौमसत्ता, अखण्डता, स्वतन्त्रता र राष्ट्रिय एकताको रक्षाका लागि** | यो विषयमा संविधानसभामा सहमति रहेको देखिंदा संविधान मस्यौदा समितिमा | तत्कालीन संविधान सभाले |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्था : | लोकतान्त्रिक सिद्धान्तप्रति प्रतिवद्ध समानुपातिक, समावेशी र राष्ट्रिय स्वरुपको नेपाली सेनाको एक संगठन रहनेछ ।"<br><br>"(२) नेपाली सेनालाई राष्ट्रिय स्वरुप प्रदान गर्न र समावेशी बनाउन मधेशी, आदिबासी जनजाती, दलित, महिला, पिछडिएका क्षेत्र लगायतका जनताको प्रवेश समानता र समावेशी सिद्धान्तका आधारमा कानूनमा व्यवस्था गरी सुनिश्चित गरिनेछ ।<br><br>(३) नेपाल सरकारले नेपाली सेनालाई कानूनमा व्यवस्था भए बमोजिमको विकास निर्माण र प्राकृतिक प्रकोप नियन्त्रण लगायतका अन्य कार्यमा समेत लगाउन सक्नेछ ।"<br><br>(४) राष्ट्रप्रमुख नेपाली राष्ट्रिय सेनाको परमाधिपति हुनेछ ।<br><br>(५) प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले गर्नेछ ।<br><br>(६) प्रधानसेनापतिको पदमुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले गर्नेछ ।<br><br>(७) प्राकृतिक विपत्ति परेको कारणले नेपाली राष्ट्रिय सेना परिचालन भएकोमा बाहेक राष्ट्रिय सुरक्षा परिषद्को सिफारिस बमोजिम सेना परिचालन सम्बन्धी मन्त्रिपरिषद्को निर्णय भएको एक महिना भित्र **संघीय व्यवस्थापिकामा** विशेष सुरक्षा समितिमा प्रस्तुत भई अनुमोदन हुनु पर्नेछ । | पठाउने । | परिमार्जन र थप गर्न निर्देशन दिएका विषय समावेश गरिएको । संविधानसभाको २०६६/१०/१२ को निर्णयमा यो धाराको साविक उपधारा (२) मा रहेको नेपाली सेना र शिविरमा रहेका लडाकुको पुनर्स्थापन, व्यवस्थापन र समायोजन सम्बन्धी व्यवस्था नयाँ संविधानमा राख्नु पर्ने वा नपर्ने विषयमा संवैधानिक समितिलाई टुङ्गो लगाउन प्रश्नावली बनाएको भएपनि लडाकु समायोजन भैसकेकोले अब केही गर्नु नपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | (८) नेपाली राष्ट्रिय सेना सम्बन्धी अन्य कुराहरू कानूनमा उल्लेख भए बमोजिम हुनेछ । | | |
| २५. | नेपाल प्रहरी, अर्धसैनिक बल र गुप्तचर संगठन सम्बन्धी व्यवस्था : | (१) केन्द्रमा संघीय प्रहरी, संघीय अर्धसैनिक बल र संघीय गुप्तचर संस्थाको संगठन रहनेछ ।<br>(२) प्रत्येक संघीय ईकाई (प्रदेश) मा प्रहरी संगठन रहनेछ ।<br>(३) सुरक्षा निकाय सम्बन्धी अन्य व्यवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | यो विषयमा संविधानसभामा सहमति रहेको देखिदा संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधान सभाले परिमार्जन गर्न निर्देशन दिएका विषय समेत समावेश गरिएको । |

# ३. राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समिति

## खण्ड (क)

## सहमतिको विषय

| सि. नं. | विषय | सहमति भएका विषय | समितिको निष्कर्ष | कैफियत |
|---|---|---|---|---|
| १. | **राज्यको पुनसंरचना र राज्यशक्तिको स्वरुप:**<br>**धारा ३** | (२) संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाले नेपालको एकता, अखण्डता, सार्वभौमसत्ता तथा मुलुकको दीर्घकालिन हित, सर्वाङ्गीण विकास, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्तिको पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, जातीय समानतामा आधारित समता मूलक तथा बहुलतामा आधारित समाज, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, समानुपातिक र समावेशी प्रतिनिधित्वको अधिकार र पहिचानको संरक्षण गर्नेछन् । | सहमति कायम भएकोले संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |
| २. | **संघीय नेपालको तहगत संरचना**<br>**धारा ४** | (१) संघीय नेपालको मुल संरचना संघ, प्रदेश तथा स्थानीय गरी तीन तहको हुनेछ ।<br>(२) उपधारा (१) बमोजिमका संघ तथा प्रदेशमा व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका रहने छ । | सहमति कायम भएकोले संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |
| ३. | **स्थानीय तहको निर्माण र क्षेत्र निर्धारण**<br>**धारा ७** | (५) उपधारा (१) बमोजिम स्थानीय निकायको गठन नभए सम्मका लागि विद्यमान स्थानीय तह कायम रहने छन् । | सहमति कायम भएकोले संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |

| | | | | |
|---|---|---|---|---|
| ४. | संघ, प्रदेश, स्थानीय तह रविशेष संरचनाको अधिकारको बाँडफाँड<br><br>धारा ९ | (१) यस संविधानको अनुसूची ३ मा उल्लेखित विषयमा संघको अधिकार निहित रहने छ । संघीय व्यवस्थापिकाले यस संविधानको अनुसूची ३ मा उल्लेखित विषयमा कानून बनाउन सक्नेछ ।<br><br>(२) यस संविधानको अनुसूची ४ मा उल्लेखित विषयमा प्रदेशको अधिकार निहित रहने छ । प्रादेशिक व्यवस्थापिकाले यस संविधानको अनुसूची ४ मा उल्लेखित विषयमा आफ्नो प्रदेश भित्र लागु हुने गरी कानून बनाउन सक्नेछ ।<br><br>**(३) संविधानको अनुसूची ५ मा उल्लिखित साझा सूचीका विषयमा संघीय व्यवस्थापिकाले बनाएको कानूनसंग नबाँझिने गरी प्रादेशिक व्यवस्थापिकाले आवश्यक कानून निर्माण गर्न सक्नेछ ।**<br><br>(४) उपधारा (१) र (२) मा उल्लेखित विधायिकी अधिकारका साथै यस संविधान बमोजिम संघ तथा प्रदेशलाई कार्यकारिणी र न्यायिक अधिकार हुनेछ । | सहमति कायम भएकोले संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |
| ५. | संघीय एकाइहरु बीच अन्तर सम्बन्ध<br><br>धारा १० | (१) संघ, प्रदेश, स्थानीय तह तथा विशेष संरचना बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ ।<br><br>(२) प्रदेश प्रदेश बीचको आपसी सम्बन्ध व्यवस्थित गर्न संघले प्रदेशहरु बीच आवश्यक व्यवस्थापन गर्न सक्नेछ ।<br><br>(३) दुई वा दुई भन्दा बढी प्रदेशले अनुसूची ४ मा उल्लेखित विषयमा कानून निर्माण गर्न संघीय व्यवस्थापिका समक्ष अनुरोध गरेमा संघीय व्यवस्थापिकाले आवश्यक कानून बनाउन सक्नेछ ।<br><br>(४) संघले राष्ट्रिय महत्वका विषयमा र प्रदेशहरु बीच समन्वय गर्नु पर्ने विषयमा सबै प्रदेशहरुका लागि संविधान र कानुन बमोजिम आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रदेशको कर्तव्य हुनेछ ।<br>तर प्रदेशको अधिकारमा हस्तक्षेप हुने गरी संघले कुनै निर्देशन वा कार्यकारिणी आदेश जारी गर्ने छैन ।<br><br>(५) कुनै पनि प्रदेशले राष्ट्रिय सार्वभौमसत्ता, अखण्डता र देशको शान्ति व्यवस्थामा असर पर्ने | सहमति कायम भएकोले संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |

| | | | | |
|---|---|---|---|---|
| | | किसिमको कार्य गरेमा संघीय सरकारको सिफारिसमा राष्ट्र प्रमुखले त्यस्तो प्रदेशलाई आवश्यकतानुसार सचेत गराउन, प्रादेशिक सरकार र व्यवस्थापिका निलम्बन गर्न वा विघटन गर्न सक्नेछ ।<br><br>(६) उपधारा (५) बमोजिम कुनै प्रदेशको सरकार वा व्यवस्थापिका निलम्बन वा विघटन गरेकोमा पैंतीस दिन भित्र संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतबाट अनुमोदन गराउनु पर्नेछ ।<br>तर संघीय व्यवस्थापिकाबाट अनुमोदन नभएमा त्यस्तो आदेश स्वतः निष्कृय भएको मानिनेछ ।<br><br>(७) उपधारा (६) बमोजिम संघीय व्यवस्थापिकाबाट अनुमोदन भएमा त्यस्तो प्रदेशमा ६ महिना भित्र प्रादेशिक व्यवस्थापिकाको निर्वाचन हुनेछ ।<br><br>(८) उपधारा (७) बमोजिम निर्वाचन नभए सम्मका लागि त्यस्तो प्रदेशमा संघीय शासन कायम रहनेछ ।<br>(९) कुनै एक प्रदेशले अर्को प्रदेशको कानूनी व्यवस्था वा न्यायिक एवं प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नुपर्नेछ ।<br><br>(१०) एक प्रदेशले अर्को प्रदेशसंग साझा चासो र हितको विषयमा एक अर्कालाई सूचना आदान प्रदान गर्न, परामर्श गर्न, आफ्नो कार्य र विधायनका बारेमा एक आपसमा समन्वय गर्न र आपसी सहयोग विस्तार गर्न सक्नेछन् ।<br><br>(११) कुनै एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई आफ्नो प्रदेशको कानून बमोजिम समान सुरक्षा र सुविधा उपलब्ध गराउनु पर्नेछ ।<br><br>(१२) संघले सम्बन्धित प्रदेश मार्फत् स्थानीय तह र विशेष संरचनालाई संविधान र प्रचलित कानून बमोजिम सहयोग गर्न र निर्देशन दिन सक्नेछ । | | |
| ६. | **संघीय एकाइहरु बीच उत्पन्न हुने विवाद समाधान** | (२) उपधारा (१) बमोजिमको परिषदले आवश्यकता अनुसार परिषदको बैठकमा सम्बन्धित विषयको संघीय मन्त्री र प्रादेशिक मन्त्री तथा विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ । | सहमति कायम भएकोले संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने | |

| | | | | |
|---|---|---|---|---|
| | सम्बन्धी<br>व्यवस्था<br><br>धारा ११ | (३) उपधारा (१) बमोजिमको परिषदको कार्यविधि सम्बन्धी अन्य व्यवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।<br><br>(४) अन्तर प्रादेशिक परिषदबाट सिफारिस भई आएका वा संघीय व्यवस्थापिकाले आवश्यक ठानेका विषयलाई संघीय व्यवस्थापिकाको बैठकमा छलफल गरी समाधान गर्न सकिने छ ।<br><br>(५) उपधारा (४) बमोजिम विवाद समाधान गर्ने प्रक्रिया संघीय व्यवस्थापिकाले कानून बनाई तोके बमोजिम हुनेछ ।<br><br>(६) उपधारा (४) बमोजिम संघीय व्यवस्थापिकाबाट विवादको समाधान हुन नसकेमा वा संघीय व्यवस्थापिकाले आवश्यक ठानेमा जनमत संग्रहको लागि संघीय सरकारलाई सिफारिस गर्न सक्नेछ ।<br><br>७) कुनै प्रदेश भित्रको विवाद समाधान गर्न सो प्रदेश वा प्रदेशहरु भित्र प्रादेशिक जनमत संग्रह र समग्र राष्ट्को विषयमा राष्ट्रिय जनमत संग्रह गर्न सकिने छ ।<br><br>(८) जनमत संग्रह सम्बन्धी अन्य व्यवस्था संघीय व्यवस्थापिकाद्वारा कानून बनाई निर्धारण गरे बमोजिम हुने छ ।<br><br>(९) प्रदेश र स्थानीय तह वा प्रदेश र विशेष संरचनाहरु वा स्थानीय तहहरु वा स्थानीय तह र विशेष संरचनाहरु वा विशेष संरचना अन्तर्गतका क्षेत्रहरु बीच विवाद उत्पन्न भएमा सम्बन्धित प्रदेशको व्यवस्थापिकाले छलफल गरी समाधान गर्न सक्ने छ ।<br><br>(१०) उपधारा (९) अनुसार विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधि प्रादेशिक व्यवस्थापिकाले कानूनद्वारा निर्धारण गरे बमोजिम हुने छ ।<br><br>(१७) स्थानीय तह र विशेष संरचना अन्तर्गत स्थापना हुने क्षेत्रहरु, स्थानीय तहहरु, विशेष संरचना अन्तर्गत स्थापना हुने क्षेत्रहरु बीच उत्पन्न हुने कानूनी विवादको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित प्रादेशिक उच्च अदालतलाई हुने | । | |

| | | | | |
|---|---|---|---|---|
| | | छ ।<br><br>(१८) प्रादेशिक उच्च अदालतले गरेको निर्णय उपर संवैधानिक विषयमा संवैधानिक अदालतमा पुनरावेदन गर्न सकिने छ ।<br><br>(१९) प्रादेशिक उच्च अदालतले उपधारा (१७) मा उल्लेखित विवादको निरोपण गर्ने कार्यविधि कानूनद्वारा निर्धारण गरे बमोजिम हुने छ ।<br><br>(२०) उपधारा (१) देखि उपधारा (१९) सम्म जुनसुकै कुरा लेखिएको भएता पनि संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह, प्रदेश र विशेष संरचना, विशेष संरचनाहरु र स्थानीय तहहरु बीच उत्पन्न विवादहरुको समाधानका लागि दुई पक्षीय एवं बहुपक्षीय वार्ता, मेलमिलाप, समन्वय एवं मध्यस्थता जस्ता विवाद समाधानका वैकल्पिक प्रक्रियाहरु अवलम्बन गर्न सकिने छ ।<br><br>(२१) उपधारा (२०) बमोजिमका प्रक्रिया अन्तर्गत विवाद समाधान गर्ने कार्यविधि लगायतका विषय संघीय कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | |
| ७. | **विशेष अधिकारको समीक्षा तथा पुनरावलोकन**<br><br>**धारा १९** | महिला तथा दलित समुदायको विशेष अधिकारको व्यवस्थाको कार्यान्वयन र त्यसको प्रभाव सम्बन्धमा मानव विकास सूचकाङ्कको आधारमा प्रत्येक १० वर्षमा गरिने राष्ट्रिय जनगणनासँगै नेपाल सरकारले समीक्षा तथा पुनरावलोकन गर्ने छ । | सहमति कायम भएकोले संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |
| ८. | **अनुसूची ५**<br><br>**(यस प्रतिवेदनमा अनुसूची ६.५ गरिएको)** | **साझा अधिकारको सूची**<br><br>• अनुसूची ५ को क्र.सं. ११ मा उपभोक्ता हकहित थप गर्ने ।<br>• अनुसूची ५ को क्रम संख्या १८ मा रहेको "सवारी साधन अनुमति पत्र" भन्ने विषयलाई त्यहाबाट हटाई अनुसूची ४ मा राख्ने । | सहमति कायम भएकोले संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |
| ९. | **अनुसूची ६**<br><br>**(यस प्रतिवेदनमा अनुसूची ६.५ गरिएको)** | **स्थानीय तहको अधिकारको सूची**<br>• अनुसूची ६ को स्थानीय तहको अधिकारको सूचीको क्रम संख्या ३ मा "टेलिभिजन र पत्रपत्रिका" थप गर्ने ।<br>• अनुसूची ६ को स्थानीय तहको अधिकारको सूचीमा "भाषा, संस्कृति र लिपी, प्राकृतिक श्रोत बापत प्राप्त रोयल्टी र सेवा शुल्क" पनि थप गर्नु पर्ने सुझाव आएकोमा प्राकृतिक स्रोत आर्थिक | सहमति कायम भएकोले संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने। | |

| | | | | |
|---|---|---|---|---|
| | | अधिकार तथा राजश्व बाँडफाँट समितिको प्रतिवेदनमा रहेको स्थानीय तहको सूचीमा ती सबै विषय समावेश भएको देखिएकोले मिलान हुने गरी अधिकारको सूचीलाई अन्तिम रुप प्रदान गर्ने । | | |
| १०. | अनुसूची ७<br>(यस प्रतिवेदनमा अनुसूची ६.५ गरिएको) | **विशेष संरचना अन्तर्गत स्थापना हुने स्वायत्त क्षेत्रको अधिकारको सूची**<br>• अधिकारको सूचीलाई अन्तिम रुप दिंदा प्राकृतिक स्रोत आर्थिक अधिकार तथा राजश्व बाँडफाँट समितिको प्रतिवेदनमा रहेका सूचीलाई समेत मिलान गरेर सूची निर्माण गर्ने ।<br>• संघीय संरचना अन्तिम हुंदा विशेष संरचना र सो अन्तर्गत स्वायत्त क्षेत्र रहने भएमा सो सम्बन्धी हालको अनुसूची ७ मा "प्रहरी" राख्न नपर्ने । | सहमति कायम भएकोले संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |

**खण्ड (ख)**

**सन्दर्भ सामग्रीको रुपमा संविधान मस्यौदा समितिमा पठाउने विषयहरु**

| सि.नं. | विषय | सहमति भएका विषय | समितिको निर्क्यौल | कैफियत |
|---|---|---|---|---|
| १. | **प्रस्तावना** | ......देशमा विद्यमान वर्गीय, जातीय, भाषिक, क्षेत्रीय, लैङ्गिक तथा समुदायगत समस्याहरुलाई समाधान गर्न नेपालको एकात्मक तथा केन्द्रीकृत स्वरुपलाई अन्त्य गर्दै नेपाललाई पूर्ण लोकतान्त्रिक समावेशी सहितको समानुपातिक संघीय गणतन्त्रात्मक शासन प्रणाली स्थापना गर्न अग्रगामी पुनर्संरचना गर्नु पर्ने भएकोले,<br><br>नेपालको सार्वभौमसत्ता, स्वाधिनता, स्वतन्त्रता, एकता र अखण्डतालाई अक्षुण राख्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक तथा भौतिक विकास गर्न संविधानद्वारा प्रदत्त आत्मनिर्णयको अधिकार सहितको पहिचान र सामर्थ्यमा आधारित स्वायत्त, स्वशासित तथा अधिकार सम्पन्न प्रदेश, स्थानीय तह तथा विशेष संरचना पनि निर्माण गरी केन्द्रमा निहित शासन शक्तिलाई संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनासम्म बाँडफाँड गरी शान्तिपूर्ण, स्वाधिन, धर्म निरपेक्ष, समतामूलक र संवृद्ध नेपालको निर्माण गर्नु पर्ने भएकोले, सबै जाति, क्षेत्र, लिङ्ग एवं समुदायको राज्यशक्तिको परिचालन गर्ने अंगहरुमा समानुपातिक प्रतिनिधित्व एवं अधिकार पाउने व्यवस्था गर्न वाञ्छनीय भएकोले, | संविधान मस्यौदा समितिलाई सन्दर्भ सामग्री हुने भएकोले मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |

| | | | | |
|---|---|---|---|---|
| २. | परिभाषा<br><br>धारा २ | विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस संविधानमा,-<br><br>(क) "संघ" भन्नाले संघीय संरचनाको सबभन्दा माथिल्लो तहको रुपमा रहने संघीय तह सम्झनु पर्छ । यस शब्दले संघीय नेपालको विभिन्न प्रदेशहरु, स्थानीय तह र विशेष संरचनाको समष्टिगत स्वरुपलाई समेत जनाउँछ ।<br><br>(ख) "प्रदेश" भन्नाले संघीय एकाईमा विभाजन गरिएको नेपालको संघीय एकाईको क्षेत्र र स्वरूप सम्झनु पर्छ ।<br><br>(ग) "स्थानीय तह" भन्नाले प्रदेश अन्तर्गत स्थापना हुने गाउँपालिका तथा नगरपालिकालाई सम्झनु पर्छ ।<br><br>(घ) "विशेष संरचना" भन्नाले प्रदेश भित्र स्थापना गरिने स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र सम्झनु पर्छ ।<br><br>(ङ) "स्वायत्त क्षेत्र" भन्नाले प्रदेश भित्र स्थापना गरिने एक जाति/समुदाय वा भाषाको बाहुल्य भएको वा सघन उपस्थितिको अवस्था रहेको क्षेत्रलाई सम्झनु पर्छ ।<br><br>(च) "संरक्षित क्षेत्र" भन्नाले प्रदेश भित्र स्थापना गरिने अति अल्पसंख्यक, लोपोन्मुख र अति सीमान्तकृत रूपमा रहेका जाति, समुदाय र सांस्कृतिक क्षेत्रको संरक्षण र संबर्द्धन गर्न स्थापना गरिने क्षेत्रलाई सम्झनु पर्छ ।<br><br>(छ) "विशेष क्षेत्र" भन्नाले स्वायत्त क्षेत्र र संरक्षित क्षेत्रले नसमेटेको, सम्बन्धित प्रदेश भित्र पिछडिएको, आर्थिक र सामाजिक अवस्थाबाट पछाडि पारिएको क्षेत्र वा विषयगत क्षेत्रको विकास गर्न स्थापना गरिने भौगोलिक एकाइलाई सम्झनु पर्छ ।<br><br>(ज) "राज्यशक्ति" भन्नाले राज्यको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी अधिकार सम्झनु पर्छ ।<br><br>(झ) "सूची" भन्नाले संघ, प्रदेश, स्थानीय तह तथा विशेष संरचना अन्तर्गत स्थापना हुने स्वायत्त | संविधान मस्यौदा समितिलाई सन्दर्भ सामग्री हुने भएकोले मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |

| | | | | |
|---|---|---|---|---|
| | | क्षेत्रलाई यो संविधान बमोजिम प्रदान गरिएको अधिकार प्रयोग गर्न पाउने विषयको सूची सम्झनु पर्छ र सो शब्दले संविधानमा उल्लेखित साझा सूची समेतलाई जनाउँछ । | | |
| ३. | महिलाको अधिकार<br><br>धारा १४ | (१) महिलाहरुमा देहाय बमोजिमका समान अधिकार रहने छन्।<br><br>(क) पैतृक सम्पत्ति, नागरिकता, वंशज तथा पारिवारिक मामिलामा पुरुष सरह समान अधिकार<br><br>(ख) कानूनको दृष्टिमा समान संरक्षण र लाभ प्राप्त गर्ने अधिकार<br><br>(ग) समान कामका लागि समान पारिश्रमिक पाउने अधिकार ।<br><br>(घ) सम्बन्ध विच्छेदको अधिकार<br><br>(२) उपधारा (१) मा उल्लेखित अधिकारका अलावा महिलाहरुमा देहायका अधिकारहरु सुरक्षित रहने छन् ।<br><br>क) प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी अधिकार<br><br>ख) सुरक्षित मातृत्वको अधिकार<br><br>(३) उपधारा (२)को खण्ड (क) र (ख)को व्यवस्थाका लागि नेपाल सरकारले कानून बनाई आवश्यक पर्ने स्रोत तथा साधन व्यवस्था गर्ने छ ।<br><br>(४) उपधारा (१) र (२) मा उल्लेखित अधिकारका अलावा महिलाहरुलाई देहायका क्षेत्रमा निम्न लिखित विशेष अधिकार र अवसरको सुनिश्चितता गरिने छ ।<br><br>(क) राज्यका सम्पूर्ण तह र संरचनामा जनसंख्याको आधारमा समावेशी सहितको समानुपातिक प्रतिनिधित्वको अधिकार हुनेछ ।<br><br>(ख) शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाको क्षेत्रमा विशेष अधिकार हुने छ ।<br><br>(ग) नीति निर्माणको तहमा रहने नेतृत्वदायी पदमा महिलाको समानुपातिक प्रतिनिधित्व र सहभागिताको विशेष व्यवस्था गरिने छ ।<br><br>(५) महिलाले प्राप्त गर्ने सम्पूर्ण अधिकारमा मधेशी | संविधान मस्यौदा समितिलाई सन्दर्भ सामग्री हुने भएकोले मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |

| | | | | |
|---|---|---|---|---|
| | | महिला, आदिवासी जनजाति महिला, अल्पसंख्यक र दलित महिलाको समेत समानुपातिक प्रतिनिधित्व गराइने छ । | | |
| ४. | दलितको अधिकार<br><br>धारा १५ | (१) दलित समुदायको आर्थिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक एवं सामाजिक क्षेत्रमा निम्नानुसार विशेष अधिकार रहने छन् ।<br><br>(क) जात, समुदाय, वंश वा पेशाका आधारमा कुनै पनि व्यक्तिलाई कुनै पनि स्थानमा कुनै किसिमको छुवाछुत र भेदभाव गरिने छैन । यस्तो व्यवहार मानवता विरुद्धको गम्भिर दण्डनिय सामाजिक अपराध मानिने छ । पीडित व्यक्तिले कानूनद्वारा निर्धारण भए बमोजिम क्षतिपूर्ति पाउने छ ।<br><br>(ख) सरकारी, अर्ध-सरकारी उद्योग र औद्योगिक प्रतिष्ठानहरुमा समानुपातिक ढंगले रोजगारीको प्रत्याभूति गरिने छ ।<br><br>(ग) दलितका परम्परागत पेशासंग सम्बन्धित आधुनिक व्यवसायमा दलितलाई प्राथमिकता दिइ तदनुसार सीप र स्रोत उपलब्ध गराउने छ ।<br><br>(घ) राज्यले भूमिहीन दलितलाई एक पटक जमिन उपलब्ध गराउने छ । र बसोबासको समेत व्यवस्था गर्नेछ ।<br><br>(ङ) दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म छात्रवृत्ति सहित निशुल्क शिक्षाको व्यवस्था गरिने छ । प्राविधिक उच्च शिक्षामा दलितको लागि कानूनद्वारा विशेष व्यवस्था गरिने छ ।<br><br>(च) दलितहरुको सामाजिक प्रगतिको लागि शिक्षा, स्वास्थ्य र रोजगारीमा विशेष व्यवस्था गरिने छ । साथै आर्थिक उपार्जन गर्ने सीप र स्रोत उपलब्ध गराउने व्यवस्था गरिने छ ।<br><br>(२) संघीय प्रादेशिक र स्थानीय तहका सबै राजनैतिक संरचनामा जनसंख्याको आधारमा दलितको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरी संघीय र प्रादेशिक संरचनामा क्रमशः तीन र पाँच प्रतिशत थप प्रतिनिधित्वको व्यवस्था कानूनद्वारा व्यवस्थित गरिने छ ।<br><br>(३) निजामती सेवा, प्रहरी र सेना लगायतका रोजगारीका अन्य क्षेत्रमा दलितको सशक्तिकरण, | संविधान मस्यौदा समितिलाई सन्दर्भ सामग्री हुने भएकोले मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रतिनिधित्व र सहभागिताका लागि समावेशी र समानुपातिक आधारमा कानूनद्वारा विशेष व्यवस्था गरिने छ ।<br><br>(४) दलित समुदायले प्राप्त गर्ने सम्पूर्ण अधिकारमा पहाडी दलित, मधेशी दलित र दलित महिलाको समानुपातिक प्रतिनिधित्व गराइने छ । | | |
| ५. | आयोग सम्बन्धी व्यवस्था<br><br>धारा १६ | (१) नेपालमा एक संघीय महिला आयोग रहने छ । त्यस्तो आयोग प्रदेशमा पनि गठन गरिनेछ ।<br><br>(२) नेपालमा संघीय दलित अधिकार आयोग रहनेछ । त्यस्तो आयोग प्रदेशमा पनि गठन गरिनेछ ।<br><br>(३) नेपालमा एक संघीय मधेशी आयोग रहनेछ । त्यस्तो आयोग आवश्यकता अनुसार प्रदेशमा पनि गठन गर्न सकिनेछ । | संविधान मस्यौदा समितिलाई सन्दर्भ सामग्री हुने भएकोले मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |
| ६. | मधेशीको अधिकार<br><br>धारा १७ | मधेशी समुदायलाई राज्यको नीति निर्माण, शासन, प्रशासन, जंगी, प्रहरी, संस्थान, विकास समिति, प्रतिष्ठान लगायतका सम्पुर्ण तह र संरचनामा नेतृत्वदायी पद समेतमा जनसंख्याको आधारमा कानूनमा व्यवस्था भए बमोजिम समावेशी सहितको समानुपातिक प्रतिनिधित्वको अधिकार हुनेछ । | संविधान मस्यौदा समितिलाई सन्दर्भ सामग्री हुने भएकोले मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |
| ७. | लोपोन्मुख जाति/समुदायको अधिकार<br><br>धारा १८ | (१) राज्यले संघीय संरचनाका सबै तहहरुमा कानूनद्वारा निर्धारित लोपोन्मुख जाति/समुदायको प्रतिनिधित्व, सहभागिता र विकासलाई कानून बनाई विशेष संरक्षण गर्ने नीति अवलम्बन गर्नेछ ।<br><br>(२) आर्थिक र सामाजिक रुपले विपन्न, अति अल्पसंख्यक र सिमान्तकृत समुदायको प्रतिनिधित्व, सहभागिता, संरक्षण र विकासका निम्ति राज्यले कानूनद्वारा विशेष व्यवस्था गर्नेछ । | संविधान मस्यौदा समितिलाई सन्दर्भ सामग्री हुने भएकोले मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |

# ४. न्याय प्रणाली सम्बन्धी समिति

भाग . . .

न्याय पालिका

| क.सं | विषयवस्तु | सहमति भएको विषय | समितिको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १ | १. न्याय सम्बन्धी अधिकार अदालतबाट प्रयोग हुने: | (१) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको न्याय सम्बन्धी अधिकार यो संविधान र अन्य कानून तथा न्यायका मान्य सिद्धान्त अनुसार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग गरिनेछ ।<br><br>(२) मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नु पर्नेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | स्वतन्त्र र उत्तरदायी न्यायपालिका को अवधारणा प्रति सैद्धान्तिक सहमति कायम भएको । |
| २ | २. अदालतहरू: | (१) नेपालमा देहाय बमोजिमका अदालतहरू रहनेछन्:-<br><br>(क) संघीय सर्वोच्च अदालत,<br><br>(ख) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालत र<br><br>(ग) जिल्ला/स्थानीय अदालत ।<br><br>(२) उपधारा (१) मा लेखिएदेखि बाहेक सबै नागरिकको न्यायमा सहज पहुँच पुऱ्याउनको लागि स्थानीय तहमा तोकिएको मुद्दा हेर्नको लागि प्रादेशिक कानूनद्वारा व्यवस्था भए बमोजिम इलाका वा नगर वा गाउँ स्तरीय अदालत/न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपायद्वारा विवाद समाधान गर्ने निकाय गठन गर्न सकिनेछ ।<br><br>(३) उपधारा (१) र (२) बमोजिम अदालत गठन गर्दा पारिवारिक विवाद, महिलामाथिको घरेलु हिंसासँग सम्बन्धित विवाद, बाल अधिकारसँग सम्बन्धित विवाद, दलितको छुवाछुत सम्बन्धी विवाद तथा आदिबासी, जनजाति, मधेशी, मुस्लिम लगायतका अल्पसंख्यक समुदायको सांस्कृतिक, | | |

| | | | | |
|---|---|---|---|---|
| | | धार्मिक एवं परम्परागत कानून र प्रथाद्वारा उत्पन्न हुने विवादहरूलाई समाधान गर्न प्रादेशिक कानून बमोजिम जिल्ला/स्थानीय अदालतमा छुट्टै इजलास वा त्यसको मातहतमा छुट्टै अदालत/न्यायिक निकाय गठन गर्न सकिनेछ । | | |
| ३ | ३. विशिष्टीकृत अदालत: | (१) धारा (२) मा लेखिएदेखि बाहेक खास किसिम र प्रकृतिका मुद्दाको कारबाही र किनारा गर्न कानूनद्वारा अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिनेछ ।<br><br>तर कुनै खास मुद्दाको लागि विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको गठन गरिने छैन र छ महिनाभन्दा बढी कैद सजाय हुने फौजदारी कसूर सम्बन्धी मुद्दा अदालतबाहेक अन्य निकायको अधिकारक्षेत्रमा पर्ने गरी कुनै कानून बनाइने छैन ।<br><br>**(२) उपधारा (१) बमोजिम स्थापना र गठन भएका विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधीकरणबाट कैदको सजाय हुनेगरी गरेको निर्णय पुनरावेदन सुन्ने अदालतबाट साधक सदर भएपछि मात्र कार्यान्वयन गर्नुपर्ने छ।** | | संविधान सभाको निर्देशन बमोजिम उपधारा (२) थप भएको । |
| ४ | ४. सैनिक विशेष अदालत सम्बन्धी व्यवस्था | (१) सैनिक अदालतले गरेको निर्णयउपर पुनरावेदन सुन्नको लागि संघीय सर्वोच्च अदालतको न्यायाधीशको अध्यक्षतामा एक सैनिक विशेष अदालतको गठन गरिनेछ । यस अदालतले शुरू कारबाही र किनारा गरेको निर्णयउपर संघीय सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ ।<br><br>(२) सैनिक विशेष अदालतको अधिकारक्षेत्र तथा कार्यविधि सम्बन्धी व्यवस्था कानूनद्वारा निर्धारित हुनेछ । | | |
| ५ | ५. संघीय सर्वोच्च अदालत: | (१) नेपालमा एक संघीय सर्वोच्च अदालत हुनेछ ।<br><br>(२) संघीय सर्वोच्च अदालतले आफ्नो र आफ्नो क्षेत्राधिकारभित्र पर्ने अदालत वा अन्य न्यायिक निकायहरूको न्याय प्रशासन वा व्यवस्थापन सम्बन्धी विषयमा निरीक्षण, सुपरीवेक्षण गरी | | उपधारा (४) विवादित रहेको । |

| | | | | |
|---|---|---|---|---|
| | | आवश्यक निर्देशन गर्न सक्नेछ । तर, न्याय निरूपणको विषयमा त्यस्तो निर्देशन दिन सक्ने छैन ।<br><br>(३) संघीय सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ । मुद्दा मामिलाका रोहमा संघीय सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त नेपाल सरकार, राज्यसरकार तथा सबै अड्डा अदालतले मान्नु पर्नेछ । यसले आफ्नो न्यायसम्पादनको कार्यमा अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानून बमोजिम कारबाही चलाई सजाय गर्न सक्नेछ ।<br><br>(५) संघीय सर्वोच्च अदालतमा नेपालको प्रधान न्यायाधीशका अतिरिक्त संघीय व्यवस्थापिकाले कानूनद्वारा थप गरेमा बाहेक बढीमा ११ जनासम्म न्यायाधीशहरू रहनेछन् । | | |
| ६ | ६. संघीय सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यता: | (३) कानूनमा स्नातकोपाधि प्राप्त गरी राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा सात वर्ष काम गरेको वा कानूनमा स्नातक वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा १५ वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा १५ वर्षसम्म न्याय वा कानूनको क्षेत्रमा निरन्तर काम गरेको वा न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तीमा १२ वर्ष काम गरेको नेपाली नागरिक मात्र संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीशको पदमा नियुक्तिको लागि योग्य मानिनेछ ।<br><br>**स्पष्टीकरण:** यो संविधान लागू हुनुभन्दा पहिले पुनरावेदन अदालतमा न्यायाधीश भई काम गरेको अवधिलाई यो उपधाराको प्रयोजनको लागि राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको न्यायाधीशको हैसियतमा काम गरेको अवधि मानिनेछ ।<br><br>(४) प्रधान न्यायाधीशको पद रिक्त भएमा वा कुनै कारणले प्रधान न्यायाधीश आफ्नो पदको काम गर्न असमर्थ भएमा वा बिदा बसेको वा नेपालबाहिर गएको कारणले प्रधान न्यायाधीश संघीय सर्वोच्च अदालतमा उपस्थित नहुने अवस्था | | उपधारा (१) र (२) विवादित रहेको । |

| | | | | |
|---|---|---|---|---|
| | | परेमा संघीय सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीशले कायममुकायम प्रधान न्यायाधीश भई काम गर्नेछ । | | |
| ७ | ७. प्रधान न्यायाधीश तथा न्यायाधीशको सेवाका शर्त तथा सुविधा: | (१) संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश तथा न्यायाधीशले कम्तीमा चार वर्ष काम गरी राजीनामा दिएमा वा अनिवार्य अवकाश प्राप्त गरेमा वा निजको मृत्यु भएमा कानूनमा व्यवस्था भए बमोजिम निवृत्तिभरण पाउनेछन् ।<br><br>(२) यस संविधानमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश तथा न्यायाधीशको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानूनद्वारा व्यवस्थित हुनेछन् ।<br><br>(३) उपधारा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि महाअभियोगद्वारा पदमुक्त भएको संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश तथा न्यायाधीशले उपदान वा निवृत्तिभरण पाउने छैन ।<br><br>(४) संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीशलाई मर्का पर्ने गरी निजको पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैन । तर आर्थिक संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन । | | |
| ८ | ८. प्रधान न्यायाधीश वा न्यायाधीश पदमुक्त हुने: | (१) देहायको अवस्थामा प्रधान न्यायाधीश वा संघीय सर्वोच्च अदालतको न्यायाधीश आफ्नो पदबाट मुक्त भएको मानिनेछ:-<br><br>(क) प्रधान न्यायाधीश तथा न्यायाधीशले संघीय व्यवस्थापिका विशेष न्यायिक समितिमार्फत राष्ट्राध्यक्षसमक्ष लिखित राजीनामा दिएमा,<br><br>(ख) निजको पैसठ्ठी वर्षको उमेर पूरा भएमा,<br><br>(ग) संघीय व्यवस्थापिकाबाट महाअभियोग प्रस्ताव पारित भएमा,<br><br>(घ) निजको मृत्यु भएमा ।<br><br>(२) प्रधान न्यायाधीश वा अन्य कुनै न्यायाधीश कार्यक्षमताको अभाव वा खराब आचरण वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा नैतिक पतन देखिने फौजदारी | | |

| | | | | |
|---|---|---|---|---|
| | | अभियोगमा सजाय पाएको वा आचारसंहिताको गम्भीर उल्लंघन गरेको वा शारीरिक वा मानसिक अस्वस्थताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको भन्ने आधारमा संघीय व्यवस्थापिकामा महाअभियोग प्रस्ताव प्रस्तुत गर्न सकिनेछ र सो प्रस्ताव तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई-तिहाइ बहुमतबाट पारित भएमा निज स्वत: पदमुक्त हुनेछ ।<br><br>(३) उपधारा (२) बमोजिम महाभियोगको कारबाही प्रारम्भ भएपछि सो कारबाहीको टुङ्गो नलागेसम्म आरोप लागेको प्रधान न्यायाधीश वा न्यायाधीशले आफ्नो पदको कार्य गर्न छैन ।<br><br>(४) उपधारा (२) बमोजिम पदमुक्त भएको प्रधान न्यायाधीश वा न्यायाधीशले न्यायिक अनुशासन र मर्यादा विपरीत काम गरेको देखिएमा प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।<br><br>(५) महाअभियोगको कार्यविधि सम्बन्धी व्यवस्था कानूनद्वारा निर्धारित हुनेछ । | | |
| ९ | ९. प्रधान न्यायाधीश तथा न्यायाधीशलाई अन्य कुनै काममा लगाउन नहुने: | (१) संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीशलाई न्यायाधीशको पदमा बाहेक अन्य कुनै पदमा काममा लगाइने वा काजमा खटाइने छैन ।<br><br>तर नेपाल सरकारले संघीय व्यवस्थापिका विशेष न्यायिक समितिसँग परामर्श लिई संघीय सर्वोच्च अदालतको न्यायाधीशलाई न्यायिक स्वतन्त्रतामा आँच नआउने गरी न्यायिक जाँचबुझको काममा वा केही खास अवधिको लागि कानून वा न्याय सम्बन्धी अनुसन्धान वा अन्वेषणको कुनै काममा खटाउन सक्नेछ ।<br><br>(२) संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश भइसकेको व्यक्ति यस संविधानमा अन्यथा उल्लेख भएकोमा बाहेक कुनै पनि सरकारी पदमा नियुक्तिको लागि ग्राह्य हुने छैन । | | |
| १० | १०. संघीय सर्वोच्च अदालतको अधिकार क्षेत्र: | (१) यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा | | उपधारा (२) विवादित रहेको । |

| | | | | |
|---|---|---|---|---|
| | | सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार संघीय सर्वोच्च अदालतलाई हुनेछ। सो प्रयोजनको लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न संघीय सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ ।<br><br>तर अधिकार क्षेत्रको अभाव भएकोमा बाहेक संघीय र राज्यव्यवस्थापिकाले चलाएको विशेषाधिकारको कारबाही र तत्सम्बन्धमा तोकेको सजायमा यस उपधारा अन्तर्गत संघीय सर्वोच्च अदालतले हस्तक्षेप गर्ने छैन ।<br><br>(३) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतले शुरू कारबाही र किनारा गरेको मुद्दा र संविधान र कानूनको व्याख्या सम्बन्धी प्रश्न समावेश भएको सार्वजनिक महत्वको विषय वा संघीय सर्वोच्च अदालतबाट निर्णय हुनु उपयुक्त छ भनी राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतले आफ्नो राय सहित सिफारिस गरेको मुद्दाको पुनरावेदन संघीय सर्वोच्च अदालतमा लाग्नेछ ।<br><br>(४) यस संविधान र संघीय व्यवस्थापिकाले बनाएको कानूनको अधीनमा रही संघीय सर्वोच्च अदालतलाई आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने अधिकार हुनेछ ।<br><br>(५) संघीय सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भएबमोजिम पुनरावेदन सुन्ने, साधक जाँच्ने अधिकार हुनेछ । | | |
| ११ | ११. <u>मुद्दा सार्न सक्ने:</u> | (१) सारभूत रूपमा समान प्रश्न समावेश भएको मुद्दा सर्वोच्च र राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतहरूमा विचाराधीन रहेको अवस्थामा त्यस्तो प्रश्न सार्वजनिक महत्वको हो भन्ने संघीय सर्वोच्च अदालतलाई लागेमा वा महान्यायाधिवक्ता वा मुद्दाका पक्षको निवेदनबाट देखिएमा त्यस्ता मुद्दा झिकाई साथै राखी फैसला गर्ने अधिकार संघीय सर्वोच्च अदालतलाई | | |

| | | | | |
|---|---|---|---|---|
| | | हुनेछ ।<br><br>(२) कुनै राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतमा दायर भएको मुद्दामा सुनुवाइ हुँदा न्यायिक निष्पक्षतामा प्रश्न उठ्ने विशेष परिस्थिति देखिएमा कारण र आधार खुलाई कानून बमोजिम एक राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतबाट अर्को राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतमा त्यस्तो मुद्दा सारी सुनुवाइ गर्न संघीय सर्वोच्च अदालतले आदेश दिन सक्नेछ । | | |
| १२ | १२. बहस पैरवी गर्न नपाउने: | संघीय सर्वोच्च अदालतको न्यायाधीश भएको व्यक्तिले सेवानिवृत्त भएपछि कुनै पनि अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्न पाउने छैन । | | |
| १३ | १३. प्रधान न्यायाधीशको जिम्मेवारी: | नेपालको संघीय सर्वोच्च अदालत र सोको क्षेत्राधिकारभित्र पर्ने अदालत वा अन्य न्यायिक निकायहरूको न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधान न्यायाधीशको हुनेछ । | | |
| १४ | १४. वार्षिक प्रतिवेदन: | (१) संघीय सर्वोच्च अदालतले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्राध्यक्षसमक्ष पेश गर्नेछ र राष्ट्राध्यक्षले त्यस्तो प्रतिवेदन कार्यकारीप्रमुखमार्फत संघीय व्यवस्थापिकासमक्ष पेश गर्नेछ ।<br><br>(२) उपधारा (१) बमोजिम प्रस्तुत भएको वार्षिक प्रतिवेदनमाथि छलफल हुँदा संघीय व्यवस्थापिकाबाट केही सुझाव दिन आवश्यक देखिएमा संघीय कानून तथा न्याय मन्त्रालयमार्फत त्यस्तो सुझाव संघीय सर्वोच्च अदालतलाई दिन सकिनेछ ।<br><br>(३) उपधारा (१) बमोजिमको वार्षिक प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था कानूनद्वारा व्यवस्था भए बमोजिम हुनेछ । | | |
| १५ | १५. राज्य/प्रदेश सर्वोच्च/उच्च अदालत: | (१) नेपालको हरेक राज्यमा राज्यस्तरको सबैभन्दा माथिल्लो तहको एक राज्य/प्रदेश सर्वोच्च/उच्च अदालत रहनेछ । | | |

| | | | | |
|---|---|---|---|---|
| | | (२) राज्यका सबै अदालत र न्यायिक निकायहरू राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतका मातहतमा हुनेछन् । राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतले आफ्नो मातहतका अदालत र न्यायिक निकायहरूको निरीक्षण एवं सुपरीवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ ।<br><br>(३) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालत अभिलेख अदालत हुनेछ । यसले आफ्नो र आफ्ना मातहतका अदालत वा न्यायिक निकायहरूबाट हुने न्यायसम्पादनको कार्यमा अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानून बमोजिम कारबाही चलाई सजाय गर्न सक्नेछ ।<br><br>(४) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतमा मुख्य न्यायाधीशको अतिरिक्त संघीय/प्रादेशिक कानूनद्वारा व्यवस्था भएबमोजिमको संख्यामा न्यायाधीशहरू रहनेछन् । | | |
| १६ | १६. राज्य/ प्रदेश सर्वोच्च/ उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यता: | (३) कानूनमा स्नातकोपाधि प्राप्त गरी जिल्ला/स्थानीय न्यायाधीशको पदमा कम्तीमा सात वर्ष काम गरेको वा कानूनमा स्नातक वरिष्ठ अधिवक्ता वा अधिवक्ताको रूपमा कम्तीमा १० वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा १० वर्ष कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर काम गरेको वा न्याय सेवाको राजपत्राकित प्रथम श्रेणीको पदमा कम्तीमा सात वर्ष काम गरेको नेपाली नागरिक राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीशको पदमा नियुक्तिको लागि योग्य मानिनेछ ।<br>(४) मुख्य न्यायाधीशको पद रिक्त भएमा वा अरु कुनै कारणले मुख्य न्यायाधीश आफ्नो पदको काम गर्न असमर्थ भएमा वा बिदा बसेको वा राज्य/प्रदेशबाहिर गएको कारणले मुख्य न्यायाधीश राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतमा उपस्थित नहुने अवस्था परेमा राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको वरिष्ठतम न्यायाधीशले कायममुकायम मुख्य न्यायाधीश भई काम गर्नेछ । | | उपधारा (१) र (२) विवादित रहेको । |
| १७ | १७. मुख्य न्यायाधीश तथा | (१) यस संविधानमा अन्यथा व्यवस्था | | |

| | | | | |
|---|---|---|---|---|
| | न्यायाधीशको सेवाका शर्त तथा सुविधाः | गरिएकोमा बाहेक राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीशको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानूनद्वारा व्यवस्थित हुनेछन् ।<br><br>(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महाअभियोगद्वारा पदमुक्त भएको राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीशले उपदान वा निवृत्तिभरण पाउने छैन ।<br><br>(३) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशलाई मर्का पर्ने गरी निजको पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैन । तर आर्थिक संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन । | | |
| १८ | १८. मुख्य न्यायाधीश वा न्यायाधीश पदमुक्त हुने: | (१) देहायको अवस्थामा राज्य/ प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीश आफ्नो पदबाट मुक्त भएको मानिनेछः-<br><br>मुख्य न्यायाधीश तथा अन्य न्यायाधीशले राज्यव्यवस्थापिकाको विशेष न्यायिक समितिमार्फत राज्यप्रमुखसमक्ष लिखित राजीनामा दिएमा,<br><br>निजको पैंसठ्ठी वर्षको उमेर पूरा भएमा,<br><br>राज्यव्यवस्थापिकाबाट महाअभियोग प्रस्ताव पारित भएमा,<br><br>निजको मृत्यु भएमा ।<br><br>(२) मुख्य न्यायाधीश वा अन्य कुनै न्यायाधीश कार्यक्षमताको अभाव वा खराब आचरण वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको वा आचारसंहिताको गम्भीर उल्लंघन गरेको वा शारीरिक वा मानसिक अस्वस्थताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको भन्ने आधारमा राज्यव्यवस्थापिकामा महाअभियोग प्रस्ताव प्रस्तुत गर्न सकिनेछ र सो प्रस्ताव तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई-तिहाइ बहुमतबाट पारित भएमा निज स्वतः पदमुक्त | | |

| | | | | |
|---|---|---|---|---|
| | | हुनेछ ।<br><br>(३) उपधारा (२) बमोजिम महाभियोगको कारबाई प्रारम्भ भएपछि सो कारबाईको टुङ्गो नलागेसम्म आरोप लागेको मुख्य न्यायाधीश वा न्यायाधीशले आफ्नो पदको कार्य गर्ने छैन ।<br><br>(४) उपधारा (२) बमोजिम पदमुक्त भएको मुख्य न्यायाधीश वा न्यायाधीशले न्यायिक अनुशासन र मर्यादा विपरीत काम गरेको देखिएमा प्रचलित कानून बमोजिम कारबाही गरिनेछ । | | |
| १९ | १९. मुख्य न्यायाधीश तथा न्यायाधीशलाई अन्य कुनै काममा लगाउन नहुने : | | | यो धारा विवादित रहेको । |
| २० | २०. राज्य/ प्रदेश सर्वोच्च/ उच्च अदालतको अधिकार क्षेत्र. | (१) यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरूपणको लागि आफ्नो क्षेत्राधिकारभित्रका सरकार, निकाय वा पदाधिकारीका नाउँमा आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतलाई हुनेछ। सो प्रयोजनको लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ। त्यस्तो आदेश वा निर्णय अन्तिम हुनेछ ।<br><br>तर अधिकार क्षेत्रको अभाव भएकोमा बाहेक संघीय र राज्यव्यवस्थापिकाले चलाएको विशेषाधिकारको कारबाई र तत्सम्बन्धमा तोकेको सजायमा यस उपधारा अन्तर्गत राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतले हस्तक्षेप गर्ने छैन ।<br><br>(२) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतलाई कानूनमा व्यवस्था भए बमोजिम शुरू मुद्दा हेर्ने, | | |

| | | | | |
|---|---|---|---|---|
| | | पुनरावेदन सुन्ने र साधक जाँच्ने अधिकार हुनेछ ।<br><br>(३) यस संविधान, संघीय व्यवस्थापिका र राज्य/प्रान्त/प्रादेशिक व्यवस्थापिकाले बनाएको कानूनको अधीनमा रही राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतलाई आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने अधिकार हुनेछ ।<br><br>(४) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको अन्य अधिकार तथा कार्यविधि कानूनद्वारा तोकिए बमोजिम हुनेछ । | | |
| २१ | २१. मुद्दा सार्न सक्ने: | (१) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतले आफ्नो क्षेत्राधिकारभित्रका मातहत अदालतमा विचाराधीन रहेका मुद्दामा संविधानको व्याख्या सम्बन्धी प्रश्न समावेश छ र उक्त मुद्दाको निर्णय गर्न सो प्रश्नको निराकरण हुनु अनिवार्य छ भन्ने लागेमा त्यस्ता मुद्दाहरू मातहत अदालतबाट झिकाई मुद्दाको पूरै निर्णय गर्न वा त्यस्तो प्रश्नमा मात्र निर्णय गरेर मुद्दा शुरू अदालतमा फिर्ता पठाउन सक्नेछ ।<br><br>(२) न्यायिक निष्पक्षतामा प्रश्न उठ्ने विशेष परिस्थिति देखिएमा कारण र आधार खुलाई कानून बमोजिम आफ्नो क्षेत्राधिकारभित्रका एक जिल्ला/स्थानीय अदालतबाट अर्को जिल्ला/स्थानीय अदालतमा त्यस्तो मुद्दा सारी सुनुवाइ गर्न राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतले आदेश दिन सक्नेछ । | | |
| २२ | २२. बहस पैरवी गर्न पाउने: | राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको न्यायाधीश भई सेवानिवृत्त भएको व्यक्तिले आफू सेवानिवृत्त भएको राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतबाहेक अन्य राज्य/प्रदेश सर्वोच्च/उच्च अदालत र संघीय सर्वोच्च अदालतमा उपस्थित भई बहस पैरवी गर्न पाउने छ । | | |
| २३ | २३. मुख्य न्यायाधीशको जिम्मेवारी: | राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको क्षेत्राधिकारभित्रको न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी मुख्य न्यायाधीशको हुनेछ र सो प्रयोजनको लागि निजले यस संविधान तथा अन्य कानूनको अधीनमा रही | | |

| | | | | |
|---|---|---|---|---|
| | | राज्य/प्रदेश सर्वोच्च/उच्च अदालत, मातहतका अदालत तथा न्यायिक निकायहरूलाई आवश्यक निर्देशन दिन सक्नेछ । | | |
| २४ | २४. वार्षिक प्रतिवेदन: | (१) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राज्यप्रमुखसमक्ष पेश गर्नेछ र राज्यप्रमुखले त्यस्तो प्रतिवेदन राज्यकार्यकारिप्रमुखमार्फत राज्यव्यवस्थापिकासमक्ष पेश गर्नेछ ।<br><br>(२) उपधारा (१) बमोजिम प्रस्तुत भएको वार्षिक प्रतिवेदनमाथि छलफल हुँदा राज्य/प्रदेश व्यवस्थापिकाबाट केही सुझाव दिन आवश्यक देखिएमा राज्य/प्रदेशको कानून तथा न्याय मन्त्रालयमार्फत त्यस्तो सुझाव राज्य/ प्रदेश सर्वोच्च/उच्च अदालतलाई दिन सकिनेछ ।<br><br>(३) उपधारा (१) बमोजिमको वार्षिक प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानूनद्वारा व्यवस्था भए बमोजिम हुनेछ । | | |
| २५ | २५. जिल्ला /स्थानीय अदालत: | (१) राज्यको हरेक जिल्ला/स्थानीय तहमा एक जिल्ला/स्थानीय अदालत हुनेछ ।<br><br>(२) प्रादेशिक कानूनद्वारा स्थापित न्यायिक निकाय वा इलाका, नगर वा गाउँ स्तरीय अदालतहरू जिल्ला/स्थानीय अदालतका मातहतमा हुनेछन् । जिल्ला/स्थानीय अदालतले आफ्नो मातहतका न्यायिक निकाय वा इलाका, नगर वा गाउँ स्तरीय अदालतहरूको निरीक्षण एवं सुपरीवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ । | | |
| २६ | २६. जिल्ला / स्थानीय अदालतको न्यायाधीशको नियुक्ति, योग्यता तथा पारिश्रमिक र सेवाका अन्य शर्तहरू: | (२) कानूनमा स्नातकोपाधि प्राप्त गरी न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेको वा कानूनमा स्नातक भई अधिवक्ताको रूपमा निरन्तर कम्तीमा आठ वर्ष वकालत गरेको वा कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर आठ वर्ष काम गरेको नेपाली नागरिक जिल्ला/स्थानीय अदालतको न्यायाधीशको पदमा नियुक्तिको लागि योग्य हुनेछ । | | उपधारा (१) विवादित रहेको । |

| | | | | |
|---|---|---|---|---|
| | | (३) जिल्ला/स्थानीय अदालतको न्यायाधीशको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछन् ।<br><br>(४) जिल्ला/स्थानीय अदालतको न्यायाधीशलाई मर्का पर्ने गरी निजको पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् । तर आर्थिक संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन ।<br><br>(५) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपधारा (६) को खण्ड (ग) बमोजिम पदमुक्त भएको जिल्ला/स्थानीय अदालतको न्यायाधीशले उपदान तथा निवृत्तिभरण पाउने छैन ।<br><br>(६) देहायको अवस्थामा जिल्ला/ स्थानीय अदालतको न्यायाधीश आफ्नो पदबाट मुक्त भएको मानिनेछ :-<br><br>(क) निजले जिल्ला/स्थानीय प्रतिनिधि सभा विशेष न्यायिक समिति मार्फत जिल्ला/स्थानीय प्रतिनिधि सभा प्रमुखसमक्ष लिखित राजीनामा दिएमा,<br><br>(ख) निजको पैसट्ठी वर्षको उमेर पूरा भएमा,<br><br>(ग) जिल्ला/स्थानीय अदालतको न्यायाधीशलाई कार्यक्षमताको अभाव वा खराब आचरण वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको वा आचारसंहिताको गम्भीर उल्लंघन गरेको वा शारीरिक वा मानसिक अस्वस्थताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको भन्ने आधारमा जिल्ला/स्थानीय प्रतिनिधिसभामा महाअभियोग प्रस्ताव प्रस्तुत गर्न सकिनेछ र सो प्रस्ताव तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई-तिहाइ बहुमतबाट पारित भएमा निज स्वत: पदमुक्त हुनेछ ।<br><br>यस खण्ड बमोजिम आरोप लागेको जिल्ला/स्थानीय अदालतको न्यायाधीश-लाई आफ्नो सफाई पेश गर्न मनासिब मौका दिइनेछ र सो प्रयोजनको लागि निजसँग बयान लिन, | | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रमाण सङ्कलन गर्न र राय सहितको प्रतिवेदन पेश गर्न जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समिति अन्तर्गत उपसमितिको गठन गर्न सकिनेछ। सो उपसमितिको कार्यविधि कानूनद्वारा निर्धारित हुनेछ।<br>(घ) निजको मृत्यु भएमा।<br>(७) उपधारा (६) को खण्ड (ग) बमोजिम कारबाही प्रारम्भ भएपछि सो कारबाहीको टुङ्गो नलागेसम्म आरोप लागेको त्यस्तो जिल्ला/स्थानीय अदालतको न्यायाधीशले आफ्नो पदको कार्य गर्ने छैन।<br>(८) उपधारा (६) को खण्ड (ग) बमोजिम पदमुक्त भएको जिल्ला/स्थानीय न्यायाधीशले न्यायिक अनुशासन र मर्यादा विपरीत काम गरेको देखिएमा प्रचलित कानून बमोजिम कारबाही गरिनेछ। | | |
| २७ | २७. जिल्ला / स्थानीय न्यायाधीशलाई अन्य कुनै काममा लगाउन नहुने: | | | यो धारा विवादित रहेको। |
| २८ | २८. जिल्ला / स्थानीय अदालतको अधिकार क्षेत्र: | (१) जिल्ला/स्थानीय अदालतलाई कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो क्षेत्राधिकारभित्रका सम्पूर्ण मुद्दाको शुरू कारबाही र किनारा गर्ने, बन्दी प्रत्यक्षीकरणको निवेदन हेर्ने, अर्धन्यायिक निकायले गरेको निर्णयउपर पुनरावेदन सुन्ने, प्रादेशिक/राज्यकानूनद्वारा गठित इलाका वा नगर वा गाउँस्तरीय अदालत/न्यायिक निकायले गरेको निर्णयउपर पुनरावेदन सुन्ने र आफू र आफ्नो मातहातका अदालतहरूको न्याय सम्पादनको कार्यमा अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानून बमोजिम कारबाही र सजाय गर्ने अधिकार हुनेछ।<br>(२) जिल्ला/स्थानीय अदालतको अधिकार क्षेत्र र कार्यविधि सम्बन्धी अन्य व्यवस्था कानूनद्वारा निर्धारित हुनेछ। | | |

| | | | | |
|---|---|---|---|---|
| २९ | २९. संघीय व्यवस्थापिका विशेष न्यायिक समिति/राज्य/ प्रदेश व्यवस्थापिका विशेष न्यायिक समिति/ जिल्ला/ स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समिति | (३) न्यायाधीशको नियुक्तिमा समानुपातिक र समावेशी सिद्धान्त अपनाइने: सबै तहका न्यायाधीशहरूको नियुक्ति गर्दा **यस संविधानमा उल्लिखित योग्यता, दक्षता र अनुभवको अधिनमा रही जनसंख्याको आधारमा समानुपातिक र समावेशी सिद्धान्त** अनुसार गरिनेछ। यसरी समानुपातिक र समावेशी सिद्धान्त अनुसार नियुक्ति गर्दा महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम लगायतका पिछडिएको समुदायका व्यक्तिहरू समेतबाट गरिनेछ। | | उपधारा (१), (२) र (४) देखि (११) सम्म विवादित रहेको।<br><br>तत्कालीन संविधान सभाको मिति २०६७।१०।१२ को निर्देशन अनुसार उपधारा (३) परिमार्जन गरिएको। |
| ३० | ३०. संघीय न्याय सेवा आयोग: | (१) नेपाल सरकारले कानून बमोजिम न्याय सेवाको संघीय राजपत्राङ्कित पदमा नियुक्ति, सरुवा, बढुवा गर्दा वा त्यस्तो पदमा बहाल रहेको कुनै कर्मचारीलाई विभागीय सजाय गर्दा संघीय न्याय सेवा आयोगको सिफारिस बमोजिम गर्नेछ।<br><br>तर संघीय सरकारी सेवामा बहाल नरहेको व्यक्तिलाई न्याय सेवाको संघीय राजपत्राङ्कित पदमा नयाँ भर्नाद्वारा स्थायी नियुक्ति गर्दा वा न्याय सेवाको संघीय राजपत्र अनङ्कित पदबाट न्याय सेवाको संघीय राजपत्राङ्कित पदमा बढुवा गर्दा नेपाल सरकारले संघीय लोक सेवा आयोगको सिफारिस बमोजिम गर्नु पर्नेछ।<br><br>**स्पष्टीकरण:** यस धाराको प्रयोजनको लागि न्याय सेवाको संघीय राजपत्राङ्कित पदमा नियुक्ति गर्दा लिइने खुला र आन्तरिक प्रतियोगितात्मक परीक्षा संघीय लोक सेवा आयोगले लिनेछ।<br><br>(२) संघीय न्याय सेवा आयोगमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू हुनेछन् :-<br>(क) संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश -अध्यक्ष<br>(ख) संघीय कानून तथा न्याय मन्त्री<br>-सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| | | (ग) संघीय सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीश -सदस्य<br>(घ) संघीय लोक सेवा आयोगको अध्यक्ष -सदस्य<br>(ङ) संघीय महान्यायाधिवक्ता -सदस्य<br>(३) संघीय न्याय सेवा आयोगको अन्य काम, कर्तव्य, अधिकार र कार्यविधि कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ। | | |
| ३१ | ३१. राज्य न्याय सेवा आयोग: | (१) राज्यसरकारले प्रादेशिक कानून बमोजिम न्याय सेवाको प्रादेशिक राजपत्राङ्कित पदमा नियुक्ति, सरुवा, बढुवा गर्दा वा त्यस्तो पदमा बहाल रहेको कुनै कर्मचारीलाई विभागीय सजाय गर्दा राज्य न्याय सेवा आयोगको सिफारिस बमोजिम गर्नेछ।<br>तर प्रादेशिक सरकारी सेवामा बहाल नरहेको व्यक्तिलाई न्याय सेवाको प्रादेशिक राजपत्राङ्कित पदमा नयाँ भर्नाद्वारा स्थायी नियुक्ति गर्दा वा न्याय सेवाको प्रादेशिक राजपत्र अनङ्कित पदबाट न्याय सेवाको प्रादेशिक राजपत्राङ्कित पदमा बढुवा गर्दा राज्यसरकारले राज्य लोक सेवा आयोगको सिफारिस बमोजिम गर्नु पर्नेछ।<br>**स्पष्टीकरण:** यस धाराको प्रयोजनको लागि न्याय सेवाको प्रादेशिक राजपत्राङ्कित पदमा नियुक्ति गर्दा लिइने खुला र आन्तरिक प्रतियोगितात्मक परीक्षा प्रादेशिक लोक सेवा आयोगले लिनेछ।<br>(२) राज्य न्याय सेवा आयोगमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू हुनेछन् :-<br>(क) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश -अध्यक्ष<br>(ख) राज्यकानून तथा न्याय मन्त्री<br>(ग) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको वरिष्ठतम न्यायाधीश -सदस्य<br>(घ) राज्य लोक सेवा आयोगको अध्यक्ष | | |

| | | | | |
|---|---|---|---|---|
| | | (ङ) राज्यमहान्यायाधिवक्ता<br><br>(३) राज्य न्याय सेवा आयोगको अन्य काम, कर्तव्य, अधिकार र कार्यविधि प्रादेशिक कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | |
| ३२ | ३२. संक्रमणकालीन व्यवस्था | | | यो धारा विवादित रहेको । |

## महान्यायाधिवक्ता

| क्र सं | विषयवस्तु | सहमति भएको विषय | | कैफियत |
|---|---|---|---|---|
| १ | १. महान्यायाधिवक्ता | (१) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा एक महान्यायाधिवक्ता रहनेछ ।<br><br>(२) महान्यायाधिवक्ताको नियुक्ति कार्यकारीप्रमुखको सिफारिसमा राष्ट्राध्यक्षबाट हुनेछ/राष्ट्राध्यक्ष कार्यकारीप्रमुख भए निजबाट महान्यायाधिवक्ताको नियुक्ति हुनेछ । महान्यायाधिवक्ता कार्यकारीप्रमुखको इच्छानुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछ ।<br><br>(३) संघीय सर्वोच्च अदालतको न्यायाधीश हुन सक्ने योग्यता भएको व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्तिको लागि योग्य मानिनेछ ।<br><br>(४) देहायका अवस्थामा महान्यायाधिवक्ताको पद रिक्त भएको मानिनेछ-<br><br>(क) निजले कार्यकारीप्रमुखमार्फत राष्ट्राध्यक्षसमक्ष लिखित राजीनामा दिएमा,<br><br>(ख) कार्यकारीप्रमुखको सिफारिसमा राष्ट्राध्यक्षबाट निजलाई पदमुक्त गरिएमा / राष्ट्राध्यक्ष कार्यकारी प्रमुख भए निजबाट महान्यायाधिवक्तालाई पदमुक्त गरिएमा,<br><br>(ग) निजको मृत्यु भएमा । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | न्याय प्रणाली सम्बन्धी समितिको तहदेखि नै सहमति कायम भएको र तत्कालीन संविधान सभामा कुनै विवाद उत्पन्न नभएको |

| | | | | |
|---|---|---|---|---|
| | | (५) महान्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा संघीय सर्वोच्च अदालतको न्यायाधीश सरह हुनेछ। महान्यायाधिवक्ताको सेवाका अन्य शर्तहरू कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । | | |
| २ | २. महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार: | (१) महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ। संवैधानिक एवं कानूनी विषयमा राष्ट्राध्यक्ष, नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु महान्यायाधिवक्ताको कर्तव्य हुनेछ ।<br><br>(२) नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ। कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ ।<br><br>(३) नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिंदा महान्यायाधिवक्ताको राय लिन सकिनेछ ।<br><br>(४) महान्यायाधिवक्तालाई संघीय व्यवस्थापिका वा त्यसको कुनै समितिको बैठकमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने अधिकार हुनेछ ।<br><br>तर मत दिने अधिकार भने हुने छैन ।<br><br>(५) आफ्नो पदीय कर्तव्यको पालना गर्दा महान्यायाधिवक्तालाई नेपालको जुनसुकै अदालत, कार्यालय र पदाधिकारीसमक्ष उपस्थित हुने अधिकार हुनेछ ।<br><br>(६) उपधारा (२) को अधीनमा रही महान्यायाधिवक्तालाई आफ्नो कर्तव्य पालन गर्दा देहायको काम गर्ने अधिकार हुनेछ :-<br><br>(क) नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने,<br><br>(ख) मुद्दा मामिलाका रोहमा संघीय सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने | | |

| | | | | |
|---|---|---|---|---|
| | | गराउने,<br><br>(ग) हिरासतमा रहेको व्यक्तिलाई यस संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायीमार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।<br><br>(७) यस धारामा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त महान्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार यो संविधान र अन्य कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।<br><br>(८) महान्यायाधिवक्ताले यो धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका अधिकृतलाई सुम्पन सक्नेछ । | | |
| ३ | ३. <u>महाअभियोजन कर्ता :</u> | (१) महान्यायाधिवक्ताको सामान्य नियन्त्रण र निर्देशनमा रही काम गर्ने गरी निजको मातहतमा कानूनमा व्यवस्था भए बमोजिम एक महाअभियोजनकर्ता हुनेछ ।<br><br>(२) महाअभियोजनकर्ताको नियुक्ति, योग्यता, सेवाका शर्त र काम, कर्तव्य तथा अधिकार कानूनमा व्यवस्था भए बमोजिम हुनेछ । | | |
| ४ | ४.<u>वार्षिक प्रतिवेदन:</u> | (१) महान्यायाधिवक्ताले प्रत्येक वर्ष यो संविधान र अन्य कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्राध्यक्षसमक्ष पेश गर्नेछ र राष्ट्राध्यक्षले कार्यकारीप्रमुखमार्फत उक्त प्रतिवेदन संघीय व्यवस्थापिकासमक्ष पेश गर्नेछ ।<br><br>(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त महान्यायाधिवक्ताले वर्षभरिमा संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संख्या, सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण तथा सरकारवादी भई चल्ने मुद्दामा भविष्यमा | | |

| | | | | |
|---|---|---|---|---|
| | | गरिनु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्नेछ । | | |
| ५ | ५. राज्य महान्यायाधिवक्ता | (१) प्रत्येक राज्यमा एक राज्यमहान्यायाधिवक्ता रहनेछ ।<br><br>(२) राज्यमहान्यायाधिवक्ताको नियुक्ति सम्बन्धित राज्य कार्यकारी प्रमुखको सिफारिसमा राज्यप्रमुखबाट हुनेछ/ राज्यप्रमुख राज्यकार्यकारीप्रमुख भए निजबाट राज्यमहान्यायाधिवक्ताको नियुक्ति हुनेछ । राज्यमहान्यायाधिवक्ता राज्य कार्यकारीप्रमुखको इच्छानुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछ ।<br><br>(३) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको न्यायाधीश हुन सक्ने योग्यता भएको व्यक्ति राज्य महान्यायाधिवक्ताको पदमा नियुक्तिको लागि योग्य मानिनेछ ।<br><br>(४) देहायका अवस्थामा राज्यमहान्यायाधिवक्ताको पद रिक्त भएको मानिनेछ :-<br><br>(क) निजले राज्य कार्यकारी प्रमुख मार्फत राज्य प्रमुखसमक्ष लिखित राजीनामा दिएमा,<br><br>(ख) राज्य कार्यकारी प्रमुखको सिफारिसमा राज्य प्रमुखबाट निजलाई पदमुक्त गरिएमा/ राज्य प्रमुख राज्य कार्यकारी प्रमुख भए निजबाट राज्य महान्यायाधिवक्तालाई पदमुक्त गरिएमा,<br><br>(ग) निजको मृत्यु भएमा ।<br><br>(५) राज्यमहान्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको न्यायाधीश सरह हुनेछ । राज्यमहान्यायाधिवक्ताको सेवाका अन्य शर्तहरू तथा काम, कर्तव्य र अधिकार सम्बन्धित प्रादेशिक कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । | | |
| ६ | ६. राज्य महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार: | (१) राज्य महान्यायाधिवक्ता राज्यसरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ । संवैधानिक एवं कानूनी विषयमा राज्यप्रमुख, राज्यसरकार र राज्यसरकारले तोकिदिएको अन्य अधिकारीलाई | | |

| | | | | |
|---|---|---|---|---|
| | | राय सल्लाह दिनु राज्यमहान्यायाधिवक्ताको कर्तव्य हुनेछ ।<br><br>(२) राज्यसरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा राज्यमहान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूबाट राज्यसरकारको प्रतिनिधित्व गरिनेछ । कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष राज्यसरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार राज्यमहान्यायाधिवक्तालाई हुनेछ ।<br><br>(३) राज्यसरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिंदा राज्यमहान्यायाधिवक्ताको राय लिन सकिनेछ ।<br><br>(४) राज्यमहान्यायाधिवक्तालाई राज्यव्यवस्थापिका वा त्यसको कुनै समितिको बैठकमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने अधिकार हुनेछ ।<br><br>तर मत दिने अधिकार भने हुने छैन ।<br><br>(५) आफ्नो पदीय कर्तव्यको पालना गर्दा राज्यमहान्यायाधिवक्तालाई राज्यको जुनसुकै अदालत, कार्यालय र पदाधिकारीसमक्ष उपस्थित हुने अधिकार हुनेछ ।<br><br>(६) उपधारा (२) को अधीनमा रही राज्यमहान्यायाधिवक्तालाई आफ्नो कर्तव्य पालन गर्दा देहायको काम गर्ने अधिकार हुनेछ :-<br><br>(क) राज्यसरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा राज्यसरकारको तर्फबाट प्रतिरक्षा गर्ने,<br><br>(ख) मुद्दा मामिलाका रोहमा राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने,<br><br>(ग) हिरासतमा रहेको व्यक्तिलाई यस संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायीमार्फत | | |

| | | | | |
|---|---|---|---|---|
| | | भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।<br><br>(७) यस धारामा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त राज्यमहान्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार यो संविधान र अन्य कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।<br><br>(८) राज्यमहान्यायाधिवक्ताले यो धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका अधिकृतलाई सुम्पन सक्नेछ । | | |
| ७ | ७. राज्य महाअभियोजनकर्ता | (१) राज्य महान्यायाधिवक्ताको सामान्य नियन्त्रण र निर्देशनमा रही काम गर्ने गरी निजको मातहतमा आवश्यकता अनुसार एक राज्यमहाअभियोजनकर्ताको व्यवस्था प्रादेशिक कानूनमा व्यवस्था भए बमोजिम गर्न सकिनेछ ।<br><br>(२) राज्यमहाअभियोजनकर्ताको नियुक्ति, योग्यता, सेवाका शर्त र काम, कर्तव्य तथा अधिकार प्रादेशिक कानूनमा व्यवस्था भए बमोजिम हुनेछ । | | |
| ८ | ८. वार्षिक प्रतिवेदन: | (१) राज्य महान्यायाधिवक्ताले प्रत्येक वर्ष यो संविधान र अन्य कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राज्यप्रमुखसमक्ष पेश गर्नेछ र राज्यप्रमुखले राज्य कार्यकारी प्रमुख मार्फत उक्त प्रतिवेदन राज्य व्यवस्थापिका समक्ष पेश गर्नेछ ।<br><br>(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त राज्यमहान्यायाधिवक्ताले वर्षभरिमा संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संख्या, सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण, सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण तथा सरकारवादी भई चल्ने मुद्दामा भविष्यमा गरिनु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्नेछ । | | |
| ९ | ९. जिल्ला/ स्थानीय न्यायाधिवक्ता : | (१) प्रत्येक जिल्ला/स्थानीय इकाइमा एक जिल्ला/स्थानीय न्यायाधिवक्ता हुनेछ । | | |

| | | | | |
|---|---|---|---|---|
| | | जिल्ला/स्थानीय न्यायाधिवक्ताको नियुक्ति, योग्यता, सेवाका शर्त र काम, कर्तव्य तथा अधिकार प्रादेशिक कानूनमा व्यवस्था भए बमोजिम हुनेछ। | | |
| १० | १०. सरकारी वकीलहरूको सेवा शर्त सम्बन्धी व्यवस्था : | संघीय सर्वोच्च अदालत, राज्य/प्रदेश सर्वोच्च/उच्च अदालत र जिल्ला/स्थानीय अदालतका न्यायाधीश सरहको अवकाशको उमेर, पारिश्रमिक, सेवा, शर्त र सुविधा हुने गरी सरकारी वकीलहरूको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानूनद्वारा निर्धारण गरिए बमोजिम हुनेछ। | | |

## ५. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति

(क) नागरिकता सम्बन्धी मस्यौदा

भाग- ....

नागरिकता

| क्र.सं | विषय | सहमति भएको विषय | समितिको निर्क्यौल | कैफियत |
|---|---|---|---|---|
| १. | १. कुनै पनि नेपाली नागरिकलाई नागरिकताबाट वञ्चित नगरिने | (१) कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन।<br><br>(२) एकल संघीय नागरिकताको व्यवस्था: नेपालमा प्रादेशिक पहिचान सहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको छ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | तत्कालीन संविधानसभाको निर्णय बमोजिम परिमार्जन गरिएको । |
| २. | २. नेपालको नागरिक ठहर्ने | नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति यो संविधान बमोजिम नेपालको नागरिक ठहर्नेछ -<br>(क) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त व्यक्ति,<br><br>(ख) यो संविधान प्रारम्भ भएपछि नेपालको नागरिकता प्राप्त व्यक्ति,<br><br>(ग) धारा ३ बमोजिम नेपालको नागरिकता प्राप्त गर्न योग्य व्यक्ति। | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| ३. | ३. वंशजको आधारमा नागरिकता | (१) नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ -<br><br>(क) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको आमा र बाबु नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति,<br><br>(ख) विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको र आमा वा बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने त्यस्तो व्यक्ति ।<br><br>(२) नेपाल सरहदभित्र फेला परेको आमा बाबुको ठेगान नभएको प्रत्येक नाबालक नाबालिका | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | तत्कालीन संविधानसभाको निर्णय बमोजिम परिमार्जन गरिएको। |

| | | | | |
|---|---|---|---|---|
| | | निजको आमा वा बावु पत्ता नलागेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्नेछ।<br><br>**(३) नेपाली नागरिक आमाबाट नेपालमा जन्मभई नेपालमा नै बसोवास गरेको र बावुको पहिचान नभएको व्यक्तिलाई वंशजको आधारमा नागरिकता प्रदान गरिनेछ ।**<br><br>**तर बावु विदेशी नागरिक भएको प्रमाणित भएमा त्यस्तो व्यक्तिको नागरिकता स्वत: अङ्गिकृत नागरिकतामा परिणत हुनेछ ।** | | |
| ४. | **४. अङ्गीकृत नागरिकता सम्बन्धी व्यवस्था** | **(१) यो संविधान जारी भएपछि नेपाली नागरिकसँग विवाह गर्ने विदेशी पुरुषले वैवाहिक अंगिकृत नागरिकता लिन चाहेमा पन्ध्र वर्षसम्म नेपालमा स्थायी बसोवास गरेपछि प्रचलित कानून बमोजिम अंगीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।**<br><br>**(२) नेपाली नागरिकसँग विवाह गर्ने विदेशी महिलाले नेपालको नागरिकता लिन चाहेमा निजलाई विदेशको नागरिकता परित्याग गर्ने कारवाही चलाए पछि प्रचलित कानून बमोजिम नेपालको अंगिकृत नागरिकता प्राप्त गर्न यो धाराले बाधा पुर्‍याएको मानिने छैन ।**<br><br>(३) विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोवास गरेको र आमा वा बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले प्रचलित कानून बमोजिम नेपालको अंगिकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।<br><br>(४) यो संविधान प्रारम्भ भएपछि नेपालको आर्थिक वा सामाजिक उन्नतिमा विशेष योगदान पुर्‍याएको विदेशीलाई अन्य कुराका अतिरिक्त देहायका शर्त र अवस्था पूरा गरेको आधारमा प्रचलित कानून बमोजिम संघीय सरकारले नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्न सक्नेछ -<br><br>(क) नेपाली वा नेपालमा प्रचलित अन्य कुनै भाषा बोल्न र लेख्न जानेको,<br><br>(ख) नेपालमा कुनै व्यवसाय गरिबसेको, | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | तत्कालीन संविधानसभाको निर्णय बमोजिम परिमार्जन गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | (ग) अन्य मुलुकको नागरिकता त्यागेको,<br>(घ) कम्तीमा पन्ध्र वर्षसम्म नेपालमा कानूनी रुपमा बसोबास गरेको,<br>(ङ) नेपाली नागरिकलाई अङ्गीकृत नागरिकता दिने कानूनी व्यवस्था वा प्रचलन भएको मुलुकको नागरिक भएको,<br>(च) असल चाल चलन भएको ।<br>(५) उपधारा (३) बमोजिम प्रदान गरिएको अङ्गीकृत नागरिकता सम्बन्धी विवरण संघीय व्यवस्थापिका समक्ष प्रस्तुत गर्नु पर्नेछ । | | |
| ५. | **५.क्षेत्र गाभिंदाको नागरिकता** | नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोवास भएको व्यक्ति प्रचलित कानूनको अधीनमा रही नेपालको नागरिक हुनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| ६. | **६.वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता** | प्रत्येक नागरिकलाई निजको आमा वा बाबुको वंशजको आधारमा लैङ्गिक पहिचान सहितको नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| ७. | **७ नागरिकताको पुन: प्राप्ति** | नेपाली नागरिकता त्याग गरी विदेशी मुलुकको नागरिकता लिएका व्यक्तिले पुन: नेपालमा आई पाँच वर्ष बसोबास गरी विदेशी मुलुकको नागरिकता त्याग गरेमा पहिले जुन किसिमको नेपालको नागरिकता प्रदान गरिएको हो निजलाई सोही किसिमको नागरिकता प्रदान गर्न सकिनेछ<br>तर यो व्यवस्था धारा ४ को उपधारा (३) बमोजिम प्रदान गरिएको अङ्गिकृत नागरिकको हकमा लागू हुने छैन । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| ८. | **८. सम्मानार्थ नागरिकता** | संघीय सरकारले अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सक्नेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| ९. | **९. झूटो विवरण पेश गरी वा पटक पटक** | कसैले झूटो विवरण वा बयान दिई वा एकपटक भन्दा बढी वा एकभन्दा बढी स्थानबाट नागरिकता लिन दिन हुँदैन । त्यस्तो कार्य कानून बमोजिम | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |

| | | | | |
|---|---|---|---|---|
| | **नागरिकता लिन दिन नहुने** | दण्डनीय हुनेछ ।<br><br>तर प्रमाणका आधारमा नागरिकता प्रमाण पत्रमा उल्लिखित लेखाइ वा छपाइका सामान्य त्रुटी सच्याउन वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि लिन दिन यस धाराले रोक लगाएको मानिने छैन ।<br><br>स्पष्टिकरण: नागरिकता सम्बन्धी अभिलेखमा रहेका नाम, थर, ठेगाना जस्ता विषयमा रहेका लेखाई वा छपाई सम्बन्धी सामान्य त्रुटिलाई यस धाराको प्रयोजनका लागि झूटो विवरण मानिने छैन । | | |
| १०. | **१०. नागरिकताको प्रमाणपत्र उपर छानविन गर्ने** | यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघीय सरकारले नेपाली नागरिकताको प्रमाणपत्र उपर छानबिन गरी गैरनेपालीले लिएको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्न र त्यस्तो व्यक्तिलाई नेपाली नागरिकबाट हटाउन सक्नेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| ११. | **११. नागरिकता कायम नरहने** | (१) देहायको अवस्थामा कुनै पनि व्यक्तिको नेपाली नागरिकता कायम रहने छैन-<br><br>(क) स्वेच्छाले नेपालको नागरिकता परित्याग गरेमा,<br><br>(ख) विदेशी मुलुकको नागरिकता प्राप्त गरेमा,<br><br>(ग) यस भागमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै गैरनेपालीले नेपालको नागरिकता लिएको प्रमाणित भएमा ।<br><br>(२) नेपाली नागरिकता प्राप्त गर्न योग्यता पुगेको कुनै व्यक्ति अन्य मुलुकको पनि नागरिकता प्राप्त गर्न योग्य रहेछ भने त्यस्तो व्यक्तिले नागरिकता प्रमाणपत्र लिन योग्यता पुगेको दुई वर्षभित्र तथा नाबालक नाबालिकाको हकमा बालिग भएको मितिले दुई वर्षभित्र नेपालको नागरिकता नरोजेमा त्यस्तो व्यक्ति नेपालको नागरिक कायम रहने छैन। | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| १२. | **१२. विवरण अद्यावधिक गर्ने** | नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेका विदेशी नागरिक तथा त्यस्ता दम्पत्तीबाट जन्मेका सन्तानहरूको विवरण कानून बमोजिम अद्यावधिक गरिनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| १३. | **१३. पदाधिकारीको नागरिकता सम्बन्धी** | (१) **नेपालको राष्ट्रप्रमुख, उपराष्ट्रप्रमुख, प्रधानमन्त्री, संघीय व्यवस्थापिका र संघीय न्यायपालिकाका प्रमुख, सुरक्षा निकायका प्रमुख, प्रदेशका प्रमुख र उपप्रमुखको पदमा निर्वाचित वा** | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | तत्कालीन संविधानसभाको निर्णय बमोजिम उपधारा (१) र |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्था | मनोनित भई नियुक्ति हुन अंगिकृत बाहेकका नागरिकता प्राप्त गरेको नेपाली नागरिक हुनु पर्नेछ ।<br><br>(२) यो संविधान बमोजिम उपधारा (१) मा उल्लेखित पदबाहेक नेपालका अन्य संवैधानिक पदमानियुक्तिको लागि योग्य हुने अङ्गीकृत नेपाली नागरिकता प्राप्त नेपाली नागरिक कम्तीमा दश वर्ष र नेपालको नागरिकता त्याग गरी पुनः वंशजको आधारमा नागरिकता प्राप्त गरेको नेपाली नागरिक कम्तीमा पाँच वर्ष नेपालमा बसोबास गरेको हुनु पर्नेछ ।<br><br>तर यस उपधाराको व्यवस्था वैवाहिक आधारमा अंगिकृत नागरिकता प्राप्त गरेको महिला नागरिकको हकमा लागू हुने छैन । | | (२) मा परिमार्जन गरिएको । |
| १४. | १४. गैरआवासीय नेपालीलाई परिचयपत्र दिन सकिने | नेपालको नागरिकता त्याग गरी विदेशको नागरिकता प्राप्त गरेका दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) क्षेत्रभन्दा बाहिरका देशमा बसोबास गरेका नेपाली मुलका व्यक्तिलाई प्रचलित कानून बमोजिम आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने छ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | तत्कालीन संविधानसभाको निर्णय बमोजिम परिमार्जन गरिएको । |
| १५. | १५. कानून बमोजिम हुने | नागरिकता सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |

## (ख) मौलिक हक सम्बन्धी मस्यौदा
### भाग.......
### मौलिक हक

| क.सं | विषय | सहमति भएको विषय | समितिको निर्क्योल | कैफियत |
|---|---|---|---|---|
| १ | १ | (१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ ।<br>(२) कसैलाई पनि मृत्यु दण्डको सजाय दिने गरी कुनै कानून बनाइने छैन । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| २ | २.स्वतन्त्रताको हक | (१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन । | सहमति भएकोले संविधान मस्यौदा | |

| | | | | |
|---|---|---|---|---|
| | | (२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ:-<br>(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,<br>(ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,<br>(ग) संघ संस्था खोल्ने स्वतन्त्रता,<br>(घ) राजनीतिक दल खोल्ने स्वतन्त्रता,<br>(ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता,<br>(च) कुनै पेशा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्ने स्वतन्त्रता ।<br>तर,<br>(१) खण्ड (क) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा खलल पर्ने वा संघीय इकाइ* बीचको सु-सम्बन्धमा खलल पर्ने कार्य वा विभिन्न जात, जाति, धर्म, सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने वा जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने कार्य वा गाली बेइज्जती, अदालतको अवहेलना हुने वा अपराधको दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकता प्रतिकुल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।<br>(२) खण्ड (ख) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामा खलल पर्ने वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।<br>(३) खण्ड (ग) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामा खलल पर्ने वा राष्ट्रको विरुद्ध जासुसी गर्ने वा राष्ट्रिय गोप्यता भङ्ग गर्ने वा नेपालको वाह्य सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने (राज्यद्रोह गर्ने) वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा | समितिमा पठाउने | |

* यस भागमा प्रयुक्त "संघीय इकाई" भन्ने शब्दले संविधानसभाद्वारा निर्धारण हुने राज्य/प्रदेश तथा स्थानीय सरकारहरूलाई जनाउनेछ ।

| | | | | |
|---|---|---|---|---|
| | | जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।<br><br>(४) खण्ड (घ) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामा खलल पर्ने वा राष्ट्रको विरुद्ध जासुसी गर्ने वा राष्ट्रिय गोप्यता भङ्ग गर्ने वा नेपालको बाह्य सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने (राज्यद्रोह गर्ने) वा संघीय इकाइबीचको सुसम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने वा केवल जाति, भाषा, धर्म, सम्प्रदाय वा लिङ्गको आधारमा कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्न नागरिकलाई जातीय, भाषिक, धार्मिक, साम्प्रदायिक वा लैङ्गिक आधारमा बन्देज लगाउने वा नागरिकहरूबीच विभेद गर्ने गरी राजनीतिक दल गठन गर्न वा हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।<br><br>(५) खण्ड (ङ) को कुनै कुराले सर्वसाधारण जनताको हितमा खलल पर्ने वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य वा अपराध गर्ने तथा सो को दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।<br><br>(६) खण्ड (च) को कुनै कुराले संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पुऱ्याउने कार्य वा सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्न पाउने वा कुनै उद्योग, व्यापार, पेशा, रोजगार वा व्यवसाय गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरी ऐन | | |

| | | | | |
|---|---|---|---|---|
| | | बनाउन रोक लगाएको मानिने छैन । | | |
| ३ | ३. समानताको हक | (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षण र लाभबाट वञ्चित गरिने छैन।<br><br>(२) सामान्य कानूनको प्रयोगमा धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखिकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।<br><br>तर आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, किसान, मजदुर, उत्पीडित क्षेत्र, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख समुदाय वा विपन्न वर्ग, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय नागरिकको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।<br><br>स्पष्टिकरण: यस भाग तथा भाग ... (राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व) को प्रयोजनका लागि "विपन्न" भन्नाले औसत गरीबी भन्दा मुनिका नागरिकहरूलाई जनाउँनेछ ।<br><br>(३) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखिकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।<br><br>(४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।<br><br>(५) पैतृकसम्पत्तिमा विना लैङ्गिक भेदभाव सबै सन्तानको समान हक हुनेछ। | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| ४ | ४. सञ्चार सम्बन्धी हक | (१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृष्य सामग्रीको प्रकाशन तथा | सहमति कायम भएकोले संविधान मस्यौदा समितिमा | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रसारण गर्न वा सूचना प्रवाह गर्नवा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन ।<br><br>तर नेपालको राष्ट्रियता, सार्वभौमसत्ता वा अखण्डता वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा विभिन्न जात, जाति वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, झूटो सामग्री प्रकाशन वा प्रशारणद्वारा व्यक्तिको सामाजिक मर्यादामा आँच पुऱ्याउने वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकता प्रतिकूल र छुवाछुत एवं जातीय तथा लैङ्गिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।<br><br>(२) कुनै श्रव्य, श्रव्य दृष्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै सामग्रीको प्रकाशन तथा प्रसारण गरे वा छापे बापत त्यस्तो सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा छाप्ने, रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज गरिने छैन ।<br><br>(३) कुनै समाचार लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन गरे बापत कुनै समाचारपत्र, पत्रिका वा छापाखाना बन्द, जफत वा दर्ता खारेज गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुनेछ ।<br><br>(४) कानून बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रशारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन । | पठाउने | |
| ५ | ५. न्याय सम्बन्धी हक | (१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन ।<br><br>(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ र त्यस्तो व्यक्तिलाई आफ्नो कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने | उपधारा (१), (२), (३), र (५) देखि (१०) सम्मको व्यवस्थामा सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने। | उपधारा (४) संग सम्बन्धित प्रश्नावली<br><br>प्रश्न १. उपधारा (४) मा "तर मानवता विरुद्धको अपराध, युद्ध |

| | | | | |
|---|---|---|---|---|
| | | हकबाट वञ्चित गरिने छैन । <br><br> तर निवारक नजरबन्दमा रहेको गैरनेपाली नागरिक र शत्रु राज्यको नागरिकको हकमा यो उपधारा लागू हुने छैन । <br><br> स्पष्टीकरण: यस उपधाराको प्रयोजनको लागि "कानून व्यवसायी" भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्तिलाई जनाउनेछ । <br><br> (३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन । <br><br> तर निवारक नजरबन्दमा राखिएको व्यक्ति र शत्रु राज्यको नागरिकको हकमा यो उपधारा लागू हुने छैन । <br><br> (५) कुनै अभियोग लगाइएको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार मानिने छैन। <br><br> (६) कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन । <br><br> (७) कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन । <br><br> (८) प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ । <br><br> (९) प्रत्येक व्यक्तिलाई निष्पक्ष, स्वतन्त्र र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ । <br><br> (१०) असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ । | उपधारा (४) मा असहमति कायम रहेको । | अपराध र जातीय नरसंहार सम्बन्धी अपराधमा भूतप्रभावी कानून बनाएर सजाय गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।" भन्ने व्यवस्था राख्ने वा नराख्ने ? |
| ६ | ६. अपराधका पीडितको हक | (१) अपराधका पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तहकिकात तथा कारवाही सम्बन्धी जानकारी पाउने हक हुनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |

| | | | | |
|---|---|---|---|---|
| | | (२) अपराधका पीडितलाई कानून बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति पाउने हक हुनेछ । | | |
| ७ | ७. यातना विरुद्धको हक | (१) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसंग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन ।<br><br>(२) उपधारा (१) बमोजिमको कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| ८ | ८. निवारक नजरबन्द विरुद्धको हक | (१) नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन ।<br><br>**(२) उपधारा (१) बमोजिम निवारक नजरबन्दमा रहेको व्यक्तिको स्थितिको बारेमा निजका परिवारका सदस्यलाई जानकारी दिनु पर्नेछ ।**<br>**तर शत्रुराज्यका नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।**<br><br>(३) निवारक नजरबन्द राख्ने अधिकारीले कानून विपरीत वा बदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | तत्कालीन संविधानसभाको निर्णय बमोजिम परिमार्जन गरिएको । |
| ९ | ९. छुवाछुत तथा भेदभाव विरुद्धको हक: | (१) कुनै पनि व्यक्तिलाई जात, जाति, उत्पत्ति, समुदाय, पेशा वा शारीरिक अवस्थाका आधारमा **कुनै पनि स्थानमा** कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन ।<br><br>(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।<br><br>(३) कुनै जात, जाति, उत्पत्ति वा शारीरिक अवस्थाका व्यक्ति वा समुदायलाई उच वा नीच दर्शाउने, जात, जाति वा छुवाछुतका आधारमा | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | तत्कालीन संविधानसभाको निर्णय बमोजिम परिमार्जन गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।<br><br>(४) जातीय आधारमा छुवाछुत गरी वा नगरी तथा कुनै व्यक्तिलाई निजको इच्छा विपरित काममा लगाउन वा कार्यस्थलमा कुनै प्रकारको विभेद गर्न पाइने छैन ।<br><br>(५) छुवाछुत तथा भेदभावजन्य सबै प्रकारका कार्य गम्भिर सामाजिक अपराधको रुपमा कानूनद्वारा दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्तिको हक हुनेछ । | | |
| १० | १०. सम्पत्ति सम्बन्धी हक | | यो धारामा असहमति रहेको । | |
| ११ | ११. धार्मिक स्वतन्त्रताको हक | (१) प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने तथा कुनै धर्मबाट अलग रहने स्वतन्त्रता हुनेछ ।<br><br>तर कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकता प्रतिकूल हुने वा सार्वजनिक शान्ति भङ्ग गर्ने कृयाकलाप गर्न गराउन वा कसैको धर्म परिवर्तन गराउन वा अर्काको धर्ममा खलल पर्ने कुनै काम वा व्यवहार गर्न गराउन पाउने छैन।<br><br>(२) प्रत्येक धार्मिक सम्प्रदायलाई कानून बमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| १२. | १२. सूचनाको हक | प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ ।<br><br>तर कानूनद्वारा गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन। | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| १३ | १३. गोपनीयताको हक | कुनै पनि व्यक्तिको जीउ, आवास, लिखत, तथ्याङ्क, पत्राचार, चरित्र सम्बन्धी कुराहरूको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |

| | | | | |
|---|---|---|---|---|
| १४ | **१४. शोषण विरुद्धको हक** | (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ।<br>(२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।<br>(३) मानिसलाई बेच-बिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट उचित क्षतिपूर्ति पाउने हक हुनेछ ।<br>(४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन।<br>तर यस उपधारामा उल्लिखित व्यवस्थाले सार्वजनिक प्रयोजनको लागि नागरिकलाई अनिवार्य सेवामा लगाउन सकिने गरी कानून बनाउन रोक लगाएको मानिने छैन। | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| १५ | **१५. वातावरण सम्बन्धी हक** | (१) प्रत्येक व्यक्तिलाई स्वस्थ, स्वच्छ र दिगो वातावरणमा बाँच्न पाउने हक हुनेछ ।<br>(२) प्रत्येक व्यक्तिलाई जलवायु परिवर्तनका दुष्प्रभावबाट सुरक्षित रहन पाउने अनुकुलनको हक हुनेछ ।<br>(३) वातावरणीय प्रदुषण वा ऱ्हासबाट हुने क्षतिबापत पीडितलाई कानून बमोजिम क्षतिपूर्ति प्राप्त गर्ने हक हुनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| १६ | **१६. शिक्षा सम्बन्धी हक** | (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।<br>(२) प्राथमिक शिक्षा अनिवार्य र नि:शुल्क हुनेछ । प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म नि:शुल्क शिक्षा पाउने हक हुनेछ।<br>(३) **अपाङ्गता भएका** रविपन्न वर्गका नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम नि:शुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ।<br>**(४) कानूनमा व्यवस्था भएबमोजिम दृष्टिविहिनहरुलाई ब्रेललिपी तथा बहिराहरुलाई सांकेतिक भाषामा शिक्षा पाउने हक हुनेछ ।**<br>(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा प्रदान गर्ने गरी | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | तत्कालीन संविधानसभाको निर्णय बमोजिम परिमार्जन गरिएको |

| | | | | |
|---|---|---|---|---|
| | | विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ । | | |
| १७ | १७.भाषा तथा संस्कृति सम्बन्धी हक | (१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ ।<br>(२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको साँस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ ।<br>(३) नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने हक हुनेछ ।<br>(४) प्रत्येक व्यक्तिलाई कला र साहित्य सिर्जना गर्ने, त्यसको बिकास गर्ने, कानून बमोजिम आफ्नो बौद्धिक सम्पदाको संरक्षण गर्ने तथा सोबाट लाभ प्राप्त गर्ने हक हुनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| १८ | १८.रोजगारी सम्बन्धी हक | (१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीका शर्त र अवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।<br>**तर यस उपधारा बमोजिम रोजगारी उपलब्ध नहुँदासम्म बेरोजगार नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम बेरोजगार भत्ता पाउने हक हुनेछ ।**<br>(२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | तत्कालीन संविधानसभाको निर्णय बमोजिम परिमार्जन गरिएको । |
| १९ | १९.श्रम सम्बन्धी हक | (१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ।<br>(२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा सामाजिक सुरक्षाको हक हुनेछ।<br>(३) प्रत्येक श्रमिकलाई ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा कानूनमा व्यवस्था भए बमोजिम सामुहिक सौदाबाजी गर्ने र हडताल गर्न पाउने हक हुनेछ। | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| २०. | २०. स्वास्थ्य सम्बन्धी हक | (१) प्रत्येक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवाको हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन ।-<br>(२) प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्यको हक | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |

| | | | | |
|---|---|---|---|---|
| | | हुनेछ । <br><br> (३) प्रत्येक व्यक्तिलाई सूचित स्वास्थ्य सेवाको हक हुनेछ। <br><br> (४) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ। <br><br> (५) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुनेछ । | | |
| २१ | **२१. खाद्य सम्बन्धी हक** | (१) प्रत्येक नागरिकलाई खाद्य अधिकार हुनेछ । <br> (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ। <br> (३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| २२ | २२. **आवास सम्बन्धी हक** | (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासमा पहुँचको हक हुनेछ । <br> (२) कानून बमोजिम वा अदालतले आदेश दिएमा बाहेक कुनै पनि नागरिकलाई **आफ्नो स्वामित्वमा रहेको** वासस्थानबाट हटाइने वा सो उपर कुनै अतिक्रमण गरिने छैन । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | तत्कालीन संविधानसभाको निर्णय बमोजिम परिमार्जन गरिएको। |
| २३ | २३. **महिलासम्बन्धी हक** | (१) प्रत्येक महिलालाई लैङ्गिक विभेद विना समान वंशीय हक हुनेछ। <br><br> (२) महिला विरुद्ध कुनै किसिमको लैङ्गिक भेदभाव गरिने छैन । <br><br> (३) **प्रत्येक महिलालाई सुरक्षित मातृत्व र**प्रजनन सम्बन्धी हक हुनेछ। <br><br> (४) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुनेछ । <br><br> (५) राज्य संयन्त्रका सबै निकायमा महिलाको समावेशी आधारमा समानुपातिक सहभागिताको हक हुनेछ। | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | तत्कालीन संविधानसभाको निर्णय बमोजिम परिमार्जन गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | (६) प्रत्येक महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ । | | |
| २४ | २४. बालबालिका सम्बन्धी हक: | (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ ।<br><br>(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार सहितको प्रारम्भिक बाल विकास, खेलकुद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ।<br><br>(३) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।<br><br>(४)कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।<br><br>(५) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र द्वन्द्व वा समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।<br><br>(६) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।<br><br>(७) प्रत्येक बालबालिकालाई बालमैत्रीन्यायको हक हुनेछ।<br><br>(८) असहाय, अनाथ, सुस्त मनस्थितिका, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकहुनेछ ।<br><br>(९) उपधारा (३), (४), (५) र (६) बमोजिमका कार्य कानूनद्वारा दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट उचित क्षतिपूर्ति पाउने हक हुनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | तत्कालीन संविधानसभाको निर्णय बमोजिम परिमार्जन गरिएको। |

| | | | | |
|---|---|---|---|---|
| २५ | २५. जेष्ठ नागरिकको हक | प्रत्येक जेष्ठ नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम समाजिक सुरक्षाको हक हुनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | तत्कालीन संविधानसभाको निर्णय बमोजिम परिमार्जन गरिएको। |
| २६ | २६.दलित समुदाय सम्बन्धी हक : | (१) दलित समुदायका व्यक्तिलाई निजामती सेवा, सेना, प्रहरी लगायतका राज्यका सबै निकाय र क्षेत्रहरुमा समानुपातिक आधारमा रोजगारी प्राप्त गर्ने हक हुनेछ। सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताको लागि कानूनद्वारा विशेष व्यवस्था गरिनेछ ।<br><br>(२) दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म छात्रवृत्ति सहित नि:शुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यवसायिक उच्च शिक्षामा दलितको लागि कानूनद्वारा विशेष व्यवस्था गरिनेछ ।<br><br>(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानूनद्वारा विशेष व्यवस्था गरिने छ । यस्तो व्यवस्था गर्दा विपन्न दलितलाई प्राथमिकता दिईनेछ ।<br><br>(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरुलाई प्राथमिकता दिई सो का लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।<br><br>(५) राज्यले भूमिहीन दलितलाई एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ ।<br><br>(६) आवासविहीन दलितको लागि राज्यले बसोबासको व्यवस्था गर्नेछ ।<br><br>(७) संघीय प्रादेशिक र स्थानीय तहका सबै राजनीतिक संरचनामा जनसंख्याको आधारमा दलितको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरी संघीय र प्रादेशिक संरचनामा क्रमश: तीन र पाँच प्रतिशत थप प्रतिनिधित्वको लागि कानूनद्वारा आवश्यक व्यवस्था गरिनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | तत्कालीन संविधानसभाको निर्णय बमोजिम परिमार्जन गरिएको। |

| | | | | |
|---|---|---|---|---|
| | | **(८) दलित समुदायले यस धारा बमोजिम प्राप्त गर्ने अधिकारहरु पहाडी दलित, मधेशी दलित र दलित महिलाले समानुपातिक आधारमा प्राप्त गर्नेछन् ।** | | |
| २७ | **२७. परिवार सम्बन्धी हक** | (१) कसैले पनि एकभन्दा बढी पति वा पत्नी राख्न पाउने छैन ।<br><br>(२) प्रत्येक व्यक्तिलाई कानूनको अधीनमा रही विवाह गर्न पाउने तथा सम्बन्ध विच्छेद गर्न पाउने स्वतन्त्रता हुनेछ ।<br><br>(३) विवाह गर्ने पक्षको इच्छा विपरित वा पूर्ण र स्वतन्त्र सहमति विना विवाह गराउन पाइने छैन ।<br><br>(४) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुनेछ ।<br><br>(५) सन्तानको पालन पोषण, स्याहार संभार तथा सर्वाङ्गिण विकासका लागि आमा बाबुको समान अधिकार र दायित्व हुनेछ साथै अभिभावकको सम्मान र पालनपोषण गर्ने प्रत्येक सन्तानको अधिकार र दायित्व हुनेछ ।<br><br>(६) उपधारा (१) र उपधारा (३) विपरितको कार्य कानूनद्वारा दण्डनीय हुनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| २८ | **२८. सामाजिक न्यायको हक** | (१) सामाजिक रुपले पछाडि परेका महिला, दलित, मधेशी, आदिवासी, जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडा वर्ग, किसान र मजदूर वर्ग तथा उत्पीडित क्षेत्रलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ।<br><br>**(२) उपधारा (१) बमोजिमको हकको उपभोग गर्दा आर्थिक रुपले बिपन्न नागरिकलाई प्राथमिकता पाउने हक हुनेछ ।**<br><br>(३) विपन्न वर्ग, अपाङ्गता भएका व्यक्ति तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ ।<br><br>(४) प्रत्येक किसानलाई कृषि कार्यको लागि | सहमति भएका उपधाराहरुलाई संविधान मस्यौदा समितिमा पठाउने | |

| | | | | |
|---|---|---|---|---|
| | | भूमिमाथिको हक, परम्परागत रुपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक, कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको हक तथा सशक्तिकरण र विकासको लागि विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ ।<br>(६) अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगका लागि विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ ।<br>(७) मधेशी समुदायलाई आर्थिक, सामाजिक सांस्कृतिक अवसर र लाभको समान वितरण तथा सो समुदाय भित्रका विपन्न र पिछडा वर्गको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि विशेष अवसर र लाभ प्राप्त गर्ने हक हुनेछ ।<br>(८) उत्पीडित क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिको लागि विशेष अवसर र लाभ प्राप्त गर्ने हक हुनेछ ।<br>(९) अपाङ्गता भएका व्यक्तिलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवन यापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।<br>(१०) प्रत्येक युवालाई सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्राप्त गर्दै व्यक्तित्व विकासको हक हुने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसरको हक हुनेछ । | उपधारा(५), उपधारा (११) थप गर्नु पर्ने वा नपर्ने मनिएको उपधारा १२ मा विवाद कायम रहेको । | |
| २९ | २९. सामाजिक सुरक्षा सम्बन्धी हक | विपन्न वर्ग, अशक्त, असहाय, असहाय अवस्थामा रहेका एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने व्यक्ति तथा लोपोन्मुख जातिका नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ । | सहमति कायम भएकोले संविधान मस्यौदा समितिमा पठाउने | |
| ३० | ३०. उपभोक्ताको हक | (१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ ।<br>(२) गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको | सहमति कायम भएकोले संविधान मस्यौदा समितिमा | |

| | | | | |
|---|---|---|---|---|
| | | व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुनेछ। | पठाउने | |
| ३१ | **३१. देश निकाला विरुद्धको हक** | कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन। | | |
| ३२ | **३२. मौलिक हकको कार्यान्वयन र संवैधानिक उपचारको हक** | (१) यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा ... (संघीय सर्वोच्च अदालतको अधिकार क्षेत्र सम्बन्धी धारा) तथा धारा ...<br>(प्रादेशिक/राज्यस्तरको सर्वोच्च/उच्च अदालतको अधिकार क्षेत्र सम्बन्धी धारा) मा लेखिए बमोजिम उपचार पाउने हक सुरक्षित गरिएको छ।<br>(२) यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले दुई बर्ष भित्र मनासिब माफिकको कानूनी व्यवस्था गर्नेछ।<br>(३) यस भागद्वारा प्रदत्त शिक्षा सम्बन्धी हक, स्वास्थ्य सम्बन्धी हक, रोजगारी सम्बन्धी हक, आवास सम्बन्धी हक, खाद्य सम्बन्धी हक, सामाजिक न्याय सम्बन्धी हक र सामाजिक सुरक्षाको हकको कार्यान्वयनका लागि राज्यले उपयुक्त व्यवस्था गर्नेछ। | सहमति कायम भएकोले संविधान मस्यौदा समितिमा पठाउने | तत्कालीन संविधानसभाको निर्णय बमोजिम परिमार्जन गरिएको |

(ग) मौलिक कर्तव्य सम्बन्धी मस्यौदा

भाग .......

**मौलिक कर्तव्य**

| क्र.सं. | विषय | सहमति भएको विषय | समितिको निर्क्यौल | कैफियत |
|---|---|---|---|---|
| १ | १. नागरिकका कर्तव्य | प्रत्येक नागरिकका कर्तव्य देहाय बमोजिम हुनेछन् -<br>(क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,<br>(ख) संविधान र कानूनको पालना गर्नु,<br>(ग) राष्ट्रले चाहेका बखत अनिवार्य सेवा गर्नु । | सहमति कायम भएकोले संविधान मस्यौदा समितिमा पठाउने | तत्कालीन संविधानसभाको निर्णय बमोजिम परिमार्जन गरिएको |

(घ) राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी मस्यौदा

भाग .......

**राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व**

| क्र.सं. | विषय | सहमति भएको विषय | समितिको निर्क्यौल | कैफियत |
|---|---|---|---|---|
| १ | १. मार्ग निर्देशनका रुपमा रहने | (१) यस भागमा उल्लिखित निर्देशक सिद्धान्त र नीति राज्य सञ्चालनका मार्ग निर्देशनका रुपमा रहनेछन् ।<br>(२) राज्यले यस भागमा उल्लिखित सिद्धान्त र नीतिको कार्यान्वयन गर्न आवश्यकता अनुसार स्रोत साधन परिचालन गर्ने वा गराउनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| २ | २. निर्देशक सिद्धान्तहरु | | | उपधारा (१) मा असहमति रहेको । |
| | | (२) धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवं राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै साम्प्रदायिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्यता | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधान सभाको निर्णय बमोजिम परिमार्जन गरिएको |

| | | | | |
|---|---|---|---|---|
| | | कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक सांस्कृतिक उद्देश्य हुनेछ ।<br><br>(३) स्रोत साधनको न्यायोचित वितरण, सबै प्रकारका आर्थिक शोषण र असमानताको अन्त्य तथा सार्वजनिक, सहकारी र निजी क्षेत्रको सहभागिता तथा सहकारी र निजी क्षेत्रको स्वतन्त्र विकास मार्फत उपलब्ध साधन स्रोतको अधिकतम् उपयोग गर्दै दिगो आर्थिक विकास गर्ने एव प्राप्त उपलब्धीहरूको न्यायोचित वितरण गर्दै शोषणरहित समाजको निर्माण गरी राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ ।<br><br>(४) देशको सार्वभौमसत्ता, अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताको आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ । | | |
| ३ | ३.राज्यका नीतिहरू | राज्यले देहायका नीतिहरू अवलम्बन गर्नेछ : -<br><br>(क) राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकता सम्बन्धी नीति:<br><br>१. देशको सार्वभौमसत्ता, स्वाधीनता र अखण्डताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने, | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| | | २. विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी संघीय इकाईहरूबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने, | | |
| | | ३. राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने, | | |
| | | ४. सर्वाङ्गीण मानवीय सुरक्षा प्रत्याभूत गर्ने, | | |
| | | ५. राष्ट्रिय सुरक्षा नीतिका आधारमा सेना, प्रहरी लगायत सबै सुरक्षा अङ्गहरूलाई सबल, सुदृढ, व्यवसायिक, समावेशी र जनउत्तरदायी बनाउने, | | |
| | | ६. राष्ट्रिय आवश्यकता अनुरुप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम राख्ने । | | |
| | | (ख) राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति:<br><br>१. प्राप्त राजनीतिक उपलब्धीहरूको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणका माध्यमबाट | | |

| | | | | |
|---|---|---|---|---|
| | | जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने, | | |
| | | २. मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै विधिको शासन कायम राख्ने, | | |
| | | ३. नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने, | | |
| | | ४. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, तदारुक, पारदर्शी, जनउत्तरदायी, र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान, सरल र निर्बाध पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने, | | |
| | | ५. आमसञ्चारलाई स्वच्छ, स्वस्थ, सुरक्षित, मर्यादित, जिम्मेवार र व्यवसायिक बनाउन आवश्यक व्यवस्था गर्दै सुसूचित हुन पाउने जनताको अधिकार सुनिश्चित गर्ने, | | |
| | | ६. खुल्ला र पारदर्शी समाजको निर्माण र विकास गर्न राज्य संयन्त्रमा रहेका सूचनाहरू प्रवाह गर्ने तथा सञ्चारको विकास र विस्तार गरी सूचनामाथि आम जनताको पहुँच सुनिश्चित गर्ने, | | |
| | | ७. संघ र संघीय इकाइहरूबीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने । | | |
| | | (ग) सामाजिक, साँस्कृतिक रुपान्तरण सम्बन्धी नीति:<br><br>१.समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति वा संस्कारको नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने, | | |
| | | **२. स्वस्थ र सुमधुर संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित सभ्य समाजको निर्माण गर्ने,** | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | **तत्कालीन संविधान सभाको निर्णय बमोजिम** परिमार्जित |
| | | ३. देशको साँस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जात, जाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला र सम्पदाको संरक्षण र विकास गर्ने, | | |
| | | ४ ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र विकासको लागि त्यस्ता सम्पदाहरूको अध्ययन, अनुसन्धान, उत्खनन्, | | |

| | | | | |
|---|---|---|---|---|
| | | संरक्षण, सम्बर्द्धन तथा प्रचार प्रसार गर्ने, | | |
| | | ५. सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्द्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने, | | |
| | | ६. राष्ट्रिय सम्पदाको रुपमा रहेका कला, साहित्य र संगीतको विकासमा जोड दिने, | | |
| | | (घ) अर्थ वाणिज्य सम्बन्धी नीति:<br>१. **राज्यले सार्वजनिक, सहकारी र निजी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने,** | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने। | तत्कालीन संविधान सभाको निर्णय बमोजिम परिमार्जित |
| | | २. साधन स्रोतको अधिकतम् परिचालन गर्दै आर्थिक समृद्धि हासिल गर्ने, | | |
| | | ३. सहकारी क्षेत्रलाई प्राथमिकता दिँदै यस क्षेत्रको पूँजीलाई राष्ट्रिय विकासमा परिचालन गर्ने, | | |
| | | ४. **राज्यले** निजी क्षेत्रको लगानी र योगदानमा स्वच्छता, जवाफदेहीता र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गिण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने, | | तत्कालीन संविधान सभाको निर्णय बमोजिम परिमार्जित |
| | | ५. आर्थिक साधन स्रोत तथा विकासका प्रतिफलको न्यायोचित वितरण गर्ने, | | |
| | | ६. तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी निर्यात प्रबर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधिकरण र बिस्तार गर्ने | | |
| | | ७. कालाबजारी, सीण्डिकेट, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने जस्ता विकृति र विस-तिलाई नियन्त्रण गर्दै व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने, | | |
| | | ८. राष्ट्रिय अर्थतन्त्रको विकासको लागि राष्ट्रिय उद्योग धन्दा र साधन स्रोतको संरक्षण र प्रबर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, | | |
| | | ९. राष्ट्रिय अर्थतन्त्रको विकासको लागि सेवा क्षेत्रमा स्वदेशी लगानीलाई प्राथमिकता दिँदै उद्योगको रुपमा विकास गरी प्रतिस्पर्धी बनाउँदै | | |

| | | | | |
|---|---|---|---|---|
| | | लैजाने, | | |
| | | १०. राष्ट्रिय हित अनुकुल आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पुँजी र प्रविधिको लगानीलाई परिचालन गर्ने, | | |
| | | ११. वैदेशिक सहायता लिंदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने, | | |
| | | १२. गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पुँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने । | | |
| | | (ङ) कृषि र भूमिसुधार सम्बन्धी नीति:<br><br>१. भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार गर्ने, | | |
| | | २. अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लावन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, | | |
| | | ३. किसानको हक हित संरक्षण र सम्वर्द्धन गर्दै कृषिलाई व्यवसायिकरण र कृषिजन्य औद्योगिकरण गर्ने,<br>**४. भूमिको अध्ययन अनुसन्धान गरी त्यसको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा भूमिको नियमन र व्यवस्थापन गर्दै समुचित उपयोग गर्ने,** | | तत्कालीन संविधान सभाको निर्णय बमोजिम परिमार्जित . |
| | | (च) विकास सम्बन्धी नीति:<br><br>१. विकासका दृष्टिले पछाडि पारिएका क्षेत्रलाई प्राथमिकता दिँदै सन्तुलित, वातावरणमैत्री एवं दिगो रुपमा भौतिक पूर्वाधारको विकास गर्ने, | | |
| | | २. विकास निर्माणको प्रकृयामा स्थानीय जनसहभागीता अभिवृद्धि गर्ने, | | |
| | | ३. वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा यस क्षेत्रका वैज्ञानिक, प्राविधक, बौद्धिक र बिशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने, | | |
| | | ४. राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको अधिकतम् उपयोग गर्ने । | | |
| | | ५. विकासका प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिने, | | |
| | | ६. एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरू एकीकृत रुपमा | | |

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासंग आवद्ध गर्ने, | | |
| | | ७. जनसांख्यिक तथ्यांकलाई आवधिक गर्दै राष्ट्रिय विकास योजनासंग आवद्ध गर्ने । | | |
| | | (छ) प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्वन्धी नीति:<br><br>१. राष्ट्रिय हित अनुकुल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बर्द्धन र बातावरण मैत्री रुपमा दिगो उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र **अग्राधिकार** दिंदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने, | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधान सभाको निर्णय बमोजिम परिमार्जित |
| | | २. जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिंदै जलस्रोतको बहुउपयोगी विकास गर्ने, | | |
| | | ३. नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिको लागि सुपथ र सुलभ रुपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने, | | |
| | | ४. जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाईको विकास गर्ने, | | |
| | | ५. जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनिकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने, | | |
| | | ६. वातावरणीय सन्तुलनको लागि मुलुकको कुल भूभागको कम्तीमा चालीस प्रतिशत भूभागमा वन क्षेत्र कायम राख्ने, | | |
| | | ७. निरोधात्मक र उपचारात्मक उपायहरूमार्फत जलवायु परिवर्तनबाट पर्न सक्ने दुष्परिणामहरूलाई न्यूनिकरण गर्ने तथा जलवायु परिवर्तन सापेक्ष अनुकूलन गर्ने । | | |
| | | ८. प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय परिणाम निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्वन गर्ने, | | |
| | | ९. प्रदुषकको देय, पुर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दीगो विकासका सिद्धान्तका आधारमा वातावरण सम्बन्धी कानून तथा नीति तर्जुमा गर्ने, | | |

| | | | | |
|---|---|---|---|---|
| | | १०. (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति:<br>११. जनसाधारणको जीवनस्तर अभिबृद्धि गर्न शिक्षा, स्वास्थ्य, आवास, खाद्यान्न, रोजगारीका अवसर र गुणस्तर विस्तार गर्दै जाने । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधान सभाको निर्णय बमोजिम परिमार्जित |
| | | १२. कुनै पनि नागरिक निरक्षर नरहने अवस्था सुनिश्चित गर्दै गुणस्तरीय शिक्षामा सबै नागरिकको सहज, सरल र समान पहुँचको व्यवस्था गर्ने, | | |
| | | १३. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, व्यवहारिक एवं जनमुखी बनाउदै सक्षम, प्रतिस्पर्धी एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, | | |
| | | १४. शिक्षा क्षेत्रमा राज्यको लगानीलाई अभिबृद्धि गर्दै शिक्षामा भएको निजी लगानीलाई नियमन र व्यापारिकरणलाई निरुत्साहित गर्ने । | | |
| | | १५. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाइ क्रमश: निशुल्क बनाउदै लैजाने, | | |
| | | १६. बालबालिकालाई मातृभाषामा शिक्षा दिलाउन आवश्यक व्यवस्था गर्दै शिक्षाको विकासमा स्थानीय समुदायलाई सहभागी गराउँदै जाने, | | |
| | | १७. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने, | | |
| | | १८. नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिबृद्धि गर्दै जाने, | | |
| | | १९. आधारभूत स्वास्थ्यलाई मानव अधिकारको रुपमा आत्मसात् गर्दै गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सरल र समान पहुँच सुनिश्चित गर्ने, | | |
| | | २०. स्वास्थ्य क्षेत्रमा राज्यले लगानी अभिबृद्धि गर्दै यस क्षेत्रमा भएको नीजि लगानीलाई नियमन र व्यवस्थापन गरी व्यापारिकरणलाई निरुत्साहित गर्ने । | | |
| | | २१. स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानलाई जोड दिँदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या अभिबृद्धि गर्दै जाने । | | |
| | | २२. मुलुकको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ, शिशु मृत्युदर घटाई औषत आयु बढाउने, | | |
| | | २३. आवास नहुने नागरिकहरूको वस्तुगत आधारमा पहिचान गरी क्रमश: उपयुक्त आवासको | | |

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्था गर्ने, | | |
| | | २४. अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित वस्तीविकास गर्ने, | | |
| | | २५. कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरुप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्दै सुलभ र प्रभावकारी वितरणका लागि खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र वितरण व्यवस्था गर्ने, | | |
| | | २६. आधारभूत वस्तु तथा सेवामा सबै नागरिकहरूको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिइ योजनाबद्ध आपूर्ति व्यवस्था गर्ने, | | |
| | | २७. यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण मैत्री प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित र व्यवस्थित र अपाङ्गमैत्री बनाउने । | | |
| | | (झ) श्रम र रोजगार सम्बन्धी नीति:<br><br>१. सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यवसायिक बनाउदै स्वदेशमा नै उपयोग गर्ने, | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| | | २. मर्यादित श्रमको अवधारणा अनुरुप सबै क्षेत्र र प्रकारका श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै व्यवसायजन्य सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,<br>**३. राज्यले दलित समुदायलाई सबै औद्योगिक प्रतिष्ठानहरुमा समानुपातिक ढंगले रोजगारी उपलब्ध गराउने नीति अवलम्बन गर्नेछ** | | तत्कालीन संविधान सभाको निर्णय बमोजिम परिमार्जित |
| | | ४. बालश्रम लगायत श्रम शोषणका सबै रुपहरूको अन्त्य गर्ने, | | |
| | | ५. उद्यम व्यवस्थापनमा श्रमिकको सहभागिता सुनिश्चित गर्ने, | | |
| | | ६. वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने, | | |
| | | ७. वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशी उत्पादनमूलक क्षेत्रमा प्रोत्साहन गर्ने । | | |

| | | | | |
|---|---|---|---|---|
| | | (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति:<br><br>१. समानता र अविभेदको मान्यता अनुरुप सबै प्रकारका सामाजिक, सांस्कृतिक विभेद अन्त्य गर्दै मर्यादित र सम्मानपूर्वक जीवनयापन गर्न पाउने प्रत्येक नागरिकको अधिकार सुनिश्चित गर्ने, | | |
| | | २. महिला, दलित, मधेशी, आदिवासी जनजाति, पिछडावर्ग, मुस्लिम, अल्पसंख्यक तथा सीमान्तकृत, समुदाय, उत्पीडित वर्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पछाडि पारिएको क्षेत्र,गरीब, किसान, मजदूर, युवा वर्गलाई समावेशी सिद्धान्तको आधारमा मुलुकको राज्य संरचना तथा सार्वजनिक सेवामा समावेशी समानुपातिक सहभागिताको सिद्धान्तका आधारमा सहभागी गराउदै जाने, | | |
| | | ३. असहाय अवस्थामा रहेका एकल महिलालाई रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनको लागि समुचित व्यवस्था गर्दै जाने, | | |
| | | ४. जोखिममा परेका र सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुर्नस्थापना, संरक्षण, सशक्तिकरण गरी स्वावलम्वी बनाउने, | | |
| | | ५. महिलाका प्रजनन दायित्वलाई सामाजिक दायित्वको रुपमा आत्मसात् गर्दै प्रजनन सम्बन्धी सबै अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने | | |
| | | ६. महिलालाई राज्यका हरेक अ·मा समावेशी समानुपातिक सहभागिताका लागि विशेष व्यवस्था गर्ने, | | |
| | | ७. घरायसी काममा परिवारका सबै सदस्यहरूबीच साझेदारीको संस्कार विकास गर्दै बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रुपमा मूल्याकंन गर्दै त्यस्तो कार्यको आर्थिक मूल्य राष्ट्रिय आयमा गणना गर्ने, | | |
| | | ८. विपन्न वर्ग, अशक्त, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र असहाय नागरिकको अधिकार, मर्यादा र सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने, | | |
| | | ९. मुक्त कमैया, कम्लहरी, हरूवा, चरुवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोवासको लागि घर घडेरी तथा जीविकोपार्जनको लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनर्स्थापना गर्ने, | | |
| | | १०. विगतमा भएका सबै जनआन्दोलनहरू, जनयुद्ध, मधेश आन्दोलनका क्रममा भएका शहिद परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, अपाङ्ग र घाइतेहरूको लागि राज्यका सबै संयन्त्रमा | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | सि.नं. ३ को खण्ड (ञ) को बुंदा नं. १० |

| | | | | |
|---|---|---|---|---|
| | | सहभागिता, सरकारी र सार्वजनिक सेवामा विशेष सुविधा, शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सामाजिक सुरक्षा, राहत र निवृत्तभरण प्रदान गर्ने । | | मा रहेको व्यवस्थालाई सबै समितिको प्रतिवेदनमा प्रयोग गर्न उपयुक्त हुने साझा र एकिकृत शब्दावली सहमतिबाट तय भए बमोजिम राख्ने भनी संविधान सभाको निर्देशन रहेकोले मस्यादा समितिले ध्यान दिन उपयुक्त हुने । |
| | | ११. जातीय विभेद तथा छुवाछुतलाई दण्डनीय बनाउँदै दलित समुदायलाई सकारात्मक विभेदका आधारमा क्षतिपूर्ति सहित विशेष अधिकार प्रदान गर्ने, | | |
| | | १२. परिवार र समाजसँग मिलेर जेष्ठ नागरिकलाई सम्मानपूर्वक जीवन यापनका लागि पालन पोषण, स्वास्थ्य सेवा र सुरक्षापाउने अधिकार सुनिश्चित गर्दै उनीहरूको ज्ञान, सीप र अनुभवलाई राष्ट्रिय विकासमा उपयोग गर्ने, | | |
| | | १३. परिवार तथा समाजसँग मिलेर युवाको सर्वाङ्गिण विकासमा आवश्यक लगानी गर्दै राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्ने तथा राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने तथा युवा परिचालन र सहभागीताका लागि उपयुक्त, नीति तथा संरचनाको व्यवस्था गर्ने । | | |
| | | १४. जातीय, धार्मिक, भाषिक अल्पसंख्यक र सीमान्तकृत समुदायले आफ्नो पहिचान सहित मर्यादित र सम्मानित रुपमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न विशेष व्यवस्था गर्ने | | |

| | | | | |
|---|---|---|---|---|
| | | १५. पछाडि परेको वा पारिएको र विकट क्षेत्रका समुदायको संरक्षण, उत्थान, सशक्तिकरण, र विकास गर्न विशेष व्यवस्था गर्ने, | | |
| | | १६. आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्वर्द्धन गर्ने, | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधान सभाको निर्णय बमोजिम परिमार्जन गरिएको |
| | | १७. लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको मर्यादित र सम्मानपूर्वक जीवन यापन गर्न पाउने अधिकार सुनिश्चित गर्न विशेष व्यवस्था गर्ने, | | |
| | | १८. अपाङ्गता भएका व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने, समाजमा पुर्नस्थापना गर्ने तथा आमसञ्चार, यातायात, शिक्षा, स्वास्थ्य रोजगारी जस्ता सार्वजनिक सेवाका क्षेत्रमा समान पहुँच कायम गर्दै त्यस्ता सेवा सुविधा उपयोग गर्न सक्ने अवस्था सुनिश्चित गर्न विशेष व्यवस्था गर्ने, | | |
| | | १९. राज्यले सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका विपन्न वर्गलाई प्राथमिकता प्रदान गर्ने । | | |
| | | २०. स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिबृद्धि गर्ने माध्यमको रुपमा विकास गर्ने, | | |
| | | २१. सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृती, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघ संस्थाहरूलाई संलग्न गराउने । | | |
| | | (ट) न्याय र दण्ड व्यवस्था सम्बन्धी नीति:<br><br>१. न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने, | | |
| | | २. सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्ने | | |
| | | ३. राजनीतिक, प्रशासनिक, सामाजिक लगायत सबै क्षेत्रमा हुने भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी संयन्त्रको व्यवस्था गर्ने, | | |

| | | | | |
|---|---|---|---|---|
| | | ४. जन्मकैदलाई आवश्यकता अनुसार आजन्म कैदको रुपमा व्यवस्था गर्दै कसूरको मात्राको अनुपातमा सजाय निर्धारण गर्ने, | | |
| | | ५. कैद र जरिवानाबीच समुचित सन्तुलन कायम गर्ने, | | |
| | | ६. अपराधका पीडितले उचित क्षतिपूर्ति पाउने गरी दण्डनीति अवलम्वन गर्ने । | | |
| | | (ठ) पर्यटन सम्वन्धी नीतिः<br><br>नेपालका ऐतिहासिक, सांस्कृतिक, **धार्मिक** पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण मैत्री पर्यटन उद्योगको विकास गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधान सभाको निर्णय बमोजिम परिमार्जन गरिएको |
| | | (ड) अन्तर्राष्ट्रिय सम्वन्ध सम्बन्धी नीतिः<br><br>१. सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहदै संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताको आधारमा परराष्ट्र नीति सञ्चालन गर्ने, | | |
| | | २. विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै असमान सन्धि संझौताहरू परित्याग वा खारेज गर्ने एवं समानता र पारस्परिक हितको आधारमा सन्धि संझौताहरू गर्ने, | | |
| | | ३. छिमेकी मित्र राष्ट्रहरूसँग समनिकटताका आधारमा सम्बन्ध सञ्चालन गर्ने । | | |
| ४ | **४. राज्यको दायित्व** | नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता र अखण्डता अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने, राज्यका निर्देशक सिद्धान्तहरूको अनुशरण गर्ने तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै जाने राज्यको दायित्व हुनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ५ | **५.प्रतिवेदन पेश गर्ने :** | यस भागमा उल्लिखित सिद्धान्त र नीतिहरू कार्यान्वयन गर्न चालिएका कदम र प्राप्त उपलब्धि सहितको प्रतिवेदन**प्रत्येक वर्ष नेपाल सरकारले तयार गरी राष्ट्रप्रमुख समक्ष पेश गर्नेछ र राष्ट्रप्रमुखले त्यस्तो प्रतिवेदन प्रधानमन्त्री मार्फत संघीय व्यवस्थापिका समक्ष पेश गर्ने व्यवस्था गर्नेछ** | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधान सभाको निर्णय बमोजिम परिमार्जन गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | | व्यवस्थापिकाको नाम अन्तिम रुपमा जे तय हुन्छ त्यही नै यो प्रतिवेदनमा पनि प्रयोग गरी मिलान गर्ने भन्ने निर्देशन रहेकोले मस्यौदा समितिले ध्यान दिन उपयुक्त हुने ।<br><br>मौलिक हक, निर्देशक सिद्धान्तहरु र राज्यका नीतिहरुमा एउटै विषय र व्यहोरा उल्लेख भएको देखिएकोले कुनै पनि विषय संविधानको विभिन्न धारा उपधारामा दोहोरो पर्ने गरी नराख्ने । यो निर्णयअनुसार मौलिक हकमा व्यवस्था गर्ने भनी मस्यौदामा उल्लेख भएका विषयलाई निर्देशक सिद्धान्त र राज्यका नीतिहरुमा |

| | | | | |
|---|---|---|---|---|
| | | | | नराखे भन्ने निर्देशन रहेकोले मस्यौदा समितिले ध्यान दिन उपयुक्त हुने । |
| ६ | ६. अनुगमन सम्बन्धी व्यवस्था: | (१) यस भागमा उल्लिखित सिद्धान्त र नीतिको प्रगतिशील कार्यान्वयनको अनुगमन गर्न संघीय व्यवस्थापिकामा एक समिति रहनेछ । | सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| | | (२) उपधारा (१) बमोजिमको समितिको गठन, कार्यविधि तथा अन्य व्यवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | |
| ७ | ७. अदालतमा प्रश्न उठाउन नसकिने: | यस भागमा लेखिएका कुनै विषय कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन । | | |

## ६.साँस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति

| सि.नं | विषयवस्तु | सहमति भएका विषय | समितिको निर्क्योल | कैफियत |
|---|---|---|---|---|
| १ | सामाजिक ऐक्यबद्धताको प्रवर्द्धन | १."................... संघीय संरचना अन्तर्गत विभिन्न इकाईहरुको राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक र भाषिक अधिकारको सुनिश्चितता गर्दै आपसी सद्भाव, विश्वास र सम्मान मार्फत सामाजिक ऐक्यवद्धतालाई प्रवर्द्धन गर्ने कुरामा दृढ संकल्प गर्दै" । | प्रस्तावना सम्बन्धी यो विषय तत्कालिन संविधानसभाको संवैधानिक समितिको कार्यक्षेत्र भित्र भए पनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामाग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| २ | शिक्षा सम्बन्धी हक | (१) प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ ।<br><br>(२) उपधारा (१) को प्रचलन कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | यो विषय तत्कालिन संविधानसभाको मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र भित्र भए पनि मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामाग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ३ | संस्कृति तथा भाषा सम्बन्धी हक | (१) प्रत्येक समुदायलाई आफ्नो संस्कृतिको संरक्षण, सम्वर्द्धन र अवलम्बन गर्ने हक हुनेछ ।<br><br>तर<br><br>**यस उपधारामा लेखिएको कुनै कुराले संस्कृतिको आडमा निर्मित कुरीति, कुसँस्कार र कुप्रथाको प्रयोगमा रोक लगाउने गरी कानून बनाउन बाधा** | यो विषयमा संविधानसभामा सहमति रहेको देखिदा संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभा को निर्देशन बमोजिम परिमार्जन |

| | | | | |
|---|---|---|---|---|
| | | पुऱ्याएको मानिने छैन ।<br><br>(२) प्रत्येक समुदायलाई आफ्नो भाषा तथा लिपिको संरक्षण, सम्बर्द्धन, प्रयोग र विकास गर्ने हक हुनेछ । | | गरिएको । |
| ४ | आदिवासी/ जनजातिको हक | प्राकृतिक श्रोत र साधनमा रहेको अन्योन्याश्रित सम्बन्धको आधारमा आदिवासी/जनजातिलाई आफ्नो पहिचान र सम्मानजनक पहुँचको हक हुनेछ । | तत्कालीन संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र भित्रको यो विषय संविधान मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ५ | छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक | (१) कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातिय भेदभाव गरिने छैन् । यस्तो भेदभावपूर्ण व्यवहारलाई गम्भिर अपराध मानी दण्ड गरिने छ । पिडीत व्यक्तिले कानूनद्वारा निर्धारण भए बमोजिम क्षतिपूर्ति पाउनेछ ।<br><br>(२) कुनै पनि व्यक्तिलाई जात, जातिको आधारमा कुनै पनि सेवा, सुविधा वा उपभोगका कुराहरुको प्रयोगमा कुनै पनि स्थानमा भेदभाव गरिने छैन् ।<br><br>(३) कुनै वस्तु, सेवा वा सुविधाको उत्पादन, विक्रि वितरण, खरिद वा प्राप्त गर्न जात, जाति वा समूदायको आधारमा भेदभाव गरिने छैन् ।<br><br>(४) कुनै जात, जाति, उत्पत्ति वा पेशाका व्यक्ति | तत्कालिन संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र भित्रको यो विषय संविधान मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | वा व्यक्तिहरुको समूहको धार्मिक वा अन्य कुनै आधारमा उच्च निच दर्शाउन, जात जातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउन वा जातिय सर्वोच्चता वा घृणामा आधारित अभिव्यक्ति दिन, विचारको प्रचार प्रसार गर्न वा जातिय विभेदलाई कुनै किसिमले प्रोत्साहन गर्न पाइने छैन् ।<br><br>(५) उपधारा (२), (३), (४), विपरितको कार्य कानून बमोजिम दण्डनीय हुनेछ । | | |
| ६ | **सामाजिक न्यायको हक** | (१) प्रत्येक व्यक्तिलाई आफ्नो व्यक्तित्व विकास गर्ने, स्वच्छ व्यवहार पाउने र राज्यको श्रोत, साधन र अवसरमा समान पहुँचको हक हुनेछ ।<br><br>(२) राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक वा शैक्षिक दृष्टिले पछि पारिएका उत्पिडीत क्षेत्र, वर्ग र समूदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ । | तत्कालिन संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र भित्रको यो विषय संविधान मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ७ | **सामाजिक सुरक्षाको हक** | एकल महिला, वृद्ध, अपाङ्ग, अशक्त, असहाय नागरिक र लोपोन्मुख जातिलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ । | तत्कालिन संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र भित्रको यो विषय संविधान मस्यौदा | |

| | | | | |
|---|---|---|---|---|
| | | | समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ८ | **राज्यको दायित्व** | (१) देशमा विद्यमान भाषिक एवं सांस्कृतिक विविधताको सम्मान गर्दै सबै भाषा तथा सँस्कृतिको मान्यता र समानताको प्रत्याभूति गर्ने ।<br><br>(२) साँस्कृतिक महत्वका सम्पदा लगायत सबै किसिमका सँस्कृतिको संरक्षण र सम्बर्द्धनका लागि कानूनी तथा संरचनागत व्यवस्था गर्ने ।<br><br>(३) जातिय छुवाछुत तथा सबै किसिमका सामाजिक विभेदको अन्त्यका लागि छुट्टै कानूनको निर्माण गरी कार्यान्वयनको अनुगमनका लागि आयोगको व्यवस्था गर्ने ।<br><br>(४) सशस्त्र द्वन्द्व र विभिन्न जनआन्दोलनको क्रममा शहिद भएका, गारिएका वा बेपत्ता पारिएकाहरुको परिवार तथा त्यस क्रममा घाइते भई अपाङ्ग वा अशक्त भएका र विस्थापितहरुको लागि उचित राहत, सम्मान र पुनर्स्थापनाको व्यवस्था गर्ने ।<br><br>(५) सहिद परिवार, बेरोजगार, श्रमिक, असहाय बालबालिका, कमैया, भूमिहीन, बेच विखनमा परेका चेलीबेटी र मानसिक सन्तुलन ठिक नभएका व्यक्तिको लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने ।<br><br>(६) नेपाल राज्य पक्ष भएको अन्तर्राष्ट्रिय सन्धी सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने । | तत्कालिन संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र भित्रको यो विषय संविधान मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| ९ | राज्यका निर्देशक सिद्धान्तहरु | राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायत सबै किसिमका असमानता हटाई विभिन्न वर्ग, क्षेत्र, जात, जाति, धर्म, वर्ण, लिङ्ग, भाषा, समुदाय, र सम्प्रदायका बीच सामञ्जस्यता कायम गरी न्याय र समानतामा आधारित समाजको निर्माण र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ । | तत्कालिन संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र भित्रको यो विषय संविधान मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| १० | राज्यका नीतिहरु | (१) विभिन्न भाषा, धर्म, संस्कृति वा मूल्य मान्यता रहेका व्यक्ति, समुदाय वा सम्प्रदाय बीच समानता, आपसी विश्वास, सम्मान एवं सद्भावका आधारमा व्यापक सामाजिक सम्बन्धको विकास गरी सबै भाषा, संस्कृति र मूल्य मान्यताको समान संरक्षण, प्रयोग र विकासद्वारा सामाजिक स्वार्थको प्रोत्साहन गर्दै राष्ट्रिय एकतालाई मजबुत गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।<br><br>(२) लोपोन्मुख भाषा एवं संस्कृतिको संरक्षण, प्रयोग र विकासका लागि राज्यले विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ ।<br><br>(३) सामाजिक, सांस्कृतिक मूल्य मान्यता वा भिन्नताका कारण सामाजिक वहिस्करणमा परेका समूह, समुदाय वा वर्गको मूलप्रवाहीकरणका लागि राज्यले सकारात्मक विभेदका साथै महिला र दलितको लागि विशेषाधिकारको नीति अख्तियार गर्दै एउटा महिला आयोग गठन गर्नेछ । | तत्कालिन संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र भित्रको यो विषय संविधान मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले सहमति रहेकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | (४)मधेशी/तराईवासी, दलित, आदिवासी/जनजाति, महिला, मुस्लिम, मजदुर, किसान, अपाङ्ग, तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समानुपातिक समावेशीकरणको आधारमा राज्य संरचनामा सहभागी गराई सम्मानजनक पहुँचको सुनिश्चितता गर्न ती समूहहरुको आर्थिक, सामाजिक विकासका विशेष कार्यक्रम सञ्चालन गर्नेछ ।<br><br>(५) सबै किसिमका आर्थिक एवं सामाजिक असमानता हटाउन देशमा उपलब्ध श्रोत र साधनलाई राज्यले सामाजिक न्यायका आधारमा वितरण गर्नेछ । राष्ट्रिय अर्थतन्त्रको विकासका लागि पूंजी निर्माण, जनशक्ति विकास र पूर्वाधार निर्माण गर्न राज्यले विशेष नीति अख्तियार गर्नेछ । आर्थिक स्वावलम्बन कार्यक्रम मार्फत सामाजिक एकता कायम गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।<br><br>(६) समाजका उन्नत मूल्य मान्यता र नैतिकताको प्रतिकूल रहेका कानूनको परिमार्जन गरी समयानुकुल कानूनको निर्माणमा राज्यले जोड दिने छ ।<br><br>(७) आर्थिक, सामाजिक रुपले पछाडि परेका, पारिएका वर्ग, एकल महिला, अनाथ, बालबालिका, असहाय, बृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र विकासका लागि राज्यले सामाजिक सुरक्षाको विशेष व्यवस्था गरी समन्यायिक ढंगबाट वितरण गर्ने नीति अवलम्बन गर्नेछ । | | |
| ११ | सामाजिक ऐक्यबद्धताको प्रवर्द्धन गर्ने | | यो सहमति भएको विषय भएकोले मस्यौदाको लागि संविधान मस्यौदा | मस्यौदा प्रतिवेदनको धारा ११, मा संघीय संरचनाको |

| | | | | |
|---|---|---|---|---|
| | | | समितिमा पठाउने । | निर्माण गर्दा जोड दिनु पर्ने विषय उल्लेख रहेको, संविधान निर्माण कै क्रममा संघीय संरचना निर्माण भई संविधानमा लेखिने भएकोले यो विषयलाई प्रस्तावना तयार गर्दा र राज्य पुर्नसरचना गर्दा यथोचित ध्यान दिने । यहा अलग धाराको रुपमा राख्न आवश्यक नपर्ने भन्ने सुझाव बमोजिम हटाइएको । |
| १२ | **दलित आयोगको स्थापना** | (१) केन्द्रिय सरकार अन्तर्गत एउटा दलित आयोगको स्थापना गरिनेछ । <br> (२) आयोगमा दलित समुदाय मध्येबाट एक जना अध्यक्ष र आवश्यक संख्यामा सदस्यहरु रहनेछन् । <br> (३) आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : <br> (क) दलित उपर हुने छुवाछुत लगायत सबै किसिमका विभेदको अन्त्यका लागि आवश्यक कानुनी व्यवस्था गर्न र विद्यमान कानूनको परिमार्जनका लागि सरकारलाई सिफारिस गर्ने, <br> (ख) दलित समुदायको राजनैतिक, आर्थिक, सामाजिक र शैक्षिक उत्थानका लागि चाल्नुपर्ने कदमका | तत्कालिन संविधानसभाको संवैधानिक निकायको संरचना निर्धारण समितिको कार्यक्षेत्र भित्रको यो विषय संविधान मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | बारेमा सुझाव पेश गर्ने,<br>(ग)जातीय विभेदसँग सम्बन्धित सामाजिक विवादहरुको अध्ययन, अनुसन्धान गरी आवश्यक सुझाव दिने,<br>(घ)दलित उपर हुने विभेद र सामाजिक बहिस्करण हटाई दलित मानवअधिकार प्रवर्द्धनमा सहयोग गर्ने,<br>(ङ) आम सचेतनाका कार्यहरु सञ्चालन गर्ने,<br>(च) कानूनको कार्यान्वयन लगायत दलित समुदायको अवस्थाको नियमित अध्ययन, अनुसन्धान र अनुगमन गर्ने ।<br>(४)आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।<br>(५) प्रान्तीय सरकारसँग समन्वय गरी प्रान्तमा आयोगका शाखाहरु स्थापना गर्न सकिनेछ । | | |
| १३ | **राष्ट्रभाषा** | (१)नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषा हुन् ।<br>**(२) राष्ट्रभाषाको समान संरक्षण र विकास गर्नु राज्यको दायित्व हुनेछ ।**<br>**(३) प्रत्येक मातृभाषी समुदायलाई आफ्नो भाषिक पहिचान र भाषासंगको सम्बन्धलाई सम्मानपूर्वक अनुभूति गर्न पाउने अधिकार हुनेछ ।**<br>**(४)'दृष्टिविहिनहरुलाई ब्रेललिपी तथा बहिराहरुलाई सांकेतिक भाषाको प्रयोग गर्न पाउने अधिकार हुनेछ ।'** | सहमतिको विषय भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | संविधानसभाको सम्झौता २०६७।१०।१२ को निर्णय अनुसार उपधारा (२) लाई राज्यको दायित्व अन्तर्गत उपयुक्त स्थानमा राख्ने , उपधारा (३) को व्यवस्थालाई मौलिक हक अन्तर्गत उपयुक्त स्थानमा राख्ने र उपधारा (४) मा |

| | | | | |
|---|---|---|---|---|
| | | | | रहेको व्यवस्थालाई मौलिक हक अन्तर्गत शिक्षा सम्बन्धी हकमा समावेश गर्ने भनिएकोले सो बमोजिम परिमार्जन गरिएको । |
| १४ | सरकारी कामकाजको भाषा | (१) राज्यमा सरकारी कामकाजको भाषा बहुभाषिक नीति अनुरुप हुनेछ ।<br><br>(२) उपधारा (१) मा उल्लिखित मान्यताको आधारमा केन्द्रीय सरकारको सरकारी कामकाजको भाषा देवनागरी लिपीमा नेपाली भाषा हुनेछ र संविधानको धारा ... (मस्यौदामा कति धारामा उक्त व्यवस्था रहन्छ सो धारा यहाँ उल्लेख गर्ने) बमोजिमको भाषा आयोगले सूचीकृत गरेका अन्य नेपाली भाषाहरुले पनि सरकारी कामकाजको भाषाको रुपमा मान्यता पाउने छन् ।<br><br>(३) उपधारा (२) मा उल्लेखित भाषाका अतिरिक्त प्रान्तीय विधायिकाले कानूनद्वारा निर्धारण गरे बमोजमको अन्य भाषा स्थानीय निकायको सरकारी कामकाजको भाषा हुनेछ ।<br><br>(४) उपधारा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सेवा प्राप्त गर्न आफ्नो मातृभाषाको प्रयोगमा कसैलाई बाधा पु-याएको मानिने छैन् ।<br><br>**स्पष्टीकरण** :– यस उपधारा बमोजिम मातृभाषामा प्राप्त लिखत, कागजात ईत्यादि सम्बन्धित निकायले केन्द्रीय सरकारको सरकारी कामकाजको भाषामा अनुवाद गरी राख्नेछ । | यो सहमति भएको विषय भएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभाको मिति २०६७।०१।२ को निर्णय बमोजिम परिमार्जन गरिएको । |
| १५ | केन्द्रिय सरकार र | (१) केन्द्रिय सरकार र प्रान्तीय सरकार बीचको सरकारी कामकाजको भाषा केन्द्रिय सरकारको | सहमति कायम भएको देखिएकाले | |

| | | | | |
|---|---|---|---|---|
| | **प्रान्तीय सरकार तथा प्रान्तीय सरकारहरु बीचको सरकारी कामकाजको भाषा** | सरकारी कामकाजको भाषा हुनेछ ।<br><br>तर प्रान्तले आफ्नो प्रान्त भित्र सरकारी कामकाजको भाषाको रुपमा तोकेको भाषा मध्ये कुनै एक भाषामा केन्द्रिय सरकारसंग सरकारी कामकाज गर्न सक्नेछ ।<br><br>(२) प्रान्तीय सरकारहरु बीच केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा र आपसी सहमतिका आधारमा निर्धारण भएको अन्य कुनै भाषा सरकारी कामकाजको भाषा हुन सक्नेछ । | मस्यौदाको लागि संविधान मस्यौदा समतिमा पठाउने । | |
| १६ | **भाषा आयोगको स्थापना** | (१) केन्द्रिय सरकार अन्तर्गत एउटा स्थायी भाषा आयोगको स्थापना गरिनेछ ।<br><br>(२) आयोगमा अध्यक्षका अतिरिक्त आवश्यक संख्यामा सदस्यहरु रहनेछन् ।<br><br>(३) उपधारा (२) बमोजिम सदस्यहरुको नियुक्ति गर्दा प्रान्तहरुबाट समेत प्रतिनिधित्व गराइनेछ ।<br><br>(४) आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :<br><br>(क) सरकारी कामकाजको भाषाका रुपमा मान्यता पाउन पुरा गर्नुपर्ने आधारहरुको निर्धारण गरी भाषाको सिफारिस गर्ने ।<br><br>(ख) भाषाहरुको संरक्षण, सम्बर्द्धन र विकासका लागि अवलम्बन गर्नुपर्ने उपायहरुको सिफारिस गर्ने ।<br><br>(ग) मातृभाषाहरुको विकासको स्तर मापन गरी शिक्षामा प्रयोगको सम्भाव्यताका बारेमा सुझाव पेश गर्ने ।<br><br>(घ) भाषाहरुको अध्ययन, अनुसन्धान र अनुगमन | यो विषयमा सहमति रहेकोले संविधान मस्यौदा समितिमा पठाउने । | भाषा आयोग सम्बन्धी विषय संवैधानिक निकायको संरचना निर्धारण समितिको कार्यक्षेत्रभित्र पर्ने देखिन्छ । सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समितिको मस्यौदामा समितिको दृष्टिले सम्बन्धित भागमा राख्न सिफारिस गरिएका विषयलाई संवैधानिक समितिले महत्वपूर्ण सन्दर्भ सामग्रीको रुपमा ग्रहण गरी |

| | | | | |
|---|---|---|---|---|
| | | गर्ने ।<br>(५) भाषा आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।<br>(६) उपधारा (१) बमोजिमको आयोग यो संविधान जारी भएको मितिले १ वर्ष भित्र गठन भई उपधारा (३) को खण्ड (क) बमोजिमको कार्य पहिलो पटकको लागि बढिमा ५ वर्ष भित्र सम्पन्न गर्नेछ ।<br>(७) केन्द्रिय सरकारले प्रान्तीय सरकारसँग समन्वय गरी प्रान्तमा आयोगका शाखाहरु स्थापना गर्न सक्नेछ । | | सम्बन्धित विषयलाई पूर्णता दिने क्रममा ध्यान दिने ।<br>भाषा आयोग स्थायी हुने गरी मस्यौदा तयार गर्ने । |
| १७ | **अदालती काम कारवाही तथा आधिकारिक लिखतको भाषा** | (१) अदालती काम कारवाहीको भाषा केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा हुनेछ ।<br>(२) एकै पटक एक भन्दा बढी भाषामा तयार भएको लिखत, दस्तावेज आदिको आधिकारिकताको विषयमा कुनै विवाद उत्पन्न भएमा देवनागरी लिपिको नेपाली भाषामा तयार गरिएको लिखत, दस्तावेजले मान्यता पाउनेछ । | यो सहमति भएको विषय भएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | संविधानसभाको निर्णय बमोजिम परिमार्जन गरिएको । |

## ७. अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति

| सि. नं. | विषयवस्तु | सहमति भएका विषय | समितिको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १. | १.प्रस्तावना | "अल्पसंख्यक, सीमान्तकृत तथा पछाडि पारिएको वा बहिष्करणमा पारिएका समुदायको हक, अधिकारको पूर्ण प्रत्याभूति सहित राज्य व्यवस्थाका हरेक तह र निकायमा सबै वर्ग, जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, अपाङ्ग, धर्म, भाषा, वर्ण, लिङ्ग, वर्ग र क्षेत्रका व्यक्तिहरुको पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने न्यायपूर्ण समावेशी राज्य निर्माणबाट मात्र लोकतन्त्र, कानूनी राज्य, दीर्घकालिन शान्ति, स्थिरता र विकास सम्भव हुन्छ भन्ने कुरालाई स्वीकार गर्दै...." | यो समितिको कार्यक्षेत्रमा नपरेको भए पनि संविधान मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामाग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| २ | २.राष्ट्रको परिभाषा | नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक समानता, स्वतन्त्रता र न्यायमा आधारित .................. जातीय बिभेद र छुवाछुतमुक्त भाषिक र धार्मिक भेदभावरहित............संघिय, लोकतान्त्रिक गणतन्त्रात्मक, धर्मनिरपेक्ष, पूर्ण समानुपातिकता सहित समावेशी राज्य हो । | यो विषय यस अल्पसंख्यक समितिको कार्यक्षेत्रमा नपरेको भए पनि संविधान मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामाग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ३ | ३.राष्ट्रभाषा | (१) देवनागरी लिपिमा नेपाली भाषा नेपाल राष्ट्रको सरकारी कामकाज र प्रान्तिय राज्य बीचको सम्पर्क भाषा हुनेछ ।<br>(२) नेपालका विभिन्न भागमा मातृभाषाका रुपमा बोलिने सबै भाषाहरु राष्ट्र भाषा हुनेछन् र राज्यले सबै मातृभाषालाई समान व्यवहार गर्नेछ ।<br>(३) प्रान्तीय वा राज्य कार्यकारिणीले आफ्नो प्रान्त वा राज्यभित्र बहुसंख्यक जनताले बोल्ने एक वा | यो विषय तत्कालीन संविधानसभाको सांस्कृतिक तथा सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको कार्यक्षेत्रमा परेको भए पनि संविधान मस्यौदा | |

| | | | | |
|---|---|---|---|---|
| | | एकभन्दा बढी भाषालाई सहमतिका आधारमा प्रान्तिय वा राज्य कामकाजको भाषाको रुपमा चयन गर्नेछ ।<br>(४) अंग्रेजी भाषा अन्तर्राष्ट्रिय सम्पर्क भाषा हुनेछ ।<br>(५) बहिरा नागरिकलाई नेपाली सांकेतिक भाषा प्रयोग र संचार गर्ने हक हुनेछ ।<br>(६) दृष्टिविहिन नागरिकलाई ब्रेल लिपि प्रयोग गर्ने हक हुनेछ ।<br>(७) नेपालभित्र मातृभाषाका रुपमा बोलिने सबै भाषाको पहिचान, अध्ययन, अनुसन्धान, स्तरीकरण, संरक्षण र सम्वर्धन गर्न एक राष्ट्रिय भाषा आयोग रहने<br>छ ।<br>(८) उपधारा (७) बमोजिमको राष्ट्रिय भाषा आयोगको गठन, काम, कर्तव्य र अधिकार एवं कार्यविधि कानूनद्वारा निर्धारित भए बमोजिम हुनेछ । | समितिलाई महत्वपूर्ण सन्दर्भ सामाग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ४ | ४.नागरिकता | (१) सबै नेपाली नागरिकलाई आफ्नो बाबु वा आमा वा दुवैको नामबाट नागरिकता प्राप्त गर्ने हक हुनेछ ।<br>(२) नेपाल सरहदभित्र जन्म भएका तर बाबु आमा नखुलेका नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम नागरिकता प्राप्त गर्ने हक हुनेछ ।<br>(३) सबै नेपाली नागरिकलाई आफ्नो वंश, थर वा कैरनका आधारमा नागरिकता प्राप्त गर्ने हक हुनेछ ।<br>(४) राज्यले नागरिकताको प्राप्ति, प्रयोग र समाप्तिमा कुनै पनि नागरिक माथि जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, धर्म, वर्ण, भाषा, लिङ्ग, यौनिक तथा लैङ्गिक पहिचान, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा | यो विषय तत्कालीन संविधानसभाको मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्रमा परेको भए पनि संविधान मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामाग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा क्षेत्र वा शारीरिक वा मानसिक रुपमा अशक्त वा अपाङ्ग अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव गर्ने छैन ।<br><br>(५) तेश्रो लिङ्गी नागरिकलाई आफ्नो लैङ्गिक पहिचान सहित तेश्रो लिङ्गीको नागरिकता प्राप्त गर्ने हक हुनेछ ।<br><br>(६) नागरिकताको प्राप्ति, समाप्ति, अङ्गिकृत एवं मानार्थ नागरिकता प्रदान लगायतका अन्य विषयहरु कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | |
| ५. | ५. समानताको हक | (१) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् ।<br><br>(२) सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि जाति, आदिवासी, जनजाति, तराईवासी, मधेशी, मुस्लिम, धर्म, वर्ण, लिङ्ग, यौनिक तथा लैङ्गिक पहिचान, भाषा, राजनीतिक वा अन्य विचारधारा वा सामाजिक उत्पत्ति, वा जातीय विभेद र छुवाछुत, सम्पत्ति, जन्म वा क्षेत्र वा शारीरिक वा मानसिक रुपमा अशक्त वा अपाङ्ग अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव गरिने छैन ।<br><br>(३) राज्यले नागरिकहरुका बीच जाति, आदिवासी, जनजाति, तराईवासी, मधेशी, मुस्लिम, धर्म, वर्ण, लिङ्ग, यौनिक तथा लैङ्गिक पहिचान, भाषा, राजनीतिक वा अन्य विचारधारा वा सामाजिक उत्पत्ति वा जातीय विभेद र छुवाछुत, सम्पत्ति, जन्म वा क्षेत्र वा शारीरिक वा मानसिक रुपमा अशक्त वा अपाङ्ग अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव गर्ने छैन । | यो विषय तत्कालीन संविधानसभाका मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्रमा परेको भए पनि संविधान मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामाग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | तर,<br><br>आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक र स्वास्थ्यमा पिछडिएका समुदाय वा वर्गको पहिचान गरी उनीहरुको संरक्षण, विकास र सशक्तिकरणका लागि राज्यले विगतको उत्पीडनको क्षतिपूर्ति सहित सकारात्मक विभेदका आधारमा कानुनद्वारा विशेष व्यवस्था गर्नेछ ।<br><br>(४) समान कामका लागि कुनै पनि व्यक्तिलाई जाति, आदिवासी, जनजाति, तराईवासी, मधेशी, मुस्लिम, धर्म, वर्ण, लिङ्ग, यौनिक तथा लैङ्गिक पहिचान, भाषा, राजनीतिक वा अन्य विचारधारा वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा शारीरिक वा मानसिक रुपमा अशक्त वा अपाङ्ग अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा पारिश्रमिक लगायत कुनै पनि किसिमको सुविधा प्रदानमा भेदभाव गरिने छैन । | | |
| ६ | **६. जातीय भेदभाव तथा छुवाछुत विरुद्धको हक:** | (१) कुनै पनि व्यक्तिलाई जात, उत्पत्ति, समुदाय, पेशा वा शारीरिक अवस्थाका आधारमा कुनै प्रकारको छुवाछुद भेदभाव गरिने छैन ।<br><br>(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा<br><br>त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।<br><br>(३) कुनै जात, जाति, उत्पत्ति वा शारीरिक अवस्थाका व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछुतका आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार | सहमति भएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | यो विषय तत्कालीन संविधानसभा को मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र भित्र परेको र उक्त समितिको प्रतिवेदनको पृष्ठ ३१ धारा ९ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक शीर्षकमा यस सम्बन्धि उपयुक्त व्यवस्था गरेकोले सोही मस्यौदालाई नै संविधानको |

| | | | | |
|---|---|---|---|---|
| | | गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।<br><br>(४) जातीय आधारमा छुवाछुत गरी वा नगरी तथा कुनै व्यक्तिलाई निजको इच्छा विपरित काममा लगाउन वा कार्यस्थलमा कुनै प्रकारको विभेद गर्न पाइने छैन ।<br><br>(५) छुवाछुत वा भेदभावजन्य सबै प्रकारका कार्य सामाजिक अपराधको रुपमा कानूनद्वारा दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्तिको हक हुनेछ । | | मस्यौदामा समावेश गर्न तत्कालिन संविधानसभाले निर्देशन दिएकोले सोही बमोजिम गर्न संविधान मस्यौदा समितिको ध्यानाकर्षण गराउने । |
| ७ | **७. सांस्कृतिक तथा शिक्षा सम्बन्धी हक** | (१) नेपाल राज्यमा बसोबास गर्ने प्रत्येक व्यक्ति, परिवार वा समुदायलाई आफ्नो भाषा, लिपि एवं मानव अधिकार सम्बन्धी विश्वव्यापि मूल्य र मान्यता प्रतिकुल नहुने संस्कृति, प्रथा, परम्परा, रीतिरिवाज र चालचलनहरुको संरक्षण, सम्वर्धन र प्रयोग गर्ने हक हुनेछ ।<br><br>तर,<br><br>सार्वजनिक शान्ति र सुव्यवस्थामा खलल पार्ने वा अपराध वा हिंसात्मक कार्य गर्न दुरुत्साहन दिने वा नैतिकता वा विभिन्न जात, जाति, धर्म, भाषा, क्षेत्र लगायतका समुदाय वा सम्प्रदायका बीचको सु-सम्बन्धमा खलल पार्ने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।<br><br>(२) प्रत्येक नागरिकलाई उच्च तहसम्मको निःशुल्क शिक्षा प्राप्त गर्ने हक हुनेछ ।<br><br>(३) सबै धार्मिक, सांस्कृतिक तथा भाषिक समुदायहरुको चाहना अनुसारको शैक्षिक संस्थाहरु स्थापना वा संचालन गर्न पाउने हकलाई सुनिश्चित | यो विषय तत्कालीन संविधानसभाको मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्रमा परेको भए पनि संविधान मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामाग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | गर्ने राज्यको दायित्व हुनेछ ।<br><br>तर,<br><br>सार्वजनिक शान्ति र व्यवस्थामा खलल पार्ने वा अपराध वा हिंसात्मक कार्य गर्न दुरुत्साहन दिने वा नैतिकता वा विभिन्न जात, जाति, धर्म, भाषा, क्षेत्र लगायतका समुदाय वा सम्प्रदायका बीचको सुसम्बन्धमा खलल पार्ने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।<br><br>(४) कुनै पनि शैक्षिक संस्थालाइ कुनै खास धार्मिक, सांस्कृतिक वा भाषिक समुदायबाट स्थापना वा संचालन गरिएको कारणबाट राज्यबाट प्राप्त हुने सहयोग प्राप्त गर्नबाट बञ्चित वा भेदभाव गरिने छैन ।<br><br>(५) कुनै पनि व्यक्तिलाई कुनै खास धार्मिक, सांस्कृतिक वा भाषिक समुदायबाट स्थापना वा संचालन गरिएको शैक्षिक संस्थाबाट शिक्षा प्राप्त गरेको कारणबाट उच्च शिक्षाका लागि सार्वजनिक शैक्षिक संस्थामा भर्ना हुन वा शिक्षा लिनबाट बन्चित गरिने छैन ।<br><br>(६) कुनै पनि व्यक्तिलाई कुनै जाति, आदिवासी, जनजाति, तराईवासी, मधेशी, मुस्लिम, धर्म, लिङ्ग, वर्ण, भाषा, क्षेत्र वा संस्कृतिको आधारमा राज्यद्वारा संचालित वा सहयोग प्राप्त शैक्षिक संस्थामा भर्ना हुन वा शिक्षा लिनबाट बञ्चित गरिनेछैन । | | |
| ८ | **८. धर्म सम्बन्धी हक** | (१) सबै व्यक्तिलाई देहायका धार्मिक स्वतन्त्रता हुनेछ ।<br><br>(क) कुनै धर्म ग्रहण गर्ने वा नगर्ने,<br><br>(ख) आफ्नो आस्था अनुसारको धर्मको प्रचलन र | **यो विषय तत्कालीन संविधानसभाको मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको** | |

| | | | | |
|---|---|---|---|---|
| | | अभ्यास गर्ने,<br>(ग) आफ्नो आस्थाको धर्म र धार्मिक विश्वासको प्रचार, प्रसार गर्ने,<br>(घ) स्वेच्छाले कुनै धर्म त्याग वा परिवर्तन गर्ने, र<br>(ङ) धार्मिक संघ, संगठन स्थापना र संचालन गर्ने ।<br>(२) उपधारा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा उल्लेखित धार्मिक स्वतन्त्रताको प्रयोग गर्दा अन्य धर्म वा धार्मिक आस्थामा आँच नआउने गरि गर्नु पर्नेछ ।<br>(३) कसैले कसैको इच्छा विपरित धर्म परिवर्तन गराउन पाउने छैन ।<br>(४) उपधारा (२) र (३) विपरितको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ ।<br>(५) प्रत्येक धार्मिक सम्प्रदायलाई कानुन बमोजिम आफ्नो स्वतन्त्र अस्तित्व एवं धार्मिक सहिष्णुता कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ । | कार्यक्षेत्रमा परेको भए पनि संविधान मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामाग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ९ | **९.अल्पसंख्यक समुदायको अधिकार** | अल्पसंख्यक समुदायलाई देहायबमोजिमको अधिकार प्रत्याभुत गरिएको छ :<br>क) आफ्नो सरोकार रहेका र आफूलाई प्रभावित पार्ने नीति निर्माणमा सहभागिताको हक,<br>ख) सांस्कृतिक सम्पदा, परम्परागत ज्ञान, सीप र प्रविधि सम्बन्धी हक,<br>ग) भाषा लिपी धर्म सम्बन्धी हक,<br>घ) भूमि र प्राकृतिक स्रोत साधन सम्बन्धी हक, | सहमति भएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने। | समितिको प्रतिवेदनमा रहेको मस्यौदाको सट्टा अल्पसंख्यक र सिमान्तकृत समुदायलाई प्रत्याभुत गर्नुपर्ने अलग अलग र ठोस अधिकारको सूची मस्यौदामा राख्न तत्कालीन |

| | | | | |
|---|---|---|---|---|
| | | ङ) सामाजिक सुरक्षाको हक,<br>च) मातृभाषामा सूचना र संचारको हक,<br>छ) राज्यका संरचनामा विशेष प्रतिनिधित्वको हक,<br>ज) आफ्नो समुदायको हित र कल्याणका लागि मौलिक संस्कृति र परम्परा संरक्षणको हक । | | संविधानसभा ले २०६६।१।२० मा दिएको निर्देशन बमोजिम परमार्जन गरिएको । |
| १० | **१०. सिमान्तकृत समुदायको अधिकार** | सिमान्तकृत समुदायलाई देहायबमोजिमको अधिकार प्रत्याभुत गरिएको छः<br>क) राज्यका सबै संरचनामा समानुपातिक प्रतिनिधित्वको हक,<br>ख) सार्वजनिक सेवामा आरक्षण एवं उपस्थितिको विशेष हक,<br>ग) शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा विशेष अधिकार ।<br>घ) भुमि र प्राकृतिक स्रोत साधन सम्बन्धी हक । | सहमति भएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने | तत्कालीन संविधानसभाको निर्देशन बमोजिम थप गरिएको । |
| ११ | **११. राज्यको निर्देशक सिद्धान्त** | (१) देशमा उपलब्ध आर्थिक श्रोत र साधनलाई सीमित व्यक्तिहरुमा केन्द्रित हुन नदिई आर्थिक तथा सामाजिक न्याय सिद्धान्तको आधारमा आर्थिक अवसर र उपलब्धिमा सबै जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, अपाङ्ग, धर्म, भाषा, लिङ्ग, वर्ग, क्षेत्र र अवस्थाका व्यक्तिको समान पहुंच, नियन्त्रण र न्यायोचित बितरणलाई नागरिकको अधिकारका रुपमा स्थापित गरी स्वदेशी निजि तथा सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र एवं आत्म निर्भर गराउनु राज्यको मूलभूत आर्थिक उद्देश्य हुनेछ ।<br>(२) सबै किसिमका जातीय विभेद र छुवाछुत, धार्मिक, भाषिक, यौनिक वा लैङ्गिक, आर्थिक, सामाजिक, | यो विषय तत्कालीन संविधानसभाको मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्रमा परेको भए पनि संविधान मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामाग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | राजनीतिक, शैक्षिक, प्रशासनिक र क्षेत्रीय भेदभाव र असमानता हटाई विभिन्न जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, धर्म, भाषा, वर्ण, लिङ्ग, यौनिक तथा लैङ्गिक पहिचान, अपाङ्ग, सम्प्रदाय, क्षेत्र र अवस्थाका नागरिकका बीच एकता र भ्रातृत्वका आधारमा आपसी सौहार्द्रता र सामञ्जस्यपूर्ण सम्बन्धको स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ । | | |
| १२ | १२. राज्यका नीतिहरु | (१) देशको सन्तुलित विकासका लागि आर्थिक लगानी, उत्पादन र उत्पादन सम्बन्धको न्यायोचित वितरण एवं स्थानीय श्रम, सीप, क्षमता र दक्षताको पूर्ण उपयोग गरी सबै जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, अपाङ्ग, धर्म, भाषा, लिङ्ग, वर्ग, क्षेत्र र अवस्थाका व्यक्तिको शिक्षा, स्वास्थ्य, यातायात, आवास, खाद्यान्न र रोजगारी जस्ता आधारभूत कुराहरु प्रदान गरी नागरिकको मर्यादित जीवन बाच्न पाउने हक सुनिश्चित गर्ने नीति राज्यले अवलम्बन<br>गर्नेछ । | यो विषय तत्कालीन संविधानसभाका मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्रमा परेको भए पनि संविधान मस्यौदा समितिलाई महत्वपूर्ण सन्दर्भ सामाग्री हुने भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| १३ | १३. परिभाषा र व्याख्या | (क) "अल्पसंख्यक समुदाय भन्नाले कानूनद्वारा निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूहहरुलाई सम्झनुपर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाइ राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।"<br><br>(ख) "सीमान्तकृत समुदाय भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा | सहमति भएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने। | तत्कालिन संविधानसभाको निर्णय बमोजिम थप गरिएको व्यवस्था । |

| | | | | |
|---|---|---|---|---|
| | | सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका पछिल्लो मानव विकास सूचकाङ्को कानूनद्वारा निर्धारित स्तर भन्दा न्यून स्थितिमा रहेका समुदायलाई सम्झनुपर्छ र सो शब्दले अतिसीमान्तकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।" | | |

**द्रष्टव्य** : संविधानले गरेको अल्पसंख्यक तथा सिमान्तकृत समुदायको परिभाषामा समयानुकुल परिमार्जनको सिफारिस गर्न, ती समुदायहरुको लागि प्रत्याभूत गरिएका अधिकारहरुको कार्यान्वयनको स्थिति अनुगमन गर्न, आवधिक रुपमा हुने राष्ट्रिय जनगणना र मानव विकास सूचकांकको आधारमा अल्पसंख्यक र सीमान्तकृत समुदायको सूचीमा गरिनुपर्ने परिमार्जनको सिफारिस गर्ने समेतका अधिकार क्षेत्र भावी संविधानमा संवैधानिक निकायको रुपमा रहने कुनै एक आयोगमा रहने गरी मस्यौदा गर्न तत्कालीन संविधानसभाले २०६६।१२।२० मा निर्देशन दिएकोले संविधान मस्यौदा समितिले ध्यान दिन उपयुक्त हुने ।

# ८ राज्यको शासकीय स्वरूप निर्धारण समिति

**प्रादेशिक कार्यकारीणी**

| सि. नं. | विषय | सहमति भएका विषय | समितिको निर्क्योल | कैफियत |
|---|---|---|---|---|
| १. | धारा १<br><br>प्रादेशिक कार्यकारिणी अधिकारको प्रयोग | (१) संविधान र कानुनको अधीनमा रही प्रदेशको कार्यकारिणी अधिकार सम्बन्धित प्रदेशको मन्त्रीपरिषदमा निहित रहनेछ ।<br><br>तर संकटकालीन अवस्था वा केन्द्रीय शासन लागू भएको अवस्थामा प्रादेशिक कार्यकारी निकाय कायम नरहेमा प्रदेशप्रमुखले कार्यकारिणी अधिकारको प्रयोग गर्नेछ ।<br><br>(२) यो संविधान र अन्य कानुनको अधीनमा रही प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रादेशिक मन्त्रिपरिषदमा रहनेछ ।<br><br>(३) प्रदेशको कार्यकारिणी कार्यहरू प्रादेशिक सरकारका नाममा हुनेछन् ।<br><br>(४) प्रादेशिक कार्यकारिणी अधिकार यस संविधानको अधीनमा रही अनुसूची ... मा उल्लिखित प्रादेशिक सूचि र साझा सूचिमा उल्लिखित विषयवस्तुमा सीमित रहनेछ ।<br><br>तर साझा सूचीमा उल्लेखित विषयवस्तुका सम्बन्धमा कार्यकारिणी अधिकारको प्रयोग गर्दा संघीय सरकारसँगको समन्वयमा गरिनेछ ।<br><br>(५) उपधारा (३) बमोजिम प्रादेशिक सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण प्रादेशिक कानुनद्वारा व्यवस्था भए बमोजिम हुनेछ । | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालिन संविधानसभा को पूर्ण बैठकबाट परिमार्जन भएका विषय पनि समावेश गरिएको । |
| २. | धारा २<br><br>प्रदेशप्रमुख सम्बन्धी व्यवस्था | (१) प्रत्येक प्रदेशमा केन्द्रीय सरकारको प्रतिनिधिको रूपमा "प्रदेशप्रमुख" रहनेछ ।<br><br>(२) राष्ट्रपतिले सम्बन्धित प्रदेशको मुख्यमन्त्रीसँग परामर्श गरी सो प्रदेशको प्रदेश प्रमुखको नियुक्ति गर्नेछ ।<br><br>तर यो संविधान जारी भएपछि एकपटकलाई | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रदेशप्रमुख नियुक्ति गर्दा यस्तो परामर्श आवश्यक पर्नेछैन ।<br>(३) प्रदेशप्रमुखको पदावधि ५ वर्षको हुनेछ ।<br>तर राष्ट्रपतिले आवश्यक ठानेमा सो पदावधि समाप्त हुनुभन्दा अगावै निजलाई पदमुक्त गर्न सक्नेछ ।<br>(४) कुनै व्यक्ति लगातार दुई पटकभन्दा बढी प्रदेशप्रमुख हुनेछैन । | पठाउने । | |
| ३. | धारा ३<br>प्रदेशप्रमुखको योग्यता | देहाय बमोजिमको योग्यता भएको व्यक्ति प्रदेशप्रमुखको पदमा नियुक्त हुनसक्नेछ :<br>(क) ३५ वर्ष उमेर पूरा भएको,<br>(ख) संघीय व्यवस्थापिकाको सदस्य हुन योग्य । | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ४. | **धारा ४**<br>**प्रदेशप्रमुखको पद रिक्त हुने अवस्था** | (१) देहायको अवस्थामा प्रदेश प्रमुखको पद रिक्त हुनेछ :<br>(क) मृत्यु भएमा,<br>**(ख) राष्ट्रपतिसमक्ष राजिनामा दिएमा,**<br>(ग) पदावधि समाप्त भएमा वा सो अगावै राष्ट्रपतिले निजलाई पदमुक्त गरेमा ।<br>(२) कुनै प्रदेशको प्रदेशप्रमुखको पद रिक्त भएको अवस्थामा प्रदेशप्रमुखको नियुक्ति नभएसम्मको लागि राष्ट्रपतिले अर्को कुनै प्रदेशको प्रदेश प्रमुखलाई कामकाज गर्ने गरी तोक्न सक्नेछ । | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालिन संविधानसभा को पूर्ण बैठकबाट परिमार्जन भएका विषय पनि समावेश गरिएको । |
| ५. | **धारा ५**<br>**प्रदेशप्रमुखको काम कर्तव्य र अधिकार** | (१) प्रदेश प्रमुखको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :<br>(क) प्रादेशिक व्यवस्थापिकाको अधिवेशन आह्वान र अन्त्य गर्ने ।<br>(ख) प्रादेशिक व्यवस्थापिकाले पारित गरेका विधेयकमा स्वीकृति प्रदान गर्ने ।<br>(ग) संविधान तथा कानुन बमोजिम नियुक्ति गर्नुपर्ने सम्बन्धित प्रदेशका विभिन्न पदाधिकारीहरूको नियुक्ति गर्ने ।<br>(घ) प्रादेशिक तहको पुरस्कार, मानपदवी, | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | अलंकार र पदकहरू प्रदान गर्ने ।<br>(ङ) प्रादेशिक एवं मातहतका अदालतहरूबाट प्रादेशिक कानुन अन्तर्गत पाएका सजायलाई माफी, मुल्तवी र सजाय कम गर्ने ।<br>(२) संविधान र प्रचलित कानुन बमोजिम प्रदेशप्रमुखले आफ्नो अधिकारको प्रयोग गर्दा प्रादेशिक मन्त्रिपरिषदको सल्लाह र सम्मतिबाट गर्नेछ । यस्तो सल्लाह र सम्मति मुख्यमन्त्री मार्फत पेश हुनेछ ।<br>(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संविधान र कानुन बमोजिम अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने कार्यहरू गर्दा प्रादेशिक मन्त्रिपरिषदको सल्लाह र सम्मति आवश्यक पर्नेछैन । | | |
| ६. | **धारा ६**<br>प्रदेशप्रमुखको शपथ | प्रदेशप्रमुखले राष्ट्रपति समक्ष अनुसूची ... मा तोकिएको ढाँचामा आफ्नो पद तथा गोपनीयताको शपथ लिनेछ । | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ७. | **धारा ७**<br>प्रादेशिक मन्त्रिपरिषद को गठन | (१) संविधानको धारा ८ बमोजिम मुख्यमन्त्रीको नियुक्ति हुनेछ र निजको अध्यक्षतामा प्रादेशिक मन्त्रिपरिषदको गठन हुनेछ ।<br>(२) मन्त्रिपरिषदमा आवश्यकता अनुसार उप मुख्यमन्त्री र अन्य मन्त्रीहरू रहने छन् ।<br>**स्पष्टीकरण:** यस धाराको प्रयोजनका लागि मन्त्री भन्नाले **मुख्यमन्त्री, उप मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीसमेतलाई** जनाउँछ ।<br>(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुख्यमन्त्रीका अतिरिक्त मन्त्रिपरिषदमा सम्बन्धित प्रादेशिक व्यवस्थापिकाको कूल सदस्य संख्याको बीस प्रतिशत भन्दा बढी मन्त्रीहरू नियुक्ति गरिने छैनन् ।<br>(४) मुख्यमन्त्रीले मन्त्रीहरू नियुक्ति गर्दा प्रादेशिक व्यवस्थापिकाको सदस्यहरू मध्येबाट समानुपातिक एवं समावेशी सिद्धान्त बमोजिम नियुक्त गर्नुपर्नेछ । | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालिन संविधानसभा को पूर्ण बैठकबाट परिमार्जन भएका विषय पनि समावेश गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | (५) मुख्यमन्त्री र मन्त्रीहरू प्रादेशिक व्यवस्थापिकाप्रति सामूहिक रूपमा उत्तरदायी हुनेछन् र मन्त्रीहरू आफ्ना मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा मुख्यमन्त्री र प्रादेशिक व्यवस्थापिका प्रति उत्तरदायी हुनेछन् । | | |
| ८. | धारा ८<br><br>मुख्यमन्त्रीको नियुक्ति सम्बन्धी व्यवस्था | (१) सम्बन्धित प्रदेशको प्रदेशप्रमुखले प्रादेशिक व्यवस्थापिकाबाट निर्वाचित देहायमा उल्लेख गरे बमोजिमको व्यक्तिलाई प्रदेशको मुख्यमन्त्रीको पदमा नियुक्ति गर्नेछ :<br><br>(क) प्रादेशिक व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने दलहरूको सर्वसम्मतीबाट प्रस्तावित व्यवस्थापिकाको सदस्य<br><br>(ख) खण्ड (क) बमोजिम सर्वसम्मती कायम हुन नसकेमा प्रादेशिक व्यवस्थापिकामा बहुमत प्राप्त दलको नेता<br><br>(ग) प्रादेशिक व्यवस्थापिकामा कुनै एउटा दलको बहुमत प्राप्त नभएको अवस्थामा दुई वा दुईभन्दा बढी दलको समर्थनमा निर्वाचित प्रादेशिक व्यवस्थापिकाको सदस्य<br><br>(२) व्यवस्थापिकाबाट कुनैपनि व्यक्ति मुख्यमन्त्रीको रूपमा निर्वाचित हुन नसकेमा प्रादेशिक व्यवस्थापिकामा रहेको सबैभन्दा ठूलो दलको नेतालाई प्रदेशप्रमुखले मुख्यमन्त्रीमा नियुक्त गर्नेछ ।<br><br>तर यसरी नियुक्त मुख्यमन्त्रीले आफू नियुक्त भएको ३० दिनभित्र प्रादेशिक व्यवस्थापिकाको विश्वासको मत प्राप्त गर्नुपर्नेछ ।<br><br>**(३) देहायको अवस्थामा मुख्यमन्त्री आफ्नो पदबाट मुक्त हुनेछ :**<br><br>**(क) निजको मृत्यु भएमा, वा**<br><br>**(ख) प्रदेश प्रमुख समक्ष लिखित राजिनामा दिएमा, वा**<br><br>**(ग) निज प्रादेशिक व्यवस्थापिकाको सदस्य नरहेमा, वा**<br><br>**(घ) निज प्रति व्यवस्थापिकाको विश्वास छैन भनी प्रादेशिक व्यवस्थापिकाको कूल सदस्य संख्याको एकचौथाई सदस्यले राखेको अविश्वासको प्रस्ताव कूल सदस्य संख्याको** | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | बहुमतबाट पारित भएमा ।<br>(४) उप मुख्यमन्त्री, मन्त्री तथा राज्यमन्त्री देहायको अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन् :<br>(क) निजको मृत्यु भएमा, वा<br>(ख) निजले मुख्यमन्त्री समक्ष लिखित राजिनामा दिएमा, वा<br>(ग) उपधारा (३) बमोजिम मुख्यमन्त्री आफ्नो पदबाट मुक्त भएमा, वा<br>(घ) मुख्यमन्त्रीले निजलाई पदमुक्त गरेमा ।<br>(५) उपधारा (३) बमोजिम मुख्यमन्त्री आफ्नो पदबाट मुक्त भएपनि अर्को मन्त्रिपरिषदको गठन नभएसम्म सोही मन्त्रिपरिषदले कार्य सञ्चालन गरी रहनेछ ।<br>तर मुख्यमन्त्रीको मृत्यु भएको अवस्थामा भने नयाँ मुख्यमन्त्रीको नियुक्ति नभएसम्मको लागि उपमुख्यमन्त्री वा वरिष्ठतम मन्त्रीले मुख्यमन्त्रीको रूपमा कार्यसञ्चालन गर्नेछ । | | तत्कालिन संविधानसभा को पूर्ण बैठकबाट परिमार्जन भएका विषय पनि समावेश गरिएको । |
| ९. | ................... | ................................................................................. | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभा को पूर्ण बैठकको निर्देशन बमोजिम धारा ९ हटाइएको । |
| १०. | धारा १०<br>पारिश्रमिक तथा अन्य सुविधाहरू | प्रदेशप्रमुख, मुख्यमन्त्री, उपमुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्रीहरूको पारिश्रमिक र अन्य सुविधाहरू ऐनद्वारा निर्धारण हुनेछ । सो बमोजिम ऐनद्वारा निर्धारण नभएसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ । | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ११. | धारा ११ | मुख्यमन्त्रीले प्रदेश प्रमुख समक्ष र उप मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीले मुख्यमन्त्री समक्ष | यो विषयमा सहमति कायम | |

| | | | | |
|---|---|---|---|---|
| | शपथ | आफ्नो पद र गोपनीयताको शपथ ग्रहण गर्नुपर्नेछ । | भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| १२. | धारा १२<br>प्रादेशिक सरकारको कार्य सञ्चालन | (१) प्रादेशिक सरकारबाट स्वीकृत नियमावली बमोजिम प्रादेशिक सरकारको कार्य विभाजन र कार्यसम्पादन हुनेछ ।<br>(२) उपधारा (१) अन्तर्गतको नियमावलीको पालना भए नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन । | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

स्थानीय कार्यकारिणी

| सि.नं. | विषय | सहमति भएका विषय | समितिको निर्क्यौल | कैफियत |
|---|---|---|---|---|
| १३. | धारा १<br>स्थानीय कार्यकारिणी अधिकारको प्रयोग | (१) यो संविधान र अन्य कानुनको अधीनमा रही प्रत्येक स्थानीय तहको कार्यकारिणी अधिकार सम्बन्धित स्थानीय सरकारको कार्यकारिणीमा निहित रहनेछ ।<br>(२) यो संविधान र अन्य कानुनको अधीनमा रही स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा स्थानीय सरकारको कार्यकारिणी अंगमा रहनेछ ।<br>(३) स्थानीय कार्यकारिणी कार्यहरू स्थानीय सरकारका नाममा हुनेछन् ।<br>(४) स्थानीय कार्यकारिणी अधिकार यस संविधानको अधीनमा रही अनुसूची ... मा उल्लिखित स्थानीय सूचिमा उल्लिखित विषयवस्तुमा सीमित रहनेछ ।<br>तर साझा सूचीमा उल्लेखित विषय वस्तुका सम्बन्धमा कार्यकारिणी अधिकारको प्रयोग गर्दा संघीय सरकार र प्रादेशिक सरकारसँगको समन्वयमा गरिनेछ ।<br>(५) उपधारा (३) बमोजिम स्थानीय सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रमाणीकरण कानुनद्वारा व्यवस्था भए बमोजिम हुनेछ । | | |
| १४. | धारा २<br><br>स्थानीय सरकारको कार्यकारी प्रमुख र उप प्रमुख सम्बन्धी व्यवस्था | (१) प्रत्येक स्थानीय सरकारमा कार्यकारिणी प्रमुखको रूपमा एकजना अध्यक्ष रहनेछ ।<br><br>(२) अध्यक्षलाई उसको कार्य सम्पादनमा सघाउ पुऱ्याउन एवं अध्यक्षको अनुपस्थितिमा कार्य गर्न एकजना उपाध्यक्ष रहनेछ ।<br><br>(३) अध्यक्ष तथा उपाध्यक्षको पदावधि ५ वर्षको हुनेछ ।<br><br>(४) कुनै स्थानीय सरकारमा दुई पटक अध्यक्ष भइसकेको व्यक्ति तेश्रोपटकको लागि सो पदमा उम्मेदवार हुन योग्य मानिने छैन । | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| १५. | धारा ३<br><br>अध्यक्ष र उपाध्यक्षको निर्वाचन सम्बन्धी व्यवस्था | (१) अध्यक्ष र उपाध्यक्षको निर्वाचन बालिग मताधिकारको आधारमा सम्बन्धित स्थानीय क्षेत्र भित्रका मतदाताहरूद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका आधारमा कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।<br><br>(२) एकै राजनैतिक दल वा समूहले अध्यक्ष र उपाध्यक्ष दुवै पदको लागि उम्मेदवार उठाएमा कुनै एकपदमा अलग लिङ्ग, जातियता वा क्षेत्रको व्यक्तिलाई उम्मेदवार बनाउनु पर्नेछ । | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| १६. | धारा ४<br><br>अध्यक्ष र उपाध्यक्ष पदमुक्त हुने अवस्था | (१) देहायको अवस्थामा अध्यक्ष र उपाध्यक्ष आफ्नो पदबाट मुक्त हुनेछ :<br><br>(क) मृत्यु भएमा, वा<br><br>(ख) निजले लिखित राजिनामा दिएमा, वा<br><br>(ग) पदावधि समाप्त भएमा, वा<br><br>(घ) स्थानीय तहको व्यवस्थापिकीय अंगका तत्काल कायम रहेका सदस्यहरू मध्ये एक तिहाई सदस्यहरूले राखेको महाभियोगको प्रस्ताव दुईतिहाई सदस्यबाट पारित भएमा ।<br><br>तर यस्तो प्रस्ताव कार्य प्रारम्भ गरेको एक वर्ष भित्र र कार्यावधि समाप्त हुन एकवर्ष बाँकी रहेको अवस्थामा तथा महाभियोगको प्रस्ताव असफल भएको एकवर्ष अवधि व्यतित नभई अर्को महाभियोगको प्रस्ताव राख्न पाइने छैन ।<br><br>(२) उपधारा (१) बमोजिम अध्यक्षको पदरिक्त भएमा ६ | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | महिना भित्र अध्यक्षको निर्वाचन सम्पन्न गरिनेछ ।<br>(३) उपधारा (१) बमोजिम अध्यक्ष पद रिक्त भई अर्को निर्वाचन नभएसम्म वा ४ वर्षको पदावधि समाप्त गरी अध्यक्ष पदमुक्त भएको अवस्थामा बाँकी अवधिको लागि उपाध्यक्षले अध्यक्षको रूपमा कार्यसम्पादन गर्नेछ । | | |
| १७. | धारा ५<br>स्थानीय सरकारको कार्यकारिणी अङ्को गठन | (१) प्रत्येक स्थानीय सरकारको कार्यकारिणी अङ्गमा आवश्यकता अनुसार अध्यक्ष र उपाध्यक्ष सहित महानगरको हकमा ५ देखि ११ जना, उपमहानगर र नगरको हकमा ५ देखि ९ जना सम्म र गाउँको हकमा ५ देखि ७ जनासम्म सदस्यहरू रहनेछन् ।<br>(२) अध्यक्षले सम्बन्धित स्थानीय तहको व्यवस्थापिकीय अंगमा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरूको सिटसंख्याको आधारमा सो अंगका सदस्यहरू मध्येबाट समानुपातिक र समावेशी सिद्धान्त बमोजिम सदस्यहरूको मनोनयन गरी कार्य विभाजनसमेत गर्नेछ ।<br>तर अर्को राजनैतिक दलको तर्फबाट सदस्य मनोनयन गर्दा सो दलको व्यवस्थापिकीय अंगमा रहेको नेताको परामर्श लिनु पर्नेछ ।<br>(३) अध्यक्षले स्थानीय सरकारमा सहभागि दलहरुको सहमतिमा आवश्यकता अनुसार कार्यकारिणी अङ्को हेरफेर एवं पुनर्गठन समेत गर्नसक्नेछ । | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| १८. | धारा ६<br>स्थानीय सरकारको कार्य सञ्चालन | स्थानीय सरकारबाट स्वीकृत नियमावली बमोजिम स्थानीय सरकारको कार्य विभाजन र कार्यसम्पादन हुनेछ । | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| १९. | धारा ७<br>स्थानीय सरकारको कार्यकारिणी सम्बन्धी अन्य | यस भागमा लेखिए देखि बाहेक स्थानीय सरकारको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्थाहरू यस संविधानको अधीनमा रही संघीय व्यवस्थापिकाले बनाएको ऐनद्वारा व्यवस्था गरिए बमोजिम हुनेछ । | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान | |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्थाहरू | | मस्यौदा समितिमा पठाउने । | |

**विभिन्न तहका सरकारहरू बीच अन्तरसम्बन्ध**

| सि.न. | विषय | सहमति भएका विषय | समितिको निर्णय | कैफियत |
|---|---|---|---|---|
| २०. | **धारा १** संघीय र प्रादेशिक सरकार बीचको विवाद समाधान संयन्त्र | (१) संघीय सरकार र एक वा एकभन्दा बढी प्रादेशिक सरकार तथा दुई वा दुई भन्दा बढी प्रादेशिक सरकार बीच यस संविधान र कानुन बमोजिम प्राप्त कार्यकारिणी अधिकारको प्रयोगका सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा यस्तो विवाद समाधानका लागि राष्ट्रपति/प्रधानमन्त्रीले देहाय बमोजिम एक समिति गठन गर्नेछ :-<br>(क) राष्ट्रपति/प्रधानमन्त्री वा निजले तोकेको उपराष्ट्रपति/उपप्रधानमन्त्री वा मन्त्रिपरिषदको सदस्य - अध्यक्ष<br>(ख) राष्ट्रपति/प्रधानमन्त्रीले तोकेका संघीय मन्त्रिपरिषदका सदस्यहरू मध्येबाट दुईजना - सदस्य<br>(ग) विवादसँग सम्बन्धित प्रादेशिक सरकारका मुख्य मन्त्री - सदस्य<br>(घ) महान्यायाधिवक्ता सदस्य<br>(२) उपधारा (१) बमोजिम गठन भएको समितिले सहमतिका आधारमा विवादको समाधान गर्नेछ ।<br>(३) उपधारा (२) बमोजिम विवादको समाधान हुन नसकेमा सोको अन्तिम निरुपणका लागि राष्ट्रपति/प्रधानमन्त्रीले समितिमा अन्तिम निर्णय भएको मितिले ३० दिनभित्र यो संविधान वा प्रचलित कानुन बमोजिम अधिकारप्राप्त अदालत / निकायमा पठाउनेछ ।<br>(४) यो धारा बमोजिम गठन भएको समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ । | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| २१. | **धारा २** संघीय, प्रादेशिक र स्थानीय सरकारहरू बीचको | (१) दुई वा दुईभन्दा बढी स्थानीय सरकार वा एक वा एकभन्दा बढी स्थानीय सरकार र एक वा एकभन्दा बढी प्रादेशिक सरकार वा एक वा एकभन्दा बढी स्थानीय सरकार, एक वा एकभन्दा बढी प्रादेशिक सरकार र संघीय सरकार बीच यस संविधान र कानुन | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | यो विषय राज्यको पुनर्संरचना समितिको कार्य क्षेत्रको भएपनि संविधान मस्यौदा समितिलाई |

| | | | | |
|---|---|---|---|---|
| | विवाद समाधान संयन्त्र | बमोजिमप्राप्त कार्यकारिणी अधिकारको प्रयोगका सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा यस्तो विवाद समाधानका लागि राष्ट्रपति/प्रधानमन्त्रीले देहाय बमोजिम एक समिति गठन गर्नेछ :-<br>(क) राष्ट्रपति/प्रधानमन्त्री वा निजले तोकेको उपराष्ट्रपति/उपप्रधानमन्त्री वा मन्त्रिपरिषदको सदस्य - अध्यक्ष<br>(ख) राष्ट्रपति/प्रधानमन्त्रीले तोकेका संघीय मन्त्रिपरिषदका सदस्यहरू मध्येबाट दुईजना - सदस्य<br>(ग) विवादसँग सम्बन्धित प्रादेशिक सरकारका मुख्य मन्त्री - सदस्य<br>(घ) विवादसँग सम्बन्धित स्थानीय सरकारका अध्यक्ष - सदस्य<br>(ङ) महान्यायाधिवक्ता - सदस्य<br>(२) उपधारा (१) बमोजिम गठन भएको समितिले सहमतिका आधारमा विवादको समाधान गर्नेछ ।<br>(३) उपधारा (२) बमोजिम विवादको समाधान हुन नसकेमा सो को अन्तिम निरुपणका लागि राष्ट्रपति/प्रधानमन्त्रीले समितिमा अन्तिम निर्णय भएको मितिले ३० दिनभित्र यो संविधान वा प्रचलित कानुन बमोजिम अधिकारप्राप्त अदालत/निकायमा पठाउनेछ ।<br>(४) यो धारा बमोजिम गठन भएको समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ । | | महत्वपूर्ण सन्दर्भ सामग्री हुने भएकोले त्यहा पठाउन उपयुक्त हुने । |
| २२. | धारा ३<br>विभिन्न तहका सरकारहरू बीच समन्वय कायम गर्न विभिन्न निकायहरू गठन गरिने | कार्यकारिणी अधिकारको प्रयोगका सम्बन्धमा विभिन्न तहका सरकारहरू बीच समन्वय कायम गर्नका लागि ऐनद्वारा आवश्यक निकायहरूको स्थापना गर्न सकिनेछ । | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

सुशासन र सरकारी सेवाको गठन सम्बन्धमा

| सि.नं. | विषय | सहमति भएका विषय | समितिको निर्क्यौल | कैफियत |
|---|---|---|---|---|
| २३. | धारा १<br>सुशासन | विधिको शासन, स्वतन्त्र र सक्षम न्यायपालिका, जवाफदेहीता, पारदर्शिता, सहभागिता, बालिग मताधिकार, आवधिक निर्वाचन, राजनैतिक हस्तक्षेप मुक्त प्रशासन, अनुगमन इकाई, योजना मुल्यांकन, विभिन्न आयोग, भ्रष्टाचार निवारण, जन सर्वोच्चता, समानुपातिक समावेशीता, सार्वजनिक सुनुवाई मार्फत सुशासनको सुनिश्चितता गर्दै, | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| २४. | धारा २<br>राज्यको निर्देशक सिद्धान्तमा राख्ने नीति | विश्वव्यापिरूपमा मान्यता प्राप्त मानव अधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र सर्वोच्चता, शक्ति सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय, समानता, समानुपातिक समावेसी सहभागिता, सक्षम र स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, सूचनाको अधिकार, स्वतन्त्र प्रेश, पारदर्शीता, जवाफदेहिता, उत्तरदायित्व, राजनैतिक हस्तक्षेप मुक्त प्रशासन, योजना मुल्यांकन संयन्त्र, सार्वजनिक सुनुवाई, नागरिक वडापत्र, निश्पक्षता, विभिन्न आयोगहरूको गठन, प्रशासन यन्त्रलाई प्रशासन र सुव्यवस्था निर्धारण गर्ने स्वतन्त्रतासहित स्वच्छ र सक्षम प्रशासन यन्त्रको अनुशरण गरी भ्रष्टाचार र दण्डहिनताको अन्त्य गर्दै सुशासन कायम गर्ने । | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| २५. | धारा ३<br>सार्वजनिक प्रशासन | १. <u>**सार्वजनिक प्रशासनका आधारभूत मार्गदर्शक सिद्धान्त**</u> सार्वजनिक प्रशासनका आधारभूत मार्गदर्शक सिद्धान्तहरू देहाय बमोजिम हुनेछन :-<br>(क) उच्चस्तरीय व्यावसायिक नैतिकता प्रदर्शन गर्ने,<br>(ख) पारदर्शी, मितव्ययी, सार्वजनिक हित एव प्रभावकारी तवरले श्रोत परिचालन गर्ने,<br>(ग) विकासमुखी प्रशासन संचालन गर्ने,<br>(घ) विना राजनीतिक हस्तक्षेप, स्वतन्त्रता, स्वच्छता, समन्यायिक एवं | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |

| | | | | |
|---|---|---|---|---|
| | | विनापूर्वाग्रही तवरले सेवा प्रवाह गर्ने,<br>(ङ) जवाफदेही एवं उत्तरदायी प्रशासन सञ्चालन गर्ने,<br>(च) नीति निर्माणमा सर्वसाधारणको सहभागिता हुने,<br>(छ) प्रशासन यन्त्रमा नागरिकको सहज पहुँच एवं सहज सेवा प्रवाह हुने,<br>(ज) श्रोत साधनको उचित प्रबन्ध, निरन्तर बृत्ति विकासको अवसर हुने,<br>(झ) समानुपातिक समावेशी सिद्धान्त एवं आधारभूत योग्यता र दक्षताको आधारमा कर्मचारीको नियुक्ति गर्ने, साथै महिला, दलित, आदिबासी/जनजाति, पिछडिएको क्षेत्र, मधेशी, मुस्लिम, अपांगलगायत पछाडि पारिएको वर्ग र समुदायका लागि मानव विकास सुचकांकको आधारमा क्षतिपूर्तिको व्यवस्था गर्ने,<br>(ञ) कार्य सम्पादनमा आधारित र सुरक्षाको प्रत्याभूतिसहित राजनीतिक हस्तक्षेप मुक्त प्रशासनको ग्यारेन्टी गर्ने,<br>(ट) सरकारी सेवामा एकमात्र आधिकारीक ट्रेड युनियन मार्फत उचित र मर्यादित श्रम अभ्यासको अवसर प्रदान गर्ने । | | |
| २६. | **धारा ४**<br>सरकारी सेवाको गठन र संचालन | <u>सरकारी सेवाको गठन</u>: (१) **संघीय सरकारले देशको प्रशासन सञ्चालन गर्न निजामति सेवा र आवश्यक अन्य सेवाहरुको गठन गर्न सक्नेछ । त्यस्ता सेवाहरुको गठन, सञ्चालन र सेवाका शर्तहरु ऐनद्धारा निर्धारण गरिए बमोजिम हुनेछन ।**<br>(२) **प्रादेशिक, विशेष संरचना र स्थानीय सरकारले आफ्नो प्रशासन संचालन गर्न आवश्कता अनुसार ऐनद्धारा** बिभिन्न सरकारी सेवाहरूको गठन र संचालन गर्न सक्नेछन् ।<br>(३) सरकारी सेवा आयोगहरू केन्द्र र प्रदेशमा रहने गरी र प्रादेशिक तहबाट स्थानीय तहको समेत कार्य गर्नेगरी स्थापना हुनेछन् । | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | तत्कालिन विधानसभाले दिएको निर्देशन बमोजिम परिमार्जन गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | (४) कुनै एक प्रादेशिक सेवा आयोगले तोकिए बमोजिम एकभन्दा बढी प्रदेशको सेवा आयोगको समेत काम गर्न सक्नेछ । | | |
| २७. | **धारा ५**<br><br>निर्वाचन क्षेत्र निर्धारण आयोग | **निर्वाचन क्षेत्र निर्धारण आयोग** : (१) संघीय, प्रादेशिक **तथा स्थानीय** व्यवस्थापिकाको आवधिक निर्वाचन गर्ने प्रयोजनको लागि निर्वाचन क्षेत्र निर्धारण गर्न मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले एक निर्वाचनक्षेत्र निर्धारण आयोगको गठन गर्न सक्नेछ । जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहने छन् :-<br><br>(क) सर्वोच्च अदालतको सेवा निवृत्त न्यायाधिश - अध्यक्ष<br><br>(ख) भूगोलविद - सदस्य<br><br>(ग) समाजशास्त्री, मानवशास्त्री - सदस्य<br><br>(घ) प्रशासनविद - सदस्य<br><br>(ङ) नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकृत - सदस्य<br><br>(२) निर्वाचन क्षेत्र निर्धारण आयोगका अध्यक्ष तथा सदस्यको नियुक्ति नेपाल सरकारले गर्नेछ ।<br><br>(३) निर्वाचन क्षेत्र निर्धारण आयोगको कार्यावधि सो आयोग गठन गर्दाका बखत तोके बमोजिम हुनेछ ।<br><br>(४) उपधारा (१) को सर्वमान्यतामा प्रतिकूल नहुने गरी देहाय बमोजिमको योग्यता नभई कुनैपनि व्यक्ति निर्वाचन क्षेत्र निर्धारण आयोगको सदस्यको पदमा नियुक्त हुन योग्य हुनेछैन :-<br><br>(क) नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित बिषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,<br><br>(ख) कम्तीमा पैंतीस वर्ष उमेर पूरा भएको, | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |

| | | | | |
|---|---|---|---|---|
| | | (ग) उच्च नैतिक चरित्र कायम भएको ।<br><br>(५) देहायका अवस्थामा निर्वाचन क्षेत्र निर्धारण आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br><br>(क) राष्ट्र प्रमुखसमक्ष लिखित राजीनामा दिएमा,<br><br>(ख) निजको मृत्यु भएमा,<br><br>(ग) प्रतिवेदन बुझाएमा ।<br><br>(६) निर्वाचन क्षेत्र निर्धारण आयोगले यस धारा बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा त्यस्तो निर्वाचन क्षेत्रको **भूगोल,** जनसंख्या र सदस्य संख्याबीचको अनुपात यथासम्भव समान हुने गरी निर्वाचन क्षेत्र निर्धारण गर्नेछ ।<br><br>(७) उपधारा (६) बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा सो क्षेत्रको जनसंख्याको घनत्व, भौगोलिक विशिष्टता, प्रशासनिक एवं यातायातको सुगमता, सामुदायिक तथा सांस्कृतिक पक्षलाई समेत ध्यान दिनु पर्नेछ ।<br><br>(८) निर्वाचन क्षेत्र निर्धारण आयोगद्वारा निर्वाचन क्षेत्र निर्धारण गरिएको र पुनरावलोकन गरिएको विषयमा कुनै अदालतमा प्रश्न उठाउन पाइने छैन ।<br><br>(९) निर्वाचन क्षेत्र निर्धारण आयोगले आफूले सम्पादन गरेको कामको प्रतिवेदन राष्ट्र प्रमुख समक्ष बुझाउनेछ ।<br><br>(१०) राष्ट्र प्रमुखले उपधारा (९) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रिपरिषद् समक्ष पठाउनेछ र मन्त्रिपरिषद्ले प्रतिवेदन कार्यान्वयनका लागि निर्वाचन आयोग तथा अन्य सम्बद्ध निकायमा पठाउने छ ।<br><br>(११) निर्वाचन क्षेत्र निर्धारण आयोगले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।<br><br>(१२) निर्वाचन क्षेत्र निर्धारण आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक तथा सुविधा क्रमशः निर्वाचन आयोगका प्रमुख निर्वाचन | | |

| | | | | |
|---|---|---|---|---|
| | | आयुक्त र निर्वाचन आयुक्त सरह हुनेछ ।<br><br>**(१३) उपधारा (१) बमोजिमको आयोगले निर्धारण गरेको निर्वाचन क्षेत्रको हरेक बीस वर्षमा पुनरावलोकन गर्नु पर्नेछ ।**<br><br>(१४) निर्वाचन क्षेत्र निर्धारण आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ । | | |
| २८. | ................ | ................................................................................ | | तत्कालिन संविधानसभाको निर्देशन बमोजिम यो धारा ६ हटाइएको । |
| २९. | धारा ७<br><br>स्थानीय व्यवस्थापिकाको निर्वाचन | स्थानीय व्यवस्थापिकाको निर्वाचन: (१) स्थानीय सरकार अन्तरगतका निकायलाई विभिन्न इलाकामा वर्गीकरण गरी समानुपातिक र समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी बहुसदस्यीय निर्वाचन प्रणालीका आधारमा प्रत्यक्षरूपमा निर्वाचित सत्तरी प्रतिशत सदस्यहरू कानूनमा व्यवस्था भएबमोजिम निर्वाचित हुनेछन् ।<br><br>(२) प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका वर्ग र समुदायहरूको प्रतिनिधित्वलाई सुनिश्चित गर्न तीस प्रतिशत सदस्यहरू सम्पूर्ण स्थानीय इलाकालाई एक निर्वाचन क्षेत्र मानी राजनैतिक दललाई मत दिने गरी कानूनमा व्यवस्था भएबमोजिम सूची समानुपातिक निर्वाचन प्रणालीका आधारमा निर्वाचित हुने छन् । | यो विषयमा सहमति कायम भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |

# ९. व्यवस्थापिकीय अंगको स्वरूप निर्धारण समिति

| सि.नं | विषयवस्तु | सहमति भएका विषय | समितिको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १. | २.नेपालको व्यवस्थापिकीय अधिकार : | व्यवस्थापिका-ससदको व्यवस्थापिकीय अधिकार यस संविधानको अधीनमा रही यस संविधानको अनुसूची-१ को संघीय सूची र साझा सूचीमा उल्लेखित विषयहरुमा निहित रहनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन समेत गरिएको। |
| २. | ६.सदस्यको लागि अयोग्यता सम्बन्धी निर्णय: | संसदको कुनै सदस्य धारा ५ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको अन्तिम निर्णय नेपालको प्रधान न्यायाधीश वा निजले तोकेको सर्वोच्च अदालतको अन्य न्यायाधीशले गर्नेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ३. | ९.प्रतिनिधि सभाको सभामुख र उपसभामुख | (१) प्रतिनिधि सभाले **बैठक प्रारम्भ भएको मितिले १५ दिनभित्र** आफ्ना सदस्यहरु मध्येबाट एकजना सभामुख र एकजना उप-सभामुखको निर्वाचन गर्नेछ । सभामुख र उप-सभामुख मध्ये एकजना महिला हुनुपर्नेछ । सभामुख वा उप-सभामुखको पद रिक्त भएमा प्रतिनिधि सभाले आफ्ना सदस्यहरु मध्येबाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ । **सभामुख र उपसभामुख फरक फरक दलको हुनु पर्नेछ ।**<br>**'तर एक दल भन्दा बढी दलको प्रतिनिधित्व नभएको अवस्थामा वा प्रतिनिधित्व भएर पनि उम्मेदवारी नदिएमा एकै दलको व्यक्ति सभामुख र उपसभामुख हुन बाधा पर्ने छैन'**<br>(२) प्रतिनिधि सभाको सभामुखको अनुपस्थितिमा उप-सभामुखले प्रतिनिधि सभाको अध्यक्षता गर्नेछ ।<br>(३) प्रतिनिधि सभाको सभामुख र उप-सभामुखको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा प्रतिनिधि सभाको बैठकको अध्यक्षता उपस्थित सदस्यहरु मध्ये उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्नेछ ।<br>(४) प्रतिनिधि सभाको सभामुख वा उप-सभामुखको पद देहायका अवस्थामा रिक्त हुनेछ :-<br>(क)निज प्रतिनिधि सभाको सदस्य नरहेमा; वा (तर यस संविधान बमोजिम प्रतिनिधि सभा विघटन भएको अवस्थामा आफ्नो पदमा बहाल रहेका सभामुख र उप-सभामुख प्रतिनिधि सभाका लागि हुने निर्वाचनको उम्मेदवारी दाखिल गर्ने दिनसम्म आफ्नो पदमा कायम रहनेछन् ।)<br>(ख) निजले आफ्नो पदबाट लिखित राजीनामा दिएमा; वा | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन समेत गरिएको। |

| | | | | |
|---|---|---|---|---|
| | | (ग) निजले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्ताव प्रतिनिधि सभाको सम्पूर्ण सदस्य सख्याको दुई-तिहाई बहुमतबाट पारित भएमा ।<br>(५) प्रतिनिधि सभाको सभामुखले पद अनुकूलको आचरण गरेको छैन भन्ने प्रस्तावउपर छलफल हुने बैठकको अध्यक्षता उप-सभामुखले गर्नेछ । सो प्रस्तावको छलफलमा सभामुखले भाग लिन र मत दिन पाउनेछ । | | |
| ४. | **११.अधिवेशनको आव्हान र अन्त्य (तथा प्रतिनिधि सभाको विघटन)** | (१) राष्ट्र प्रमुखबाट प्रतिनिधि सभाका लागि निर्वाचन भएको एक महिनाभित्र संसदको अधिवेशन आव्हान गरिनेछ । त्यसपछि यस संविधान बमोजिम राष्ट्र प्रमुखबाट समय समयमा अन्य अधिवेशन आव्हान गरिनेछ ।<br>तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि छ महिनाभन्दा बढी हुने छैन ।<br>(२) राष्ट्र प्रमुखले संसदको दुवै वा कुनै सदनको अधिवेशनको अन्त्य गर्न सक्नेछ ।<br>(३) राष्ट्र प्रमुखबाट प्रतिनिधि सभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वान्छनीय छ भनी प्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको एक-चौथाई सदस्यहरुले समावेदन गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोकिनेछ । त्यसरी तोकिएको मिति र समयमा प्रतिनिधि सभाको अधिवेशन प्रारम्भ हुने वा बैठक बस्नेछ ।<br>(४) राष्ट्र प्रमुखले प्रधानमन्त्रीको सिफारिशमा वैकल्पिक सरकार गठन हुने संभावना नरहको अवस्थामा प्रतिनिधि सभाको विघटन गर्न सक्नेछ । त्यसरी प्रतिनिधि सभा विघटन गर्दा छ महिनाभित्र नयाँ प्रतिनिधि सभाका लागि निर्वाचन हुने मिति समेत तोकिनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ५. | **१२.राष्ट्र प्रमुखबाट सम्बोधन तथा सन्देश :** | (१) राष्ट्र प्रमुखबाट संसदको कुनै वा दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न र त्यसको निमित्त सदस्यहरुको उपस्थिति समादेश गर्न सकिनेछ ।<br>(२) राष्ट्र प्रमुखबाट प्रतिनिधि सभाको लागि भएको निर्वाचन पछिको पहिलो अधिवेशन र प्रत्येक सालको पहिलो अधिवेशनको प्रारम्भ भएपछि संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गरिनेछ ।<br>(३) राष्ट्र प्रमुखबाट संसदको दुवै वा कुनै सदनलाई सन्देश पठाउन सकिनेछ । त्यस्तो सन्देश प्राप्त गर्ने सदनले सो सन्देशमा उल्लिखित विषयमाथि यथाशिघ्र विचार गरी आफ्नो राय | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | राष्ट्र प्रमुख समक्ष पेश गर्नेछ । | | |
| ६. | १३.गणपूरक संख्या | यस संविधानमा अन्यथा लेखिएकोमा बाहेक संसदको कुनै पनि सदनको बैठकमा सो सदनको सम्पूर्ण सदस्य संख्याको एक-चौथाई सदस्य उपस्थित नभएसम्म कुनै प्रश्न निर्णयका लागि प्रस्तुत हुने छैन । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ७. | १५.सदस्यको स्थान रिक्त रहेको अवस्यामा सदनको कार्य सञ्चालन : | संसदको कुनै सदनको कुनै सदस्यको स्थान रिक्त छ भने पनि सदनले आफ्नो कार्य सञ्चालन गर्न सक्नेछ र संसदको कुनै सदनको कारवाईमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि भइसकेको कार्य अमान्य हुने छैन । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ८. | १६ मतदान : | यस संविधानमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक संसदको कुनै सदनमा निर्णयको लागि प्रस्तुत गरिएको जुनसुकै प्रश्नको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरुको बहुमतबाट हुनेछ । अध्यक्षता गर्ने व्यक्तिलाई सामान्यत: मत दिने अधिकार हुने छैन । तर मत बराबर भएमा निजले आफ्नो निर्णायक मत दिनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ९. | १९.अनधिकार उपस्थित भएमा वा मतदान गरेमा सजाय | धारा ८ बमोजिम शपथ नलिई वा सदनको सदस्यताको निमित्त आवश्यक योग्यताको अभाव छ भन्ने थाहा पाउँदापाउँदै पनि कुनै व्यक्ति सदस्यको हैसियतले संसदको कुनै सदनको बैठकमा उपस्थित भएमा वा निजले मतदान गरेमा **कानूनमा व्यवस्था भए बमोजिम सजाय हुनेछ ।** | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन समेत गरिएको |
| १०. | २०.विशेषाधिकार | (१) यस संविधानको अधीनमा रही संसदको दुवै सदनमा पूर्ण वाक स्वतन्त्रता रहनेछ र सदनमा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पकाउ गर्न, थुनामा राख्न वा निजउपर कुनै अदालतमा कारवाई चलाइने छैन ।<br>(२) यस संविधानको अधीनमा रही संसदको प्रत्येक सदनलाई आफ्नो आन्तरिक काम कारवाई नियमित गर्ने पूर्ण अधिकार रहनेछ र सदनको कुनै कारवाई नियमित वा अनियमित के छ भनी निर्णय गर्ने अधिकार सम्बन्धित सदनलाई मात्र हुनेछ । यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन ।<br>(३) यस संविधानको अधीनमा रही संसदको कुनै सदनको कुनै पनि कारवाईलाई त्यसको असल नियतबारे शंका उठाई कुनै टीका-टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन समेत गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | लगाई कुनै प्रकारको प्रकाशन गरिने छैन ।<br>(४) यस संविधानको अधीनमा रही उपधारा (१) र<br>(३) को व्यवस्था सदनको बैठकमा भाग लिन पाउने सदस्य बाहेकका अन्य व्यक्तिका हकमा पनि लागू हुनेछ ।<br>(५) यस संविधानको अधीनमा रही संसदको कुनै सदनले दिएको अधिकार अन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारवाई प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्तिउपर अदालतमा कारवाई चल्ने छैन ।<br>स्पष्टीकरण : यो उपधारा र उपधारा (१), (२), (३) र (४) को प्रयोजनको लागि "सदन" भन्नाले सदनको समितिलाई समेत सम्झनु पर्छ र सो शब्दले संसदको संयुक्त बैठक वा संयुक्त समितिको बैठकलाई समेत जनाउँछ ।<br>(६) संसदको कुनै पनि सदस्यलाई अधिवेशन बोलाइएको सूचना जारी भएपछि अधिवेशन चलुञ्जेलसम्मको अवधिभर पक्राउ गरिने छैन ।<br>तर<br>कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई कानून अनुसार पक्राउ गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन । त्यसरी कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनु पर्नेछ ।<br>(७) संसदको कुनै सदनको विशेषाधिकारको हननलाई संसदको अवहेलना मानिनेछ र कुनै विशेषाधिकारको हनन भएको छ वा छैन भन्ने निर्णय गर्ने अधिकार सम्बन्धित सदनलाई मात्र हुनेछ ।<br>**(८) कसैले कुनै सदनको अवहेलना गरेमा कानूनमा व्यवस्था गरे बमोजिम सजाय हुनेछ ।**<br>तर सदनलाई सन्तोष हुने गरी अभियुक्तले क्षमा याचना गरेमा सदनले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई माफी गर्न वा घटाउन सक्नेछ ।<br>(९) यस संविधानमा उल्लेख गरिएदेखि बाहेक विशेषाधिकार सम्बन्धी अन्य कुराहरु कानूनद्वारा निर्धारित गरिए बमोजिम हुनेछन् । | | |
| ११. | **२१.कार्य सञ्चालन विधि** | (१) यस संविधानको अधीनमा रही संसदको प्रत्येक सदनले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरुको गठन, काम, कारवाई र कुनै सदन वा समितिको अन्य कुरा नियमित गर्नको लागि कानून बनाउनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा | तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन समेत |

| | | | | |
|---|---|---|---|---|
| | | त्यस्तो कानून राष्ट्र प्रमुखबाट प्रमाणीकरण भएपछि लागू हुनेछ ।<br>(२)राष्ट्र प्रमुखबाट संसदको संयुक्त बैठकको कार्य सञ्चालन र संसदको संयुक्त समितिको गठन र काम कारबाई प्रतिनिधि सभाको सभामुख र राष्ट्रिय सभाको अध्यक्षको सिफारिशमा बनाइएको नियमावली बमोजिम हुनेछ ।<br>(३) उपधारा (१) र (२) बमोजिमको नियमावली नबनेसम्म सो उपधारामा उल्लेख गरिएका कुराहरु राष्ट्र प्रमुखबाट बनाइएको नियमावली बमोजिम हुनेछन् । | समितिमा पठाउने । | गरिएको । |
| १२. | २४.संसदको सचिवालय | (१) (राष्ट्र प्रमुखबाट) प्रतिनिधि सभाको सचिवलाई सभामुखको सिफारिशमा,राष्ट्रिय सभाका सचिवलाई राष्ट्रिय सभाको अध्यक्षको सिफारिशमा र संसदको महासचिवलाई सभामुख र अध्यक्ष दुवैसँग परामर्श गरी नियुक्त गरिनेछ ।<br>(२) संसदको काम कारबाई सञ्चालन गर्न आवश्यक सचिवालयको स्थापना र सो सम्बन्धी अन्य कुरा कानूनले निर्धारण गरे बमोजिम हुनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| १३. | २५.पारिश्रमिक | प्रतिनिधि सभाको सभामुख र उप-सभामुख, राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष, समितिका सभापतिहरु तथा संसदका सदस्यहरुको पारिश्रमिक र सुविधा कानूनद्वारा निर्धारित हुनेछ र त्यसरी निर्धारित नभएसम्म राष्ट्रप्रमुखबाट तोकिए बमोजिम हुनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| १४. | २६.विधेयक प्रस्तुत गर्ने विधि | (१) संसदको कुनै पनि सदनमा विधेयक प्रस्तुत गर्न सकिनेछ ।<br>तर अर्थ विधेयक प्रतिनिधि सभामा मात्र प्रस्तुत गरिनेछ ।<br>(२) अर्थ विधेयक, नेपाली सेना वा सशस्त्र प्रहरी **वा प्रहरी** सम्बन्धी विधेयक सरकारी विधेयकको रुपमा मात्र प्रस्तुत गरिनेछ ।<br>(३) "अर्थ विधेयक" भन्नाले देहायमा उल्लिखित सबै वा कुनै विषयसित सम्बन्ध राख्ने विधेयकलाई जनाउँछ :-<br>(क) संघीय कर लगाउने, उठाउने, खारेज गर्ने, छुट दिने, परिवर्तन गर्ने वा कर प्रणालीलाई व्यवस्थित गर्ने विषय,<br>(ख) संघीय सञ्चित कोष वा अन्य कुनै सरकारी कोषको संरक्षण गर्ने, त्यस्तो कोषमा रकम जम्मा गर्ने वा त्यस्तो कोषबाट कुनै रकम विनियोजन वा खर्च गर्ने वा विनियोजन वा | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन समेत गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | खर्च गर्न खोजिएको रकम घटाउने, बढाउने वा खारेज गर्ने विषय,<br>(ग) संघीय सरकारले ऋण प्राप्त गर्ने वा जमानत दिने विषय व्यवस्थित गर्ने वा नेपाल सरकारले लिएको वा लिने आर्थिक दायित्व सम्बन्धी कानून संशोधन गर्ने विषय,<br>(घ) संघीय सरकारी कोषमा प्राप्त हुने सबै प्रकारको राजस्व, ऋण असुलीबाट प्राप्त रकम र अनुदानको रकम जिम्मा राख्ने, लगानी गर्ने वा नेपाल सरकारको लेखाको लेखा परीक्षण गर्ने विषय, र<br>(ङ) उपर्युक्त विषयहरुसँग प्रत्यक्ष सम्बन्ध भएका प्रासंगिक विषयहरु ।<br>(४) कुनै विधेयक अर्थ विधेयक हो होइन भन्ने प्रश्न उठेमा सभामुखको निर्णय अन्तिम हुनेछ । | | |
| १५. | **२७.विधेयक पारित गर्ने विधि** | (१) संघीय संसदको एउटा सदनले पारित गरेको विधेयक यथाशीघ्र अर्को सदनमा पठाइनेछ र सो सदनले पारित गरेपछि प्रमाणीकरणको लागि राष्ट्र प्रमुख समक्ष पेश गरिनेछ ।<br>(२) प्रतिनिधि सभाले पारित गरेको अर्थ विधेयक राष्ट्रिय सभामा पठाइनेछ । राष्ट्रिय सभाले सो विधेयकमा छलफल गरी विधेयक प्राप्त गरेको पन्ध्र दिनभित्र कुनै सुझाव भए सुझावसहित प्रतिनिधि सभामा फिर्ता पठाउनु पर्नेछ ।<br>(३) उपधारा (२) बमोजिम सुझाव सहित फिर्ता आएको विधेयकमा प्रतिनिधि सभाले छलफल गरी उचित देखेको सुझाव समावेश गरी प्रमाणीकरणको लागि राष्ट्र प्रमुख समक्ष पेश गर्नेछ ।<br>(४) उपधारा (२) बमोजिम अर्थ विधेयक प्राप्त गरेको पन्ध्रदिनसम्ममा राष्ट्रिय सभाले सो विधेयक फिर्ता गरेन भने पनि प्रतिनिधि सभाले प्रमाणीकरणको लागि राष्ट्र प्रमुख समक्ष पेश गर्न सक्नेछ ।<br>(५) प्रतिनिधि सभाले पारित गरी राष्ट्रिय सभामा पठाएको अर्थ विधेयक बाहेक अन्य विधेयक राष्ट्रिय सभाले आफू समक्ष प्राप्त भएको दुई महिनाभित्र पारित गरी वा सुझाव सहित फिर्ता पठाउनु पर्नेछ । उक्त समयावधिभित्र राष्ट्रिय सभाले सो विधेयक फिर्ता गरेन भने पनि प्रतिनिधि सभाले तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको निर्णयबाट सो विधेयक प्रमाणीकरणको लागि राष्ट्र प्रमुख समक्ष पेश गर्न | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | सक्नेछ ।<br><br>(६) कुनै सदनले पारित गरेको विधेयक अर्को सदनले अस्वीकृत गरेमा वा संशोधनसहित पारित गरेमा सो विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउनु पर्नेछ ।<br><br>(७) उपधारा (६) अनुसार राष्ट्रिय सभाबाट अस्वीकृत भई वा संशोधन सहित प्रतिनिधि सभामा फिर्ता आएको विधेयकउपर विचार गरी प्रतिनिधि सभाको तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुले प्रस्तुत रुपमा वा संशोधन सहित पुनः पारित गरेमा सो विधेयक प्रमाणीकरणको लागि राष्ट्र प्रमुख समक्ष पेश गरिनेछ ।<br><br>(८) उपधारा (६) अनुसार प्रतिनिधि सभाबाट संशोधन सहित राष्ट्रिय सभामा फिर्ता आएको विधेयक राष्ट्रिय सभाले पनि सो संशोधन सहित पारित गरेमा प्रमाणीकरणको लागि राष्ट्र प्रमुख समक्ष पेश गरिनेछ ।<br><br>(९) देहायको विधेयक दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत गरिनेछ र संयुक्त बैठकले विधेयकलाई प्रस्तुत रुपमा वा संशोधनसहित पारित गरेमा विधेयक उत्पति भएको सदनले प्रमाणीकरणको लागि राष्ट्र प्रमुख समक्ष पेश गर्नेछ :-<br><br>(क) राष्ट्रिय सभाले पारित गरेको तर प्रतिनिधि सभाले अस्वीकार गरेको; वा<br><br>(ख) प्रतिनिधि सभाले संशोधन सहित राष्ट्रिय सभामा फिर्ता पठाएको, तर राष्ट्रिय सभा सो संशोधनमा सहमत हुन नसकेको ।<br><br>(१०) कुनै विधेयक विचाराधीन रहेको अवस्थामा सदनको अधिवेशनको अन्त्य भए पनि सो विधेयकमाथि आगामी अधिवेशनमा कारवाई हुन सक्नेछ ।<br><br>तर कुनै विधेयक प्रतिनिधि सभामा प्रस्तुत भई विचाराधीन रहेको वा सो सदनले पारित गरी राष्ट्रिय सभामा पठाएको तर सो सदनमा विचाराधीन रहेको अवस्थामा प्रतिनिधि सभा विघटन भएमा वा सो सदनको कार्यकाल समाप्त भएमा त्यस्तो विधेयक निष्क्रिय भएको मानिनेछ । | | |
| १६. | २८.विधेयक फिर्ता लिने | विधेयक प्रस्तुतकर्ताले सदनको स्वीकृति लिई विधेयक फिर्ता लिन सक्नेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा | तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन समेत |

| | | | | |
|---|---|---|---|---|
| | | | समितिमा पठाउने । | गरिएको । |
| १७. | **२९.विधेयकमा प्रमाणीकरण** | (१) धारा २७ बमोजिम प्रमाणीकरणको लागि राष्ट्र प्रमुख समक्ष पेश गरिने विधेयक उत्पत्ति भएको सदनको सभामुख वा अध्यक्षले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।<br><br>तर अर्थ विधेयकका हकमा अर्थ विधेयक हो भनी सभामुखले प्रमाणित गर्नु पर्नेछ ।<br><br>(२) यस धारा बमोजिम प्रमाणीकरणको लागि राष्ट्र प्रमुख समक्ष पेश भएको विधेयकमा प्रमाणीकरण भएपछि त्यसको सूचना यथासम्भव चाँडो दुवै सदनलाई दिइनेछ ।<br><br>(३) अर्थ विधेयक बाहेक अन्य विधेयकको सम्बन्धमा पुन: विचार विमर्श हुनु आवश्यक छ भन्ने राष्ट्र प्रमुखलाई लागेमा निजबाट विधेयक पेश भएको एक महिनाभित्र सन्देशसहित विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउन सकिनेछ ।<br><br>(४) राष्ट्र प्रमुखले कुनै विधेयक सन्देश सहित फिर्ता गरेमा त्यस विधेयकमाथि दुवै सदनको संयुक्त बैठकमा पुनर्विचार गरी सो विधेयक प्रस्तुत रुपमा वा संशोधन सहित पारित भई पुन: पेश भएमा त्यसरी पेश भएको पन्ध्र दिन भित्र राष्ट्र प्रमुखबाट प्रमाणीकरण गरिनेछ ।<br><br>(५) राष्ट्र प्रमुखबाट यो धारा बमोजिम कुनै विधेयक प्रमाणीकरण भएपछि सो विधेयक ऐन बन्नेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| १८. | **३१.कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने** | (१) कानून बमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन ।<br><br>(२) कानून बमोजिम बाहेक संघीय सरकारद्वारा कुनै ऋण लिइने र जमानत दिइने छैन । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| १९. | **३२.संघीय सञ्चित कोष** | गुठी रकम बाहेक संघीय सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जाहरू र ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन **"नेपाल सरकारलाई प्राप्त हुने अन्य जुनसुकै रकम"** ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक सरकारी कोषमा आम्दानी बाँधिनेछ जसलाई संघीय सञ्चित कोष भनिनेछ ।<br><br>**"तर निजी गुठी बाहेकको अन्य गुठीको रकमको हकमा कानून बनाई नियमित गर्न सकिनेछ ।"** | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन समेत गरिएको। |
| २०. | **३३.संघीय** | देहायका रकम बाहेक संघीय सञ्चित कोष वा | यो विषयमा सहमति | |

| | | | | |
|---|---|---|---|---|
| | सञ्चित कोष वा संघीय सरकारी कोषबाट व्यय | अन्य कुनै संघीय सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैन:-<br>(क) संघीय सञ्चित कोषमाथि व्ययभार भएको रकम ;<br>ख) विनियोजन ऐनद्वारा खर्च हुने रकम ;<br>(ग) विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा पेस्कीको रूपमा ऐनद्वारा खर्च हुने रकम ; वा<br>(घ) विशेष अवस्थामा व्ययको विवरण मात्र भएको उधारो खर्च ऐनद्वारा व्यय हुने रकम ।<br>तर आकस्मिक कोषका हकमा धारा ४० बमोजिम हुनेछ । | रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| २१. | २४.संघीय सञ्चित कोषमाथि व्ययभार | देहायका विषयसँग सम्बन्धित खर्चहरू सञ्चित कोषमाथि व्ययभार हुनेछन् र यस्तो व्ययको लागि संसदको स्वीकृति आवश्यक पर्ने छैन ।<br>(१) **राष्ट्रप्रमुख र उपराष्ट्रप्रमुखको खर्च सम्बन्धी** ऐनद्वारा व्यवस्था गरिएको रकम<br>(२) नेपालको प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूलाई दिइने पारिश्रमिक, सुविधा र निवृत्तिभरणको रकम,<br>(३) निम्न लिखित पदाधिकारीलाई दिइने पारिश्रमिक र सुविधाका रकमहरू:-<br>(क) प्रतिनिधि सभाका सभामुख र उप-सभामुख;<br>(ख) राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष;<br>(ग) अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र आयुक्तहरू;<br>(घ) महालेखापरीक्षक;<br>(ङ) लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरू;<br>(च) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरू ।<br>**(छ) "राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यहरु"**<br>(४) सर्वोच्च अदालत, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षक, लोक | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन समेत गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | सेवा आयोग, निर्वाचन आयोग र **राष्ट्रिय मानव अधिकार आयोग"** सम्बन्धी प्रशासनिक व्ययहरू,<br>(५) संघीय सरकारको दायित्वको ऋण सम्बन्धी व्ययभार,<br>(६) संघीय सरकारको विरुद्ध अदालतबाट भएको फैसला वा आज्ञप्ति अनुसार तिर्नु पर्ने रकम, र<br>(७) कानूनले सञ्चित कोषमाथि व्ययभार हुने भनी निर्धारण गरेको रकम । | | |
| २२. | **३५.राजस्व र व्ययको अनुमान** | (१) राष्ट्र प्रमुखबाट प्रत्येक आर्थिक वर्षको सम्बन्धमा सदनहरूको संयुक्त बैठक समक्ष देहायका कुराहरू समेत खुलाई वार्षिक अनुमान पेश गर्न लगाउन सक्नेछ :-<br>(क) राजस्वको अनुमान ;<br>(ख) संघीय सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू ; र<br>(ग) विनियोजन ऐनद्वारा व्यय हुने आवश्यक रकमहरू ।<br>(२) उपधारा (१) बमोजिम वार्षिक अनुमान पेश गर्दा गत आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र सो खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नु पर्नेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| २३. | **३६.विनियोजन ऐन** | विनियोजन ऐन अनुसार व्यय हुने आवश्यक रकम शीर्षकहरूमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राखिनेछन् । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| २४. | **३७.पूरक अनुमान:** | (१) कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा राष्ट्र प्रमुखले प्रतिनिधि सभा समक्ष पूरक अनुमान पेश गर्न लगाउनेछ :-<br>(क) चालू आर्थिक वर्षका निमित्त विनियोजन ऐनद्वारा कुनै सेवाको लागि खर्च गर्न अख्तियारी दिइएको रकम अपर्याप्त भएमा वा त्यस वर्षको निमित्त विनियोजन ऐनले अख्तियारी नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा, वा<br>(ख) त्यस आर्थिक वर्षमा कुनै विनियोजन ऐनद्वारा अख्तियारी दिएको रकमभन्दा बढी खर्च हुन गएमा । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | (२) पूरक अनुमानमा राखिएको रकम शीर्षकहरूमा निर्दिष्ट गरी पूरक विनियोजन विधेयकमा राखिनेछन् । | | |
| २५. | ३८.पेस्की खर्च | (१) यस भागमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षको लागि अनुमान गरिएको व्ययको कुनै अंश अगावै पेस्कीका रूपमा ऐनद्वारा खर्च गर्न सकिनेछ ।<br>(२) धारा ३५ मा गरिएको व्यवस्था अनुसार राजस्व र व्ययको अनुमान पेश नगरिएसम्म पेस्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेस्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको तृतीयांश भन्दा बढी हुने छैन ।<br>(३) पेस्की खर्च ऐन अनुसार खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| २६. | ३९.उधारो खर्च | यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा वाह्य आक्रमणको आशङ्का वा आन्तरिक विघ्न वा अन्य कारणले गर्दा प्रदेश वा राष्ट्रव्यापी सङ्कटको अवस्था भएमा धारा ३५ अन्तर्गत चाहिने विवरण खुलाउन अव्यवहारिक वा राज्यको सुरक्षा वा हितका दृष्टिले अवाञ्छनीय देखिएमा राष्ट्र प्रमुखले व्ययको विवरण मात्र भएको उधारो खर्च विधेयक प्रतिनिधि सभा समक्ष पेश गर्न लगाउन सक्नेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| २७. | ४०.आकस्मिक कोष | ऐनद्वारा आकस्मिक कोषका नामले एउटा कोष स्थापना गर्न सकिनेछ र त्यस्तो कोषमा समय समयमा ऐनद्वारा निर्धारण भए अनुसारको रकम जम्मा गरिनेछ । सो कोष संघीय सरकारको नियन्त्रणमा रहनेछ । संघीय सरकारले सो कोषबाट आकस्मिक कार्यको लागि खर्च गर्न सक्नेछ । त्यस्तो खर्चको रकम ऐनद्वारा यथाशीघ्र सोधभर्ना गरिनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| २८. | ४१. आर्थिक कार्यविधि सम्बन्धी ऐन | ऐनद्वारा विनियोजित एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्ने र आर्थिक कार्यविधि सम्बन्धी अन्य कुराहरू ऐनद्वारा व्यवस्थित हुनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| २९. | ४३.प्रदेशसभाको अधिकार | प्रदेशहरुको व्यवस्थापिकीय अधिकार प्रदेश सभामा निहित रहनेछ । प्रदेश सभाको व्यवस्थापिकीय अधिकार यस संविधानको अधीनमा रही अनुसूची (१) को प्रदेश सूची र साझा सूचीमा उल्लिखित विषयमा सीमित रहनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| ३०. | ४६.सदस्यको अयोग्यता सम्बन्धी निर्णय | प्रदेश सभाको कुनै सदस्य धारा ४५ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको निर्णय प्रदेशको उच्च अदालत वा निजले तोकेको अन्य न्यायाधीशले गर्नेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ३१. | ४९.प्रदेश सभाको सभामुख र उप-सभामुखको व्यवस्था | (१) प्रदेश सभाले आफ्ना सदस्य मध्येबाट **बैठक प्रारम्भ भएको १५ दिन भित्र** एकजना सभामुख र एकजना उप-सभामुखको निर्वाचन गर्नेछ । सभामुख र उप-सभामुख मध्ये एकजना महिला हुनुपर्नेछ । सभामुख तथा उप-सभामुखको पद रिक्त भएमा सभाले आफ्नो सदस्यहरु मध्येबाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ । **प्रदेश सभामुख र प्रदेश उपसभामुख मध्ये फरक फरक दलको हुनुपर्नेछ ।**<br><br>**तर एक दल भन्दा बढी दलको प्रतिनिधित्व नभएको अवस्थामा वा प्रतिनिधित्व भएर पनि उम्मेदवारी नदिएमा एकै दलको व्यक्ति सभामुख र उपसभामुख हुन बाधा पर्ने छैन।**<br><br>(२) प्रदेश सभाको सभामुखको अनुपस्थितिमा उप-सभामुखले सभाको बैठकको अध्यक्षता गर्नेछ ।<br>(३) प्रदेश सभाको सभामुख र उप-सभामुखको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा प्रदेश सभाको बैठकको अध्यक्षता उपस्थित सदस्यहरुमध्ये उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्नेछ ।<br>(४) प्रदेश सभाको सभामुख वा उप-सभामुखको पद देहायका अवस्थामा रिक्त हुनेछ :-<br>(क) प्रदेश सभाको सदस्य नरहेमा ;<br>(ख) लिखित राजीनामा दिएमा ;<br>(ग) पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्ताव प्रदेश सभाको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई-तिहाई बहुमतबाट पारित भएमा ।<br>(५) प्रदेश सभाको सभामुखले पद अनुकूलको आचरण गरेको छैन भन्ने प्रस्ताव उपर छलफल हुने बैठकको अध्यक्षता उप-सभामुखले गर्नेछ । प्रस्तावको छलफलमा सभामुखले भाग लिन र मतदान गर्न पाउनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन समेत गरिएको। |
| ३२. | ५०.अधिवेशनको आव्हान र अन्त्य (तथा प्रदेश सभाको विघटन) | (१) प्रदेश प्रमुखबाट प्रदेश सभाको निर्वाचन भएको एक महिनाभित्र प्रदेश सभाको अधिवेशन आव्हान गरिनेछ । त्यसपछि यस संविधान बमोजिम प्रदेश प्रमुखबाट समय समयमा अन्य अधिवेशन आव्हान गरिनेछ । तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि ६ महिनाभन्दा बढी हुने छैन । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | (२) प्रदेश प्रमुखले प्रदेश सभाको अधिवेशनको अन्त्य गर्न सक्नेछ ।<br>(३) प्रदेश प्रमुखबाट अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रदेश सभाको सम्पूर्ण सदस्य सङ्ख्याको एक-चौथाइ सदस्यहरुले समावेदन गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोकिनेछ र त्यसरी तोकिएको मिति र समयमा प्रदेश सभाको अधिवेशन प्रारम्भ हुने वा बैठक बस्नेछ ।<br>(४) प्रदेश प्रमुखले प्रदेश सरकार प्रमुखको सिफारिशमा वैकल्पिक सरकार गठन हुने संभावना नरहेमा प्रदेश सभाको विघटन गर्न सक्नेछ । त्यसरी विघटन गरेपछि ६ महिनाभित्र नयाँ प्रदेश सभाका लागि निर्वाचन हुने मिति समेत तोक्नेछ । | | |
| ३३. | **५१.प्रदेश प्रमुखबाट सम्बोधन तथा सन्देश** | (१) प्रदेश प्रमुखले सभाको बैठकलाई सम्बोधन गर्न र त्यसको निमित्त सदस्यहरुको उपस्थिति समादेश गर्न सक्नेछ ।<br>(२) प्रदेश प्रमुखबाट प्रदेश सभाका लागि भएको निर्वाचन पछिको पहिलो अधिवेशन र प्रत्येक सालको पहिलो अधिवेशनको प्रारम्भ भएपछि प्रदेश सभाको बैठकलाई सम्बोधन गरिनेछ ।<br>(३) प्रदेश प्रमुखबाट प्रदेश सभालाई सन्देश पठाउन सकिनेछ । सभाले सो सन्देशमा उल्लिखित विषयमाथि यथाशिघ्र विचार गरी आफ्नो राय प्रदेश प्रमुख समक्ष प्रस्तुत गर्नेछ । | यो विषयमा सहमति कायम रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ३४. | **५२.गणपूरक संख्या** | यस संविधानमा अन्यथा लेखिएकोमा बाहेक प्रदेश सभाको बैठकमा सो सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्य उपस्थित नभएसम्म कुनै प्रश्न निर्णयका लागि प्रस्तुत हुने छैन । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ३५. | **५४.सदस्यको स्थान रिक्त रहेको अवस्थामा सभाको कार्य सञ्चालन** | प्रदेश सभाको कुनै सदस्यको स्थान रिक्त छ भने पनि सभाले आफ्नो कार्य सञ्चालन गर्न सक्नेछ र सभाको कारवाईमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि भइसकेको कार्य अमान्य हुने छैन । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ३६. | **५५.मतदान** | यस संविधानमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक सभामा निर्णयको लागि प्रस्तुत गरिएको जुनसुकै प्रश्नको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट हुनेछ । अध्यक्षता गर्ने व्यक्तिलाई सामान्यत: मत दिने अधिकार हुने छैन ।<br>तर | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | मत बराबर भएमा निजले आफ्नो निर्णायक मत दिनेछ । | | |
| ३७. | **५७.अनाधिकार उपस्थित भएमा वा मतदान गरेमा सजाय :** | यस संविधान बमोजिम शपथ नलिई वा सभाको सदस्यताको निमित्त आवश्यक योग्यताको अभाव छ भन्ने थाहा पाउँदा पाउँदै पनि कुनै व्यक्ति सदस्यको हैसियतले सभाको बैठकमा उपस्थित भएमा वा निजले मतदान गरेमा **कानूनले व्यवस्था गरे बमोजिम सजाय हुनेछ'** | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन समेत गरिएको। |
| ३८. | **५८.विशेषाधिकार** | (१) यस संविधानको अधीनमा रही प्रदेश सभामा पूर्ण वाक स्वतन्त्रता रहनेछ । सभामा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गर्न, थुनामा राख्न वा निज उपर कुनै अदालतमा कारबाई चलाइने छैन ।<br><br>(२) यस संविधानको अधीनमा रही प्रदेश सभालाई आफ्नो आन्तरिक काम कारवाई नियमित गर्ने पूर्ण अधिकार रहनेछ र सभाको कुनै कारवाई नियमित वा अनियमित के छ भनी निर्णय गर्ने अधिकार प्रदेश सभालाई मात्र हुनेछ । यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन ।<br><br>(३) यस संविधानको अधीनमा रही प्रदेश सभाको कुनै पनि कारवाईलाई त्यसको असल नियतबारे शङ्का उठाई कुनै टीका-टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन गरिने छैन ।<br><br>(४) यस संविधानको अधीनमा रही उपधारा (१) र (३) को व्यवस्था सदनको बैठकमा भाग लिन पाउने सदस्य बाहेकका अन्य व्यक्तिका हकमा पनि लागू हुनेछ ।<br><br>(५) यस संविधानको अधीनमा रही प्रदेश सभाले दिएको अधिकार अन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारवाई प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्ति उपर अदालतमा कारवाई चल्ने छैन ।<br><br><u>स्पष्टीकरण</u> : यो उपधारा र उपधारा (१), (२), (३) र (४) को प्रयोजनको लागि "सभा" भन्नाले सभाको समितिलाई समेत सम्झनु पर्छ र सो शब्दले विशेष समितिको बैठकलाई समेत जनाउँछ ।<br><br>(६) प्रदेश सभाको कुनै पनि सदस्यलाई अधिवेशन बोलाइएको सूचना जारी भएपछि अधिवेशन चलुन्जेलसम्मको अवधिभर पक्राउ गरिने छैन ।<br><br>तर कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई कानून अनुसार पक्राउ गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन । त्यसरी कुनै | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन समेत गरिएको। |

| | | | | |
|---|---|---|---|---|
| | | सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना सभाको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनु पर्नेछ ।<br>(७) प्रदेश सभाको सभाको विशेषाधिकारको हननलाई प्रदेश सभाको अवहेलना मानिनेछ र कुनै विशेषाधिकारको हनन् भएको छ वा छैन भन्ने निर्णय गर्ने अधिकार सभालाई मात्र हुनेछ ।<br>(८) **'कसैले प्रदेश सभाको अवहेलना गरेमा कानूनले व्यवस्था गरे बमोजिम सजाय हुनेछ'**<br>**तर सभालाई सन्तोष हुने गरी अभियुक्तले क्षमा याचना गरेमा सभाले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई माफी गर्न वा घटाउन सक्नेछ ।**<br>(९) यस संविधानमा उल्लेख गरिएदेखि बाहेक विशेषाधिकार सम्बन्धी अन्य कुराहरु कानूनद्वारा निर्धारित गरिए बमोजिम हुने छन् । | | |
| ३९. | **५९.कार्य सञ्चालन विधि** | (१) यस संविधानको अधीनमा रही प्रदेश सभाले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरुको गठन, काम, कारवाई र कुनै समितिको अन्य कुरा नियमित गर्नको लागि **कानून** बनाउनेछ । त्यस्तो **कानून** प्रदेश प्रमुखबाट प्रमाणीकरण भएपछि लागू हुनेछ ।<br>(२) प्रदेश प्रमुखबाट प्रदेश सभाको बैठकको कार्य सञ्चालन, समितिको गठन र काम कारवाई सभाको सभामुखको सिफारिशमा बनाइएको नियमावली बमोजिम हुनेछ ।<br>(३) उपधारा (१) र (२) बमोजिमको नियमावली नबनेसम्म सो उपधारामा उल्लेख गरिएका कुराहरु प्रदेश प्रमुखबाट बनाइएको नियमावली बमोजिम हुनेछन् । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन समेत गरिएको। |
| ४०. | ६०.समिति | **प्रदेश सभाले कानूनमा व्यवस्था भए बमोजिम समितिहरु गठन गर्न सक्नेछ ।** | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन समेत गरिएको। |
| ४१. | **६१.विशेष समिति** | (१) सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेको मतभिन्नता अन्त्य गर्न वा अन्य कुनै खास कार्यका लागि विशेष समिति गठन गरियोस् भनी सभाले कुनै प्रस्ताव पारित गरेमा विशेष समितिको गठन गरिनेछ ।<br>(२)विशेष समितिमा बढीमा सातजना | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | सदस्यहरु रहने छन् । | | |
| ४२. | **६२.प्रदेश सभाको सचिवालय** | (१)**प्रदेश प्रमुखबाट** प्रदेश सभाको सभामुखको सिफारिशमा महासचिवको नियुक्ति गरिनेछ ।<br>(२) प्रदेश सभाको काम कारबाई सञ्चालन गर्न आवश्यक सचिवालयको स्थापना र सो सम्बन्धी अन्य कुरा कानूनले निर्धारण गरे बमोजिम हुनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ४३. | **६३.पारिश्रमिक** | प्रदेश सभाको सभामुख, उप-सभामुख, समितिका सभापतिहरु तथा सदस्यहरुको पारिश्रमिक र सुविधा कानूनद्वारा निर्धारित हुनेछ र त्यसरी निर्धारित नभएसम्म प्रदेश प्रमुखबाट तोकिए बमोजिम हुनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ४४. | **६४.विधेयक प्रस्तुत गर्ने विधि** | (१) प्रदेश सभामा कुनै पनि विधेयक प्रस्तुत गर्न सकिनेछ ।<br>(२) अर्थ विधेयक सरकारी विधेयकको रुपमा मात्र प्रस्तुत गरिनेछ ।<br>(३) "अर्थ विधेयक" भन्नाले देहायमा उल्लिखित सबै वा कुनै विषयसित सम्बन्ध राख्ने विधेयकलाई जनाउँछ :-<br>(क) प्रदेशमा कर लगाउने, उठाउने, खारेज गर्ने, छूट दिने, परिवर्तन गर्ने वा कर प्रणालीलाई व्यवस्थित गर्ने विषय,<br>(ख) प्रदेशमा सञ्चित कोष वा अन्य कुनै सरकारी कोषको संरक्षण गर्ने, त्यस्तो कोषमा रकम जम्मा गर्ने वा त्यस्तो कोषबाट कुनै रकम विनियोजन वा खर्च गर्ने वा विनियोजन वा खर्च गर्न खोजिएको रकम घटाउने, बढाउने वा खारेज गर्ने विषय,<br>(ग) प्रदेशमा सरकारले ऋण प्राप्त गर्ने वा जमानत दिने विषय व्यवस्थित गर्ने वा प्रदेशको सरकारले लिएको वा लिने आर्थिक दायित्व सम्बन्धी कानून संशोधन गर्ने विषय,<br>(घ) प्रदेश सरकारी कोषमा प्राप्त हुने सबै प्रकारको राजस्व, ऋण असुलीबाट प्राप्त रकम र अनुदानको रकम जिम्मा राख्ने, लगानी गर्ने वा प्रदेश सरकारको लेखाको लेखा परीक्षण गर्ने विषय, वा<br>(ङ) उपर्युक्त विषयहरुसँग प्रत्यक्ष सम्बन्ध भएका प्रासंगिक विषयहरु ।<br>(४) कुनै विधेयक अर्थ विधेयक हो होइन भन्ने प्रश्न उठेमा सभामुखको निर्णय अन्तिम हुनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| ४५. | **६५.विधेयक पारित गर्ने विधि** | (१) प्रदेश सभाले छलफल गरी पारित गरेको विधेयक यथाशीघ्र प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष पेश गरिने छ ।<br>(२) कुनै विधेयक विचाराधीन रहेको अवस्थामा सभाको अधिवेशनको अन्त्य भए पनि सो विधेयकमाथि आगामी अधिवेशनमा कारवाई हुन सक्नेछ ।<br>तर कुनै विधेयक प्रदेश सभामा प्रस्तुत भई विचाराधीन रहेको अवस्थामा (प्रदेश सभा विघटन भएमा) वा सो सभाको कार्यकाल समाप्त भएमा त्यस्तो विधेयक निष्क्रिय भएको मानिनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ४६. | **६६.विधेयक फिर्ता लिने** | विधेयक प्रस्तुतकर्ताले सभाको स्वीकृति लिई विधेयक फिर्ता लिन सक्नेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन समेत गरिएको। |
| ४७. | **६७.विधेयक प्रमाणीकरण** | (१)प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष धारा ६५ बमोजिम पेश गरिने विधेयक सभामुखले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।<br>तर<br>अर्थ विधेयकका हकमा अर्थ विधेयक हो भनी सभामुखले प्रमाणित गर्नु पर्नेछ ।<br>(२) यस धारा बमोजिम प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष पेश भएको विधेयक प्रमाणीकरण भएपछि त्यसको सूचना यथासम्भव चाँडो प्रदेश सभालाई दिइनेछ ।<br>(३) अर्थ विधेयक बाहेक अन्य विधेयकको सम्बन्धमा पुनः विचारविमर्श हुनु आवश्यक छ भन्ने प्रदेश प्रमुखलाई लागेमा निजले विधेयक पेश भएको एक महिनाभित्र सन्देश सहित विधेयक सभामा फिर्ता पठाउन सक्नेछ ।<br>(४) प्रदेश प्रमुखबाट कुनै विधेयक सन्देश सहित फिर्ता भएकोमा विधेयकमाथि सभाको बैठकमा पुनर्विचार पछि सो विधेयक प्रस्तुत रुपमा वा संशोधन सहित पारित भई पुनः पेश भएमा त्यसरी पेश भएको पन्ध्र दिनभित्र प्रदेश प्रमुखबाट प्रमाणीकरण गरिनेछ ।<br>(५) प्रदेश प्रमुखबाट यो धारा बमोजिम कुनै विधेयक प्रमाणीकरण भएपछि सो विधेयक ऐन बन्नेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ४८. | **६९.कानून बमोजिम बाहेक कर लगाउन वा** | (१) कानून बमोजिम बाहेक प्रदेशमा कुनै कर लगाइने र उठाइने छैन । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि | |

| | | | | |
|---|---|---|---|---|
| | ऋण लिन नपाइने | (२) कानून बमोजिम बाहेक प्रदेश सरकारद्वारा कुनै ऋण लिइने र जमानत दिइने छैन । | संविधान मस्यौदा समितिमा पठाउने । | |
| ४९. | **७०.प्रदेश सञ्चित कोष** | गुठी रकम बाहेक **'संघीय सरकारबाट प्राप्त हुने अनुदान वा ऋण'** प्रदेश सरकारलाई प्राप्त हुने राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जाहरू र ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक प्रदेश सरकारी कोषमा आम्दानी बाँधिनेछ जसलाई प्रदेश सञ्चित कोष भनिनेछ ।<br><br>**तर निजी गुठी बाहेकको अन्य गुठीको रकमको हकमाकानून बनाई नियमित गर्न सकिनेछ ।'** | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन समेत गरिएको |
| ५०. | **७१.प्रदेश सञ्चित कोष वा प्रदेश सरकारी कोषबाट व्यय** | देहायका रकम बाहेक प्रदेश सञ्चित कोष वा अन्य कुनै प्रदेश सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैन:-<br><br>(क) प्रदेश सञ्चित कोषमाथि व्ययभार भएको रकम ;<br><br>(ख)विनियोजन ऐनद्वारा खर्च हुने रकम ;<br><br>(ग) विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा पेस्कीको रूपमा ऐनद्वारा खर्च हुने रकम ; वा<br><br>(घ) विशेष अवस्थामा व्ययको विवरण मात्र भएको उधारो खर्च ऐनद्वारा व्यय हुने रकम ।<br><br>तर आकस्मिक कोषका हकमा धारा ७८ बमोजिम हुनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ५१. | **७२.प्रदेश सञ्चित कोषमाथि व्ययभार** | (१) देहायका विषयसँग सम्बन्धित खर्चहरू प्रदेश सञ्चित कोषमाथि व्ययभार हुनेछन् र यस्तो व्ययको लागि प्रदेश सभाको स्वीकृति आवश्यक पर्ने छैन ।<br>(२) प्रदेश प्रमुखको खर्च सम्बन्धी ऐनद्वारा व्यवस्था गरिएको रकम ;<br>(३) प्रदेश उच्च अदालतका न्यायाधीशहरूलाई दिइने पारिश्रमिक, सुविधा र निवृत्तिभरणको रकम ;<br>(४) प्रदेश सभाका सभामुख र उप-सभामुखलाई दिइने पारिश्रमिक र सुविधाका रकमहरु ;<br>(५) प्रदेश सरकारको दायित्वको ऋण सम्बन्धी | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन समेत गरिएको<br><br>"प्रदेशमा स्वतन्त्र संवैधानिक अंगहरु रहने भएमा तिनका पदाधिकारीहरु माथि हुने व्ययभार" थप्ने |

| | | | | |
|---|---|---|---|---|
| | | व्ययभार ;<br>(६) प्रदेश सरकारको बिरुद्ध अदालतबाट भएको फैसला वा आज्ञप्ति अनुसार तिर्नु पर्ने रकम ; र<br>(७) कानूनले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने भनी निर्धारण गरेको रकम । | | |
| ५२. | ७३.राजस्व र व्ययको अनुमान | (१) प्रदेश प्रमुखबाट प्रत्येक आर्थिक वर्षको सम्बन्धमा प्रदेश सभाको बैठक समक्ष देहायका कुराहरू समेत खुलाई वार्षिक अनुमान पेश गर्न लगाउनेछ :-<br>(क) राजस्वको अनुमान ;<br>(ख) प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू ; र<br>(ग) विनियोजन ऐनद्वारा व्यय हुने आवश्यक रकमहरू ।<br>(२) उपधारा (१) बमोजिम वार्षिक अनुमान पेश गर्दा गत आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र सो खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नु पर्नेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ५३. | ७४.विनियोजन ऐन | विनियोजन ऐन अनुसार व्यय हुने आवश्यक रकम शीर्षकहरूमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राखिनेछन् । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ५४. | ७५.पूरक अनुमान | (१) कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा प्रदेश प्रमुखबाट प्रदेश सभा समक्ष पूरक अनुमान पेश गर्न<br>लगाउनेछ :-<br>(क) चालू आर्थिक वर्षको निमित्त विनियोजन ऐनद्वारा कुनै सेवाको लागि खर्च गर्न अख्तियारी दिइएको रकम अपर्याप्त भएमा वा त्यस वर्षको निमित्त विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा, वा<br>(ख) त्यस आर्थिक वर्षमा कुनै विनियोजन ऐनद्वारा अख्तियारी दिएको रकमभन्दा बढी खर्च हुन गएमा ।<br>(२) पूरक अनुमानमा राखिएको रकम शीर्षकहरूमा निर्दिष्ट गरी पूरक विनियोजन विधेयकमा राखिनेछन् । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ५५. | ७६.पेस्की खर्च | (१) यस भागमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षको लागि अनुमान गरिएको | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि | |

| | | | | |
|---|---|---|---|---|
| | | व्ययको कुनै अंश अगावै पेस्कीका रूपमा ऐनद्वारा खर्च गर्न सकिनेछ ।<br><br>(२) धारा ७३ मा गरिएको व्यवस्था अनुसार राजस्व र व्ययको अनुमान पेश नगरिएसम्म पेस्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेस्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको तृतीयांश भन्दा बढी हुने छैन ।<br><br>(३) पेस्की खर्च ऐन अनुसार खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिनेछ । | संविधान मस्यौदा समितिमा पठाउने । | |
| ५६. | **७७.उधारो खर्च** | यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा अन्य कारणले गर्दा स्थानीय वा प्रादेशिक सङ्कटको अवस्था भएमा धारा ७३ अन्तर्गत चाहिने विवरण खुलाउन अव्यवहारिक देखिएमा प्रदेश प्रमुखबाट व्ययको विवरण मात्र भएको उधारो खर्च विधेयक प्रदेश सभा समक्ष पेश गर्न लगाउन सक्नेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ५७. | **७८.आकस्मिक कोष** | ऐनद्वारा प्रदेश आकस्मिक कोषको नामले एउटा कोष स्थापना गर्न सकिनेछ र त्यस्तो कोषमा समय समयमा ऐनद्वारा निर्धारण भए अनुसारको रकम जम्मा गरिनेछ । सो कोष प्रदेश सरकारको नियन्त्रणमा रहनेछ । प्रदेश सरकारले सो कोषबाट आकस्मिक कार्यको लागि खर्च गर्न सक्नेछ । त्यस्तो खर्चको रकम ऐनद्वारा यथाशीघ्र सोधभर्ना गरिनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ५८. | **७९.आर्थिक कार्यविधि सम्बन्धी ऐन** | ऐनद्वारा विनियोजित एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्न र आर्थिक कार्यविधि सम्बन्धी अन्य कुराहरु ऐनद्वारा व्यवस्थित हुनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ५९. | **८०.स्थानीय स्वायत्त इकाईको व्यवस्था** | स्थानीय स्तरदेखि नै जनताको सार्वभौम सत्ताको प्रयोग गर्ने अनुकूल वातावरण बनाई मुलुकको व्यवस्थापिकीय प्रकृयामा जनताको सहभागिता सुनिश्चित गरी स्थानीय स्तरदेखि नै लोकतन्त्रको संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्त ईकाइहरुको गठन गरिने छ । विभिन्न प्रदेश सभा अन्तर्गतका स्थानीय स्वायत्त इकाईहरुको स्वरुप र गठन प्रकृयामा समानता र काम कारवाईमा एकरुपता रहने गरी कानूनद्वारा व्यवस्था गरिने छ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | यो विषय राज्यको पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँड समिति, राज्यको शासकीय स्वरुप निर्धारण समिति र प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजस्व बाँडफाँड समितिको प्रतिवेदनसंग पनि सम्बन्धित रहेको । |

# १०. संवैधानिक समिति

| सि.नं | विषय | सहमति भएको विषय | समितिको निर्क्यौल | कैफियत |
|---|---|---|---|---|
| १. | प्रस्तावना | *(संविधानसभाका सबै समितिहरुबाट संविधानको समग्र पक्षमा अवधारणापत्र र प्रारम्भिक मस्यौदा तयार गर्ने कार्य सम्पन्न भई सुझाव र निर्देशन सहित मस्यौदा एकीकरणको लागि संविधानसभाले संवैधानिक समितिमा पठाई नसकेको अहिलेको अवस्थामा भावी संविधानको मूल मर्म र समग्र सार खिच्ने गरी प्रस्तावनाको मस्यौदा गर्न सकिने अवस्था रहेन । संविधानको समग्र मस्यौदा तयार गर्ने क्रममा पूर्णता दिने गरी अहिले प्रारम्भिक रुपमा यो मस्यौदा प्रस्तुत गरिएको छ ।)*<br><br>हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता;<br><br>नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय एकता, स्वाधीनता एवं स्वाभिमानलाई अक्षुण राख्दै;<br><br>सामन्ती, निरंकुश, केन्द्रिकृत, एकात्मक र पितृसत्तात्मक राज्य व्यवस्थाले सृजना गरेका विभेद र उत्पीडनको पीडालाई **अनुभूति** गर्दै;<br><br>बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा क्षेत्रीय विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्ने प्रण गर्दै;<br><br>वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र वर्ण व्यवस्थाजन्य जातपात र छुवाछूत लगायत सबै प्रकारका विभेद **र उत्पीडन**को अन्त्य गरी आर्थिक समानता, सम्पन्नता र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक मान्यताको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै;<br><br>सामन्तवादका सबैखाले अवशेषहरुको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, समृद्धि र विकासको आकांक्षा पूरा गर्न संविधानसभा मार्फत यो संविधान निर्माण गरी जारी भएको घोषणा | प्रस्तावनाको अनुच्छेद १, २, ४, ५, ८ र ९ मा सहमति भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | बोल्ड गरिएका शब्दहरु तत्कालीन संविधानसभाको निर्देशन अनुरुप परिमार्जन गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | गर्दछौं । | | |
| २. | १.संविधान मूल कानून | (१) यो संविधान नेपालको मूल कानून हो । यस संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ ।<br>(२) यस संविधानको पालना गर्नु र संविधान बमोजिमका दायित्व पूरा गर्नु सबैको कर्तव्य हुनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ३. | २.सार्वभौमसत्ता र राजकीयसत्ता | (१) नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेकोछ ।<br>(२) नेपाली जनताले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग यस संविधानमा व्यवस्था भएबमोजिम गर्नेछन् । | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ४. | ३.राष्ट्र | बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त, समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टि रूपमा राष्ट्र हो । | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ५. | ४.नेपाल राज्य | (१) नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी **लोकतन्त्रात्मक** समाजवाद उन्मुख, गणतन्त्रात्मक, **बहुजातीय** राज्य हो जसलाई संक्षिप्तमा नेपाल भनिनेछ ।<br>(२) नेपाल राज्यभित्र अनुसूची-१ मा उल्लेख भएबमोजिमका संघीय इकाईहरू रहनेछन् ।<br>(३) नेपालको क्षेत्र देहाय बमोजिम हुनेछ:-<br>(क) यो संविधान प्रारम्भ हुँदाका बखतको क्षेत्र, र<br>(ख) यो संविधान प्रारम्भ भएपछि प्राप्त हुने क्षेत्र । | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधान सभाको निर्णयानुसार परिमार्जन गरिएको । |
| ६. | ५.राष्ट्रभाषा : | | साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको प्रतिवेदनमा सहमति भए अनुसार गर्न संविधान मस्यौदा | यो विषय साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको प्रतिवेदनमा समावेश भएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | समितिमा पठाउने । | |
| ७. | ६.राष्ट्रिय झण्डा | (१) सिम्रिक रङ्गको भुईं र गाढा नीलो रङ्गको किनारा भएको दुई त्रिकोण अलिकति जोरिएको, माथिल्लो भागमा खुर्पे चन्द्रको बीचमा सोह्रमा आठ कोण देखिने सेतो आकार र तल्लो भागमा बाह्र कोणयुक्त सूर्यको सेतो आकार अङ्कित भएको, परम्परागत झण्डा नेपालको राष्ट्रिय झण्डा हो ।<br><br>(२) नेपालको राष्ट्रिय झण्डा बनाउने तरिका र तत्सम्बन्धी अरु विवरण अनुसूची-२ मा उल्लेख भएबमोजिम हुनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ८. | ७.राष्ट्रिय गान र निशाना छाप | (१) नेपालको राष्ट्रिय गान अनुसूची-३ मा उल्लेख भएबमोजिम हुनेछ । | उपधारा (१) मा सहमति भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | (प्रदेशको आफ्नो छुट्टै निशाना छाप हुने वा नहुने विषय राज्यपुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा निर्णय भए अनुसार गर्नु पर्ने ।) |
| ९. | ८.संविधान संशोधन : | (२) उपधारा (१) को अधीनमा रही यस संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक संघीय विधायिकाको कुनै पनि सदनमा **प्रस्तुत** गर्न **सकिनेछ**। त्यस्तो विधेयक नेपाल सरकार, **संघीय व्यवस्थापिकाको सदस्य** वा कुनै संघीय इकाईका विधायिकाबाट पेश हुन सक्नेछ ।<br><br>तर उपधारा (१) लाई संशोधन गरिने छैन ।<br><br>(३) ..................<br><br>(४) ..................<br><br>(५) उपधारा (२) बमोजिम पेश भएको विधेयक सम्बन्धित सदनमा प्रस्तुत भएको ३० दिनभित्र सर्वसाधारण जनताको जानकारीको लागि सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्नेछ ।<br><br>(६) उपधारा (२) बमोजिम पेश भएको विधेयक | साबिकको उपधारा (३) र (४) हटाइएको ।<br><br>उपधारा (२), (५), (६), (८) र (९) सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | बोल्ड गरिएका शब्दहरु तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन गरिएको |

| | | | | |
|---|---|---|---|---|
| | | कुनै संघीय इकाईको सीमाना परिवर्तन र धारा .....मा उल्लिखित संघीय इकाईको एकलौटी अधिकारको विषयसँग सम्बन्धित भएमा संघीय विधायिकामा प्रस्तुत भएको ३० दिनभित्र संघीय इकाईका विधायिकाको सहमतिका लागि पठाउनु पर्नेछ ।<br><br>तर उपधारा (२) बमोजिम पेश भएको विधेयक कुनै निश्चित संघीय इकाईको मात्र सरोकारको विषयसँग सम्बन्धित भएमा सम्बन्धित संघीय इकाईको विधायिकाको सहमति पर्याप्त हुनेछ ।<br><br>(८) उपधारा (२) बमोजिम पेश भएको संघीय इकाईका विधायिकाको सहमति आवश्यक नपर्ने विधेयक वा उपधारा (७) बमोजिम संघीय इकाईका विधायिकाबाट सहमति प्राप्त भएको विधेयक संघीय विधायिकाका प्रत्येक सदनमा सो सदनको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुईतिहाई सदस्यहरूको बहुमतबाट पारित भएमा राष्ट्रप्रमुखको स्वीकृतिका लागि पेश गरिनेछ ।<br><br>(९) राष्ट्रप्रमुखले उपधारा (८) बमोजिम स्वीकृतिका लागि पेश भएको विधेयक प्राप्त भएको मितिले १५ दिनभित्र स्वीकृत गर्नेछ ।<br><br>*(विधायिका एक सदनात्मक हुने वा दुई सदनात्मक हुने, त्यसको नाम के हुने भन्ने विषय अर्को समितिको कार्यक्षेत्रमा रहेकोले त्यहाबाट निर्णय भई आएबमोजिम विधायिकाको नाम राख्नु पर्ने हुन्छ ।)* | | |
| १०. | **जनमत संग्रहसंग सम्बन्धी व्यवस्था** | **(१) यस संविधानमा अन्यत्र व्यवस्था भएकोमा बाहेक राष्ट्रिय महत्वको कुनै विषयमा जनमत संग्रहबाट निर्णय गर्न आवश्यक छ भनी संघीय व्यवस्थापिकाले तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरुको दुई तिहाई सदस्यको बहुमतबाट निर्णय गरेमा त्यस्तो विषयमा जनमत संग्रहबाट निर्णय लिन सकिने छ ।**<br><br>**(२) जनमत संग्रह सम्बन्धी अन्य व्यवस्था कानूनद्वारा निर्धारित भए बमोजिम हुनेछ ।** | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभाको मिति २०६७/१०/१२ को निर्णय र निर्देशन बमोजिम थप गरिएको यो व्यवस्था संविधानको मस्यौदाको उपयुक्त स्थानमा |

| | | | | |
|---|---|---|---|---|
| | | | | राख्ने । |
| ११. | ९.राजनीतिक दलको गठन, दर्ता र सञ्चालन | (१) समान राजनैतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले धारा .........(मौलिक हकमा राजनीतिक दल खोल्ने स्वतन्त्रता सम्बन्धी) अन्तर्गत बनेको कानूनको अधीनमा रही राजनीतिक दलको गठन गरी सञ्चालन गर्न र आफ्नो विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार र प्रसार गर्न, गराउन वा सो प्रयोजनका लागि अन्य कुनै काम गर्न सक्नेछन् ।<br>(२) उपधारा (१) बमोजिम गठन भएका राजनीतिक दलले प्रचलित कानून बमोजिमको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दल दर्ता गराउनु पर्नेछ ।<br>(३) उपधारा (२) बमोजिम दल दर्ताको लागि निवेदन गर्दा राजनीतिक दलको विधान, घोषणापत्र, नियमावली र वार्षिक लेखापरीक्षण प्रतिवेदन लगायत कानूनमा व्यवस्था भएबमोजिमका अन्य कुराहरु पेश गर्नु पर्नेछ ।<br>(४) उपधारा (२) बमोजिम दल दर्ताको लागि निवेदन दिंदा कुनै पनि राजनैतिक दलले देहायका शर्तहरू पूरा गर्नु पर्नेछ :-<br>(क) राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनु पर्छ,<br>(ख) राजनीतिक दलको विधान वा नियमावलीमा कम्तीमा पाँच वर्षमा एक पटक सो दलका संघीय र संघीय इकाई तहका प्रत्येक पदाधिकारीहरूको निर्वाचन हुने व्यवस्था हुनु पर्छ,<br>(ग) विभिन्न स्तरका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी सहभागिताको व्यवस्था गरिएको हुनु पर्छ,<br>(घ) दलको विधानमा दलका सदस्यहरूलाई अनुशासित तुल्याउने प्रभावकारी व्यवस्था गरिएको हुनु पर्छ । | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | (५) कुनै राजनीतिक दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा देशको धार्मिक वा साम्प्रदायिक एकतालाई खलल पार्ने वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने त्यस्तो राजनीतिक दल दर्ता हुने छैन ।<br>(६) प्रादेशिक इकाई स्तरमा समेत राजनीतिक दल स्थापना, दर्ता र सञ्चालन हुन सक्नेछन् । | | |
| १२. | **१०.राजनीतिक दललाई प्रतिबन्ध लगाउन बन्देज** | (१) धारा ९ बमोजिम राजनीतिक दलको गठन गरी सञ्चालन गर्न र आफ्नो विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार र प्रसार गर्ने कार्यमा कुनै प्रतिबन्ध लगाउने गरी बनाइएको कानून वा गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधानको प्रतिकूल मानिनेछ र स्वत: अमान्य हुनेछ ।<br>(२) कुनै एउटै राजनीतिक दल वा एकै किसिमको राजनीतिक विचारधारा, दर्शन वा कार्यक्रम भएका व्यक्तिहरूले मात्र निर्वाचन, देशको राजनीतिक प्रणाली वा राज्य व्यवस्था सञ्चालनमा भाग लिन पाउने वा सम्मिलित हुन पाउने गरी बनाएको कानून, गरिएको कुनै व्यवस्था वा निर्णय यस संविधान प्रतिकूल मानिनेछ र स्वत: अमान्य हुनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| १३. | **११.राजनीतिक दलको रूपमा निर्वाचनको लागि मान्यता प्राप्त गर्न दर्ता गराउनु पर्ने** | (१) निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्न चाहने धारा .....बमोजिम दर्ता भएका प्रत्येक राजनीतिक दलले प्रचलित कानून बमोजिमको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दर्ता गराउनु पर्नेछ ।<br>(२) उपधारा (१) बमोजिम दर्ताको लागि निवेदन दिंदा राजनीतिक दलले धारा ९ को उपधारा (३) मा उल्लिखित विवरण खुलाउनुको साथै सोही धाराको उपधारा (४) मा उल्लिखित शर्तहरु समेत पूरा गरेको हुनु पर्नेछ । | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| १४. | **१२.राजनीतिक दल सम्बन्धी अन्य व्यवस्था** | राजनीतिक दलको स्थापना, दर्ता, **सुविधा** र सञ्चालन सम्बन्धी अन्य कुराहरू कानूनमा व्यवस्था भए बमोजिम हुनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | बोल्ड गरिएका शब्दहरु तत्कालीन संविधानसभाको निर्णयानुसार परिमार्जन गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| १५. | १३.संकटकालीन व्यवस्था | (१) नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह, चरम आर्थिक विशृङ्खलता, प्राकृतिक विपत्ति वा महामारीको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा नेपाल सरकार, मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रप्रमुखले नेपाल राज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी सङ्कटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्नेछ ।<br><br>**(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्रदेशमा प्राकृतिक विपत्ति वा महामारीको कारणले गम्भीर संकट उत्पन्न भएमा सम्बन्धित प्रदेश सरकारले नेपाल सरकारसमक्ष यस धारा बमोजिम आंशिक संकटकालिन अवस्थाको घोषणा वा आदेश जारी गर्नको लागि अनुरोध गर्न सक्नेछ ।"**<br><br>(३) उपधारा (१) बमोजिम गरिएको घोषणा वा आदेश सो आदेश भएको मितिले एक महिनाभित्र अनुमोदनको लागि संघीय विधायिकाका दुवै सदनमा पेश गरिनेछ ।<br><br>**(४) उपधारा (३) बमोजिम अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश संघीय विधायिकाका दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुई-तिहाइ बहुमतले अनुमोदन गरेमा घोषणा वा आदेश भएको मितिले तीन महिनासम्म लागू रहनेछ ।**<br><br>**(५) उपधारा (३) बमोजिम विधायिकाका दुवै सदनमा अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश उपधारा (४) बमोजिम अनुमोदन नभएमा सो घोषणा वा आदेश स्वत: निष्क्रिय भएको मानिनेछ ।**<br><br>(६) उपधारा (१) बमोजिमको अवस्था अझै विद्यमान छ भनी उपधारा (४) बमोजिमको म्याद भुक्तान नहुँदै संघीय विधायिकाका दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुईतिहाइ बहुमतले प्रस्तावद्वारा निर्णय गरी अर्को एक पटक तीन महिनामा नबढाई सो प्रस्तावमा तोकिएको अवधिको लागि सङ्कटकालीन अवस्थाको घोषणा | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | (१) संकट कालीन अवस्थाको घोषणा विधायिकाबाट अनुमोदन हुने पर्ने, विधायिका एक सदनात्मक वा दुई सदनात्मक के हुन्छ र विधायिकाको विघटन सम्बन्धी व्यवस्था रहन्छ वा रहन्न, रहेमा विधायिका विघटन भएको अवस्थामा संकटकालीन अवस्थाको घोषणा भएमा के कसरी अनुमोदनको व्यवस्था मिलाउने भन्ने विषयमा व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको प्रतिवेदन र संकटकालीन अवस्थाको घोषणा मन्त्रिपरिषदको सिफारिशमा राष्ट्रप्रमुखबाट हुने वा राष्ट्रप्रमुखले गर्ने विषयमा राज्यको शासकीय स्वरुप निर्धारण समितिको प्रतिवेदन संवैधानिक समितिमा प्राप्त भएपछि निर्णय गर्ने उपयुक्त |

| | | | | |
|---|---|---|---|---|
| | | वा आदेशको म्याद बढाउन सक्नेछ ।<br><br>(७) उपधारा (१) बमोजिम सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश भएपछि त्यस्तो अवस्थाको निवारण गर्न नेपाल सरकार, मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रप्रमुखले आवश्यक आदेश जारी गर्न सक्नेछ । त्यसरी जारी भएको आदेश सङ्कटकालीन अवस्था बहाल रहेसम्म कानून सरह लागू हुनेछ ।<br><br>(८) नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखबाट उपधारा (१) बमोजिम सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश गरिँदा सो घोषणा वा आदेश बहाल रहेसम्मको लागि भाग ... मा व्यवस्था भएका मौलिक हकहरुमध्ये धारा ... मा उल्लेखित हकहरु निलम्बन गर्न सकिनेछ ।<br><br>तर धारा ... बमोजिम संवैधानिक उपचारको हक र बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन गरिने छैन ।<br><br>(९) उपधारा (८) बमोजिम यस संविधानको कुनै धारा निलम्बन गरिएकोमा सो धाराले प्रदान गरेको मौलिक हकको प्रचलनको लागि कुनै अदालतमा निवेदन दिन वा त्यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।<br><br>(१०) उपधारा (१) बमोजिमको घोषणा वा आदेश बहाल रहेको अवस्थामा कुनै पदाधिकारीले बदनियतसाथ कुनै काम गरेबाट कसैलाई कुनै प्रकारको क्षति भएको रहेछ भने निजले सो घोषणा वा आदेश समाप्त भएको मितिले तीन महिनाभित्र आफूलाई परेको क्षति बापत पीडितले क्षतिपूर्तिको दावी गरेमा अदालतले कानून बमोजिमको उचित क्षतिपूर्ति भराइदिन र पीडकलाई सजाय गर्न सक्नेछ ।<br><br>(११) उपधारा (१) बमोजिम गरिएको सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रप्रमुखबाट सो घोषणा वा आदेश बहाल रहेसम्म जुनसुकै बखत फिर्ता लिन सकिनेछ । | | हुनेछ ॥ भन्ने टिप्पणी समितिको टिप्पणीमा नै उल्लेख भएको ।<br><br>(२) बोल्ड गरिएको व्यवस्था तत्कालीन संविधानसभाको मिति २०६७/१०/१२ को निर्णयानुसार परिमार्जन गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| १६. | १६.माफी | मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले जुनसुकै अदालत, विशेष अदालत, सैनिक अदालत वा अन्य कुनै न्यायिक, अर्ध न्यायिक वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानूनमा व्यवस्था भएबमोजिम माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्नेछ । | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| १७. | १७.उपाधि, सम्मान र विभूषण | (१) मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखबाट राज्यका तर्फबाट दिइने उपाधि, सम्मान र विभूषणहरू प्रदान हुनेछन् ।<br>(२) नेपालको कुनै नागरिकले कुनै विदेशी मुलुकको सरकारबाट प्रदान गरिने उपाधि, सम्मान वा विभूषण ग्रहण गर्नुअघि नेपाल सरकारबाट स्वीकृति प्राप्त गर्नु पर्नेछ । | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| १८. | १८.सरकारी सेवाको गठन | | राज्यको शासकीय स्वरुप निर्धारण समितिको प्रतिवेदनमा भएको सहमति अनुसार गर्न संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | यो विषय राज्यको शासकीय स्वरुप निर्धारण समितिको प्रतिवेदनमा समावेश रहेको । |
| १९. | १९.संवैधानिक निकायका पदाधिकारीहरू को सुनुवाइ र नागरिकता सम्बन्धी व्यवस्था | | मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति र संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदनमा भएको सहमति अनुसार गर्न संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | पदाधिकारीको नागरिकता सम्बन्धि व्यवस्था मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति र सुनुवाई सम्बन्धि व्यवस्था संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदनमा परेको । |
| २०. | २०. सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा | | राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदनमा समावेश रहेकोले सोही प्रतिवेदनमा भएको | राष्ट्रिय हितको संरक्षण समितिको कार्य क्षेत्रभित्र परेको । |

| | | | | |
|---|---|---|---|---|
| | **समर्थन :** | | सहमति अनुसार गर्न संविधान मस्यौदा समितिमा पठाउन उपयुक्त हुने । | |
| २१. | **संङ्क्रमणकालीन व्यवस्था**<br><br>*(नेपालको अन्तरिम संविधान, २०६३ खारेज हुने र नयाँ संविधान कार्यान्वयनमा नआईसकेको अवस्थालाई संक्रमणकालीन अवस्था भनिएको हो । हाल भएका संवैधानिक संयन्त्रमा के कस्तो परिवर्तन हुन्छ, तिनीहरुका काम, कर्तव्य र अधिकारमा के कस्तो अन्तर आउँछ र नयाँ संयन्त्र बन्न के कति समय लाग्छ भन्ने विषय स्पष्ट नभईकन संक्रमणकालीन व्यवस्थालाई पूर्णता दिन सकिदैन । विषयगत समितिहरुबाट प्राप्त मस्यौदा र संवैधानिक समितिबाट मस्यौदा एकीकरण भई संविधानको विधेयक तयार गर्ने अवधिसम्म संक्रमणकालीन व्यवस्था अन्तर्गत राखिनु पर्ने अन्य विषयहरु थप गर्नु पर्ने अवस्था आउने भएकोले यो भागलाई अन्तिमसम्म खुला राख्नु पर्ने समितिको सुझाव रहेको ।)* | | | **यो भागसंग सम्बन्धित प्रश्नावली**<br><br>१२. संक्रमणकालीन व्यवस्था अन्तर्गत प्रस्तावित व्यवस्थाको सट्टा देहायका प्रावधानहरु थप गर्नुपर्ने वा नपर्ने ?<br><br>नयाँ संविधान जारी भएको मितिले बढीमा एक महिना भित्र राष्ट्रपति तथा मन्त्रीमण्डलको अन्तरिम व्यवस्था व्यवस्थापिका-संसदको रुपम कायम रहने संविधान सभाले गर्ने ।<br><br>• संवैधानिक अंगका पदाधिकारीहरु र न्यायाधीशहरुको अन्तरिम व्यवस्था नयाँ संविधान जारी भएको तीन महिना भित्र व्यवस्थापिका-संसदको रुपमा कायम रहने संविधान सभाले गर्ने ।<br>• स्वायत्त प्रादेशिक राज्यहरुको अन्तरिम व्यवस्था नयाँ |

| | | | |
|---|---|---|---|
| | | | संविधान जारी भएको तिन महिना भित्र व्यवस्थापिका - संसदको रुपमा कायम रहने संविधान सभाले गर्ने ।<br>१३.बाधा अड्काउ फुकाउने अधिकार संक्रमणकालीन भाग अन्तर्गत राख्ने वा नराख्ने ?<br>१४.बाधा अड्काउ फुकाउने आदेश व्यवस्थापिका संसदबाट एकमहिना भित्र अनुमोदन गराउनुपर्ने वा नपर्ने<br>१५.संक्रमणकालीन व्यवस्था अन्तर्गत वर्तमान संविधानसभालाई नै व्यवस्थापिकाको रुपमा निरन्तरता दिने तर न्यायाधीश एवं संवैधानिक निकायका पदाधिकारीहरुको हकमा अन्यथा व्यवस्था राखिनुले दोहोरो मापदण्ड अवलम्बन गरेको देखिने हुँदा एकरुपता कायम गरिनुपर्ने वा नपर्ने ? |

| | | | | |
|---|---|---|---|---|
| २२ | **२२.मन्त्रिपरिषद् सम्बन्धी व्यवस्था** | (२) यो संविधान बमोजिम मन्त्रिपरिषद् गठन नभएसम्म उपधारा (१) बमोजिमको मन्त्रिपरिषद् कायम रहनेछ । | उपधारा (२) मा सहमति भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| २३. | **२३.विधायिकी अधिकार** | (२) यो संविधान जारी हुँदाका बखत कायम रहेको व्यवस्थापिका-संसद सचिवालय र सो सचिवालयमा कार्यरत पदाधिकारी र कर्मचारी यसै संविधान बमोजिम कायम हुने संसद सचिवालय र नियुक्ति भएका पदाधिकारी र कर्मचारी मानिनेछन् । | उपधारा (२) मा सहमति भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| २४. | **२४.न्यायपालिका सम्बन्धी व्यवस्था** | (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतहरू यस संविधान बमोजिमको न्यायपालिकाको संरचना तयार नभएसम्म कायम रहनेछन् । यो संविधान प्रारम्भ हुनुअघि दायर भएका मुद्दाहरू र यो संविधान प्रारम्भ भएपछि दायर हुने मुद्दाहरु तत् तत् अदालतबाट निरूपण गर्न यो संविधानले बाधा पुऱ्याएको मानिने छैन । | उपधारा (१) सहमतिको विषय भएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| २५. | **२५.संवैधानिक निकाय र पदाधिकारीहरू सम्बन्धी व्यवस्था** | (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका संवैधानिक निकाय र पदाधिकारीहरूमध्ये यस संविधानमा उल्लेख नगरिएका संवैधानिक निकाय र पदाधिकारीहरू यो संविधान प्रारम्भ भएपछि कायम रहने छैनन् ।<br><br>(२) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका संवैधानिक निकायहरू यसै संविधान बमोजिम स्थापना भएको मानिने छन् र प्रचलित कानून बमोजिम ती निकायहरूमा विचाराधीन रहेका विषयहरूलाई निरन्तरता दिन यस संविधानले बाधा पुऱ्याएको मानिने छैन। | उपधारा (१) र (२) मा सहमति भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| २६. | **२६.वर्तमान कानून** | (१) संविधानसभाद्वारा भए गरेका निर्णय र | यो विषयमा | |

| | | | | |
|---|---|---|---|---|
| | लागू रहने | काम कारबाही यो संविधानसंग नबाझिएको हदसम्म यसै संविधान बमोजिम भए गरेको मानिनेछन् ।<br><br>(२) यो संविधान लागू हुंदाका बखत कायम रहेका कानुनहरू खारेज वा संशोधन नभएसम्म कायम रहनेछन् ।<br><br>तर यो संविधानसंग बाझिएको कानून यो संविधान बमोजिमको विधायिकाको पहिलो बैठक बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ । | सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| २७. | २७.स्थानीय निकाय सम्बन्धी व्यवस्था | यस संविधानद्वारा व्यवस्था गरिएको स्थानीय निकायको गठन नभएसम्म हाल विद्यमान स्थानीय निकायहरु यथावत कायम रहनेछन् । | सहमति भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| २८. | २९.परिभाषा | (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा,-<br><br>(क) "धारा" भन्नाले यो संविधानको धारा सम्झनु पर्छ ।<br><br>(ख) "नागरिक" भन्नाले नेपालको नागरिक सम्झनु पर्छ ।<br><br>(ग) "विधेयक" भन्नाले संघीय वा प्रादेशिक विधायिकामा पेश भएको ऐनको मस्यौदा सम्झनु पर्छ ।<br><br>(घ) "पारिश्रमिक" भन्नाले तलब, भत्ता, निवृत्तिभरण र अन्य कुनै किसिमको पारिश्रमिक तथा सुविधा समेत सम्झनु पर्छ ।<br><br>*(परिभाषा गर्नु पर्ने शब्दहरुको पहिचान संविधानको समग्र मस्यौदा तयार भएपछि मात्र यकिन हुने भएकोले अहिले केही शब्दहरुको मात्र परिभाषा प्रस्ताव गरिएको छ ।)*<br><br>(२) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा व्यक्त भएका कुराहरूको अधीनमा रही कानून व्याख्या सम्बन्धी | सहमति भएको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रचलित कानुनी व्यवस्था नेपाल कानूनको व्याख्यामा लागू भए सरह यस संविधानको व्याख्यामा पनि लागू हुनेछ । | | |
| २९. | ३१.खारेजी : | नेपालको अन्तरिम संविधान, २०६३" खारेज गरिएको छ । | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ३०. | | अनुसूचीहरु<br>१. नेपाल राज्यभित्र रहने संघीय इकाईहरु<br>(अनुसूची - १)<br>(धारा ४ को उपधारा (२) संग सम्बन्धित)<br>**नेपाल राज्यभित्र रहने संघीय इकाईहरु** | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ३१. | | २. नेपालको राष्ट्रिय झण्डा<br>अनुसूची - २<br>(धारा ६ को उपधारा (२) संग सम्बन्धित)<br>**राष्ट्रिय झण्डा**<br>(क) किनाराभित्रको आकार बनाउने तरिका<br>(१) एउटा सिम्रिक रङ्गको रातो कपडामा तल्लो भागमा चाहिएको जति लम्बाइको रेखा बायाँबाट दाहिनेतिर खिच्ने र यसलाई क ख नाम राख्ने ।<br>(२) क बाट सीधा माथि ग सम्म क ख को लम्बाइ जतिमा क ख कै तृतीयांश थप्दा जति हुन्छ त्यति लामो हुने गरी क ग रेखा खिच्ने । क ग मा क बाट क ख को लम्बाइ जति लिई घ चिन्हो लगाउने । ख र घ जोड्ने ।<br>(३) ख घ रेखामा ख बाट क ख जति लिई ङ चिन्हो लाउने ।<br>(४) ङ हुँदै क ख को समानान्तर पारेर क ग मा पर्ने बिन्दु च बाट शुरु गरी दाहिनेतिर छ सम्म क ख को लम्बाइ जति रेखा खिच्ने ।<br>(५) ग र छ लाई जोड्ने । | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | (ख) चन्द्र बनाउने तरिका<br>(६) क ख को चतुर्थांश जति क बाट दाहिनेमा ज चिन्हो लाउने र त्यहाँबाट माथि क ग को समानान्तर पारेर ग छ लाई झ मा छुने रेखा खिच्ने ।<br>(७) ग च को आधा ञ बाट क ख को समानान्तर पारेर रेखा दायाँतिर खिची ग छ लाई ट मा छुने ।<br>(८) ञ ट र ज झ रेखा काटिएको ठाउँमा ठ चिन्हो राख्ने ।<br>(९) ञ र छ जोड्ने ।<br>(१०) ञ छ र ज झ काटिएको बिन्दुमा ड चिन्हो लाउने ।<br>(११) ड लाई केन्द्र मानी ख ध रेखालाई न्यूनतम अन्तर पर्ने गरी स्पर्श गर्दा हुने जति दूरी पर्ने गरी ज झ रेखाको तल्लो भागमा ढ चिन्हो लगाउने ।<br>(१२) ड मा छोई क ख को समानान्तर रेखा बायाँबाट दायाँतिर खिच्ने र यसले क ग लाई छोएको बिन्दुको नाम ण राख्ने ।<br>(१३) ठ केन्द्र लिएर ठ ढ व्यासार्द्धले तल्लो भागमा वृत्त खण्ड खिच्ने र ण ड बाट गएको रेखालाई यसले छोएको दुवै ठाउँमा क्रमशः त र थ नाम राख्ने ।<br>(१४) ड लाई केन्द्र मानी ड थ व्यासार्द्धले तल्लो भागमा अर्ध वृत्ताकार त थ लाई छुने गरी खिच्ने ।<br>(१५) ढ केन्द्र मानी ढ ड को व्यासार्द्धले त ड थ वृत्त खण्डको दुवैतर्फ छुने गरी वृत्त खण्ड खिच्ने र यसले त ढ थ लाई छोएको बिन्दुहरुको नाम क्रमशः द र ध राख्ने । द ध लाई जोड्ने । द ढ र ज झ काटिएको बिन्दुको नाम न राख्ने ।<br>(१६) न लाई केन्द्र मानेर व्यासार्द्ध न ध ले त ढ थ को माथिल्लो भागमा दुवै ठाउँमा छुने गरी अर्ध वृत्ताकार खिच्ने । | | |

| | | | | |
|---|---|---|---|---|
| | | (१७) न लाई केन्द्र मानेर व्यासार्द्ध न ड ले त द थ को माथिल्लो भागमा दुवै ठाउँमा छुने गरी वृत्त खण्ड खिच्ने ।<br>(१८) यो अनुसूचीको नं. (१६) को अर्ध वृत्ताकार भित्र र नं. (१७) को वृत्त खण्ड बाहिर चन्द्रमाको आठवटा बराबरका कोण बनाउने ।<br>(ग) सूर्य बनाउने तरिका<br>(१९) क च को आधा प बाट क ख को समानान्तर पारेर ख ङ मा छुने गरी प फ रेखा खिच्ने ।<br>(२०) ज झ र प फ काटिएको विन्दु ब केन्द्र मानेर ड ढ को व्यासार्द्धले वृत्ताकार पूरा खिच्ने ।<br>(२१) ब लाई केन्द्र मानेर ठ ड व्यासार्द्धले वृत्ताकार पूरा खिच्ने ।<br>(२२) यो अनुसूचीको नं. (२०) को वृत्ताकार बाहिर र यो अनुसूचीको नं. (२१) को वृत्ताकारभित्र परेको गोल घेराको बीच भागमा सूर्यको बाह्रवटा बराबरका कोणहरु दुई चुच्चाहरुले ज झ रेखामा छुने गरी बनाउने ।<br>(घ) किनारा बनाउने तरिका<br>(२३)न द को चौडाइ जति गाढा नीलो रङ्गको किनारा झण्डाको आकारको बाहिरी सबैतिरको सीमामा थप्ने, तर झण्डाको पाँच कोणहरुमा चाहिं बाहिरी कोणहरु पनि भित्रै सरहका बनाउने ।<br>(२४) झण्डा डोरी लगाई प्रयोग गरेमा माथि बताइएकै पट्टि राख्ने । झण्डा लट्ठीमा धुसार्ने हो भने क ग पट्टि आवश्यक परे जति किनारा चौड्याउने । डोरी वा लट्ठीको प्रयोगमा क ग को पट्टिमा प्वाल राख्ने ।<br>स्पष्टीकरण : झण्डा बनाउँदा खिचिएका ज झ द ध, च ड, ङ घ, त्र छ, ण थ, त्र ट र प फ रेखाहरु कल्पित हुन् । त्यस्तै सूर्यका बाहिरी र भित्री | | |

| | | | | |
|---|---|---|---|---|
| | | वृत्ताकारहरु तथा सुर्य चन्द्र बाहेक अरु वृत्त खण्ड पनि कल्पित हुन् । यिनलाई झण्डामा देखाईदैन । | | |
| ३२. | | <u>३. नेपालको राष्ट्रिय गान</u><br>अनुसूची - ३<br>(धारा ७ को उपधारा (१) संग सम्बन्धित)<br>**नेपालको राष्ट्रिय गान**<br>सयौं थुंगा फूलका हामी एउटै माला नेपाली<br>सार्वभौम भई फैलिएका मेची-महाकाली ।<br>प्रकृतिका कोटीकोटी सम्पदाको आँचल<br>बीरहरुका रगतले स्वतन्त्र र अटल<br>ज्ञानभूमि शान्तिभूमि तराइ पहाड हिमाल<br>अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल<br>बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल<br>अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल । | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ३३. | | <u>४. नेपालको निशाना छाप</u><br>अनुसूची - ४<br>(धारा ७ को उपधारा (२) संग सम्बन्धित)<br><br>**नेपालको निशाना छाप** | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

# ११. संवैधानिक निकायको संरचना निर्धारण समिति

| सि. नं. | विषय | सहमति भएका विषय | समितिको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १ | **प्रस्तावना** | संघीय लोकतान्त्रिक एवं गणतान्त्रिक संविधानको पूर्व शर्तको रुपमा रहेको संविधानवादको आधारशिलाहरु मानव अधिकार, बालिग मताधिकार , आवधिक निर्वाचन प्रणाली , कानुनी राज्य, स्वतन्त्र न्यायपालिका, जनप्रतिनिधिमूलक र जवाफदेही एवं परिमार्जित सरकार, सरकारको काम कारवाहिमा पारदर्शिता, सीमित सरकार, सुशासन जस्ता लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात एवं पूर्ण प्रतिवध्दता गर्दै वर्गिय ,जातिय, भाषिक, लैंगिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदीबासी/जनजाति, मधेसी, मुस्लीम, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत तथा पिछडिएको क्षेत्र एवं वर्गको हक हितको सुनिश्चितता एवं तिनीहरुको उत्थान एवं विकासको लागि मुलुकको राज्य संरचनाका सवै अंगहरुमा समानुपातिक प्रतिनिधित्व एवं समावेशिताका आधारमा सहभागी गराई सवै किसिमको विभेद एवं असमानता हटाई सामाजिक न्यायको आधारमा आर्थिक, राजनैतिक, सामाजिक र शैक्षिक क्षेत्रमा समान अवसर प्रदान गरी विभिन्न जातजाति, धर्म, भाषा, वर्ण, सम्प्रदाय र समुदायबीच्च सामञ्जस्यता स्थापना गरी न्यायपूर्ण समाजको स्थापना र विकास सुनिश्चित गरी समावेशी राज्य निर्माण भएमा मात्र लोकतन्त्रको संस्थागत विकास, दिगो शान्ति, स्थिरता एवं आर्थिक र सामाजिक रुपान्तरण सम्भव छ भन्ने कुरालाई स्वीकार गर्दै, .... | यो विषय तत्कालीन संविधानसभाको संवैधानिक समितिको कार्यक्षेत्रमा पर्ने देखिएकोले संविधान मस्यौदा समितिले महत्वपूर्ण सन्दर्भ सामाग्रीको रुपमा ग्रहण गरी प्रस्तावनालाई पूर्णता दिने क्रममा ध्यान दिने गरी संविधान मस्यौदा समितिमा पठाउने । | |
| २ | **१. अख्तियार दुरूपयोग अनुसन्धान** | (३) प्रमुख आयुक्त र अन्य आयुक्तहरूको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ । निजहरुको थप एक कार्यकालका | यो विषयमा संविधानसभाको मिति २०६६।११।२० को निर्णयबाट सहमति | |

| | | | | |
|---|---|---|---|---|
| | आयोग, | लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br><br>तर,<br><br>(क) सो पदावधि पूरा हुनु अगावै प्रमुख आयुक्त वा आयुक्तको उमेर पैंसट्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br><br>(ख) प्रमुख आयुक्त र आयुक्तलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br><br>(४) देहायका अवस्थामा प्रमुख आयुक्त वा आयुक्तको पद रिक्त भएको मानिनेछ :-<br><br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br><br>(ख) उपधारा (३) बमोजिम निजको पदावधि पूरा भएमा,<br><br>(ग) निजको मृत्यु भएमा ।<br><br>(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त वा आयुक्तहरुको पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्दछ :-<br><br>(क) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर प्राप्त गरेको,<br><br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनैतिक दलको सदस्य नरहेको,<br><br>(ग) लेखा, राजश्व, जनप्रशासन, इन्जिनियरिङ्ग, कानून, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरी अनुभव र ख्याति प्राप्त गरेको,<br><br>(घ) चालीस वर्ष उमेर पूरा भएको, र<br><br>(ङ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br><br>(६) प्रमुख आयुक्त र आयुक्तको पारिश्रमिक | रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | र सेवाका अन्य शर्तहरू कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । प्रमुख आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।<br>(७) प्रमुख आयुक्त वा आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आयुक्तलाई प्रमुख आयुक्तको पदमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै आयुक्त प्रमुख आयुक्तको पदमा नियुक्त भएकोमा निजको पदावधिको गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन । | | |
| ३ | १.१अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकार | (१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ ।<br>तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै विशेष व्यवस्था भएको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन।<br>(२) खराब आचरणका आधारमा महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने | यो विषयमा संविधानसभाको मिति २०६६/११/२० को निर्णयबाट सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | संवैधानिक पदाधिकारीहरू, न्याय परिषद्‌बाट सोही अभियोगमा पदमुक्त हुने न्यायाधीशहरू र सैनिक ऐन बमोजिम कारबाही हुने व्यक्तिका हकमा निजलाई पदमुक्त भइसकेपछि कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न गराउन सकिनेछ ।<br><br>(३) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम अनुचित कार्य मानिने कुनै काम गरी अख्तियारको दुरूपयोग गरेको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निजलाई सचेत गराउन, विभागीय कारबाही वा कानूनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ ।<br><br>(५) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ ।<br><br>(६) यस संविधानको अधीनमा रही अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानूनद्वारा व्यवस्था भए बमोजिम हुनेछ ।<br><br>(७) अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ । | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | १.३ .वार्षिक प्रतिवेदन | (१) यस संविधान बमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।<br><br>(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगमा वर्षभरी परेका उजुरी, अनुसन्धान तहकिकात गरी कानून बमोजिम अधिकार प्राप्त अदालतमा दायर गरेको र तामेलीमा राखेको मुद्दाको सख्या, अनुचित कार्य गरेकोमा सचेत गराएको वा विभागीय कारबाही वा अन्य कारबाहीका लागि लेखी पठाएको संख्या, भ्रष्टाचार निवारणका सम्बन्धमा भएको उपलब्धि तथा सो सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्नेछ । | यो विषयमा संविधानसभाको २०६६/११/२० को निर्णयबाट सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| ५ | २.लेखा परीक्षण आयोग | (३) संघीय लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरुको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br><br>तर,<br><br>(क) सो पदावधि पूरा हुनु अगावै संघीय लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरुको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br><br>(ख) संघीय लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरुलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br><br>(४) देहायका अवस्थामा संघीय लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरुको पद रिक्त भएको मानिनेछ :-<br><br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा, | यो विषयमा संविधानसभाको मिति २०६६/११/२० को निर्णयबाट सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | (ख) उपधारा (३) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) संघीय लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरुको पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा लेखामा स्नातकोत्तर उपाधि प्राप्त गरी वा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी नेपाल सरकारको विशिष्ट श्रेणीमा काम गरेको वा लेखा परीक्षण सम्बन्धी काममा कम्तीमा पन्ध्र वर्ष अनुभव प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनैतिक दलको सदस्य नरहेको,<br>(ग) चालिस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) संघीय लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरुको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । संघीय लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरु आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।<br>(७) संघीय लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरु भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) लेखा परिक्षण आयोगको सदस्यलाई अध्यक्षको पदमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो | | |

| | | | | |
|---|---|---|---|---|
| | | बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएकोमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन। | | |
| ६ | **२.१ लेखा परीक्षण आयोगको काम, कर्तव्य र अधिकार** | (१) सर्वोच्च अदालत, व्यवस्थापिका-संसद/संविधान सभा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, महान्यायाधिवक्ताको कार्यालय तथा अन्य संवैधानिक निकायको कार्यालय र नेपाली सेना एवं सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग लगायतका सबै सरकारी कार्यालय, अदालत, स्थानीय निकाय, सरकारी शिक्षण संस्था र सार्वजनिक संस्थानहरुको लेखा कानूनद्वारा निर्धारित तरिका बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी संघीय लेखा परीक्षण आयोगबाट लेखापरीक्षण हुनेछ ।<br>(२) संघीय लेखा परीक्षण आयोगको लेखा परीक्षण सम्बन्धमा व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितिबाट व्यवस्था भएको लेखापरीक्षकले लेखा परीक्षण गर्नेछ।<br>(३) लेखा परीक्षण आयोगलाई उपधारा (१) बमोजिमको कामको लागि लेखा सम्बन्धी कागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार हुनेछ । सो अनुसार लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरु वा त्यसका कुनै कर्मचारीले माग गरेको जुनसुकै | यो विषयमा संविधानसभाको मिति २०६६/११/२० को निर्णयबाट सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | कागजपत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुनेछ ।<br>(४) उपधारा (१) अनुसार लेखापरीक्षण गरिने लेखा सम्बन्धित कानूनका अधीनमा रही संघीय लेखा परीक्षण आयोगद्वारा तोकिएको ढाँचामा राखिनेछ ।<br>(५) उपधारा (१) मा उल्लेख भएका कार्यालयहरूको लेखाका अतिरिक्त अन्य कुनै कार्यालय वा संस्थाको लेखा परीक्षण आयोगबाट लेखा परीक्षण गर्नु पर्ने गरी कानूनद्वारा व्यवस्था गर्न सकिनेछ । | | |
| ७ | २.३ वार्षिक प्रतिवेदन | (१) संघीय लेखा परीक्षण आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।<br>(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त राष्ट्रिय लेखा परीक्षण आयोगले वर्षभरीमा लेखापरीक्षण गरेका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति, बेरुजु फछ्र्योट गर्न गरेको प्रयास र बेरुजु फछ्र्योटका सम्बन्धमा प्राप्त उपलब्धि तथा लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्नेछ । | यो विषयमा सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |
| ८ | ३.लोक सेवा आयोग | (३) लोक सेवा आयोगका सदस्यहरूमध्ये कम्तीमा पचास प्रतिशत सदस्यहरू पन्ध्र वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, शिक्षा, स्वास्थ्य, वाणिज्य, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्यातिप्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन् ।<br>(४) लोक सेवा आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ निजहरुको थप एक | यो विषयमा संविधानसभाको मिति २०६६/११/२० को निर्णयबाट सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यकालको लागि पुर्ननियुक्ति हुन सक्नेछ<br>तर,<br>(क) सो पदावधि पूरा हुन अगावै लोक सेवा आयोगको अध्यक्ष वा सदस्यको उमेर पैंसट्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) लोक सेवा आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(५) देहायका अवस्थामा लोक सेवा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (४) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(६) लोक सेवा आयोगको अध्यक्ष र सदस्यहरुको पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनैतिक दलको सदस्य नरहेको,<br>(ग) चालीस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(७) लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरुको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । लोक सेवा आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरुलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका | | |

| | | | | |
|---|---|---|---|---|
| | | अन्य शर्तहरू बदलिने छैनन् ।<br>(८) लोक सेवा आयोगको अध्यक्ष र सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) लोक सेवा आयोगको सदस्यलाई अध्यक्षको पदमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएकोमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन । | | |
| ९ | ३.१ लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार | (१) निजामती सेवाको पदमा नियुक्तिको निमित्त उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुनेछ ।<br>स्पष्टीकरण : यस धाराको प्रयोजनको लागि सैनिक अधिकृत वा जवान र सशस्त्र प्रहरी वा प्रहरी कर्मचारीको सेवा वा पद तथा निजामती सेवा वा पद होइन भनी ऐनद्वारा तोकिएको अन्य सेवा वा पद बाहेक नेपाल सरकारका अरु सबै सेवा वा पदलाई निजामती सेवा वा पद मानिनेछ ।<br>(२) निजामति सेवाका अतिरिक्त **सरकारी** विद्यालयका शिक्षक, प्रहरी, सशस्त्र प्रहरी, सैनिक सेवा लगायत अन्य सरकारी सेवा, **सार्वजनिक संस्थाको** पदपूर्ति, नियुक्ति र बढुवा सम्बन्धी | यो विषयमा संविधानसभाको मिति २०६६/११/२० को निर्णयबाट सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधान सभाको २०६६।११।२० को निर्देशन बमोजिम परिमार्जन गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्था लोक सेवा आयोगले गर्ने गरी कानुनद्वारा व्यवस्थित गर्न सक्नेछ ।<br><br>**स्पष्टीकरण : यस धाराको प्रयोजनका लागि "सार्वजनिक संस्था" भन्नाले पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्थालाई जनाउनेछ ।**<br><br>(३) निजामती सेवाको निवृत्तिभरण पाउने पदमा लोक सेवा आयोगको परामर्श बिना स्थायी नियुक्ति गरिने छैन ।<br><br>(४) देहायका विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ :-<br><br>(क) निजामती सेवाको शर्त सम्बन्धी कानूनको विषयमा,<br><br>(ख) निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,<br><br>(ग) निजामती पदमा छ महिनाभन्दा बढी समयको लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,<br><br>(घ) कुनै एक प्रकारको निजामती सेवाको पदबाट अर्को प्रकारको निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट निजामती सेवामा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,<br><br>(ङ) लोक सेवा आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई लोक सेवा आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा, र<br><br>(च) कुनै पनि निजामती कर्मचारीलाई दिइने विभागीय सजायको | | |

| | | | | |
|---|---|---|---|---|
| | | विषयमा । <br> (५) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि धारा ११४ बमोजिम न्याय सेवा आयोगको अधिकारक्षेत्रभित्र पर्ने विषयमा सोही बमोजिम हुनेछ । <br> (६) लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरूको समिति वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी सुम्पन सक्नेछ । <br> (७) यस संविधानको अधीनमा रही लोक सेवा आयोगको अन्य काम, कर्तव्य र कार्यविधि कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | |
| १० | ३.२ प्रादेशिक व्यवस्था | प्रत्येक प्रदेशमा कानूनमा व्यवस्था भएबमोजिम अलग अलग प्रादेशिक लोक सेवा आयोग रहनेछ | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधानसभाको निर्देशन बमोजिम परिमार्जन गरिएको |
| ११ | ३.३ वार्षिक प्रतिवेदन | (१) प्रत्येक वर्ष लोक सेवा आयोगले आफूले गरेको कामको प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । <br> (२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त लोक सेवा आयोगले वर्षभरीमा उम्मेदवार छनौट गर्न लिएको परीक्षाको विवरण, सो परीक्षामा उत्तीर्ण परिक्षार्थी सम्बन्धी विवरण, विभिन्न निकायलाई परामर्श दिएको विवरण, निजामति कर्मचारीलाई विभागीय कारवाही र सजाय गर्दा दिएको परामर्शको विवरण र परामर्श बमोजिमको काम भए नभएको विवरण, कुनै सरकारी सेवाको पदको | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको बारेमा परामर्श दिएको भए सो को विवरण र भविष्यमा निजामति सेवाको सुधारको विवरण समेत उल्लेख गर्नु पर्नेछ । | | |
| १२ | **४. निर्वाचन आयोग** | (३) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ । निजहरुको थप एक कार्यकालको लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो पदावधि पूरा हुन अगावै प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(४) देहायका अवस्थामा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (४) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि प्राप्त गरी कानून, जनप्रशासन, विज्ञान, कला, साहित्य वा राष्ट्रिय | यो विषयमा संविधानसभाको मिति २०६६/११/२० को निर्णयबाट सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी कम्तीमा १५ वर्ष अनुभव प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनैतिक दलको सदस्य नरहेको,<br>(ग) चालीस वर्ष उमेर पूरा भएको र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । प्रमुख निर्वाचन आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजहरुलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन्।<br>(७) निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त र आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) निर्वाचन आयोगको आयुक्तलाई प्रमुख निर्वाचन आयुक्तमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै आयुक्त प्रमुख आयुक्तको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा | | |

| | | | | |
|---|---|---|---|---|
| | | नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन । | | |
| १३ | ४.१ **निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार** | (१) संविधान र अन्य कानूनको अधिनमा रही राष्ट्रपति, उपराष्ट्रपति, जनमत संग्रह व्यवस्थापिका-संसद (केन्द्र र राज्य/प्रान्त), स्थानीय निकायको निर्वाचन लगायत सबै खालको निर्वाचनको सचालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ।<br>(२) निर्वाचन आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ ।<br>(३) यस संविधानको अधीनमा रही निर्वाचन आयोगका अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । | उपधारा (१) मा रहेको राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनको व्यवस्था बाहेक अन्य विषयमा राज्यको शासकीय स्वरुप निर्धारण स्पष्ट भए अनुरुप मस्यौदा गर्न उपयुक्त हुने भएकोले सो बमोजिम गर्न संविधान मस्यौदा समितिमा पठाउने । | संविधान सभाको मिति २०६६/११/२० को निर्णयानुसार परिमार्जन गरिएको । |
| १४ | ४.३ **नेपाल सरकारले निर्वाचन आयोगलाई आवश्यक कर्मचारी उपलब्ध गराउनु पर्ने** | <u>नेपाल सरकारले निर्वाचन आयोगलाई आवश्यक कर्मचारी उपलब्ध गराउनु पर्ने :</u><br>यस संविधान बमोजिम निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य कुराहरू नेपाल सरकारले उपलब्ध गराउनेछ । | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि संविधान मस्यौदा समितिमा पठाउने । | |
| १५ | ५. **मानव अधिकार आयोग** | (३) संघीय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर संघीय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यलाई सर्वोच्च | यो विषयमा संविधानसभाको मिति २०६६/११/२० को निर्णयबाट सहमति रहेको देखिएकोले संविधान मस्यौदा | |

| | | | | |
|---|---|---|---|---|
| | | अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(४) देहायका अवस्थामा संघीय मानव अधिकार आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (४) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) संघीय मानव अधिकार आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि हासिल गरेको,<br>(ख) कम्तीमा चालिस वर्ष उमेर पुरा गरेको,<br>(ग) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) संघीय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । संघीय मानव अधिकार आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्तहरू बदलिने छैनन् ।<br>(७) संघीय मानव अधिकार आयोगका अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको लागि ग्राह्य हुने छैन ।<br>तर,<br>(क) मानव अधिकार आयोगको | समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा त्यस्तो विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन । | | |
| १६ | **५.१ मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार** | (१) मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु संघीय मानव अधिकार आयोगको कर्तव्य हुनेछ ।<br>(२) उपधारा (१) मा उल्लिखित कर्तव्य पूरा गर्नको लागि संघीय मानव अधिकार आयोगले देहायका काम गर्नेछ :-<br>(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा पीडित व्यक्ति आफै वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा त्यसको छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने,<br>(ख) मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य | यो विषयमा संविधानसभाको मिति २०६६/११/२० को निर्णयबाट सहमति रहेको देखिएकोले संविधान मस्यौदा समितिमा पठाउने । | तत्कालीन संविधान सभाको निर्णय बमोजिम परिमार्जन गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | पालन नगरेमा वा जिम्मेवारी पूरा गर्ने वा कर्तव्य पालना गर्न उदासिनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारवाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,<br>(ग) मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,<br>(घ) मानव अधिकारको सचेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,<br>(ङ) मानव अधिकारको उल्लङ्घनकर्तालाई विभागीय कारवाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,<br>(च) मानव अधिकारसँग सम्बन्धित प्रचलित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,<br>(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा सोको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,<br>(ज) मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा संघीय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको | | |

| | | | | |
|---|---|---|---|---|
| | | नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख गर्ने।<br>(३) संघीय मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालना गर्दा देहायको अधिकार प्रयोग गर्न सक्नेछ :-<br>(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,<br>(ख) मानव अधिकारको गम्भीर उल्लङ्घन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुद कब्जामा लिने,<br>(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भइरहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नु पर्ने आवश्यक देखिएमा बिना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,<br>(घ) मानव अधिकारको उल्लङ्घनबाट पीडित भएको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने,<br>(ङ) कानूनमा व्यवस्था भए बमोजिम अन्य अधिकारको प्रयोग र कर्तव्यको पालना गर्ने वा गराउने। | | |
| १७ | **५.३ वार्षिक प्रतिवेदन** | (१) यस संविधान बमोजिम संघीय मानव अधिकार आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति | यो विषयमा सहमति रहेको देखिएकोले मस्यौदाको लागि | |

| | | | | |
|---|---|---|---|---|
| | | समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।<br>(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त राष्ट्रिय मानव अधिकार आयोगमा वर्षभरी परेका उजुरी, त्यस्तो उजुरीको सम्बन्धमा गरेको छानबिन र अनुसन्धानको विवरण, नेपाल सरकारलाई विभिन्न विषयमा गरेको सिफारिसको विवरण, मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति विरुद्ध कुनै मुद्दा दायर गरेको भए सोको संख्या, मानव अधिकारको संरक्षण र प्रवर्द्धनका सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्नेछ । | संविधान मस्यौदा समितिमा पठाउने । | |
| १८ | भाषा आयोग सम्बन्धी व्यवस्था | | | यो विषय सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको प्रतिवेदनमा प्रस्ताव भएको छ । |
| १९ | राष्ट्रिय प्राकृतिक स्रोत आयोग | | | यो विषय प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजस्व बाँडफाँड समितिको प्रतिवेदनमा प्रस्ताव भएको छ । |

# खण्ड-ख
# असहमतिका विषयहरु

## १. राष्ट्रिय हितको संरक्षण समिति

| सि.नं /धारा | विषयवस्तु | असहमति भएका विषय | समितिको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ५. | **नागरिकको कर्तव्य :** | (३) देशको रक्षाको लागि सरकारले आवश्यक परेको समयमा १८ वर्ष उमेर पुगेका नागरिकलाई सैनिक तालिमको लागि आव्हान गर्न सक्नेछ र सो बमोजिम तालिममा भाग लिई राष्ट्रलाई सेवा प्रदान गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ । | उपधारा (३) विवादित रहेकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | **उपधारा (३) सँग रहेको प्रश्नावली:**<br>उपधारा (३) मा रहको व्यवस्था राख्ने कि नराख्ने ? |

## २. राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समिति

| सि.नं. | विषय | असहमति भएका विषय | समितिको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १. | **राज्यको पुनर्संरचना र राज्यशक्तिको स्वरुप:**<br>**धारा ३** | (१) नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाले यस संविधानमा उल्लेख गरिए बमोजिम गर्नेछन् ।<br>(३) प्रदेश, स्थानीय तह र विशेष संरचना अन्तर्गतका स्वायत्त क्षेत्रमा बसोबास गर्ने आदिवासी, आदिवासी जनजातिको पहिचान, स्वशासन र स्वायत्तताको प्रत्याभुति हुनेछ । | विवादित रहेकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | विवादित उपधारा (१) र (३) संग सम्बन्धित प्रश्नावली<br>१. (फरकमत) उपधारा (३) को दोश्रो हरफमा बसोबास गर्ने भन्ने पदावली पछि 'मधेशी समुदाय र' भन्ने शब्द थप गर्ने वा नगर्ने ?<br>२. उपधारा (३) - यो उपधारा लगायत अन्य धारामा उल्लेखित 'आदिवासी, आदिवासी जनजाति' भन्ने शब्दले अस्पष्टता ल्याएकोले यसरी प्रयोग गर्न नहुने, यो शब्दावलीको सट्टा उत्पीडित क्षेत्रका जनता भन्नु पर्ने वा नपर्ने ?<br>३. धारा ३(१) मा संघ प्रदेश, स्थानीय तह र विशेष संरचनाले राज्यशक्तिको प्रयोग गर्ने भनिएको तर धारा ४ मा संघ, प्रदेश, स्थानीय गरी तीन तहलाई मूल संरचना भनेको हुँदा अस्पष्टता ल्याएकोले यसलाई कसरी राख्ने ? |

| | | | | |
|---|---|---|---|---|
| | | | | "यस विविधतापूर्ण अवस्थितिलाई ध्यान राखी नेपालमा सबैभन्दा पछिल्लो पटक लिएको २०५८ सालको औपचारिक जनगणनामा आधारित भई कूल संख्याको एक प्रतिशत भन्दा माथि रहेको जाति समुदाय र एक प्रतिशत भन्दा बढि जनताले बोल्ने भाषिक संख्याद्वारा निर्मित भौगोलिक क्षेत्रगत निरन्तरतामा रहेका झुण्डहरुलाई आधार बनाई मानव अवस्थितिको क्षेत्रगत रेखाङ्कन तयार भएको प्रारम्भिक मानव अवस्थिति वा क्षेत्र झुण्डहरु मध्ये ज्यादै कम संख्यामा मानव अवस्थितिको वा झुण्डहरुमा मात्र निश्चित जाति, समुदाय वा भाषिक वक्ताको बहुसंख्या देखियो । यस प्रकारको मानव अवस्थितिको क्षेत्रगत रेखाङ्कन वा झुण्डहरुको बसोबासको अवस्थाले गर्दा प्राय सबै ठाँउ, जाति, समुदाय वा भाषा-भाषिक हिसावले अत्यधिक मिश्रणमा रहेको पाइयो । तसर्थ एकल पहिचानको प्रदेश निर्माण गर्न एक दुई क्षेत्र अपवाद बाहेक प्रायः सबै क्षेत्रमा असमान जस्तै देखियो । प्रदेश निर्माण सम्बन्धी प्रयोगमा ल्याइएका सिद्धान्त एवं पहिचान र सामर्थ्यका स्वीकृत आधार मध्ये जाति, समुदाय वा भाषा बाहेकमा पहिचानका अन्य आधारित र सामर्थ्यका आधारलाई समेत प्रयोग गर्न पर्ने अवस्था बन्यो । जस अनुसार' निर्माण गरिने प्रदेशहरुको स्वायत्त र स्वशासनको अधिकार जिम्मेवारीलाई प्रयोग गर्न सक्ने गरी भौगोलिक तथा सांस्कृतिक निकटता र आर्थिक अन्तरसम्बन्ध र प्रशासनिक सुगमतालाई पनि दृष्टिगत गर्दै नेपालको एकात्मक स्वरुपलाई पुनर्संरचना गरी लोकतान्त्रिक गणतन्त्र नेपाललाई संघीय एकाइमा व्यवस्थित गर्न वैज्ञानिक र व्यवहारिक देखिएको हुँदा संविधानसभामा ६ र १४ दुबै विकल्पका नक्सा प्रस्तुत गर्ने गरी |

| | | | | |
|---|---|---|---|---|
| | | | | यो व्यवस्था गरिएको छ।"<br><br>४. विशेष संरचनाको प्रशासनिक संरचना कस्तो हुने ? |
| २. | **संघीय नेपालको तहगत संरचना**<br><br>**धारा ४** | (३) उपधारा (१) बमोजिमको स्थानीय तहमा संविधानको अनुसूची ६ मा उल्लेखित अधिकार प्रयोग गर्ने गरी प्रादेशिक कानून अन्तर्गत विधायिकी, कार्यकारिणी र न्यायिक अधिकार रहेको एक निर्वाचित परिषद रहने छ।<br>(४) उपधारा (१) बमोजिमको मूल संरचनाको अतिरिक्त विशेष संरचनाको रुपमा संविधानको धारा ८ मा व्यवस्था भए बमोजिम प्रदेश अन्तर्गत स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र रहन सक्नेछन्।<br>(५) उपधारा (४) बमोजिम स्थापना हुने स्वायत्त क्षेत्रमा संविधानको अनुसूची ७ मा उल्लेखित अधिकार प्रयोग गर्ने गरी प्रादेशिक कानून अन्तर्गत विधायिकी, कार्यकारिणी र न्यायिक अधिकार रहेको एक निर्वाचित परिषद रहने छ। | विवादित रहेकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने। | विवादित उपधारा (३), (४) र (५) संग सम्बन्धित प्रश्नावली<br><br>५. उपधारा (३) स्थानीय तहको अधिकार प्रयोग गर्ने निर्वाचित परिषद्मा 'विधायिकी, कार्यकारी र न्यायिक अधिकार' एकै ठाँउमा राख्ने कि नराख्ने ?<br><br>६. उपधारा (५) स्वायत्त क्षेत्रको अधिकार प्रयोग गर्ने निर्वाचित परिषद्मा 'विधायिकी, कार्यकारी र न्यायिक अधिकार' एकै ठाँउमा राख्ने कि नराख्ने ?<br><br>७. (फरकमत) उपधारा (४) को दोश्रो हरफमा रहेको "संविधानको धारा ८ मा व्यवस्था भएबमोजिम" भन्ने शब्दको सट्टा "प्रादेशिक कानूनमा व्यवस्था भएबमोजिम" भन्ने शब्द राख्ने वा नराख्ने ?<br><br>८. (फरकमत) उपधारा (५) मा रहेको "स्थापना हुने" पछि "विशेष संरचनालाई" भन्ने शब्दहरु थप्ने वा नथप्ने<br><br>९. (फरकमत) सोही उपधारामा रहेको "स्वायत्त क्षेत्रमा संविधानको अनुसूची ७ मा उल्लिखित अधिकार प्रयोग गर्ने गरी" भन्ने शब्दहरु हटाउने वा नहटाउने ? |
| ३. | **प्रदेशको निर्माण**<br><br>**धारा ५** | (१) नेपालको एकात्मक राज्यको स्वरुपलाई पुनर्संरचना गरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई चौध स्वायत्त प्रदेशमा विभाजन गरिएको छ।<br>(२) उपधारा (१) बमोजिम निर्माण गरिएका प्रदेशको नाम र क्षेत्र अनुसूची १ मा उल्लेख भए | विवादित रहेकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने। | यो धारा संग सम्बन्धित प्रश्नावली<br>१०. राज्य पुनर्संरचना आयोग गठन गरी सो आयोगले प्रस्तुत गर्ने सिफारिसलाई समेत मध्यनजर गरी प्रदेशको निर्माण गर्ने वा नगर्ने ?<br>११. (फरकमत) जातीय पहिचानका आधारमा विभाजित चौध राज्यको संरचना प्रति असहमति रहेको हुनाले यसमा के गर्ने ?<br>१२. (फरकमत) उपधारा (१) मा |

| | | | | |
|---|---|---|---|---|
| | | बमोजिम हुनेछ ।<br>(३) उपधारा (२) बमोजिम विभाजित प्रदेशको नाम हेरफेर गर्नु परेमा सम्बन्धित प्रदेशको प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई बहुमतको निर्णय भई प्रादेशिक सरकारको सिफारिसमा संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतले अनुमोदन गर्नु पर्नेछ।<br>(४) उपधारा (३) बमोजिम प्रदेशको नाम हेरफेर गर्ने विषयमा संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमत कायम हुन नसकेमा सम्बन्धित प्रदेशको व्यवस्थापिकाले आवश्यक ठानेमा जनमत संग्रह गर्न सक्ने छ ।<br>(५) यस संविधान बमोजिमका प्रदेशहरु एक आपसमा गाभिन तथा थप नयाँ प्रदेशको रुपमा निर्माण गर्न परेमा वा प्रादेशिक सिमानालाई एक आपसमा मिलाई हेरफेर गर्न परेमा सम्बन्धित प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई बहुमतको निर्णय भई प्रादेशिक सरकारको सिफारिसलाई संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतले अनुमोदन गर्नु पर्नेछ।<br>(६) उपधारा (५) बमोजिमको प्रक्रिया अवलम्बन गर्दा संघीय व्यवस्थापिकामा दुई तिहाई बहुमत नपुगी अनुमोदन गर्न नसकेमा सम्बन्धित प्रदेशहरुमा जनमत संग्रह गर्न सकिने छ ।<br>(७) उपधारा (४) र उपधारा (६) बमोजिम भएको जनमत संग्रहको निर्णय अनुसार संघीय व्यवस्थापिकाले संविधान | | "नेपाललाई" भन्ने शब्द पछि १४ र ६ अंक कायम गरी प्रदेश निर्माणका दुवै विकल्प प्रस्तुत गर्ने भनिएकोले के गर्ने ?<br>१३. सोही उपधाराको व्याख्यात्मक टिप्पणीमा तराई र मधेशमा विभक्त भएको छ भन्ने वाक्यांश पछाडि देहायका वाक्यहरु राखि परिमार्जन गर्ने वा नगर्ने ?<br>१४. उपधारा (१) मा 'चौध स्वायत्त प्रदेश' उल्लेख भएकोमा स्वायत्त प्रदेश वा प्रदेश मात्र उल्लेख गर्ने भन्ने सम्बन्धमा यसैको उपधारा (२) र (३) मा "प्रदेश" मात्र उल्लेख भएको हुँदा अस्पष्टता ल्याएकोले कसरी उल्लेख गर्ने ?<br>१५. चौध प्रदेशको पुनर्संरचना सम्बन्धमा यसको संख्या, नामाङ्कन र सिमाङ्कनका सम्बन्धमा फरकमतहरु आएको र सभामा छलफल हुंदा समेत माननीय सदस्यहरुको विचार फरक फरक रहेको हुँदा के गर्ने ?<br>१६. (फरकमत) उपधारा (२) मा रहेको व्यवस्थाको सट्टा निम्नानुसार राख्ने वा नराख्ने ?<br>"उपधारा (१) बमोजिम निर्माण गरिने प्रदेशको नाम र क्षेत्रको निर्धारण पहिचान र सामर्थ्यका आधारमा संविधानसभाले गठन गरेको विशेषज्ञ कमिटीले तय गरे बमोजिम हुनेछ ।"<br>१७. उपधारा (३) - प्रदेशको नाम हेरफेर गर्ने सम्बन्धमा संघीय विधायिकाको समर्थन लिन पर्ने व्यवस्था गर्ने वा नगर्ने ?<br>१८. उपधारा ४ बमोजिम प्रदेशको नाम हेरफेर गर्ने सम्बन्धमा भएको जनमत संग्रहबाट अनुमोदन भएमा स्वतः नाम परिवर्तन हुने व्यवस्था गर्ने वा नगर्ने ?<br>१९. प्रदेशको नाम हेरफेर गर्ने सम्बन्धमा प्रस्तावित उपधारा (३) र (४) को व्यवस्था जटिल भएकाले यसलाई परिमार्जन गर्ने वा नगर्ने ?<br>२०. उपधारा (५) - प्रदेशहरु एक आपसमा गाभिने सम्बन्धमा संघीय विधायिकाको दुई तिहाई मत नगरी |

| | | | | |
|---|---|---|---|---|
| | | संशोधन गर्ने छ ।<br>(८) उपधारा (३), उपधारा (४) र उपधारा (५) बमोजिम संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतले अनुमोदन गर्ने र उपधारा (४) र उपधारा (६) बमोजिम जनमत संग्रह गर्ने लगायत अन्य व्यवस्था संघीय व्यवस्थापिकाले कानूनद्वारा निर्धारण गरे बमोजिम हुने छ ।<br>(९) प्रदेशको राजधानी अनुसूची १ मा उल्लेख भए बमोजिम हुने छ । प्रादेशिक राजधानी हेरफेर गर्नु परेमा प्रादेशिक व्यवस्थापिकाले निर्धारण गरेको स्थानमा रहने छ । प्रादेशिक राजधानीको स्थान हेरफेर गर्ने कार्यविधि र प्रक्रिया प्रादेशिक व्यवस्थापिकाले निर्धारण गरे बमोजिम हुनेछ । | | हुनु पर्ने वा नपर्ने ?<br>२१. प्रदेशहरु एक आपसमा गाभिने सम्बन्धमा रहेको उपधारा (६) को व्यवस्थामा जनमत संग्रहमात्र राखी त्यसबाट अनुमोदन भए स्वत: प्रदेश गाभिने व्यवस्था हुनुपर्ने वा नपर्ने ?<br>२२. प्रदेशको निर्माणमा अन्यथा सहमति भएमा सो अनुसार प्रदेशको राजधानी परिवर्तन गरिनु पर्ने वा नपर्ने ?<br>२३. (फरकमत) प्रदेश निर्माणको व्याख्यात्मक टिप्पणीमा उल्लेखित "भूबनोटका हिसाबले हिमाल, पहाड, उपत्यका र तराई-मधेश विभक्त भएको छ ।" भन्ने शब्दहरुको सट्टा "हिमाल, पहाड, तराई, भित्री तराई" भनी परिमार्जन गर्ने वा नगर्ने ?<br>(पेज V)<br>२४. समग्र मधेशलाई एउटै प्रदेश कायम गर्ने वा नगर्ने ? |
| ४. | **संघको राजधानी**<br>**धारा ६** | (१) संघको राजधानी संघीय सरकारले तोकेको स्थानमा रहनेछ ।<br>(२) उपधारा (१) बमोजिम तोकिएको स्थानलाई संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतले हेरफेर गर्न सक्नेछ । | विवादित रहेकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | **यो धारा संग सम्बन्धित प्रश्नावली**<br>२५. संघको राजधानी फेर्न सम्भव छ वा छैन ?<br>२६. (फरकमत) संघको राजधानी दाङमा राख्ने वा नराख्ने ? |
| ५. | **स्थानीय तहको निर्माण र क्षेत्र निर्धारण**<br>**धारा ७** | (१) यस संविधान बमोजिम निर्माण भएका प्रदेश अन्तर्गत स्थानीय तहको रुपमा गाउँपालिका र नगरपालिका रहनेछन् ।<br>(२) उपधारा (१) बमोजिम रहने स्थानीय तहको संख्या र क्षेत्र निर्धारण गर्नको लागि प्रादेशिक सरकारलाई संघीय सरकारले निश्चित मापदण्ड तोक्न सक्ने छ । यसरी मापदण्ड तोक्दा संघीय सरकारले सापेक्षिक रुपमा समान जनसंख्या, भौगोलिक तथा प्रशासनिक अनुकूलता, | विवादित रहेकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | **उपधारा १, २, ३, ४, र ६ संग सम्बन्धित प्रश्नावली**<br>२७. गाउँपालिका र नगरपालिका भन्दा माथि प्रदेश भन्दा तलको बिचमा प्रशासनिक इकाई आवश्यक हुने वा नहुने ?<br>२८.(फरकमत) उपधारा (१) को 'रुपमा' शब्दपछि 'जिल्ला तह' शब्द थप्नुपर्ने वा नपर्ने ?<br>२९.उपधारा (२), (३) र (४) मा रहेको व्यवस्थाको सट्टा स्थानीय तहको संख्या र क्षेत्र संविधान निर्माणसँगै र प्रदेशको निर्माणसँगै गरिनुपर्ने व्यवस्था राख्ने वा नराख्ने ? |

| | | | | |
|---|---|---|---|---|
| | | जनसंख्याको घनत्व, यातायातको सुविधा, प्राकृतिक स्रोत र साधनको अवस्थिति र सम्बन्धित क्षेत्रका बासिन्दाको सांस्कृतिक तथा सामुदायिक पक्षलाई ध्यान दिनु पर्ने छ ।<br>(३) उपधारा (२) बमोजिम संघीय सरकारले तोकेको मापदण्डको आधारमा सम्बन्धित प्रादेशिक सरकारले स्थानीय तहको नाम, संख्या र क्षेत्र निर्धारण गर्न उच्च स्तरीय आयोग गठन गर्ने छ । सो आयोगले स्थानीय स्वायत्त शासन संचालन गर्न अनुकूल हुने गरी स्थानीय तहको गठनमा सकभर एकरुपता कायम गर्ने छ ।<br>(४) उपधारा (१) बमोजिम गठन हुने स्थानीय तहको संख्या, सिमा र क्षेत्र यो संविधान बमोजिम प्रादेशिक सरकार गठन भएको मितिले एक वर्ष भित्र निर्धारण गरी सक्नु पर्नेछ ।<br>(६) स्थानीय तहको गठन र संरचना सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानूनद्वारा निर्धारण गरे बमोजिम हुने छ। | | ३०. स्थानीय तहको संरचना गर्दा अपनाउने मापदण्ड संविधानमै तोकिई वैज्ञानिक तवरले गर्न खोजिएको तर सोही मापदण्डलाई प्रदेश निर्माणमा ध्यान नदिइएको भन्ने प्रश्न उठेकाले यसलाई कसरी सम्बोधन गर्ने ?<br><br>३१. (फरकमत) उपधारा (३) को पहिलो हरफमा रहेको "बमोजिम" भन्ने शब्द पछि रहेको "संघीय सरकारले तोकेको मापदण्डको आधारमा सम्बन्धित" शब्दहरु हटाउने वा नहटाउने ?<br><br>३२.(फरकमत) उपधारा (६) मा रहेको 'प्रादेशिक' शब्द हटाउनुपर्ने वा नपर्ने ? |
| ६. | **विशेष संरचना सम्बन्धी व्यवस्था**<br><br>**धारा ८** | (१) संविधानको धारा ४ बमोजिमको मूल संरचनाको अतिरिक्त कुनै प्रदेश भित्र एक जाति/सुमदाय वा भाषिक समुदायको बाहुल्य भएको वा सघन उपस्थिति रहेको क्षेत्रलाई स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ ।<br>(२) उपधारा (१) को अतिरिक्त अति अल्पसंख्यकरुपमा रहेका जाति/समुदाय, सांस्कृतिक क्षेत्र, लोपोन्मुख र सिमान्तकृत | विवादित रहेकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | **यो धारा संग सम्बन्धित प्रश्नावली**<br><br>३३. (फरकमत) उपधारा (१) मा उल्लेखित वाक्यांशको सट्टामा देहाय बमोजिम लेख्ने वा नलेख्ने ?<br><br>"संविधानको धारा ४ बमोजिमको तहगत संरचनाको अतिरिक्त कुनै प्रदेशभित्र आदिवासी जनजाति वा भाषिक समुदायको बाहुल्य भएको वा सघन उपस्थिति भएको क्षेत्रलाई स्वायत्त क्षेत्र कायम गरिने छ ।" |

| | | | | |
|---|---|---|---|---|
| | | जातिहरुको संरक्षण र सम्वर्द्धन गर्न कुनै क्षेत्रलाई संरक्षित क्षेत्र कायम गर्न सकिनेछ ।<br>(३) उपधारा (१) र (२) वमोजिमको क्षेत्रले नसमेटेका सम्वन्धित प्रदेश भित्र पिछडिएका तथा आर्थिक र सामाजिक अवस्थाबाट पछाडि पारिएको क्षेत्र वा विषयगत क्षेत्रको विकास गर्न कुनै खास भौगोलिक क्षेत्रलाई विशेष क्षेत्र कायम गर्न सकिनेछ ।<br>(४) उपधारा (१) बमोजिम प्रदेश अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रहरु अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछन् । अनुसूचीमा उल्लेखित स्वायत्त क्षेत्रहरुको अतिरिक्त थप नयाँ निर्माणको लागि सिफारिस गर्न प्रादेशिक सरकारले एक अधिकार सम्पन्न आयोग गठन गर्नेछ । स्वायत्त क्षेत्रको निर्माण पहिलोपटक प्रादेशिक सरकार गठन भएको एक वर्ष भित्र गरिसक्नु पर्नेछ ।<br>(५) उपधारा (४) बमोजिमका स्वायत्त क्षेत्रहरुको नाम हेरफेर, थपघट र परिवर्तन गर्नु परेमा सम्बन्धित प्रादेशिक व्यवस्थापिकाको सिफारिसलाई संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतबाट अनुमोदन गर्नु पर्नेछ ।<br>(६) उपधारा (२) र (३) बमोजिम संरक्षित क्षेत्र र विशेष क्षेत्र निर्माण गर्नु परेमा सम्बन्धित प्रादेशिक व्यवस्थापिकाको बहुमतको निर्णयबाट गर्न सकिनेछ ।<br>(७) स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानूनद्वारा | | ३४. उपधारा (१) - स्वायत्त क्षेत्र कायम गर्न सकिने भनी यस उपधारा (१) मा उल्लेख भएको भएतापनि सो को विपरित उपधारा (४) मा अनुसूची २ मा उल्लेख भए बमोजिमका स्वायत्त क्षेत्र रहने कुरा उल्लेख गरिएको उक्त सूची अपूर्ण र अवैज्ञानिक रहेको र यिनको भौगोलिक अवस्थिति कहाँ रहेको भन्ने स्पष्ट नभएको भन्ने विचार आएको, साथै अरु क्षेत्र निर्माणको लागि आयोग गठन गर्न जरुरी ठानियो तर यी सूचिकृत क्षेत्र के आधारमा निर्माण गरियो भन्ने सम्बन्धमा पनि जिज्ञासाहरु आएका हुँदा यसलाई कसरी सम्बोधन गर्ने ?<br><br>३५. उपधारा (२) र (३) बमोजिमका विशेष क्षेत्र, संरक्षित क्षेत्र निर्वाचित वा मनोनित के हुने भन्ने अस्पष्टता रहेको भन्ने प्रश्न उठेकोले के गर्ने ?<br><br>३६. (फरकमत) उपधारा (२), (३), (४) र (५) रहेको व्यवस्थालाई हटाउने वा नहटाउने ?<br><br>३७. (फरकमत) उपधारा (४) र (५) को सट्टा देहायबमोजिमको उपधारा (४) राखी व्याख्यात्मक टिप्पणी समेत परिमार्जन गर्ने वा नगर्ने ?<br><br>"(४) उपधारा (१), (२) र (३) बमोजिम विशेष संरचना निर्माण गर्दा संघीय सरकारले तोकेको मापदण्डको आधारमा सम्बन्धित प्रदेश सरकारले विषयगत विज्ञहरुको आयोग गठन गर्ने छ । धारा ५ को उपधारा (४) बमोजिम गठित आयोगको सिफारिस बमोजिम प्रादेशिक सरकारद्वारा प्रस्तुत प्रस्तावले प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई सदस्यहरुको समर्थन प्राप्त गरेपछि विशेष संरचनाको गठन गरिने छ ।"<br><br>३८. (फरकमत) उपधारा (४) मा |

| | | | | |
|---|---|---|---|---|
| | | निर्धारण भए बमोजिम हुनेछ । | | रहेको "अनुसूची २" भन्ने शब्द हटाउने वा नहटाउने ?<br><br>३९. (फरकमत) उपधारा (४) को सट्टा देहायको व्यवस्था राख्ने वा नराख्ने ?<br><br>"उपधारा (१) बमोजिम प्रदेश अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रहरु अनुसूची-२ मा उल्लेख भएबमोजिम हुनेछन् । स्वायत्त क्षेत्रको सीमाङ्कन, नामाकरण प्रादेशिक सरकारले एक वर्ष भित्रमा कानुन बनाई निर्धारण गर्नेछ । त्यसको लागि प्रादेशिक सरकारले एक अधिकार सम्पन्न आयोग गठन गर्नेछ । आयोगको सिफारिशमा नाम र सीमा निर्धारण हुनेछन् ।"<br><br>४०. उपधारा (७) मा रहेको विशेष संरचना सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानून बमोजिम हुने व्यवस्था हटाउने वा नहटाउने ? |
| ७. | **संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाको अधिकारको बाँडफाँड**<br><br>**धारा ९** | (५) स्थानीय तहको अधिकार संविधानको अनुसूची ६ मा उल्लेख भए बमोजिम हुने छ । अनुसूची ६ मा उल्लेखित विषयमा स्थानीय तहले आवश्यक कानून बनाउन सक्नेछ । यसरी बनाएको कानून प्रादेशिक कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।<br>(६) उपधारा (५) को विधायिकी अधिकार सहित स्थानीय तहमा व्यवस्था भएको निर्वाचित परिषदलाई कार्यकारिणी र न्यायिक अधिकार हुनेछ ।<br>(७) विशेष संरचना अन्तर्गतको स्वायत्त क्षेत्रको अधिकार संविधानको अनुसूची ७ मा उल्लेख भए बमोजिम हुनेछ । अनुसूची ७ मा उल्लेखित विषयमा स्वायत्त क्षेत्रले आफ्नो | विवादित रहेकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | **उपधारा (५) देखि (११) सम्मको व्यवस्थासँग सम्बन्धित प्रश्नावली**<br><br>४१. उपधारा (५) - स्थानीय तहलाई कानून बनाउने अधिकार दिनु उपयुक्त हुने वा नहुने ?<br><br>४२. प्रादेशिक कानुनसंग स्थानीय तहले बनाएको कानून बाझिएमा त्यस्ता कानून स्वतः निस्कृय हुने भन्ने व्यवस्था राख्ने वा नराख्ने ?<br><br>४३. (फरकमत) उपधारा (५), (६), (७), (८), (९) र (१०) को व्यवस्थालाई हटाउने वा नहटाउने ?<br><br>४४. उपधारा (११) - अवशिष्ट अधिकार प्रदेशलाई हुनुपर्ने गरी परिमार्जन गर्ने वा नगर्ने ? |

| | | | | |
|---|---|---|---|---|
| | | क्षेत्र भित्र लागु हुने गरी कानून बनाउन सक्नेछ । यसरी बनाएको कानून प्रादेशिक कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वत: निष्क्रिय हुनेछ ।<br>(८) उपधारा (७) को विधायिकी अधिकार सहित स्वायत्त क्षेत्रमा व्यवस्था भएको निर्वाचित परिषदलाई कार्यकारिणी र न्यायिक अधिकार रहनेछ ।<br>(९) यस संविधान बमोजिम स्थापना गरिने विशेष संरचना अन्तर्गतका विशेष क्षेत्र र संरक्षित क्षेत्रको अधिकार प्रादेशिक कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।<br>(१०) उपधारा (५) र (७) मा उल्लेखित कुराले प्रादेशिक सरकारलाई आफ्नो सूचीमा परेको विषयमा कानूनद्वारा स्थानीय तह र विशेष संरचनालाई थप अधिकार प्रदान गर्न बाधा पुऱ्याएको मानिने छैन ।<br>(११) संघ, प्रदेश, स्थानीय तह तथा विशेष संरचना अन्तर्गतको स्वायत्त क्षेत्रको अधिकारको सुचीमा वा साझा सुचीमा उल्लेख नभएको कुनै विषयमा तथा यो संविधान तथा संविधान अन्तरगतका कानूनमा नतोकिएको विषयमा कानून बनाउने अधिकार संघीय व्यवस्थापिकामा निहित हुनेछ । | | |
| ८. | **संघीय एकाइहरु बीच उत्पन्न हुने विवाद समाधान सम्बन्धी** | (१) संघ र प्रदेश बीच र प्रदेश प्रदेश बीच विवाद उत्पन्न हुन नदिन र उत्पन्न भएका विवादको समाधान गर्न वा समाधान नभएका विषय संघीय व्यवस्थापिकामा | विवादित रहेकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | उपधारा (१) र उपधारा (११) देखि (१६) सम्मका व्यवस्थासंग सम्बन्धित प्रश्नावली<br>४५. अन्तरप्रादेशिक परिषद्मा विशेषज्ञहरु, स्वतन्त्र व्यक्तिहरु रहनुपर्ने, यो परिषद्मा |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्था<br><br>धारा ११ | सिफारिस गर्ने एक अन्तर प्रादेशिक परिषद रहने छ । जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहने छन्‍।<br>क) कार्यकारी प्रमुख – अध्यक्ष<br>ख) संघीय गृहमन्त्री – सदस्य<br>ग) संघीय अर्थमन्त्री – सदस्य<br>घ) प्रदेशका प्रमूखहरु – सदस्य<br><br>(११) संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह, प्रदेश र विशेष संरचना र स्थानीय तह र विशेष संरचनाका क्षेत्रहरु बीच संविधानद्वारा सूचीकृत अधिकारको विषयमा वा संवैधानिक व्याख्याको विषयमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवादको शुरु कारबाही र किनारा गर्ने अधिकार संवैधानिक अदालतलाई हुनेछ ।<br>(१२) संवैधानिक अदालतमा एक जना अध्यक्ष सहित पाँच जना सदस्यहरु रहने छन् ।<br>(१३) संवैधानिक अदालतका अध्यक्ष र सदस्यहरुको नियुक्ति प्रक्रिया र योग्यता क्रमशः संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश र अन्य न्यायाधीश सरह हुने छ ।<br>(१४) संवैधानिक अदालतका अध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक, सेवाको शर्त र अन्य सुविधा क्रमशः संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश र न्यायाधीश सरह हुनेछ ।<br>(१५) संवैधानिक अदालतले विवाद निरुपण गर्ने कार्यविधि र प्रक्रिया कानूनद्वारा निर्धारण | | राजनीतिक प्रकृतिका व्यक्तिमात्र रहने व्यवस्था गरियो, विवादको पक्ष समेत यो परिषद्मा रहने अवस्था आउने हुँदा प्रभावकारी हुन नसक्ने, यसमा कानुनमन्त्री समेत राख्नु पर्ने भन्ने मतहरु आएका हुँदा यसलाई कसरी सम्बोधन गर्ने ?<br><br>४६.(फरकमत) उपधारा (११) को संघ र प्रदेश, प्रदेश र प्रदेश पछि रहेको प्रदेश र स्थानीय तह, प्रदेश र विशेष संरचना र स्थानीय तह र विशेष संरचनाका क्षेत्रहरु भन्ने शब्दहरु हटाउने वा नहटाउने ?<br><br>४७. उपधारा (११) देखि (१६) सम्म रहेको संवैधानिक अदालतको व्यवस्था न्याय प्रणालीसम्बन्धी समितिको प्रतिवेदनसंग मेल खादैन, यो विषय यसको क्षेत्राधिकार नभएको, यी दुबै समितिका प्रतिबेदनमा भएका व्यवस्था एकैसाथ राखी हेर्नुपर्छ भन्ने विचार आएको हुँदा यसलाई कसरी सम्बोधन गर्ने ? |

| | | | | |
|---|---|---|---|---|
| | | गरे बमोजिम हुने छ ।<br>(१६) उपधारा (११) मा व्यवस्था भए बमोजिमका विषयमा संवैधानिक अदालतले गरेको निर्णय अन्तिम हुनेछ । | | |
| ९. | **आत्मनिर्णयको अधिकार**<br><br>**धारा १२** | (१) आदिवासी, आदिवासी जनजाती, मधेशीलाई आन्तरिक र स्थानीय रुपमा राजनीति, संस्कृति, धर्म, भाषा, शिक्षा, सूचना, संचार, स्वास्थ्य, बसोबास, रोजगार, सामाजिक सुरक्षा, आर्थिक क्रियाकलाप, वाणिज्य, भूमि, स्रोतसाधनको परिचालन तथा वातावरण सम्बन्धी अधिकारका रुपमा आत्मनिर्णयको अधिकार रहने छ । यी विषयहरुमा कानून बनाई निश्चित गरिने छ ।<br>(२) उपधारा (१) बमोजिम आत्मनिर्णयको अधिकारको प्रयोग गर्दा देशको सार्वभौमसत्ता, स्वतन्त्रता, एकता र क्षेत्रीय अखण्डतामा खलल नपर्ने गरी गरिने छ । | विवादित रहेकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | **यो धारा संग सम्बन्धित प्रश्नावली**<br><br>४८. (फरकमत) उपधारा (१) मा "आदिवासी-जनजाति" शब्द पछि "स्थानीय तह र विशेष संरचनामा स्थायी रुपमा बसोबास गर्ने सबै नागरिकलाई" भन्ने शब्दहरु थप्ने वा नथप्ने ?<br><br>४९. "आदिवासी, आदिवासी जनजाति" भन्ने शब्दले अस्पष्टता ल्याएको, आत्म निर्णयको अधिकार भन्ने शब्दावलीको विभिन्न अर्थ लगाईने गरेको हुँदा यस व्यवस्थालाई राख्न नहुने भन्ने मत आएकाले यसलाई कसरी सम्बोधन गर्ने ?<br><br>५०. (फरकमत) उपधारा (१) आत्मनिर्णयको अधिकारलाई हटाउने वा नहटाउने ?<br><br>५१.(फरकमत) आत्मनिर्णयको अधिकारको व्यवस्था हटाई त्यसको निर्णय गर्ने जिम्मेवारी व्यवस्थापिका संसदलाई दिनुपर्ने वा नपर्ने ? |
| १०. | **राजनैतिक अग्राधिकार सम्बन्धी व्यवस्था**<br><br>**धारा १३** | (१) मूल संरचना अन्तर्गत जातीय/समुदायका आधारमा निर्माण हुने प्रदेशहरुको हकमा राजनैतिक दलहरुले निर्वाचनको समयमा र प्रादेशिक सरकार निर्माणको क्रममा सम्बन्धित प्रदेशमा बाहुल्य रहेको जाति/समुदायको सदस्यलाई मुख्य नेतृत्व तहमा प्राथमिकता दिनु पर्नेछ । तर यस्तो राजनैतिक अग्राधिकारको व्यवस्था दुई | विवादित रहेकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | **यो धारा संग सम्बन्धित प्रश्नावली**<br><br>५२. राजनितिक अग्राधिकार सम्बन्धी व्यवस्था लोकतन्त्र विरोधी भएकोले राख्न नहुने भन्ने विचार आएकाले यसलाई कसरी सम्बोधन गर्ने ?<br><br>५३. (फरकमत) राजनीतिक अग्राधिकार सम्बन्धी प्रस्तावित व्यवस्था पूरै हटाउने वा नहटाउने ?<br><br>५४. (फरकमत) प्रदेश र विशेष संरचना क्षेत्र अन्तर्गत जाति वा भाषिक बाहुल्यताको आधारमा |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यकाल पछि स्वत: निष्क्रिय हुनेछ ।<br>(२)विशेष संरचना अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रमा बाहुल्य रहेको जाति/समुदायको त्यस्तो स्वायत्त क्षेत्रको प्रमुख नेतृत्व तहमा राजनैतिक अग्राधिकार हुनेछ । तर यस्तो राजनैतिक अग्राधिकारको व्यवस्था दुई कार्यकाल पछि स्वत: निष्क्रिय हुनेछ । | | राजनैतिक अग्राधिकार हुनेछ भन्ने व्यवस्था हटाउनुपर्ने वा नपर्ने ?<br><br>५५. (फरकमत) धारा १३ को उपधारा (१) को व्यवस्था हटाउने वा नहटाउने ?<br><br>५६. उपधारा (१) मा रहेको "दुई कार्यकाल" को सट्टा "१५ वर्ष" राख्ने वा नराख्ने ?<br><br>५७. उपधारा (२) को सट्टा देहायबमोजिमको वाक्यांश राखी परिमार्जन गर्ने वा नगर्ने ?<br><br>"संघीय, प्रादेशिक र स्थानीय तहका सबै राजनीतिक संरचनामा दलित समुदायको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वमा इतिहासकाल देखिकै उत्पीडन बापत क्षतिपूर्तिका रुपमा थप सात प्रतिशत प्रतिनिधित्वको सुनिश्चित हुने गरी विशेषाधिकारको व्यवस्था हुनेछ ।"<br><br>५८. उपधारा (२) मा दलितलाई थप सात प्रतिशत क्षतिपूर्ति दिने व्यवस्था हुनुपर्ने विषय राख्ने वा नराख्ने ?<br><br>५९. स्थानीय निकायमा दलित समुदायको बाहुल्यता भएको स्थानमा दलित नै प्रमुख हुने व्यवस्था गर्नुपर्ने वा नपर्ने ?<br><br>६०. मस्यौदामा रहेको धारा १४ महिलाको अधिकार, धारा १५ को दलितको अधिकार जस्तै धारा २० मा थप गरी मुस्लिम अधिकार उल्लेख गर्नुपर्ने भन्ने सभापतिको जवाफमा आएकोले के गर्ने ? |
| ११. | **अनुसूची १**<br><br>**(यस प्रतिवेदनमा अनुसूची ६.१ मा राखिएको)** | प्रदेशको संख्या सीमाना र क्षेत्र | विवादित रहेकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | **अनुसूची सम्बन्धित प्रश्नावलीहरु**<br><br>**अनुसूची १ अन्तर्गत**<br><br>६१.यो अनुसूचीको सट्टा देहायको अनुसूची १ राख्नुपर्ने वा नपर्ने ?<br><br>"नेपाललाई भूगोलको आधारमा निम्न बमोजिम १४ वटा प्रान्तमा |

| | | | | |
|---|---|---|---|---|
| | | | | विभाजन गरिएको छ : १) मेची प्रान्त २) कोशी प्रान्त ३) सगरमाथा प्रान्त ४) जनकपुर प्रान्त ५) नारायणी प्रान्त ६) बागमती प्रान्त ७) लुम्बिनी प्रान्त ८) गण्डकी प्रान्त ९) अन्नपूर्ण प्रान्त १०) राप्ती प्रान्त ११) भेरी प्रान्त १२) कर्णाली प्रान्त १३) सेती प्रान्त १४) महाकाली प्रान्त ।"<br><br>६२. यो अनुसूचीको सट्टा देहायको अनुसूची १ राख्नुपर्ने वा नपर्ने ?<br><br>"प्रदेशहरु बेग्लाबेग्लै भौगोलिक क्षेत्र, जाति, भाषा वा संस्कृतिलाई मिलाएर गठन गरिनुपर्छ र प्रदेशहरु निम्न अनुसार हुनेछन् :- कोशी प्रदेश - मेची र कोशी अञ्चललाई मिलाएर । सगरमाथा प्रदेश - सगरमाथा र जनकपुर अञ्चललाई मिलाएर । बागमती प्रदेश - बागमती र नारायणी अञ्चललाई मिलाएर । गण्डकी प्रदेश - गण्डकी र धवलागीरी अञ्चललाई मिलाएर । लुम्बिनी प्रदेश - राप्ती र लुम्बिनी अञ्चललाई मिलाएर । कर्णाली प्रदेश - कर्णाली अञ्चललाई मिलाएर । महाकाली प्रदेश -भेरी, सेती र महाकाली अञ्चललाई मिलाएर ।" |
| १२. | **अनुसूची २**<br><br>**(यस प्रतिवेदनमा अनुसूची ६.२ मा राखिएको)** | स्वायत्त क्षेत्रको सूची | विवादित रहेकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | **अनुसूची-२ स्वायत्त क्षेत्रको सूची अन्तर्गत**<br><br>६३. यो अनुसूची पूरै हटाउनुपर्ने वा नपर्ने ? |
| १३.. | **अनुसूची ३**<br><br>**(यस प्रतिवेदनमा अनुसूची ६.३ मा राखिएको)** | संघको अधिकारको सूची | विवादित रहेकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | **अनुसूची-३ संघको अधिकारको सूची अन्तर्गत**<br><br>६४. (फरकमत) देहायका विषयलाइ यस अनुसूचीबाट हटाई अनुसूची-४ को प्रदेशको अधिकारको सूचीमा समावेश गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | | | वा नगर्ने ?<br><br>● क्रमसंख्या ४ को केन्द्रीय दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँड, टेलिभिजन र हुलाक,<br>● क्र.सं. ५ को भन्सार, अन्त:शुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, राहदानी, भिसा, हुलाक, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर,<br>● क्र.सं. २४ को हातहतियार, खरखजाना कारखाना तथा उत्पादन सम्बन्धी,<br>● क्र.सं. २५ को नापतौल, क्र.सं. २७ को बिमा नीति<br>● क्र.सं. २९ को बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाइन, प्रतिलिपि अधिकार समेत)।<br>६५. क्रमसंख्या ३ मा "मुद्रा" शब्द थप्नुपर्ने वा नपर्ने ?<br><br>६६. क्रमसंख्या ३० पछि देहायको क्रमसंख्या र विषयहरु थप गर्ने वा नगर्ने ?<br><br>"३१. भूमिसुधार, ३२. राष्ट्रियस्तरको वन, ३३. तालतलैया, ३४. निकुञ्ज र ३५. नदी र पहाडहरु ।" |
| १४. | अनुसूची ४<br><br>(यस प्रतिवेदनमा अनुसूची ६.४ मा राखिएको) | प्रदेशको अधिकारको सूची | विवादित रहेकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | **अनुसूची-४ प्रदेशको अधिकारको सूची अन्तर्गत**<br><br>६७. क्रमसंख्या २१ मा रहेको 'भूमि व्यवस्थापन' शब्द हटाउनुपर्ने वा नपर्ने ? |

## ३.मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति

**(ख) मौलिक हक सम्बन्धी मस्यौदा**

**भाग.......**

**मौलिक हक**

| क्र. सं. | विषय | असहमति भएको विषय | समितिको निर्क्यौल | कैफियत |
|---|---|---|---|---|
| १ | **५. न्याय सम्बन्धी हक** | (४) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।<br><br>तर मानवता विरुद्धको अपराध, युद्ध अपराध र जातीय नरसंहार सम्बन्धी अपराधमा भूतप्रभावी कानून बनाएर सजाय गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन । | उपधारा (४) मा असहमति कायम रहेकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | उपधारा (४) संग सम्बन्धित प्रश्नावली<br><br>प्रश्न नं. १. उपधारा (४) मा "तर मानवता विरुद्धको अपराध, युद्ध अपराध र जातीय नरसंहार सम्बन्धी अपराधमा भूतप्रभावी कानून बनाएर सजाय गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।" भन्ने व्यवस्था राख्ने वा नराख्ने ? |
| २ | **१०. सम्पत्ति सम्बन्धी हक** | (१) प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।<br><br>(२) प्रगतिशील करको मान्यता अनुरुप राज्यले व्यक्तिको सम्पत्तिमा आवश्यकता अनुसार कर लगाउन सक्नेछ।<br><br>(३) सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, पाप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन ।<br><br>तर कुनै पनि व्यक्तिले गैरकानूनी रुपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन।<br><br>(४) वैज्ञानिक भूमिसुधारको प्रयोजनको लागि भूमिहीन किसान तथा सुकुम्बासीहरूलाई वितरण गर्न जमीन अधिग्रहण गर्दा वा उपधारा (३) बमोजिम सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्ति उपर कुनै अधिकारको | पुरै धारा असहमतिको विषयको रुपमा रहकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | धारा १० संग सम्बन्धित प्रश्नावली<br><br>प्रश्न नं २. सम्पत्ति सम्बन्धी हकमा जग्गाको हदबन्दी तोक्ने वा नतोक्ने? प्रश्न नं ३. हदबन्दी तोकिएको अवस्थामा हदबन्दी भन्दामाथिको जग्गा प्राप्त गर्दा राज्यले क्षतिपूर्ति दिनु पर्ने वा नपर्ने?<br><br>प्रश्न नं ३. समग्र सम्पत्तिमा सीमा तोक्ने वा नतोक्ने ? |

| | | | | |
|---|---|---|---|---|
| | | सिर्जना गर्दा कानून बमोजिम क्षतिपूर्ति दिइनेछ । क्षतिपूर्तिको आधार र कार्य प्रणाली कानूनद्वारा निर्धारण गरिए बमोजिम हुनेछ<br><br>(५) भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायिकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्न राज्यले कानून बनाई भूमिको नियमन र व्यवस्थापन गर्न सक्नेछ । | | |
| ३ | २८. सामाजिक न्यायको हक | (५) आदिबासी, जनजातिलाई आफ्नो पहिचान सहित भाषा तथा संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने तथा सशक्तिकरण र विकासको लागि प्राथमिकताका साथ विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ ।<br><br>(११) विगतमा भएका सबै जनआन्दोलन, जनयुद्ध र मधेश आन्दोलनका क्रममा भएका शहिद परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, अपाङ्ग रघाइतेलाई राज्यका<br><br>सबै संयन्त्रमा सहभागिता, सरकारी र सार्वजनिक सेवामा विशेष सुविधा, शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सामाजिक सुरक्षा, राहत र निवृत्तभरणको हक हुनेछ<br><br>(१२) आदिवासी र स्थानीय समुदायलाई भूमि र प्राकृतिक सम्पदामाथि अग्राधिकारको हक हुनेछ । | असहमति कायम रहेको देखिएका उपधारा (५) र उपधारा (११) एवं थप गर्नु पर्ने वा नपर्ने भनिएको उपधारा १२ लाई संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | उपधारा (५) सग सम्वन्धित <u>प्रश्नावली</u><br><br>प्रश्न १. उपधारा (५) मा रहेको व्यवस्थाको सट्टा *आदिबासी, जनजाति समुदायलाई आत्मनिर्णयको अधिकार सहित स्वशासन र स्वायत्तताको अधिकार तथा स्वतन्त्र, पूर्व र सुसूचित सहमतिको हक हुनेछ भन्ने व्यवस्था राख्ने वा नराख्ने ?*<br><br>प्रश्न २.उपधारा (५) मा रहेको व्यवस्थाको सट्टा *आदिबासी, जनजाति तथा स्थानीय समुदायलाई पहिचानको हक, प्राकृतिक स्रोत माथि प्राथमिकताको हक, स्वशासन को हक तथा राष्ट्रिय अखण्डता, समग्र राष्ट्रिय हित तथा एकतालाई सुदृढ गर्दै संविधान र प्रचलित कानूनको अधिनमा रही आत्मनिर्णयको अधिकार हुनेछ भन्ने व्यवस्था राख्ने वा नराख्ने?*<br><br>प्रश्न ३. सोही उपधाराको प्रावधानमा *"मधेशी समुदायको आत्मनिर्णयको अधिकार सहितको स्वायत्त मधेश प्रदेश र त्यहाँको भूमि तथा प्राकृतिक स्रोतमाथि अग्राधिकारको हक हुनेछ ।"* भन्ने व्यवस्था थप गर्ने वा नगर्ने ?<br>प्रश्न ४.उपधारा (११) को सट्टा *"लोकतन्त्र प्राप्तिको लागि भएका सबै आन्दोलन/संघर्षको क्रममा जीवन उत्सर्ग गर्ने शहीदका* |

| | | | | |
|---|---|---|---|---|
| | | | | परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्ग, घाइते तथा पीडितलाई राहत तथा न्याय प्रदान गर्ने एवम् उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा प्राथमिकताका साथ अवसर प्रदान गरिनेछ।" भन्ने व्यवस्था राख्ने वा नराख्ने ?<br><br>प्रश्न ५. उपधारा (११) पछि उपधारा (१२) थप गर्ने वा नगर्ने ? |

# (घ) राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी मस्यौदा

भाग ___

## राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

| क्र. सं. | | असहमति भएको विषय | समितिको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १ | २. निर्देशक सिद्धान्तहरू | (१) देशको सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोक कल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने एवं परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाइहरूबीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रिकरण को आधारमा शासन व्यवस्थामा जनताको समावेशी, समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतन्त्रका लाभ उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतान्त्रात्मक व्यवस्था स्थापना गर्ने राज्यको राजनीतिक उद्देश्य हुनेछ। | असहमति कायम रहेकोले सवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने | उपधारा (१) संग<br><br>सम्बन्धित प्रश्नावली<br><br>१. उपधारा (१) मा "आत्मनिर्णय सहितको" भन्ने वाक्यांश राख्ने वा नराख्ने ?<br><br>२. सोही उपधारामा रहेका "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था" भन्ने शब्दहरूको सट्टा देहायको मध्ये कुनै शब्दावलीहरु राख्ने वा नराख्ने ?<br><br>क)"जनताको संघीय गणतन्त्र"<br><br>ख )"समाजवादी गणतन्त्र"<br><br>ग) "बहुलवाद र बहुदलीय प्रतिस्पर्धामा आधारित संघीय लोकतान्त्रिक गणतन्त्र |

# ४. न्याय प्रणाली सम्बन्धी समिति

भाग . . .

## न्याय पालिका

| क.सं | विषयवस्तु | असहमति भएको विषय | समितिको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १ | ५.संघीय सर्वोच्च अदालत: | (४) राष्ट्रिय महत्वको पद र अधिकारसंग सम्बन्धित तथा राजनैतिक विषयसंग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसंग कानून बाझिएका विषयमा बाहेक संविधान र संघीय कानूनको व्याख्या गर्ने अधिकार संघीय सर्वोच्च अदालतलाई हुनेछ ।<br><br>**स्पष्टीकरण:** यस उपधाराको प्रयोजनको लागि राष्ट्रिय महत्वको पद भन्नाले राष्ट्राध्यक्ष वा कार्यकारीप्रमुख वा व्यवस्थापिकाद्वारा निर्वाचित पद भन्ने बुझिन्छ । | उपधारा (४) मा विवाद कायम रहेको ले राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | उपधारा (४) संग सम्बन्धित प्रश्नावली<br><br>१. राष्ट्रिय महत्वको पद र अधिकारसंग सम्बन्धित तथा राजनैतिक विषयसंग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसंग कानून बाझिएको विषय हेर्ने अधिकार विधायिकाको विशेष समितिलाई हुने वा न्यायपालिकालाई हुने ?<br><br>२. संविधानको व्याख्या, राष्ट्रिय सरोकाका विषय, मानव अधिकार तथा नागरिक सरोकारका विषय, राजनीतिक विषयहरुसंग सम्बन्धी मुद्दाको व्याख्या र निरोपण गर्ने तथा संघ र प्रदेश तथा प्रदेश प्रदेश बीचका विवाद हेर्ने अलग्गै संवैधानिक अदालतको व्यवस्था गर्ने वा सर्वोच्च अदालतलाई नै सो अधिकार दिने ? |
| २ | ६.संघीय सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा न्यायाधीश को नियुक्ति र योग्यता: | (१) राष्ट्राध्यक्षले संघीय व्यवस्थापिका विशेष न्यायिक समितिले सिफारिस गरी संघीय व्यवस्थापिकामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन भएका व्यक्तिलाई संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीशमा नियुक्ति गर्नेछ ।<br><br>(२) प्रधान न्यायाधीशको पदावधि धारा ८ को उपधारा (१) को खण्ड (ख) को अधीनमा रही नियुक्ति भएको मितिबाट चार वर्षको हुनेछ । तर, संघीय व्यवस्थापिका विशेष न्यायिक समितिले प्रधान न्यायाधीशको नियुक्तिको लागि सिफारिस गर्दा निजको पदावधि कम्तीमा दुई वर्ष कायम हुनेगरी | उपधारा (१) र (२) मा विवाद कायम रहेकोले राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | उपधारा (१) र (२) संग सम्बन्धित प्रश्नावली<br><br>४.सर्वोच्च अदालतको प्रधानन्यायाधीशको नियुक्ति यस संविधान बमोजिम प्रधानन्यायाधीश हुन योग्यता पुगेका कुनै पनि व्यक्तिमध्येबाट गर्ने वा सर्वोच्च अदालतका न्यायाधीशहरु मध्येबाट मात्र गर्ने?<br><br>५. प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीश हरुको नियुक्तिको सिफारिस गर्ने संयन्त्र एउटै हुने वा अलग अलग हुने ? |

| | | | | |
|---|---|---|---|---|
| | | सिफारिस गर्नेछ । | | |
| ३ | १० संघीय सर्वोच्च अदालतको अधिकार क्षेत्र: | (२) यस संविधानमा अन्यथा उल्लेख भएकोमा बाहेक संघीय सर्वोच्च अदालतको देहाय बमोजिमको शुरू क्षेत्राधिकार हुनेछ ।<br>(क) संघ र राज्यबीचको विवाद,<br>(ख) राज्य र राज्यबीचको विवाद,<br>(ग) संघीय संवैधानिक अंगहरूबीचको विवाद,<br>(घ) राष्ट्रिय सुरक्षा, मुद्रा र वैदेशिक मामिला सम्बन्धी विवाद । | उपधारा(२) मा विवाद कायम रहेकोले राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | उपधारा (२) संग सम्बन्धित **प्रश्नावली**<br>प्रश्न२. संविधानको व्याख्या, राष्ट्रिय सरोकारका विषय, मानव अधिकार तथा नागरिक सरोकारका विषय, राजनीतिक विषयहरूसंग सम्बन्धी मुद्दाको व्याख्या र निरोपण गर्ने तथा संघ र प्रदेश तथा प्रदेश प्रदेश बीचका विवाद हेर्ने अलगै संवैधानिक अदालतको व्यवस्था गर्ने वा सर्वोच्च अदालतलाई नै सो अधिकार दिने ? |
| ४ | १६ राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यता: | (१) राज्यप्रमुखले राज्यव्यवस्थापिका विशेष न्यायिक समितिले सिफारिस गरी राज्यव्यवस्थापिकाको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन भएका व्यक्तिलाई राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशमा नियुक्ति गर्नेछ ।<br>(२) मुख्य न्यायाधीशको पदावधि धारा १८ को उपधारा (१) को खण्ड (ख) को अधीनमा रही नियुक्ति भएको मितिबाट चार वर्षको हुनेछ । तर, राज्यव्यवस्थापिकाको विशेष न्यायिक समितिले मुख्य न्यायाधीशको नियुक्तिको लागि सिफारिस गर्दा निजको पदावधि कम्तीमा दुई वर्ष कायम हुने गरी सिफारिस गर्नेछ । | उपधारा (१) र (२) मा विवाद कायम रहेकोले राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | उपधारा (१) र (२) संग सम्बन्धित **प्रश्नावली**<br>प्रश्न ६. राज्य/उच्च अदालतका न्यायाधीशहरुको नियुक्ति र बर्खास्तगी प्रादेशिक व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट हुने वा न्यायपरिषद जस्तो केन्द्रिय संयन्त्रबाट हुने? |
| ५ | १९ मुख्य न्यायाधीश तथा न्यायाधीशलाई अन्य कुनै काममा लगाउन | राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशलाई न्यायाधीशको पदमा बाहेक अन्य कुनै पदमा काममा लगाइने वा काजमा खटाइने छैन ।<br>तर नेपाल सरकारले राज्यव्यवस्थापिका विशेष न्यायिक समितिसँग परामर्श लिई राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको | यस धारामा विवाद कायम रहेकोले राजनीतिक संवाद तथा सहमति | धारा १९ संग सम्बन्धित **प्रश्नावली**<br>८. राज्य/उच्च अदालत र स्थानीय अदालतका न्यायाधीशहरुको सरुवा हुने व्यवस्था संविधानमा गर्ने वा<br>नगर्ने ? |

| | | | | |
|---|---|---|---|---|
| | नहुने: | मुख्य न्यायाधीश वा न्यायाधीशलाई न्यायिक स्वतन्त्रतामा आँच नआउने गरी न्यायिक जाँचबुझको काममा वा केही खास अवधिको लागि कानून वा न्याय सम्बन्धी अनुसन्धान वा अन्वेषणको अन्य कुनै काममा खटाउन सक्नेछ । | समितिमा पठाउने । | |
| ६ | २६. जिल्ला/ स्थानीय अदालतको न्यायाधीश को नियुक्ति, योग्यता तथा पारिश्रमिक र सेवाका अन्य शर्तहरू | (१) जिल्ला/स्थानीय प्रतिनिधिसभा प्रमुखले जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिले सिफारिस गरी जिल्ला/स्थानीय प्रतिनिधिसभाको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन भएका व्यक्तिलाई जिल्ला/स्थानीय अदालतको न्यायाधीशमा नियुक्ति गर्नेछ । | उपधारा (१) मा विवाद कायम रहेकोले राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | उपधारा (१) संग सम्बन्धित प्रश्नावली<br><br>प्रश्न ७. स्थानीय अदालतका न्यायाधीशहरुको नियुक्ति र बर्खास्तगी स्थानीय व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट हुने वा राज्य संयन्त्रबाट हुने ? |
| ७ | २७. जिल्ला/ स्थानीय न्यायाधीश लाई अन्य कुनै काममा लगाउन नहुने: | जिल्ला/स्थानीय न्यायाधीशलाई न्यायाधीशको पदमा बाहेक अन्य कुनै पदमा सरुवा गरिने, काम लगाइने वा काजमा खटाइने छैन ।<br><br>तर नेपाल सरकारले स्थानीय प्रतिनिसभा विशेष न्यायिक समितिसँग परामर्श लिई जिल्ला/स्थानीय न्यायाधीशलाई न्यायिक जाँचबुझको काममा वा केही खास अवधिको लागि कानून वा न्याय सम्बन्धी अनुसन्धान, अन्वेषण वा निर्वाचन जस्ता काममा खटाउन सक्नेछ । | यस धारामा विवाद कायम रहेकोले राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | उपधारा (१) संग सम्बन्धित प्रश्नावली<br><br>प्रश्न ८. राज्य/ उच्च अदालत र स्थानीय अदालतका न्यायाधीशहरुको सरुवा हुने व्यवस्था संविधानमा गर्ने वा नगर्ने ? |
| ८ | २९. संघीय व्यवस्थापिका विशेष न्यायिक समिति/ राज्य/प्रदेश | (१) संघीय व्यवस्थापिका विशेष न्यायिक समिति: यस संविधान बमोजिम संघीय सर्वोच्च अदालतका प्रधान न्यायाधीश एवं न्यायाधीशहरूको नियुक्ति र अनुशासन सम्बन्धी कार्वाही, सेवाबाट हटाउने वा बर्खास्त गर्ने र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरूमा | उपधारा (१), (२), र (४) देखि (११) सम्म विवाद कायम रहेकोले | यस धारासंग सम्बन्धित प्रश्नावली<br><br>प्रश्न ७. स्थानीय अदालतका न्यायाधीशहरुको नियुक्ति र बर्खास्तगी स्थानीय व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट हुने वा राज्य संयन्त्रबाट हुने ? |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्थापिका विशेष न्यायिक समिति/ जिल्ला/ स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समिति | सिफारिस वा परामर्श दिन संघीय व्यवस्थापिकामा देहाय बमोजिमको संघीय व्यवस्थापिका विशेष न्यायिक समिति रहनेछ ।<br>(क) संघीय व्यवस्थापिकाका उपाध्यक्ष -अध्यक्ष<br>(ख) संघीय कानून तथा न्याय मन्त्री -सदस्य<br>(ग) संघीय व्यवस्थापिकामा रहेको संख्याको आधारमा समानुपातिक र समावेशी रूपले प्रतिनिधित्व हुने गरी संघीय व्यवस्थापिकाबाट निर्वाचित बढीमा ९ जना सदस्य -सदस्य<br>(२) संघीय व्यवस्थापिका विशेष न्यायिक समितिको अन्य काम, कर्तव्य र अधिकार: संघीय व्यवस्थापिका विशेष न्यायिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:<br>(क) यस संविधानको अधीनमा रही राष्ट्रिय महत्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनैतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानून बाझिएका विषयमा संविधान र संघीय कानूनको व्याख्या गर्ने अधिकार संघीय व्यवस्थापिका विशेष न्यायिक समितिलाई हुनेछ ।<br>**स्पष्टीकरण:** यस उपधाराको प्रयोजनको लागि राष्ट्रिय महत्वको पद भन्नाले राष्ट्राध्यक्ष वा कार्यकारीप्रमुख वा व्यवस्थापिकाद्वारा निर्वाचित पद भन्ने बुझिन्छ ।<br>(ख) समानुपातिक र समावेशी सिद्धान्तका आधारमा संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश र न्यायाधीशको नियुक्तिको लागि आवश्यक संख्याको | राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | तत्कालीन संविधान सभाको मिति २०६७।०१।२ को निर्देशन अनुसार उपधारा (३) परिमार्जन गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | सूची तयार गरी अनुमोदनका लागि संघीय व्यवस्थापिकामा पेश गर्ने छ। यसरी पेश भएको सूचीबाट संघीय व्यवस्थापिकाबाट अनुमोदन भएको व्यक्तिलाई राष्ट्राध्यक्षबाट प्रधान न्यायाधीश र न्यायाधीशमा नियुक्ति गरिनेछ।<br>(ग) संघीय सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा न्यायाधीशको कार्य क्षमताको अभाव, खराब आचरण ( आधार संहिताको उल्लघन समेत) को कसूरमा उजुरी पर्न आएमा वा सार्वजनिक सूचना वा काम कारबाही वा व्यवहारबाट देखिएका अवस्थामा अनुसन्धान गरी नोकरिबाट हटाउने वा बर्खास्त गर्ने समेतका लागि राष्ट्राध्यक्षसमक्ष सिफारिस गरिनेछ। यसरी गरिएको सिफारिस राष्ट्राध्यक्षबाट स्वीकृत हुनेछ।<br>तर भ्रष्टाचारको कसूरमा सेवाबाट बर्खास्त गर्दा संघीय व्यवस्थापिका विशेष न्यायिक समितिले गठन गरेको विशेष अदालतमा मुद्दा दायर गरी सो अदालतबाट ठहऱ्याए बमोजिम हुनेछ। यस्तो विशेष अदालत सम्बन्धी व्यवस्था संघीय कानूनद्वारा निर्धारित हुनेछ।<br>(घ) संघीय व्यवस्थापिका विशेष न्यायिक समितिले आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ। संघीय व्यवस्थापिका विशेष न्यायिक समिति तथा उप समितिहरूको काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ।<br>(ङ) संघीय व्यवस्थापिका विशेष न्यायिक समितिले गरेको काम कारवाही एवं निर्णयहरू र खण्ड<br>(ग) बमोजिम गठित विशेष अदालतद्वारा | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गरिएका फैसलाहरू अन्तिम हुनेछ। यसउपर कुनै अदालतमा उजुरी, पुनरावेदन एवं रिट निवेदन लाग्ने छैन।<br>(४) संघीय व्यवस्थापिका विशेष न्यायिक समितिको अन्य काम, कर्तव्य र अधिकार संघीय कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ।<br>(५) राज्यव्यवस्थापिका विशेष न्यायिक समिति: यस संविधान बमोजिम राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतका मुख्य न्यायाधीश एवं न्यायाधीशहरूको नियुक्ति र अनुशासन सम्बन्धी कार्वाही, सेवाबाट हटाउने वा बर्खास्त गर्ने र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरूमा सिफारिस वा परामर्श दिन राज्यव्यवस्थापिकामा देहाय बमोजिमको राज्यव्यवस्थापिका विशेष न्यायिक समिति रहनेछ।<br>(क) राज्यव्यवस्थापिकाका उपाध्यक्ष -अध्यक्ष<br>(ख) राज्यकानून तथा न्याय मन्त्री -सदस्य<br>(ग) राज्यव्यवस्थापिकामा रहेको संख्याको आधारमा समानुपातिक र समावेशी रूपले प्रतिनिधित्व हुने गरी संघीय व्यवस्थापिकाबाट निर्वाचित बढीमा ९ जना सदस्य -सदस्य<br>(६) राज्यव्यवस्थापिका विशेष न्यायिक समितिको अन्य काम, कर्तव्य र अधिकार: राज्यव्यवस्थापिका विशेष न्यायिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ<br>(क) समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीशको नियुक्तिको लागि | | | |

| | | | | |
|---|---|---|---|---|
| | | आवश्यक संख्याको सूची तयार गरी अनुमोदनका लागि राज्यव्यवस्थापिकामा पेश गर्ने छ। यसरी पेश भएको सूचीबाट राज्यव्यवस्थापिकाबाट अनुमोदन भएको व्यक्तिलाई राज्यप्रमुखबाट मुख्य न्यायाधीश र न्यायाधीशमा नियुक्ति गरिनेछ।<br><br>(ख) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशको कार्य क्षमताको अभाव, खराब आचरण (आधार सहितको उल्लंघन समेत) को कसूरमा उजुरी पर्न आएमा वा सार्वजनिक सूचना वा काम कारबाही वा व्यवहारबाट देखिएका अवस्थामा अनुसन्धान गरी नोकरिबाट हटाउने वा बर्खास्त गर्ने समेतका लागि राज्यप्रमुखसमक्ष सिफारिस गरिनेछ। यसरी गरिएको सिफारिस राज्यप्रमुखबाट स्वीकृत हुनेछ।<br><br>तर भ्रष्टाचारको कसूरमा सेवाबाट बर्खास्त गर्दा राज्यव्यवस्थापिका विशेष न्यायिक समितिले गठन गरेको विशेष अदालतमा मुद्दा दायर गरी सो अदालतबाट ठहऱ्याए बमोजिम हुनेछ। यस्तो विशेष अदालत सम्बन्धी व्यवस्था राज्यकानूनद्वारा निर्धारित हुनेछ।<br><br>(ग) राज्यव्यवस्थापिका विशेष न्यायिक समितिले आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ। राज्यव्यवस्थापिका विशेष न्यायिक समिति तथा उप समितिहरूको काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ।<br><br>(घ) राज्यव्यवस्थापिका विशेष न्यायिक समितिले गरेको काम कारबाही एवं निर्णयहरू र खण्ड (ख) बमोजिम गठित विशेष अदालतद्वारा गरिएका | | |

| | | | | |
|---|---|---|---|---|
| | | फैसलाहरू अन्तिम हुनेछ। यसउपर कुनै अदालतमा उजुरी, पुनरावेदन एवं रिट निवेदन लाग्ने छैन ।<br>(७) राज्यव्यवस्थापिका विशेष न्यायिक समितिको अन्य काम, कर्तव्य र अधिकार राज्यकानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।<br>(८) जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समिति: यस संविधान बमोजिम जिल्ला/ स्थानीय अदालतका न्यायाधीशहरूको नियुक्ति र अनुशासन सम्बन्धी कार्वाही, सेवाबाट हटाउने वा बर्खास्त गर्ने र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरूमा सिफारिस वा परामर्श दिन जिल्ला/स्थानीय प्रतिनिधिसभामा देहाय बमोजिमको जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समिति रहनेछ ।<br>(क) जिल्ला/स्थानीय प्रतिनिधिसभा उपाध्यक्ष -अध्यक्ष<br>(ख) जिल्ला/स्थानीय प्रतिनिधिसभामा रहेको संख्याको आधारमा समानुपातिक र समावेशी रूपले प्रतिनिधित्व हुने गरी जिल्ला/स्थानीय प्रतिनिधिसभाबाट निर्वाचित बढीमा ८ जना सदस्य - सदस्य<br>(९) जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिको अन्य काम, कर्तव्य र अधिकार: जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :<br>(क) समानुपातिक र समावेशी सिद्धान्तका आधारमा जिल्ला/ स्थानीय अदालतको न्यायाधीशको नियुक्तिको लागि आवश्यक संख्याको सूची तयार गरी अनुमोदनका लागि जिल्ला/ स्थानीय प्रतिनिधिसभामा पेश गर्नेछ। यसरी | | |

| | | | | |
|---|---|---|---|---|
| | | पेश भएको सूचीबाट जिल्ला/स्थानीय प्रतिनिधिसभाबाट अनुमोदन भएको व्यक्तिलाई जिल्ला/स्थानीय प्रतिनिधिसभाको प्रमुखबाट न्यायाधीशमा नियुक्ति गरिनेछ ।<br><br>(ख) जिल्ला/स्थानीय अदालतको न्यायाधीशको कार्य क्षमताको अभाव, खराब आचरण (आधार सहितको उल्लंघन समेत) को कसूरमा उजुरी पर्न आएमा वा सार्वजनिक सूचना वा काम कारबाही वा व्यवहारबाट देखिएका अवस्थामा अनुसन्धान गरी नोकरिबाट हटाउने वा बर्खास्त गर्ने समेतका लागि जिल्ला/स्थानीय प्रतिनिधिसभाको प्रमुखसमक्ष सिफारिस गरिनेछ । यसरी गरिएको सिफारिस जिल्ला/स्थानीय प्रतिनिधिसभाको प्रमुखबाट स्वीकृत हुनेछ ।<br><br>(ग) जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिले आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ । जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समिति तथा उप समितिहरूको काम, कर्तव्य र अधिकार तथा कार्यविधि राज्यकानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।<br><br>(घ) जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिले गरेको काम कारबाही एवं निर्णयहरू अन्तिम हुनेछ । यसउपर कुनै अदालतमा उजुरी, पुनरावेदन एवं रिट निवेदन लाग्ने छैन ।<br><br>(१०) जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिको अन्य काम, कर्तव्य र अधिकार राज्यकानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।<br><br>(११) उपधारा (१), (५) र (८) बमोजिमका विशेष न्यायिक समिति गठन गर्दा जातीय, लिंगीय, वर्गीय र क्षेत्रीय आधारमा राज्य/प्रादेशिक/ प्रान्तीय | | |

| | | | | |
|---|---|---|---|---|
| | | एवं दलीय समानुपातिक प्रतिनिधित्व हुने गरी गरिनेछ । | | |
| ९ | ३२ संक्रमणकालीन व्यवस्था | (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको सर्वोच्च अदालत यो संविधान प्रारम्भ भएपछि संघीय सर्वोच्च अदालत हुनेछ र सर्वोच्च अदालतका सम्पूर्ण मुद्दाहरू संघीय सर्वोच्च अदालतमा सर्नेछन् । संघीय सर्वोच्च अदालतले ती मुद्दाहरू तत्काल प्रचलित कानून बमोजिम किनारा गर्नेछ ।<br><br>(२) धारा १५ बमोजिम राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको व्यवस्था नभएसम्म नेपालको अन्तरिम संविधान, २०६३ अन्तर्गत गठित पुनरावेदन अदालतहरू यथावत कायम रहनेछन् र यस संविधानबमोजिमको राज्य/प्रदेश सर्वोच्च/उच्च अदालत गठन भएपछि पुनरावेदन अदालतबाट फछ्र्यौट हुन बाँकी मुद्दाहरू क्षेत्राधिकार मिल्ने राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतमा सर्नेछन् । राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतले ती मुद्दाहरू तत्काल प्रचलित कानून बमोजिम किनारा गर्नेछ ।<br><br>(३) धारा २५ बमोजिमको जिल्ला/स्थानीय अदालतको व्यवस्था नभएसम्म यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका जिल्ला अदालतहरू यथावत कायम रहनेछन् । यस संविधानबमोजिमको जिल्ला/स्थानीय अदालत गठन भएपछि जिल्ला अदालतबाट फछ्र्यौट हुन बाँकी मुद्दाहरू क्षेत्राधिकार मिल्ने जिल्ला/स्थानीय अदालतमा सर्नेछन् । जिल्ला/स्थानीय अदालतले ती मुद्दाहरू तत्काल प्रचलित कानून बमोजिम किनारा गर्नेछ ।<br><br>(४) यो संविधानबमोजिम व्यवस्था गरिएको सैनिक विशेष अदालत गठन नभएसम्म प्रचलित कानूनबमोजिम गठित सैनिक विशेष अदालत कायम रहनेछ र यस संविधानबमोजिमको सैनिक विशेष अदालत गठन भएपछि सो अदालतबाट फछ्र्यौट हुन बाँकी रहेका मुद्दाहरू यस अदालतमा सर्नेछन् । सो अदालतले ती मुद्दाहरू तत्काल प्रचलित कानून बमोजिम किनारा गर्नेछ ।<br><br>(५) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा न्यायाधीशहरू यो संविधान | यस धारामा विवाद रहेकोले राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रारम्भ भएपछि तीन महिनाभित्र पुनर्नियुक्त भएमा बाहेक आफ्नो पदमा बहाल रहने छैनन् ।<br><br>(६) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका पुनरावेदन अदालत र जिल्ला अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशहरू यो संविधान प्रारम्भ भएपछि राज्य/प्रदेश तहका संयन्त्रहरू गठन भएको मितिले तीन महिनाभित्र पुनर्नियुक्त भएमा बाहेक आफ्नो पदमा बहाल रहने छैनन् । | | |

# ५. राज्यको शासकीय स्वरुप निर्धारण समिति

| सि. नं. | विषय | असहमति भएका विषय | समितिको निर्क्योल | कैफियत |
|---|---|---|---|---|
| १. | धारा १<br>संघीय कार्यकारिणी अधिकारको प्रयोग | (१) यो संविधान र अन्य कानुनको अधीनमा रही नेपालको संघीय कार्यकारिणी अधिकार राष्ट्रपतिमा निहित रहनेछ ।<br>(२) यो संविधान र अन्य कानुनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन मन्त्रिपरिषदको सहयोगमा राष्ट्रपतिले गर्नेछ ।<br>(३) नेपालको संघीय कार्यकारिणी कार्यहरू नेपाल सरकारका नाममा हुनेछन् ।<br>(४) नेपालको संघीय कार्यकारिणी अधिकार यस संविधानको अधीनमा रही अनुसूची ... मा उल्लिखित संघीय सूचि र साझा सूचिमा उल्लिखित विषयवस्तुमा सीमित रहनेछ ।<br>(५) उपधारा (३) बमोजिम नेपाल सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण कानुनद्वारा व्यवस्था भए बमोजिम हुनेछ । | यो विषय विवादित रहेकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | संविधानसभाले बनाएको प्रश्नावली<br>१. केन्द्रमा देहायका मध्ये कुन शासन प्रणाली अवलम्बन गर्ने ?<br>(क) सहमतीय (प्रत्यक्षरुपमा निर्वाचित) राष्ट्रपति प्रणाली<br>(ख) संवैधानिक राष्ट्रपति सहित व्यवस्थापिकामा बहुमत प्राप्त कार्यकारी प्रधानमन्त्री रहने शासन प्रणाली<br>(ग) व्यवस्थापिकाबाट निर्वाचित राष्ट्रपतीय शासन प्रणाली<br>(घ) आलंकारिक राष्ट्रपतिय प्रणाली र जनताबाट प्रत्यक्षरुपमा निर्वाचित कार्यकारी अधिकार सहितको प्रधानमन्त्री |
| २. | धारा २<br>राष्ट्रपति | (१) नेपालमा एकजना राष्ट्रपति रहनेछ ।<br>(२) राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष र सरकारप्रमुख हुनेछ ।<br>(३) नेपाली सेनाको परमाधिपति हुनेछ ।<br>(४) राष्ट्रपति नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताको प्रतीक हुनेछ ।<br>(५) राष्ट्रपतिले नेपाल र नेपाली जनताको सर्वोत्तम हित र | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | समुन्नतिको लागि यो संविधानको संरक्षण र पालना गर्नेछ ।<br>(६) राष्ट्रपति आफ्नो कर्तव्यपालनको सिलसिलामा नेपाल, नेपाली जनता, संघीय व्यवस्थापिका र आफ्नो दलप्रति उत्तरदायी हुनेछ । | | |
| ३. | **धारा ३**<br><br>राष्ट्रपतिको निर्वाचन | (१) बालिग मताधिकारको आधारमा प्रत्यक्ष मतदानबाट राष्ट्रपतिको निर्वाचन पाँच वर्षको लागि गरिनेछ ।<br>तर एउटै व्यक्ति दुईपटक भन्दा बढी राष्ट्रपति हुन पाउने छैन ।<br>(२) राष्ट्रपतिको निर्वाचनमा सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी मुलुकभर मतदान भएको कूल सदर मतको पूर्ण बहुमत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुनेछ ।<br>(३) पहिलो मतदानमा यदि कुनै उम्मेदवारले पूर्ण बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू बीच दोश्रो चरणको मतदानमा प्रतिस्पर्धा हुनेछ ।<br>तर सबैभन्दा बढी मत प्राप्त गर्ने कुनै उम्मेदवारले दोश्रो चरणको मतदानको उम्मेदवारीबाट नाम फिर्ता लिएमा बाँकी सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरूबीच प्रतिस्पर्धा हुनेछ।<br>(४) पहिलो मतगणना सम्पन्न भएको मितिले १५ दिन भित्र दोश्रो चरणको मतदान सम्पन्न गर्नु पर्नेछ ।<br>(५) निर्वाचन, मनोनयन वा नियुक्तिद्वारा पूर्ति हुने कुनै पनि राजनैतिक पदमा बहाल रहेको व्यक्ति राष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | रिक्त हुनेछ ।<br>(६) यस संविधानमा उल्लेख भए बाहेक राष्ट्रपतिको निर्वाचन सम्बन्धी अन्य व्यवस्थाहरू ऐनद्वारा व्यवस्थित गरिनेछ । | | |
| ४. | धारा ४<br><br>राष्ट्रपतिको अधिकार एवं कार्यहरू | (१) राष्ट्रपतिले राष्ट्राध्यक्षका हैसियतले देहायका कार्यहरू गर्नेछ :<br>(क) विधेयकमा स्वीकृति प्रदान गर्ने ।<br>(ख) विभिन्न न्यायिक, अर्धन्यायिक तथा प्रशासनिक निकाय वा पदाधिकारीहरूको निर्णय बमोजिम भएका दण्ड जरिवाना माफी, मुल्तबी, मिनाहा गर्ने,<br>(ग) राष्ट्रको तर्फबाट प्रदान गरिने उपाधि, सम्मान, मानपदवी तथा पुरस्कारहरू प्रदान गर्ने,<br>(घ) विदेशी राजदुत तथा कुटनैतिक प्रतिनिधिहरूबाट ओहोदाको प्रमाणपत्र ग्रहण गर्ने ।<br><br>(२) राष्ट्रपतिले देहायका कार्यहरू गर्दा मन्त्रिपरिषदबाट निर्णय गराउनु पर्नेछ :<br>(क) देशको दैनिक प्रशासन सञ्चालन गर्ने,<br>(ख) मन्त्रीहरूको कार्यविभाजन गर्ने, कार्यसम्पादन नियमावली र निर्देशिका बनाउने,<br>(ग) दैनिक शासन प्रशासनसँग सम्बन्धित शान्ति, सुरक्षा र व्यवस्था कायम गर्ने,<br>(घ) दैनिक प्रशासन सञ्चालन गर्ने पदाधिकारीहरूको नियुक्ति र मनोनयन गर्ने,<br>(ङ) सेना परिचालन, युद्ध र शान्तिको घोषणा गर्ने, संकटकाल घोषणा गर्ने,<br>(च) व्यवस्थापिका समक्ष नीति, | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| ३ | | योजना, कार्यक्रम र बजेट प्रस्तुत गर्ने,<br>(छ) अध्यादेश जारी गर्ने,<br>(च) सरकार सञ्चालनमा आइपर्ने समस्याहरू व्यवस्थापन गर्ने ।<br>(३) राष्ट्रपतिले देहायका कार्यहरू गर्दा व्यवस्थापिकाबाट अनुमोदन गराउनु पर्नेछ :<br>(क) राज्यका हरेक निकायको कार्यकारी अधिकार प्रयोग गर्ने पदाधिकारी तथा सदस्यहरूको नियुक्ति,<br>(ख) राजदूत, विशेष प्रतिनिधि, प्रधान न्यायाधीश तथा न्यायाधीशहरू र गभर्नरको नियुक्ति गर्ने,<br>(ग) वैदेशिक सम्बन्ध विस्तार गर्ने तथा राष्ट्रका तर्फबाट गरिने सन्धि सम्झौताहरू गर्ने,<br>(घ) वार्षिक नीति, योजना, कार्यक्रम र बजेट पास गर्ने,<br>(ङ) आकस्मिक कार्यक्रम र बजेट माग गर्ने । | | |
| ५. | **धारा ५**<br>उपराष्ट्रपतिको निर्वाचन | (१) राष्ट्रपतिको उम्मेदवारले आफ्नो मनोनयन पत्र दर्ता गर्दाकै अवस्थामा आफूभन्दा अलग राष्ट्रियता, क्षेत्र र लिङ्गको एकजना व्यक्तिलाई उपराष्ट्रपतिको रूपमा प्रस्तावित गर्नुपर्नेछ ।<br>(२) राष्ट्रपतिको उम्मेदवार मध्ये जुन उम्मेदवार विजयी हुन्छ सोही उम्मेदवारले प्रस्तावित गरेको व्यक्तिलाई उप राष्ट्रपति घोषित गरिनेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्बाद तथा सहमति समितिमा पठाउने । | |
| ६. | **धारा ६**<br>राष्ट्रपति र उपराष्ट्रपतिको योग्यता | देहायको योग्यता पुगेको कुनै पनि व्यक्ति राष्ट्रपति वा उप राष्ट्रपति पदको लागि उम्मेदवार बन्न सक्नेछ :<br>(क) वंशजको नाताले नेपाली नागरिक,<br>(ख) ३५ वर्ष उमेर पूरा भएको, | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्बाद तथा सहमति समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | (ग) संघीय व्यवस्थापिकाको सदस्य हुन योग्यता पुगेको,<br>(घ) अन्य कुनै कानुनले अयोग्य नभएको । | | |
| ७. | धारा ७<br><br>राष्ट्रपति पदमुक्त हुने अवस्था | (१) देहायको अवस्थामा राष्ट्रपति आफ्नो पदबाट मुक्त हुनेछ :<br>(क) मृत्यु भएमा, वा<br>(ख) पदावधि समाप्त भएमा, वा<br>(ग) लिखित राजिनामा दिएमा, वा<br>(घ) प्रत्याह्वान गरिएमा, वा<br>(ङ) खराब आचरण एवं राष्ट्रपतिले संविधानको गम्भीर उल्लंघन गरेको कारण राष्ट्रपति आफ्नो पदीय जिम्मेवारी पूरा गर्न योग्य छैन भनी व्यवस्थापिकाका कूल सदस्यहरू मध्ये एक चौथाई सदस्यहरूले निज विरूद्ध राखेको महाभियोगको प्रस्ताव व्यवस्थापिकाका कूल सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएमा ।<br>(२) ३ वर्ष ६ महिना पदावधि समाप्त नहुँदै उपधारा (१) बमोजिम राष्ट्रपति पदमुक्त भएमा उपराष्ट्रपतिले ६ महिना भित्र अर्को राष्ट्रपतिको निर्वाचन हुने गरी निर्वाचनको तिथि तोक्नेछ ।<br>(३) ३ वर्ष ६ महिना पदावधि समाप्त गरी उपधारा (१) बमोजिम राष्ट्रपति पदमुक्त भएमा बाँकी अवधिको लागि उपराष्ट्रपतिले राष्ट्रपतिको रूपमा कार्यसम्पादन गर्नेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | |
| ८. | धारा ८<br><br>प्रत्याह्वान सम्बन्धी व्यवस्था | (१) जुन दलबाट राष्ट्रपति निर्वाचित भएको हो सो दलको केन्द्रीय कार्यकारिणी निकायको कम्तीमा पनि दुई तिहाई सदस्यहरूले निजलाई पदबाट फिर्ता बोलाउने | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति | |

| | | | | |
|---|---|---|---|---|
| | | निर्णय गरी व्यवस्थापिका समक्ष प्रस्ताव पेश गर्न सक्नेछ ।<br>(२) निर्वाचन आयोगले तयार गरेको पछिल्लो मतदाता नामावली बमोजिम तत्काल कायम रहेका मतदाताहरू मध्ये हरेक प्रदेशबाट कम्तीमा दश प्रतिशत मतदाताहरूले राष्ट्रपतिलाई पदबाट फिर्ता बोलाउन आवश्यक छ भनी कानुनमा व्यवस्था भए बमोजिम हस्ताक्षर गरी निर्वाचन आयोगमा प्रस्ताव पेश गर्न सक्नेछन् ।<br>(३) निर्वाचन आयोगले उपधारा (२) बमोजिम पेश हुन आएको प्रस्तावका सम्बन्धमा दुई महिनाभित्र जाँचबुझ समाप्त गरी सो प्रस्तावका सम्बन्धमा आयोग सन्तुष्ट भएमा जाँचबुझ समाप्त भएको मितिले ७ दिन भित्र सो प्रस्ताव व्यवस्थापिका समक्ष पठाउनु पर्नेछ ।<br>(४) उपधारा (१) र (३) बमोजिम प्राप्त हुन आएको प्रस्ताव निर्णयार्थ प्रस्तुत हुंदा व्यवस्थापिकाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाई बहुमतबाट सो प्रस्ताव पारित भएमा उप राष्ट्रपति पदमुक्त भएको मानिनेछ । | समितिमा पठाउने । | |
| ९. | **धारा ९**<br>उप राष्ट्रपति पदमुक्त हुने अवस्था | (१) देहायको अवस्थामा उप राष्ट्रपति आफ्नो पदबाट मुक्त हुनेछ :<br>(क) मृत्यु भएमा, वा<br>(ख) पदावधि समाप्त भएमा, वा<br>(ग) लिखित राजिनामा दिएमा, वा<br>(घ) खराब आचरण एवं उपराष्ट्रपतिले संविधानको गम्भीर उल्लंघन गरेको कारण उपराष्ट्रपति आफ्नो पदीय जिम्मेवारी पूरा गर्न सक्षम छैन भनी | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्थापिकाका कूल सदस्यहरू मध्ये एक चौथाई सदस्यहरूले निज विरूद्ध राखेको महाभियोगको प्रस्ताव व्यवस्थापिकाका कूल सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएमा ।<br>(ङ) जुन दलबाट उपराष्ट्रपति निर्वाचित भएको हो सो दलको केन्द्रीय कार्यकारिणी निकायको कम्तीमा पनि दुई तिहाइ सदस्यहरूले निजलाई पदबाट फिर्ता बोलाउने निर्णय गरी व्यवस्थापिका समक्ष पेश गरेको प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा व्यवस्थापिकाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाई बहुमतबाट सो प्रस्ताव पारित भएमा उपराष्ट्रपति पदमुक्त भएको मानिनेछ । | | |
| १०. | धारा १०<br>सपथ | (१) राष्ट्रपतिले व्यवस्थापिकाको अध्यक्ष समक्ष अनुसूची ... को ढाँचामा पद तथा गोपनियताको शपथ लिनु पर्नेछ ।<br>(२) उप राष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि राष्ट्रपति समक्ष अनुसूची ...को ढाँचामा पद तथा गोपनियताको शपथ लिनु पर्नेछ ।<br>(३) राष्ट्रपति तथा उप राष्ट्रपति निर्वाचित भएको ३० दिन भित्र पद तथा गोपनियताको शपथ नलिएमा राष्ट्रपति तथा उप राष्ट्रपतिको पद स्वत:निष्कृय भएको मानिनेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्बाद तथा सहमति समितिमा पठाउने । | |
| ११. | धारा ११<br>पारिश्रमिक र अन्य सुविधाहरू | राष्ट्रपति तथा उप राष्ट्रपतिको पारिश्रमिक र अन्य सुविधाहरू ऐनद्वारा निर्धारित भए बमोजिम हुनेछ । यस्तो ऐन नबनेसम्मको लागि नेपाल सरकारले तोके बमोजिम हुनेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्बाद तथा सहमति समितिमा पठाउने । | |
| १२. | धारा १२ | (१) राष्ट्रपतिले निजको अध्यक्षतामा | सहमति हुन बाँकी | २. मन्त्रिपरिषद्को गठन विधि के |

| | | | | |
|---|---|---|---|---|
| | मन्त्रिपरिषदको गठन | तत्काल कायम रहेको व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने दलहरूले पाएको सिट संख्याको अनुपातमा व्यवस्थापिकाका सदस्यहरू मध्येबाट समानुपातिक एवं समावेशी सिद्धान्तका आधारमा मन्त्रिपरिषदको गठन गर्नेछ ।<br>तर संघीय व्यवस्थापिकाको कूल सदस्य संख्याको ५ प्रतिशत भन्दा कम सदस्य भएको राजनैतिक दलको तर्फबाट मन्त्री नियुक्त गर्न राष्ट्रपति बाध्य हुने छैन ।<br>(२) उपधारा (१) बमोजिम राष्ट्रपतिले मन्त्रीहरू नियुक्त गर्दा सम्बन्धित संसदीय दलको नेतासँग परामर्श गर्नेछ । | देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | हुने । |
| १३. | धारा १३<br>मन्त्रिपरिषदको संख्या | राष्ट्रपतिले मन्त्रिपरिषदमा व्यवस्थापिकाको कूल सदस्य संख्याको दश प्रतिशतमा नबढाई मन्त्रीहरूको नियुक्ति गर्न सक्नेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | |
| १४. | धारा १४<br>मन्त्री पदमुक्त हुने अवस्था | (१) देहायको अवस्थामा कुनै मन्त्री आफ्नो पदबाट मुक्त हुनेछ :<br>(क) निजको मृत्यु भएमा, वा<br>(ख) राष्ट्रपति समक्ष लिखित राजिनामा दिएमा, वा<br>(ग) निज संघीय व्यवस्थापिकाको सदस्य नरहेमा, वा<br>(घ) सम्बन्धित दलले फिर्ता बोलाएमा, वा<br>(ङ) राष्ट्रपतिले निजलाई पदमुक्त गरियोस् भनी राखेको प्रस्ताव व्यवस्थापिकाको वहुमतबाट पारित भएमा, वा | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | (च) व्यवस्थापिकाको कूल सदस्य संख्याको एक चौथाई सदस्यहरूले निज विरूद्ध राखेको अविश्वासको प्रस्ताव कूल सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएमा, वा<br>(छ) जुन दलको सिफारिसमा मन्त्री भएको हो राष्ट्रपतिले सो दलको सम्मतिमा निजलाई पदमुक्त गरेमा ।<br>**स्पष्टीकरण:** यस धाराको प्रयोजनका लागि मन्त्री भन्नाले राज्यमन्त्री र सहायक मन्त्रीहरूलाई समेत जनाउनेछ । | | |
| १५. | धारा १५<br>मन्त्रिपरिषदको निर्णय प्रक्रिया | मन्त्रिपरिषदमा प्रस्तुत गरिएका विषयहरू सहमतिमा निर्णय गरिनेछ ।<br>तर कुनै विषयमा सहमति कायम हुन नसकेमा बहुमतबाट निर्णय गरिनेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्बाद तथा सहमति समितिमा पठाउने । | |
| १६. | धारा १६<br>मन्त्रीहरूको उत्तरदायित्व | मन्त्रीहरू आफ्नो विभागीय कार्यका लागि व्यक्तिगत रूपमा राष्ट्रपतिप्रति र सामूहिक रूपमा राष्ट्रपति र व्यवस्थापिकाप्रति जवाफदेही हुनेछन् । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्बाद तथा सहमति समितिमा पठाउने । | |
| १७. | धारा १७<br>सहायक मन्त्री | राष्ट्रपतिले धारा १३ मा उल्लेखित अधिकतम संख्यामा नबढ्ने गरी आवश्यकता अनुसार सहायक मन्त्री नियुक्त गर्न सक्नेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्बाद तथा सहमति समितिमा पठाउने । | |
| १८. | धारा १८<br>पारिश्रमिक तथा अन्य सुविधाहरू | मन्त्री तथा सहायक मन्त्रीहरूको पारिश्रमिक र अन्य सुविधाहरू ऐनद्वारा निर्धारण हुनेछ । सो बमोजिम ऐनद्वारा निर्धारण नभएसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्बाद तथा सहमति | |

| | | | | |
|---|---|---|---|---|
| | | | समितिमा पठाउने । | |
| १९. | धारा १९<br>शपथ | मन्त्री तथा सहायक मन्त्रीहरूले आफ्नो कार्यभार सम्हाल्न अघि राष्ट्रपति समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्नेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | |
| २०. | धारा २०<br>नेपाल सरकारको कार्य सञ्चालन | (१) नेपाल सरकारबाट स्वीकृत नियमावली बमोजिम नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन हुनेछ ।<br>(२) उपधारा (१) अन्तर्गतको नियमावलीको पालना भए नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | |

**संघीय कार्यकारीणी सम्बन्धी १६ मतको प्रस्ताव**

| सि.नं | विषय | असहमति भएका विषय | समितिको निर्णय | कैफियत |
|---|---|---|---|---|
| २१. | धारा १<br>राष्ट्रपति | (१) नेपालमा एकजना राष्ट्रपति रहनेछ ।<br>(२) राष्ट्रपति मुलुकको राष्ट्राध्यक्ष हुनेछ र सोही हैसियतमा यस संविधान र प्रचलित कानून बमोजिम निजले आफ्नो कार्य सम्पादन गर्नेछ ।<br>(३) राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुनेछ ।<br>(४) राष्ट्रपति नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताको प्रतीकको रूपमा रहनेछ । नेपाल र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको लागि संविधानको संरक्षण र पालना गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ । | यो विषय विवादित रहेकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | |
| २२. | धारा २<br>राष्ट्रपतिको | (१) राष्ट्रपतिको निर्वाचन संघीय व्यवस्थापिकाका दुवै [illegible]का | सहमति हुन बाँकी देखिएकोले | |

| | | | | |
|---|---|---|---|---|
| | निर्वाचन | सदस्यहरू तथा प्रादेशिक व्यवस्थापिकाका सम्पूर्ण सदस्यहरू मतदाता रहेको निर्वाचक मण्डलबाट कानूनमा व्यवस्था भएबमोजिम एक व्यक्ति एक मतका आधारमा हुनेछ ।<br><br>(२) निर्वाचनको वखत तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको वहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपति निर्वाचित हुनेछ ।<br><br>(३) उपधारा (२) बमोजिम कुनै उम्मेदवारले पूर्ण वहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू बीच दोश्रो चरणको मतदान हुनेछ ।<br><br>(४) दोश्रो चरणको मतदानमा कूल सदर मतको ५० प्रतिशत भन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिमा निर्वाचित भएको मानिनेछ ।<br><br>तर दोश्रो चरणको निर्वाचनमा दुई उम्मेदवारहरू बीच मत बराबर भएमा गोलाप्रथाद्वारा विजयी उम्मेदवारको घोषणा गरिनेछ ।<br><br>(५) राष्ट्रपतिको निर्वाचन सम्बन्धी अन्य कार्यविधि ऐनद्वारा निर्धारित हुनेछ । | संवैधानिक-राजनीतिक सम्बाद तथा सहमति समितिमा पठाउने । | |
| २३. | धारा ३<br><br>राष्ट्रपतिको पदावधि | (१) राष्ट्रपतिको पदावधि ५ वर्षको हुनेछ।<br><br>तर दुई कार्यकाल राष्ट्रपति भइसकेको व्यक्ति तेश्रो पटकको निर्वाचनमा उम्मेदवार हुनसक्ने छैन।<br><br>(२) निर्वाचन, मनोनयन वा नियुक्तिद्वारा पूर्ति हुने कुनै पनि राजनैतिक पदमा बहाल रहेको कुनै व्यक्ति राष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वत: रिक्त हुनेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्बाद तथा सहमति समितिमा पठाउने। | |
| २४. | धारा ४<br><br>राष्ट्रपतिको | राष्ट्रपति हुनको लागि कुनै पनि व्यक्तिले देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ :-<br><br>(क) संघीय व्यवस्थापिकाको सदस्य हुन | सहमति हुन बाँकी देखिएकोले संवैधानिक- | |

| | | | | |
|---|---|---|---|---|
| | योग्यता | योग्य भएको,<br>(ख) कम्तीमा पैंतीस वर्ष उमेर पूरा भएको। | राजनीतिक सम्बाद तथा सहमति समितिमा पठाउने। | |
| २५. | **धारा ५**<br>राष्ट्रपति पदमुक्त हुने अवस्था | देहायको अवस्थामा राष्ट्रपति आफ्नो पदबाट मुक्त हुनेछ :-<br>(क) निजले उपराष्ट्रपति समक्ष राजिनामा दिएमा,<br>(ख) निजले संविधानको गम्भीर उल्लंघन गरेको आरोपमा संघीय व्यवस्थापिकाको दुवै सदन र प्रादेशिक व्यवस्थापिकाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको कम्तीमा एक तिहाई सदस्यहरूले निजको विरूद्ध राखेको महाभियोगको प्रस्ताव दुई तिहाई बहुमतबाट पारित भएमा,<br>(ग) निजको मृत्यु भएमा, वा<br>(घ) निजको पदावधि समाप्त भएमा । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्बाद तथा सहमति समितिमा पठाउने। | |
| २६. | **धारा ६**<br>राष्ट्रपतिको काम कर्तव्य र अधिकार | (१) राष्ट्रपतिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :<br>(क) संघीय व्यवस्थापिकाको अधिवेशन आह्वान र अन्त्य गर्ने,<br>(ख) संघीय व्यवस्थापिकाले पारित गरेका विधेयकमा स्वीकृति प्रदान गर्ने,<br>(ग) संविधान तथा कानुन बमोजिम विभिन्न पदाधिकारीहरूको नियुक्ति गर्ने,<br>(घ) विदेशी राजदुत तथा कुटनैतिक प्रतिनिधिहरूबाट ओहोदाको प्रमाणपत्र ग्रहण गर्ने,<br>(ङ) नेपालको तर्फबाट पुरस्कार, मानपदवी, अलंकार र पदकहरू प्रदान गर्ने । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्बाद तथा सहमति समितिमा पठाउने। | |

| | | | | |
|---|---|---|---|---|
| | | (च) नेपाल भरका सम्पूर्ण न्यायिक एवं अर्धन्यायिक एवं प्रशासनिक निकाय वा पदाधिकारीहरूबाट कानुन बमोजिम पाएको सजायलाई माफी, मुल्तवी र कम गर्ने ।<br><br>(२) यस संविधान र प्रचलित कानुन बमोजिम राष्ट्रपतिले आफ्नो अधिकारको प्रयोग गर्दा सामान्यतया मन्त्रिपरिषदको सल्लाह र सम्मतिबाट गर्नेछ । यस्तो सल्लाह र सम्मति प्रधानमन्त्री मार्फत पेश हुनेछ ।<br><br>(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो संविधान र अन्य कानुन बमोजिम अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने कार्यहरू गर्दा मन्त्रिपरिषदको सल्लाह र सम्मति आवश्यक पर्नेछैन ।<br><br>(४) उपधारा (१) बमोजिम राष्ट्रपतिको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणिकरण कानूनद्वारा व्यवस्था भएबमोजिम हुनेछ। | | |
| २७. | धारा ७<br>राष्ट्रपतिको शपथ | (१) राष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची .... को ढाँचामा प्रधान न्यायाधीश समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।<br>(२) आफू निर्वाचित भएको ३० दिनभित्र पद तथा गोपनियताको शपथ नलिएमा राष्ट्रपतिको पद स्वतः निष्कृय भएको मानिनेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | |
| २८. | धारा ८<br>उपराष्ट्रपति | (१) नेपालमा एकजना उपराष्ट्रपति रहनेछ ।<br><br>(२) राष्ट्रपतिको अनुपस्थितिमा वा पदावधि समाप्त भएकोमा बाहेक अन्य तरिकाबाट राष्ट्रपति पदमुक्त भएमा अर्को राष्ट्रपति निर्वाचित भई कार्यभार नसम्हालेसम्मका लागि राष्ट्रपतिबाट गरिने कार्यहरू | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | उपराष्ट्रपतिबाट सम्पादन गरिनेछ ।<br>(३) राष्ट्रपति र उप राष्ट्रपति दुवै पदमा एकै लिङ्गको व्यक्ति निर्वाचित हुने गरी निर्वाचन गरिने छैन ।<br>(४) निर्वाचन, मनोनयन वा नियुक्तिद्वारा पूर्ति हुने कुनै पनि राजनैतिक पदमा बहाल रहेको कुनै व्यक्ति उपराष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुनेछ । | | |
| २९. | धारा ९<br>उपराष्ट्रपति पदमुक्त हुने अवस्था | देहायको अवस्थामा उपराष्ट्रपति आफ्नो पदबाट मुक्त हुनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष राजिनामा दिएमा,<br>(ख) निजले संविधानको गम्भीर उल्लंघन गरेको आरोपमा व्यवस्थापिकाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको कम्तीमा दुई तिहाई बहुमतबाट निजको विरूद्ध महाभियोगको प्रस्ताव पारित भएमा, वा<br>(ग) निजको मृत्यु भएमा । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | |
| ३०. | धारा १०<br>उपराष्ट्रपति सम्बन्धी अन्य व्यवस्था | उपराष्ट्रपतिको योग्यता, निर्वाचन प्रक्रिया तथा पदावधिसम्बन्धी व्यवस्था राष्ट्रपतिको सरह हुनेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | |
| ३१. | धारा ११<br>उपराष्ट्रपतिको शपथ | (१) उपराष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची .. को ढाँचामा राष्ट्रपति समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।<br>(२) आफू निर्वाचित भएको ३० दिन भित्र पद तथा गोपनियताको शपथ नलिएमा उपराष्ट्रपतिको पद स्वतः निष्कृय भएको मानिनेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | |

| | | | | |
|---|---|---|---|---|
| ३२. | धारा १२<br>राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा | राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा अन्य सुविधा ऐनद्वारा निर्धारण भए बमोजिम हुनेछ र त्यस्तो ऐन नबनेसम्म नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | |
| ३३. | धारा १३<br>राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय | (१) राष्ट्रपति र उपराष्ट्रपतिको कार्यलाई सहयोग पुऱ्याउनको लागि छुट्टाछुट्टै कार्यालय रहनेछ ।<br>(२) उपधारा (१) बमोजिमको कार्यालयको काम कारबाही सञ्चालन गर्न आवश्यक कर्मचारी तथा व्यवस्थापन सम्बन्धी अन्य कुराहरू नेपाल सरकारले व्यवस्था गर्नेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | |
| ३४. | धारा १४<br>कार्यकारिणी अधिकार | (१) नेपालको कार्यकारिणी अधिकार यो संविधान र अन्य कानून बमोजिम राष्ट्रपति र मन्त्रिपरिषद्मा निहित हुनेछ ।<br>(२) यो संविधान र अन्य कानूनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्उपर हुनेछ ।<br>(३) राष्ट्रपतिको नाममा यो संविधान र अन्य कानुन बमोजिम हुनुपर्ने काम बाहेक अरू सबै संघीय कार्यकारिणी कामहरू नेपाल सरकारको नाममा हुनेछ ।<br>(४) नेपालको संघीय कार्यकारिणी अधिकार यस संविधानको अधीनमा रही अनुसूची ... मा उल्लिखित संघीय सूचि र साझा सूचिमा उल्लिखित विषयवस्तुमा सीमित रहनेछ ।<br>(५) उपधारा (३) बमोजिम नेपाल सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण कानूनद्वारा व्यवस्था भएबमोजिम हुनेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | **संविधानसभाले बनाएको प्रश्नावली**<br>१. केन्द्रमा देशमका माथि कुन शासन प्रणाली अवलम्बन गर्ने ?<br>(क) सहमतीय ( प्रत्यक्षरुपमा निर्वाचित) राष्ट्रपति प्रणाली<br>(ख) संवैधानिक राष्ट्रपति सहित व्यवस्थापिकामा बहुमत प्राप्त कार्यकारी प्रधानमन्त्री रहने शासन प्रणाली<br>(ग) व्यवस्थापिकाबाट निर्वाचित राष्ट्रपतीय शासन प्रणाली<br>(घ) आलंकारिक राष्ट्रपतीय प्रणाली र जनताबाट प्रत्यक्षरुपमा निर्वाचित कार्यकारी अधिकार सहितको प्रधानमन्त्री |
| ३५. | धारा १५ | (१) राष्ट्रपतिले व्यवस्थापिकाको तल्लो | सहमति हुन बाँकी | २. मन्त्रिपरिषद्को गठन विधि के हुने ? |

| | | | | |
|---|---|---|---|---|
| | मन्त्रिपरिषद्को गठन | सदनमा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री पदमा नियुक्त गरी निजकै अध्यक्षतामा मन्त्रिपरिषदको गठन गर्नेछ ।<br><br>(२) मन्त्रिपरिषद्मा प्रधानमन्त्रीका अतिरिक्त आवश्यकता अनुसार उप-प्रधानमन्त्री र अन्य मन्त्रिहरू रहने छन् ।<br><br>**स्पष्टीकरण** : यस धाराको प्रयोजनका लागि "मन्त्री" भन्नाले मन्त्रालयको छुट्टै कार्यभार सम्हाल्ने राज्य मन्त्रि समेतलाई जनाउनेछ ।<br><br>(३) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा व्यवस्थापिकाका सदस्यहरू मध्येबाट समानुपातिक समावेशी सिद्धान्त बमोजिम उपप्रधानमन्त्री र अन्य मन्त्रीहरू नियुक्त गर्नेछ ।<br><br>(४) प्रधानमन्त्री र अन्य मन्त्रिहरू व्यवस्थापिका-संसदप्रति सामूहिकरूपमा उत्तरदायी हुनेछन् र मन्त्रिहरू आफ्ना मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र व्यवस्थापिका-संसदप्रति उत्तरदायी हुनेछन् ।<br><br>(५) देहायका अवस्थामा प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुनेछ :-<br><br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा, वा<br><br>(ख) धारा ... बमोजिम निजको विरूद्ध अविश्वासको प्रस्ताव पारित भएमा, वा<br><br>(ग) निज व्यवस्थापिकाको तल्लो सदनको सदस्य नरहेमा, वा<br><br>(घ) निजको मृत्यु भएमा ।<br><br>(६) उप-प्रधानमन्त्री वा अन्य मन्त्री | देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | ? |

| | | | | |
|---|---|---|---|---|
| | | देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन् :-<br>(क) निजले प्रधानमन्त्री समक्ष लिखित राजीनामा दिएमा, वा<br>(ख) प्रधानमन्त्रीले निजलाई पद मुक्त गरेमा, वा<br>(ग) उपधारा (५) बमोजिम प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भएमा, वा<br>(घ) निजको मृत्यु भएमा ।<br>(७) उपधारा (५) बमोजिम प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भएपनि अर्को मन्त्रिपरिषद् गठन नभएसम्म सोही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गर्नेछ।<br>तर प्रधानमन्त्रीको मृत्यु भएमा नयाँ प्रधानमन्त्रीको चयन नभएसम्मको लागि उप-प्रधानमन्त्री वा वरिष्ठतम मन्त्रिले प्रधानमन्त्रीको रूपमा कार्य सञ्चालन गर्नेछ । | | |
| ३६. | धारा १६<br>राज्यमन्त्री र सहायकमन्त्री | (१) प्रधानमन्त्रीले व्यवस्थापिकाको सदस्य मध्येबाट समानुपातिक समावेशी सिद्धान्त बमोजिम राज्यमन्त्री नियुक्त गर्न सक्नेछ ।<br>(२) प्रधानमन्त्रीले कुनै मन्त्रिलाई निजको कार्यभार सञ्चालनमा सहायता गर्न व्यवस्थापिकाको सदस्य मध्येबाट समानुपातिक समावेशी सिद्धान्तबमोजिम सहायकमन्त्री नियुक्त गर्न सक्नेछ ।<br>(३) उपधारा (१) र (२) बमोजिम राज्यमन्त्री र सहायकमन्त्रीहरू धारा १८ मा तोकिएको संख्यामा नबढ्ने गरी नियुक्त गरिनेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | |
| ३७. | धारा १७ | (१) धारा १५ र १६ मा जुनसुकै कुरा लेखिएको भए तापनि | सहमति हुन बाँकी देखिएकोले | |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्थापिकाको सदस्य नभएको व्यक्ति मन्त्री हुने | व्यवस्थापिकाको सदस्य नभएको कुनै व्यक्तिलाई प्रधानमन्त्रीले मन्त्री, राज्यमन्त्री वा सहायकमन्त्रीमा नियुक्त गर्न सक्नेछ ।<br><br>तर यस्तो मन्त्री, राज्यमन्त्री वा सहायकमन्त्रीले शपथग्रहण गरेको मितिले ६ महिना भित्र व्यवस्थापिकाको सदस्यता प्राप्त गर्नुपर्नेछ । यस अवधि भित्र सदस्यता प्राप्त गर्न नसकेमा व्यवस्थापिकाको तल्लो सदनको सो कार्यकाल भरी निज मन्त्री पदमा पुनः नियुक्तिका लागि योग्य मानिने छैन ।<br><br>(२) पछिल्लो पटक सम्पन्न संघीय व्यवस्थापिकाको आम निर्वाचनमा पराजित भएको व्यक्तिलाई उपधारा (१) बमोजिम मन्त्री, राज्यमन्त्री वा सहायकमन्त्री पदमा नियुक्त गरिने छैन । | संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | |
| ३८. | धारा १८<br><br>मन्त्रिपरिषदको अधिकतम संख्या | यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रिपरिषदमा प्रधानमन्त्रीले २५ जनामा नबढाई मन्त्रीहरूको नियुक्ति गर्नेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | |
| ३९. | धारा १९<br><br>पारिश्रमिक तथा अन्य सुविधाहरू | प्रधानमन्त्री, उप-प्रधानमन्त्री, मन्त्री, राज्य मन्त्री र सहायक मन्त्रीहरूको पारिश्रमिक र अन्य सुविधाहरू ऐनद्वारा निर्धारण हुनेछ । सो बमोजिम ऐनद्वारा निर्धारण नभएसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | |
| ४०. | धारा २०<br><br>शपथ | प्रधानमन्त्रीले राष्ट्रपति समक्ष र उप-प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्रीले प्रधानमन्त्री समक्ष आफ्नो पद र गोपनीयताको शपथ ग्रहण गर्नुपर्नेछ। | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | |
| ४१. | धारा २१ | (१) नेपाल सरकारबाट स्वीकृत नियमावली बमोजिम नेपाल | सहमति हुन बाँकी देखिएकोले | |

| | | | | |
|---|---|---|---|---|
| | नेपाल सरकारको कार्य सञ्चालन | सरकारको कार्य विभाजन र कार्य सम्पादन हुनेछ ।<br>(२) उपधारा (१) अन्तर्गतको नियमावलीको पालना भयो वा भएन भन्ने प्रश्न कुनै अदालतमा उठाउन सकिने छैन । | संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | |
| ४२. | धारा २२<br>अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था | (१) प्रधानमन्त्री माथि विश्वास छैन भनी संघीय व्यवस्थापिकाको तल्लो सदनका कूल सदस्यहरू मध्ये एक चौथाई सदस्यले प्रधानमन्त्रीमाथि सदनको विश्वास छैन भनी राखेको अविश्वासको प्रस्ताव सदनको कूल सदस्य संख्याको बहुमतले पारित भएमा प्रधानमन्त्री पदमुक्त भएको मानिनेछ ।<br>(२) यस्तो अविश्वासको प्रस्ताव प्रधानमन्त्री नियुक्त भएपछि पहिलो एक वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको अर्को एक वर्ष भित्र राख्न पाइने छैन।<br>(३) यस धारा बमोजिम राखिएको अविश्वासको प्रस्तावमा प्रस्ताव पारित भएमा गठन हुने मन्त्रिपरिषदको अध्यक्षता गर्ने प्रधानमन्त्रीको नाम समेत प्रस्तावित हुनुपर्नेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | |
| ४३. | धारा २३<br>प्रधानमन्त्रीको नियुक्ति सम्बन्धी विशेष व्यवस्था | (१) संघीय व्यवस्थापिकाको तल्लो सदनमा कुनै दलले स्पष्ट बहुमत प्राप्त गर्न नसकेको अवस्थामा राष्ट्रपतिले दुई वा दुईभन्दा बढी दलहरूको समर्थनबाट संघीय व्यवस्थापिकाको तल्लो सदनका सदस्यहरूको बहुमतको विश्वास प्राप्त गर्न सक्ने सदस्यलाई प्रधानमन्त्री पदमा नियुक्त गर्नेछ ।<br>(२) उपधारा (१) बमोजिम कुनै सदस्यले संघीय व्यवस्थापिकाको तल्लो सदनका सदस्यहरूको बहुमत प्राप्त गर्न नसक्ने अवस्था भएमा राष्ट्रपतिले सो सदनमा सबैभन्दा | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | |

| | | | | |
|---|---|---|---|---|
| | | बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई प्रधानमन्त्रीको पदमा नियुक्त गर्नेछ ।<br>(३) उपधारा (१) वा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले आफू नियुक्त भएको ३० दिनभित्र संघीय व्यवस्थापिकाको तल्लो सदनबाट विश्वासको मत प्राप्त गर्नुपर्नेछ ।<br>(४) उपधारा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (३) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले संघीय व्यवस्थापिकाको तल्लो सदनलाई भंग गरी ६ महिना भित्र अर्को निर्वाचन हुने मिति तोक्नेछ । | | |
| ४४. | धारा २४<br>राष्ट्रपतिलाई सूचना दिने र राष्ट्रपतिले सुझाव दिन सक्ने | (१) देहायका विषयहरूमा प्रधानमन्त्रीले राष्ट्रपतिलाई जानकारी गराउनेछ :-<br>(क) नेपालको शासन व्यवस्था सम्बन्धी मन्त्रिपरिषदका निर्णयहरू,<br>(ख) व्यवस्थापिकामा पेश गरिने विधेयकहरू,<br>(ग) खण्ड (क) र (ख) मा उल्लेखित विषयहरूसँग सम्बन्धित राष्ट्रपतिले जानकारी मागेका अन्य कुराहरू र<br>(घ) देशको समसामयिक परिस्थिति र शान्ति सुरक्षा, राजनैतिक, आर्थिक, सामाजिक, प्रशासनिक र वैदेशिक सम्बन्धका कुराहरू ।<br>(२) राष्ट्रपतिले राष्ट्रिय महत्वका विषयहरूमा मन्त्रिपरिषदलाई सुझाव वा प्रोत्साहन दिन सक्नेछ । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | |

संघीय कार्यकारीणी सम्बन्धी ३ मतको प्रस्ताव

| सि.नं. | विषय | असहमति भएका विषय | समितिको निर्क्योल | कैफियत |
|---|---|---|---|---|
| ४५. | धारा १<br>राष्ट्रपति | (१) नेपालमा एकजना राष्ट्रपति रहनेछ । राष्ट्रपति राष्ट्रप्रमुख र सरकार प्रमुख दुवै हुनेछ ।<br>(२) राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुनेछ ।<br>(३) राष्ट्रपति नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताको प्रतीक हुनेछ ।<br>(४) राष्ट्रपतिले नेपाल र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको लागि यो संविधानको संरक्षण र पालना गर्नेछ । | यो विषय विवादित रहेकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | |
| ४६. | धारा २<br>राष्ट्रपतिको अधिकार एवं कार्यहरू | यो संविधान र कानुनको अधीनमा रही राष्ट्रपतिले राष्ट्रप्रमुख र सरकारप्रमुखको हैसियतले देहाय बमोजिमका कार्यहरू गर्नेछ :<br>(क) विधेयकमा स्वीकृति प्रदान गर्ने वा विधेयकलाई पुनर्विचारका लागि व्यवस्थापिका समक्ष फिर्ता पठाउने ।<br>(ख) व्यवस्थापिका दुवै सदनको बैठकको आह्वान र अन्त्य गर्ने,<br>(ग) संविधान र कानुन बमोजिम विभिन्न पदाधिकारीहरूको नियुक्ति गर्ने,<br>(घ) संविधान र कानून बमोजिम राष्ट्रिय जनमत संग्रहको घोषणा गर्ने,<br>(ङ) विदेशी राजदुत तथा कुटनैतिक प्रतिनिधिहरूबाट ओहोदाको प्रमाण पत्र ग्रहण गर्ने,<br>(च) नेपाली राजदुत तथा कुटनैतिक प्रतिनिधिहरूको नियुक्ति गर्ने,<br>(छ) विभिन्न न्यायिक, अर्ध न्यायिक एवं | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रशासकीय निकाय वा पदाधिकारीहरूबाट पाएको सजाय माफी, मुलतवी दिने तथा घटाउने,<br>(ज) राष्ट्रको तर्फबाट प्रदान गरिने पुरस्कार, मानपदवी, उपाधी एवं सम्मान प्रदान गर्ने | | |
| ४७. | धारा ३<br>राष्ट्रपतिको निर्वाचन | (१) प्रत्येक आम निर्वाचन पश्चात वा राष्ट्रपतिको पदरिक्त भएको अवस्थामा निर्वाचन आयोगबाट निर्वाचन परिणाम घोषणा भएको वा पदरिक्त भएको ३० दिन भित्र संघीय व्यवस्थापिकाको तल्लो सदनका सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले आफूहरू मध्येबाट राष्ट्रपतिको निर्वाचन गर्नेछ ।<br>(२) पहिलो पटकको मतदानमा कुनै उम्मेदवारले दुई तिहाई बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू बीच दोश्रो चरणको मतदान हुनेछ ।<br>(३) दोश्रो चरणको मतदानमा समेत कुनै उम्मेदवारले दुई तिहाई बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिको रूपमा निर्वाचित भएको मानिनेछ ।<br>(४) उपधारा (३) बमोजिम निर्वाचित भएको राष्ट्रपतिले व्यवस्थापिकाको तल्लो सदनमा निर्वाचित राजनैतिक दलहरूले पाएको सिट संख्याको अनुपातमा मन्त्रिपरिषदको गठन गरी ६ महिनाभित्र अर्को आम निर्वाचन हुने गरी निर्वाचनको तिथि घोषणा गर्नुपर्नेछ ।<br>तर यस्तो मन्त्रिपरिषदमा व्यवस्थापिकाको तल्लो सदनमा तीन प्रतिशत भन्दा कम सदस्यसंख्या भएको राजनैतिक दललाई समावेश गर्न राष्ट्रपति बाध्य हुनेछैन ।<br>(५) दुई पटक राष्ट्रपति भइसकेको व्यक्ति अर्को कार्यकालका लागि राष्ट्रपतिको | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्बाद तथा सहमति समितिमा पठाउने। | |

| | | | | |
|---|---|---|---|---|
| | | उम्मेदवार हुन योग्य मानिने छैन ।<br>(६) निर्वाचन, मनोनयन वा नियुक्तिद्वारा पूर्ति हुने कुनै पनि पदमा बहाल रहेको कुनै व्यक्ति राष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुनेछ र निज कुनै राजनैतिक दलको साधारण सदस्य समेत रहने छैन ।<br>(७) राष्ट्रपतिको निर्वाचन सम्बन्धी कार्यविधि सम्बन्धित सदनले निर्धारण गर्नेछ । | | |
| ४८. | धारा ४<br>कार्यकारिणी अधिकार | (१) नेपालको कार्यकारिणी अधिकार यो संविधान र अन्य कानून बमोजिम राष्ट्रपतिमा निहित हुनेछ ।<br>(२) यो संविधान र अन्य कानूनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन मन्त्रिपरिषद्का अन्य सदस्यहरूको सहयोगमा राष्ट्रपतिले<br>गर्नेछ ।<br>(३) संघीय नेपालको कार्यकारिणी कामहरू नेपाल सरकारको नाममा हुनेछ ।<br>(४) नेपालको संघीय कार्यकारिणी अधिकार यस संविधानको अधीनमा रही अनुसूची ... मा उल्लिखित संघीय सूचि र साझा सूचिमा उल्लिखित विषयवस्तुमा सीमित रहनेछ ।<br>(५) उपधारा (३) बमोजिम नेपाल सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण राष्ट्रपतिबाट जारी भएको नियमावली बमोजिम हुनेछ । | यो विषय विवादित देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने। | संविधानसभाले बनाएको प्रश्नावली<br>१. केन्द्रमा देहायका मध्ये कुन शासन प्रणाली अवलम्बन गर्ने?<br>(क) सहमतीय (प्रत्यक्षरुपमा निर्वाचित) राष्ट्रपति प्रणाली<br>(ख) संवैधानिक राष्ट्रपति सहित व्यवस्थापिकामा बहुमत प्राप्त कार्यकारी प्रधानमन्त्री रहने शासन प्रणाली<br>(ग) व्यवस्थापिकाबाट निर्वाचित राष्ट्रपतीय शासन प्रणाली<br>(घ) आलंकारिक राष्ट्रपतीय प्रणाली र जनताबाट प्रत्यक्षरुपमा निर्वाचित कार्यकारी अधिकार सहितको प्रधानमन्त्री |
| ४९. | धारा ५<br>मन्त्रिपरिषद्को गठन | (१) मन्त्रिपरिषदमा राष्ट्रपति, उपराष्ट्रपति, तथा अन्य मन्त्रीहरू रहनेछन् । मन्त्रिपरिषदको अध्यक्षता राष्ट्रपतिले गर्नेछ ।<br>(२) राष्ट्रपतिले व्यवस्थापिकाका | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति | २. मन्त्रिपरिषद्को गठन विधि के हुने ? |

| | | | | |
|---|---|---|---|---|
| | | सदस्यहरू मध्येबाट उप राष्ट्रपति तथा अन्य मन्त्रीहरूको नियुक्ति गरी कार्य विभाजन समेत गर्नेछ ।<br>तर मन्त्रिपरिषदमा संघीय व्यवस्थापिकाको कूल सदस्य संख्याको पन्ध्र प्रतिशत भन्दा बढी सदस्य रहने छैनन् ।<br>(३) उप राष्ट्रपति तथा मन्त्रीहरू राष्ट्रपतिको इच्छा अनुसारको अवधि सम्म पदमा बहाल रहनेछन् ।<br>(४) कुनै मन्त्री विशेषका बिरूद्धमा धारा ..... बमोजिम व्यवस्थापिकाको तल्लो सदनले अविश्वासको प्रस्ताव पारित गरेमा राष्ट्रपतिले त्यस्तो मन्त्रीलाई पदमुक्त गर्नेछ । | समितिमा पठाउने। | |
| ५०. | **धारा ६**<br>**राष्ट्रपति पदमुक्त हुने अवस्था** | राष्ट्रपति देहायको अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछ :<br>(क) लिखित राजिनामा दिएमा, वा<br>(ख) निजको मृत्यु भएमा, वा<br>(ग) संविधानको गम्भीर उल्लंघन, खराव आचरण तथा पदीय दायित्व पूरा गर्न असमर्थ भएको कारणबाट व्यवस्थापिकाको तल्लो सदनको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतबाट निज विरूद्ध महाभियोगको प्रस्ताव पारित भएमा । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्बाद तथा सहमति समितिमा पठाउने। | |
| ५१. | **धारा ७**<br>**अविश्वासको प्रस्ताव** | (१) व्यवस्थापिकाको तल्लो सदनको कूल सदस्य संख्याको बहुमतले मन्त्रिपरिषद वा कुनै मन्त्री विशेषका विरूद्ध अविश्वासको प्रस्ताव पारित गरेमा राष्ट्रपतिले मन्त्रिपरिषदको पुनर्गठन गर्नेछ ।<br>(२) व्यवस्थापिकाको तल्लो सदनको कूल सदस्य संख्याको बहुमतले राष्ट्रपति विरूद्ध अविश्वासको प्रस्ताव पारित गरेमा राष्ट्रपति, उपराष्ट्रपति र अन्य मन्त्रीहरूले राजिनामा दिनु पर्नेछ ।<br>तर एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एकवर्ष भित्र सोही मन्त्रिपरिषद वा राष्ट्रपति विरूद्ध अर्को अविश्वासको प्रस्ताव राख्न पाइने छैन । | सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक सम्बाद तथा सहमति समितिमा पठाउने। | |

प्रादेशिक व्यवस्थापिकाको निर्वाचन प्रणाली

| सि. नं. | विषय | असहमति भएका विषय | समितिको निर्क्यौल | कैफियत |
|---|---|---|---|---|
| ५२. | धारा ८<br><br>प्रादेशिक व्यवस्थापिकाको निर्वाचन | **समितिको बैठकमा १८ मत प्राप्त निर्वाचन प्रणाली**<br><br>प्रादेशिक व्यवस्थापिकाको निर्वाचनः (१) प्रादेशिक व्यवस्थापिकाका नब्बे प्रतिशत सदस्यहरू कानूनमा व्यवस्था भएबमोजिम बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।<br><br>(२) उपधारा (१) बमोजिमका सदस्यहरू एक निर्वाचन क्षेत्रबाट एकभन्दा बढी सदस्यहरू पनि निर्वाचित हुन सक्नेछन् ।<br><br>(३) उपधारा (१) बमोजिमका सदस्यहरूले समानुपातिक समावेसी सिद्धान्तको आधारमा उम्मेदवार उठाउनु पर्नेछ ।<br><br>(४) उपधारा (१) बमोजिमका सदस्यहरूको संख्या निर्धारण निर्वाचन क्षेत्रको जनसंख्या, भूगोल, आर्थिक सामाजिक विशेषताका अधारमा हुनेछ ।<br><br>(५) मतदाताले उम्मेदवारको संख्याको आधारमा मतदान गर्नु पर्नेछ ।<br><br>(६) राष्ट्रिय जीवनको विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका विशेषज्ञ तथा अल्पसंख्यक, सीमान्तकृत एवं लोपोन्मुख समुदायमध्येबाट दश प्रतिशत सदस्यहरू कानूनमा व्यवस्था भएबमोजिम दलले प्राप्त गरेको मत प्रतिशतको अनुपातमा प्रदेशप्रमुखले दलको सिफारिसमा मनोनयन गर्नेछ ।<br><br>**समितिको बैठकमा १६ मत प्राप्त निर्वाचन प्रणाली**<br><br>प्रादेशिक व्यवस्थापिकाको निर्वाचन (१) प्रादेशिक व्यवस्थापिकाका सदस्यहरू कानूनमा व्यवस्था भएबमोजिम मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली अनुरूप | प्रदेशको निर्वाचन प्रणाली सम्बन्धी यो धारा विवादित रहेकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | संविधानसभाले बनाएको प्रश्नावली :<br><br>३. प्रदेशमा देहायका मध्ये कुन निर्वाचन प्रणाली अवलम्बन गर्ने ?<br><br>(क) बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली<br><br>(ख) मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र मिश्रित सदस्य समानुपातिक)<br><br>(ग) मिश्रित निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र समानुपातिक)<br><br>(घ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली<br><br>(ङ) पूर्ण समानुपातिक निर्वाचन प्रणाली |

निर्वाचित हुनेछन् ।

(२) उपधारा (१) बमोजिम पचास प्रतिशत सदस्यहरू महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा अन्य वर्ग र समुदायबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित हुने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।

(३) उपधारा (१) बमोजिम पचास प्रतिशत सदस्यहरू सिङ्गो प्रदेशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दलले प्राप्त गरेको मतको आधारमा महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा अन्य समुदायबाट सूची प्रणालीको आधारमा समानुपातिक निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।

तर समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित राजनीतिक दलले खसेको मतको तीन प्रतिशत मत प्राप्त गर्नु पर्नेछ ।

(४) उपधारा (२) को निर्वाचन परिणामको अमिल्दो अनुपातबापत क्षतिपूर्ति हुने गरी उपधारा (३) बमोजिमको निर्वाचनबाट सदस्यहरू निर्वाचित हुनेछन् ।

**समितिको बैठकमा ३ मत प्राप्त निर्वाचन प्रणाली**

१. **<u>प्रादेशिक व्यवस्थापिकाको तल्लो सदनको निर्वाचन:</u>** : प्रादेशिक व्यवस्थापिकाको तल्लो सदनका सदस्यहरू कानूनमा व्यवस्था भए बमोजिम महिला, आदिवासी जनजाती, दलित, मधेशी तथा अन्य समुदायबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।

२. **<u>प्रादेशिक व्यवस्थापिकाको माथिल्लो</u>**

| | | | | |
|---|---|---|---|---|
| | | सदनको निर्वाचनः<br>(१) प्रादेशिक व्यवस्थापिकाको माथिल्लो सदनका सदस्यहरू निर्वाचन सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम समानुपातिक निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।<br>तर समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित राजनीतिक दलले खसेको मतको तीन प्रतिशत मत प्राप्त गर्नु पर्नेछ ।<br>(२) उपधारा (१) बमोजिमका सदस्यहरू प्रत्येक राजनीतिकदलले तल्लो सदनमा प्राप्त गरेको मतको आधारमा कानूनमा व्यवस्था भएबमोजिम निर्वाचित हुनेछन् । | | |

संघीय/ केन्द्रीय व्यवस्थापिकाको निर्वाचन प्रणाली

| सि.नं. | विषय | असहमति भएका विषय | समितिको निर्क्यौल | कैफियत |
|---|---|---|---|---|
| ५३. | धारा ९<br>संघीय/ केन्द्रीय व्यवस्थापिकाको निर्वाचन | **समितिको बैठकमा १८ मत प्राप्त निर्वाचन प्रणाली**<br>**केन्द्रीय व्यवस्थापिकाको निर्वाचन** (१) केन्द्रीय व्यवस्थापिकाका सदस्यहरू कानूनमा व्यवस्था भएबमोजिम बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।<br>(२) उपधारा (१) बमोजिमका सदस्यहरू एक निर्वाचन क्षेत्रबाट एकभन्दा बढी सदस्यहरू पनि निर्वाचित हुन सक्नेछन् ।<br>(३) उपधारा (१) बमोजिमका सदस्यहरूले समानुपातिक समावेसी सिद्धान्तको आधारमा उम्मेदवार उठाउनु पर्नेछ ।<br>(४) उपधारा (१) बमोजिमका सदस्यहरूको सीट निर्धारण निर्वाचन क्षेत्रको जनसंख्या, भूगोल, आर्थिक | संघीय व्यवस्थापिकाको निर्वाचन प्रणाली सम्बन्धी यो धारा विवादित रहेकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | संविधानसभाले बनाएको प्रश्नावली :<br>४. संघीय तहको व्यवस्थापिकामा देहायका मध्ये कुन निर्वाचन प्रणाली अवलम्बन गर्ने ?<br>(क) बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली<br>(ख) मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र मिश्रित सदस्य समानुपातिक)<br>(ग) मिश्रित निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र समानुपातिक)<br>(घ) पहिलो हुने |

| | | | | |
|---|---|---|---|---|
| | | सामाजिक विशेषताका आधारमा गर्नुपर्नेछ ।<br><br>(५) मतदाताले उम्मेदवारको संख्याको आधारमा मतदान गर्नु पर्नेछ ।<br><br>**समितिको बैठकमा १६ मत प्राप्त निर्वाचन प्रणाली**<br><br>१. <u>**केन्द्रीय व्यवस्थापिकाको तल्लो सदनको निर्वाचन:**</u> (१) केन्द्रीय व्यवस्थापिकाका तल्लो सदनका सदस्यहरू कानूनमा व्यवस्था भएबमोजिम मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।<br><br>(२) उपधारा (१) बमोजिम पचास प्रतिशत सदस्यहरू महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा अन्य वर्ग र समुदायबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित हुने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।<br><br>(३) उपधारा (१) बमोजिमका पचास प्रतिशत सदस्यहरू सिङ्गो मुलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दलले प्राप्त गरेको मतको आधारमा महिला, आदिवासी/जनजाति, दलित, मधेसी तथा अन्य वर्ग र समुदायबाट कानूनमा व्यवस्था भएबमोजिम सूची प्रणालीको आधारमा समानुपातिक निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।<br><br>तर समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित राजनीतिक दलले खसेको मतको तीन प्रतिशत मत प्राप्त गर्नु पर्नेछ ।<br><br>(४) उपधारा (२) को निर्वाचन परिणामको अमिल्दो अनुपातबापत क्षतिपूर्ति हुने गरी उपधारा (३) बमोजिमको निर्वाचनबाट सदस्यहरू निर्वाचित हुनेछन् ।<br><br>२. <u>**केन्द्रीय व्यवस्थापिकाको माथिल्लो सदनको निर्वाचन:**</u> केन्द्रीय | | निर्वाचित हुने निर्वाचन प्रणाली<br><br>(ड) पूर्ण समानुपातिक निर्वाचन प्रणाली |

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्थापिकाको माथिल्लो सदनका पैसट्ठी सदस्यहरू कानूनमा व्यवस्था भएबमोजिम देहायको निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् :<br><br>(क) प्रत्येक प्रादेशिक व्यवस्थापिकाबाट बराबरी सङ्ख्यामा प्रतिनिधित्व हुने गरी पैतालीस जना सदस्यहरू,<br><br>(ख) प्रत्येक प्रदेशभित्रका स्थानीय सरकार प्रमुखहरूको निर्णायक मण्डलबाट एक जनाका दरले प्रतिनिधित्व हुने गरी पन्ध्र जना सदस्यहरू,<br><br>(ग) खण्ड (क) र (ख) बमोजिमका निर्वाचनमा महिला, आदिवासी/जनजाति, दलित, मधेसी र अन्य वर्ग र समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व हुनु पर्नेछ ।<br><br>(घ) राष्ट्रिय जीवनको विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त विशेषज्ञ, अल्पसंख्यक तथा सीमान्तकृत समुदायमध्येबाट प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले मनोनित गरेका पाच जना सदस्यहरू ।<br><br>**समितिको बैठकमा ३ मत प्राप्त निर्वाचन प्रणाली**<br><br>१. **केन्द्रीय व्यवस्थापिकाको तल्लो सदनको निर्वाचन :** केन्द्रीय व्यवस्थापिकाको तल्लो सदनका सदस्यहरू कानूनमा व्यवस्था भए बमोजिम महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा अन्य समुदायबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित गरी पहिलो हुने निर्वाचत हुने निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् ।<br><br>२. **केन्द्रीय व्यवस्थापिकाको माथिल्लो सदनको निर्वाचन** : (१) केन्द्रीय व्यवस्थापिकाको माथिल्लो सदनका सदस्यहरूको कानूनमा व्यवस्था भए बमोजिम समानुपातिक निर्वाचन प्रणाली | | |

| | | | | |
|---|---|---|---|---|
| | | अनुरूप निर्वाचित हुनेछ ।<br><br>तर समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित राजनीतिक दलले खसेको मतको तीन प्रतिशत मत प्राप्त गर्नु पर्नेछ ।<br><br>(२) उपधारा (१) बमोजिमका सदस्यहरु प्रत्येक राजनीतिक दलले तल्लो सदनमा प्राप्त गरेको मतको आधारमा निर्वाचित हुनेछन् । | | |

# ६. व्यवस्थापिकीय अंगको स्वरूप निर्धारण समिति

| सि.नं | विषयवस्तु | असहमति भएका विषय | समितिको निर्क्यौल | कैफियत |
| --- | --- | --- | --- | --- |
| १. | १.व्यवस्थापिकाको गठन: | (राष्ट्रप्रमुख) प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक व्यवस्थापिका हुनेछ, जसलाई व्यवस्थापिका-संसद भनिनेछ। | यो विषय विवादित रहेकोले संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने। | यो धारा संग सम्बन्धित प्रश्नावली<br>१ देशको संघीय व्यवस्थापिका एकसदनात्मक हुने वा दुईसदनात्मक हुने ?<br>२.संघीय व्यवस्थापिकाको नामाकरण गर्दा संसद भन्ने वा व्यवस्थापिका भन्ने ?<br>३. तल्लो सदनको नाम जनप्रतिनिधिसभा वा प्रतिनिधि सभा के राख्ने ?<br>१२.कार्यकारी राष्ट्रपति सहितको एकसदनात्मक व्यवस्थापिका रहने वा नरहने ?<br>१४. संघीय जनप्रतिनिधिसभा देशको शासन व्यवस्थाको सर्वोच्च र सर्वशक्ति सम्पन्न मुल अंग हुने वा नहुने ?<br>१५.संघीय जनप्रतिनिधिसभा/प्रतिनिधिसभाले राज्यका अन्य अंगहरुको निर्माण, निर्देशन नियन्त्रण एवं अनुगमन गर्ने व्यवस्था गर्ने वा नगर्ने ? |
| २. | ३.प्रतिनिधिसभाको गठन: | १) प्रतिनिधि सभामा एकसय एकाउन्न सदस्य रहनेछन्। जसमध्ये प्रत्यक्ष निर्वाचनबाट ७६ जना र समानुपातिक निर्वाचनबाट ७५ जना सदस्यको पूर्ति | संघीय व्यवस्थापिकाको सदस्य संख्या र निर्वाचन प्रणाली | यो धारा संग सम्बन्धित प्रश्नावली<br>४. निर्वाचनमा कति |

| | | | | |
|---|---|---|---|---|
| | | हुनेछ । प्रतिनिधि सभाको निर्वाचन बालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा गरिनेछ ।<br><br>(२) प्रतिनिधि सभाका सदस्यहरुको निर्वाचनको लागि छयहत्तर (७६) निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाको दरले निर्वाचित हुनेछन् ।<br><br>(३) प्रतिनिधि सभाको समानुपातिक निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, मधेसी, थारु, उत्पीडित जाति, दलित, आदिवासी जनजाति, मुस्लिम, पिछडिएको वर्ग, क्षेत्र, अल्पसंख्यक समुदाय, अन्य समुदाय समेतबाट प्रादेशिक बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानूनद्वारा निर्धारण गरिनेछ ।<br><br>स्पष्टीकरण : "अन्य समुदाय" भन्नाले माथि उल्लेख नभएका समुदायहरुलाई जनाउँदछ ।<br>(४) उपधारा (२) र (३) बमोजिम निर्वाचित हुने प्रतिनिधि सभाका जम्मा सदस्य संख्याको कम्तिमा पनि एक तिहाई सदस्यहरुको प्रतिनिधित्व महिलाबाट हुने अवस्था नभएमा उपधारा (३) अन्तर्गतको व्यवस्थाबाट हुने गरी कानूनद्वारा व्यवस्था गरिने छ ।<br>(५) यस संविधान बमोजिम (**अगावै विघटन भएमा बाहेक**) प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुनेछ ।<br><br>तर देशमा संकटकालीन स्थितिको घोषणा लागू रहेको अवस्थामा एक वर्षमा नबढ्ने गरी ऐनद्वारा प्रतिनिधि सभाको कार्यकाल बढाउन सकिनेछ ।<br><br>(६) उपधारा (५) बमोजिम थप गरिएको प्रतिनिधि सभाको कार्यकाल संकटकालीन स्थितिको घोषणा खारेज भएको मितिले ६ महिना पुगेपछि स्वत: | सम्बन्धी विषय विवादित देखिएकोले संवैधानिक-राजनैतिक सम्बाद तथा सहमति समितिमा पठाउने । | वर्ष पुगेको व्यक्तिलाई मताधिकार दिने ?<br>क) १६ वर्ष ख) १८ वर्ष<br>५.संघीय व्यवस्थापिकाको तल्लो सदन विघटन भई निर्वाचनको मिति निर्धारण भएकोमा उक्त मितिमा निर्वाचन हुन नसकेमा स्वत: पुनर्स्थापना हुने वा नहुने ?<br>६.प्रत्येक सदनमा सदस्य संख्या कति हुने ?<br>७.विधायिकामा महिला लगायतका वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्व कसरी गराउने ?<br>१३.जनप्रतिनिधिसभा /प्रतिनिधिसभामा २४५ जना सदस्य रहने वा नरहने ?<br>१५.संघीय प्रतिनिधिसभामा जनसंख्याको अनुपातमा प्रतिनिधित्व गर्न आवश्यक न्यून संख्या नपुग्ने जाती, आदिवासी जनजाती, मधेशी, मुस्लिम आदी समुदायको प्रतिनिधित्वको लागि निश्चित संख्या मनोनयन गर्ने व्यवस्था राख्ने वा नराख्ने ?<br>१७. महिला, दलित र मुस्लिम समुदायको विशेषाधिकार सहितको प्रतिनिधित्वको |

| | | | | |
|---|---|---|---|---|
| | | समाप्त हुनेछ ।<br>(७) यस संविधानको अधीनमा रही प्रतिनिधि सभाको सदस्यको निर्वाचन एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।<br>(८) अठार वर्ष उमेर पुरा भएको प्रत्येक नेपाली नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ ।<br>(९) प्रतिनिधि सभाका सदस्यको लागि हुने निर्वाचनमा मतदान गर्ने अधिकार पाएको कुनै पनि व्यक्ति धारा ५ र अन्य प्रचलित कानूनको अधीनमा रही कुनै पनि निर्वाचन क्षेत्रबाट उम्मेदवार हुन पाउनेछ।<br>(१०) प्रतिनिधि सभाको कार्यकाल बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा जुन स्थान रिक्त भएको हो सो रिक्त स्थानको पूर्ति सोही प्रकृयाद्वारा गरिनेछ।<br>(११) यस धारामा लेखिएका कुराहरुको अधीनमा रही प्रतिनिधि सभाको निर्वाचन र सो सम्बन्धी अन्य कुरा कानूनमा व्यवस्था भए बमोजिम हुनेछ। | | व्यवस्था गर्ने वा नगर्ने ?<br>१८.संघीय प्रतिनिधिसभा/ प्रतिनिधिसभामा बहुसदस्यीय निर्वाचन क्षेत्र प्रणाली अनुसार सबै समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व हुने गरी प्रत्यक्ष निर्वाचन प्रणाली हुने वा नहुने? |
| ३. | ४.राष्ट्रिय सभाको गठन र सदस्यहरुको पदावधि: | (१) राष्ट्रिय सभामा देहाय बमोजिमका ५१ सदस्यहरु रहनेछन् ।<br>(क) प्रत्येक प्रदेशबाट (बराबरी संख्यामा) कानूनमा व्यवस्था भए अनुसार निर्वाचित हुने ३८ सदस्यहरु,<br>(ख) संघीय संसदको प्रतिनिधि सभामा प्रतिनिधित्व हुन नसकेका अल्पसंख्यक महिला, जाती, भाषिक, धार्मिक, पिछडिएको वर्ग वा समुदायका साथै राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तित्व र विशेषज्ञहरुबाट समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अन्तर्गत एकल संक्रमणीय मतको आधारमा प्रतिनिधि सभाद्वारा कानूनमा व्यवस्था भए बमोजिम निर्वाचित हुने १३ सदस्यहरु,<br>(२) राष्ट्रिय सभा एक स्थायी सदन हुनेछ । | संघीय व्यवस्थापिकाको सदस्य संख्या र निर्वाचन प्रणाली सम्बन्धी विषय विवादित देखिएकोले संवैधानिक-राजनैतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | यस धारासंग सम्बन्धित प्रश्नावली<br>८. माथिल्लो सदन रहेमा त्यहाँ कति संख्या रहने, के कसरी र कस्ता कस्ता वर्ग, समुदाय, क्षेत्रबाट प्रतिनिधित्व गराउने ?<br>२१. धारा ४ को राष्ट्रिय सभा सम्बन्धी व्यवस्था आवश्यक नभएकोले हटाउने वा नहटाउने? |

| | | | | |
|---|---|---|---|---|
| | | यसको गठनमा यथासम्भव समावेशी सिद्धान्तलाई ध्यान दिइनेछ । यस सदनका एक-तिहाई सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुनेछ ।<br>(३) राष्ट्रिय सभाका सदस्यहरुको पदावधि छ वर्षको हुनेछ । तर यो संविधान प्रारम्भ भएपछि पहिलो पटकलाई सदस्यको पदावधि कायम गर्दा गोला हाली एक-तिहाईको दुई वर्ष, अर्को एक-तिहाईको चार वर्ष र बाँकी एक-तिहाईको छ वर्षको पदावधि कायम गरिनेछ ।<br>(४) राष्ट्रिय सभाको प्रथम बैठक बसेको दिनबाट सम्पूर्ण सदस्यहरुको पदावधि प्रारम्भ भएको मानिनेछ ।<br>(५) राष्ट्रिय सभाको रिक्त हुन आउने स्थानको पूर्ति सो स्थान रिक्त गर्ने सदस्यको निर्वाचन जुन तरिकाले भएको हो सोही तरिकाले गरिनेछ ।<br>(६) राष्ट्रिय सभाको कुनै सदस्यको पदावधि बाँकी छँदै निजको स्थान रिक्त भएमा बाँकी पदावधिको लागि सो स्थानको पूर्ति उपधारा (५) बमोजिम गरिनेछ । | | |
| ४. | **५.सदस्यको लागि योग्यता:** | (१) संसदको सदस्य हुनको लागि कुनै व्यक्ति-<br>(क) नेपालको नागरिक हुनु पर्छ ;<br>(ख) प्रतिनिधि सभाको लागि पच्चीस वर्ष र राष्ट्रिय सभाको लागि पैंतीस वर्ष उमेर पूरा भएको हुनु पर्छ ;<br>(ग) कुनै कानूनले अयोग्य हुनु हुँदैन ; र<br>(घ) कुनै लाभको पद धारण गरेको हुनु हुँदैन।<br>स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनैतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ ।<br>(२) कुनै पनि व्यक्ति एकै पटक दुवै सदनको सदस्य हुन सक्ने छैन । | यो विषय विवादित देखिएकोले संवैधानिक-राजनीतिक सम्वाद तथा सहमतिमा पठाउने । | **यस धारासंग सम्बन्धित प्रश्नावली**<br>१९.संघीय जनप्रतिनीधिसभा/प्रतिनिधिसभामा सभामुख र उपसभामुख ३० वर्ष उमेर पुगेको हुनु पर्ने वा नपर्ने ? |

| | | | | |
|---|---|---|---|---|
| ५. | ७ स्थानको रिक्तता : | स्थानको रिक्तता : संसदको सदस्यको स्थान देहायका अवस्थामा रिक्त हुनेछ :-<br>(क) निजको मृत्यु भएमा; वा<br>(ख) निजले लिखित राजीनामा दिएमा; वा<br>ग) धारा ५ अनुसार निजको योग्यता नभएमा वा नरहेमा; वा<br>(घ) सदनको कार्यकाल समाप्त भएमा; वा<br>(ङ) सम्बन्धित सदनको स्वीकृति नलिई लगातार तीसवटा बैठकमा अनुपस्थित रहेमा; वा<br>च) जुन दलको उम्मेदवार भई सदस्य निर्वाचित भएको हो सो दलले कानूनमा व्यवस्था भएबमोजिम निजले दल त्याग गरेको कुरा सूचित गरेमा । | यो विषय विवादित देखिएकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | यस धारासँग सम्बन्धित प्रश्नावली<br>२२. धारा ७ र ४७ मा कानूनमा व्यवस्था भएबमोजिम सदस्यलाई प्रत्याह्वान गर्न सकिने व्यवस्था राख्ने वा नराख्ने ? |
| ६. | ८.शपथ : | संसदको प्रत्येक सदनका सदस्यहरुले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनु अघि अनुसूचि (२) मा तोकिए बमोजिम शपथ लिनु पर्नेछ । | यो विषय विवादित देखिएकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | यस धारासँग सम्बन्धित प्रश्नावली<br>२३. धारा ८ र ४८ मा संघीय जनप्रतिनिधिसभा /प्रतिनिधिसभामा र स्वायत्त प्रदेश जनप्रतिनिधिसभाका सदस्यहरुले जनता र राष्ट्रको नाममा सपथ लिने व्यवस्था गर्ने वा नगर्ने ? |
| ७. | १०.राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष : | (१) पहिलो पटक अधिवेशन प्रारम्भ भएपछि राष्ट्रिय सभाले यथाशीघ्र आफ्ना सदस्यहरु मध्येबाट एकजना अध्यक्ष र एक जना उपाध्यक्षको निर्वाचन गर्नेछ । अध्यक्ष र उपाध्यक्ष मध्ये एकजना महिला हुनुपर्नेछ । अध्यक्ष वा उपाध्यक्षको पद रिक्त भएमा राष्ट्रिय सभाले आफ्ना सदस्यहरु मध्येबाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ ।<br>(२) राष्ट्रिय सभाको अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले राष्ट्रिय सभाको अध्यक्षता गर्नेछ ।<br>(३) राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा राष्ट्रिय सभाको बैठकको | यो विषय विवादित देखिएकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | यस धारासँग सम्बन्धित प्रश्नावली<br>२४. धारा १० आवश्यक नभएकोले हटाउने वा नहटाउने ? |

| | | | | |
|---|---|---|---|---|
| | | अध्यक्षता उपस्थित सदस्यहरुमध्ये उमेरको हिसावले ज्येष्ठ सदस्यले गर्नेछ ।<br>(४) राष्ट्रिय सभाको अध्यक्ष वा उपाध्यक्षको पद देहायको अवस्थामा रिक्त हुनेछ :-<br>(क) निज राष्ट्रिय सभाको सदस्य नरहेमा, वा<br>(ख) निजले आफ्नो पदबाट लिखित राजीनामा दिएमा; वा<br>(ग) निजले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्ताव राष्ट्रिय सभाको सम्पूर्ण सदस्य संख्याको दुई-तिहाई बहुमतबाट पारित भएमा ।<br>(५) राष्ट्रिय सभाको अध्यक्षले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्तावउपर छलफल हुने बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ । सो प्रस्तावको छलफलमा अध्यक्षले भाग लिन र मत दिन पाउनेछ । | | |
| ८. | **१४.बहसमा बन्देज :** | नेपालको कुनै अदालतमा विचाराधिन मुद्दाहरुका सम्बन्धमा न्याय निरुपणमा प्रतिकूल असर पार्ने विषय तथा न्यायाधीशले कर्तव्य पालनको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा संसदको कुनै सदनमा छलफल गरिने छैन ।<br>तर महाभियोगको प्रस्तावमा छलफल गर्दा न्यायाधीशको आचरणको सम्बन्धमा कुनै कुरा व्यक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन । | यो विषय विवादित देखिएकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | यस धारासंगसम्बन्धित प्रश्नावली<br>२५. धारा १४ र ५३ को सट्टा नेपालको कुनै अदालतमा विचराधिन व्यक्तिको सरोकारको मुद्धामा संघीय जनप्रतिनिधिसभाका सदस्यहरुले प्रश्न उठाउन पाउने तर बहसमा लगि निर्णय गर्न नसकिने तर देशको शासन व्यवस्था संग सम्बन्धित, राजनीतिक अन्तरवस्तु भएको, सार्वजनिक सरोकारको विषय भएको र संविधानसंग कानून बाभिएको भन्ने प्रश्नका बारेमा औपचारिक प्रस्ताव |

| | | | | |
|---|---|---|---|---|
| | | | | दर्ता गराई सदनमा लान र निर्णय गर्न सक्ने र एउटा समिति बनाई व्याख्या गर्न लगाई त्यसका आधारमा निर्णय गर्न सकिने व्यवस्था गर्ने वा नगर्ने ? |
| ९. | १७.महाअभियोग /विश्वासको मत : | | यो विषय टुंगो लाग्न बाँकी देखिएकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | राज्यको शासकीय स्वरुप निर्धारण समितिसँग अन्तरसम्बन्धित रहेको । |
| १०. | १८.मन्त्रीले दुवै सदनको बैठकमा भाग लिन पाउने : | मन्त्रीले संसदको कुनै पनि सदन वा त्यसको समितिमा उपस्थित हुन र कारवाई तथा छलफलमा भाग लिन पाउनेछ तर आफू सदस्य नभएको सदन वा त्यसको समितिमा मतदान गर्न पाउने छैन । | यो विषय विवादित देखिएकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | **यो धारासंग सम्बन्धित प्रश्नावली**<br><br>२६. धारा १८ को सट्टा मन्त्रीले सदनका जुनसुकै समितिमा छलफलमा भाग लिन सक्ने तर मतदान भने आफू सदस्य रहेको समितिमा मात्र गर्न पाउने व्यवस्था गर्ने वा नगर्ने ? |
| ११. | २२.समिति : | सभाले कानूनमा व्यवस्था भए बमोजिम समितिहरु गठन गर्न सक्नेछ । | यो विषय विवादित देखिएकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | **यस धारासंग सम्बन्धित प्रश्नावली**<br><br>२७. संघीय जनप्रतिनिधिसभा/प्रतिनिधिसभाको बैठक नबसेको अवस्थामा आवश्यक व्यवस्थापिकीय कार्य गर्नकोलागि हरेक स्वायत्त प्रदेशबाट कम्तिमा एक जना प्रतिनिधि पर्ने गरी बढीमा २१ जना सदस्य रहेको स्थायी समितिको व्यवस्था |

| | | | | |
|---|---|---|---|---|
| | | | | गर्ने वा नगर्ने ? |
| १२ | २३.संयुक्त समिति | १) दुई सदनका बीचको कार्य प्रणालीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेको मतभिन्नता अन्त गर्न वा अन्य कुनै खास कार्यका लागि दुवै सदनको संयुक्त समिति गठन गरियोस् भनी कुनै सदनले प्रस्ताव पारित गरेमा संयुक्त समितिको गठन गरिनेछ ।<br>(२) संयुक्त समितिमा प्रतिनिधि सभाको सदस्य दुईजना र राष्ट्रिय सभाको सदस्य एकजनाको अनुपातमा बढीमा पन्ध्रजना सदस्यहरु रहने छन् । | यो विषय विवादित देखिएकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | **यस धारासंग सम्बन्धित प्रश्नावली**<br>२७ धारा २३ मा संयुक्त समितिको सट्टा बढीमा १५ सदस्य रहने विशेष समितिको व्यवस्था गर्न सकिने वा नसकिने ? |
| १३ | ३०.अध्यादेश : | (१) संघीय संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेको छ भन्ने कुरामा राष्ट्र प्रमुख सन्तुष्ट भएमा यस संविधानमा लेखिएका कुराहरुको प्रतिकूल नहुने गरी राष्ट्र प्रमुखले आवश्यक ठानेको अध्यादेश जारी गर्न सक्नेछ ।<br>(२) उपधारा (१) अनुसार जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ । तर यस्तो प्रत्येक अध्यादेश -<br>(क) जारी भएपछि बसेको संसदको दुवै सदनमा पेश गरिनेछ र दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुनेछ ;<br>(ख) राष्ट्र प्रमुखबाट जुनसुकै बखत खारेज हुन सक्नेछ ; र<br>(ग) खण्ड (क) वा (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा जारी भएको छ महिनापछि वा दुवै सदनको बैठक बसेको साठी दिनपछि स्वतः निष्क्रिय हुनेछ ।<br>स्पष्टीकरण : संघीय संसदका सदनहरुको बैठक अघिपछि गरी बसेमा यस उपधाराको प्रयोजनको लागि बैठक बसेको गणना गर्दा जुन सदनको बैठक पछि बसेको छ सो मितिबाट गरिनेछ । | यो विषय विवादित देखिएकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | **यस धारासंग सम्बन्धित प्रश्नावली**<br>२८. धारा ३० र ६८ मा अध्यादेश सरकारले जारी गर्न सक्ने, विकास निर्माण, सेवा सहुलियत, राष्ट्रिय सुरक्षा र साम्प्रदायिक सदभाव कायम राख्ने विषय बाहेक अन्य विषयमा जारी गर्न नसकिने, जारी अध्यादेशको आवश्यकता देखिएमा जनप्रतिनिधिसभाको स्थायी समितिमा पेश गर्नु पर्ने, स्थायी समितिले अनुमति दिएमा मात्र अध्यादेश जारी हुने व्यवस्था राख्ने वा नराख्ने ? |
| १४. | ४२.प्रदेश | प्रदेशको व्यवस्थापिका एक सदनात्मक हुनेछ । | यो विषय विवादित | यस धारासंग |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्थापिकाको गठन : | (प्रदेश प्रमुख सहितको) यो व्यवस्थापिकालाई प्रदेश सभा भनिनेछ । | देखिएकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | **सम्बन्धित प्रश्नावली**<br><br>९. प्रदेश व्यवस्थापिकाको नाम के रहने ?<br>१०. प्रदेश व्यवस्थापिकामा सदस्य संख्या कति हुने ?<br>११. प्रदेश व्यवस्थापिकामा महिला लगायतका वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्व कसरी गराउने ? |
| १५. | **४४. प्रदेश सभाको गठन :** | (१) प्रदेश सभामा जनसंख्याका आधारमा बढीमा ३५ सदस्य रहनेछन् । यसमध्ये प्रत्यक्ष निर्वाचनबाट १८ सदस्य र समानुपातिकबाट १७ सदस्य हुनेछ । प्रदेश सभाको निर्वाचन बालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा गरिनेछ ।<br><br>(२) प्रदेश सभामा प्रत्यक्ष तथा समानुपातिक निर्वाचनबाट निर्वाचित हुने जम्मा सदस्य संख्याको कम्तिमा पनि एक तिहाई सदस्यहरुको प्रतिनिधित्व महिलाबाट हुने अवस्था नभएमा समानुपातिक निर्वाचन अन्तर्गतको व्यवस्थाबाट हुनेगरी कानूनद्वारा व्यवस्था गरिने छ । प्रदेश सभाका सदस्यहरुको निर्वाचन क्षेत्र तथा संख्या निर्धारणका आधारहरु कानूनद्वारा व्यवस्था गरिनेछ ।<br><br>(३) प्रदेश सभाको समानुपातिक निर्वाचनको निमित्त राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, मधेसी, थारु, दलित, आदिवासी जनजाति, मुस्लिम, पिछडिएका वर्ग, क्षेत्र, अल्पसंख्यक समुदाय, अन्य समुदाय समेतबाट प्रतिनिधित्व गराउने व्यवस्था कानूनद्वारा निर्धारण गरिनेछ ।<br><br><u>स्पष्टीकरण :</u> "अन्य समुदाय" भन्नाले माथि उल्लेख नभएका समुदायहरुलाई जनाउँदछ | यो विषय विवादित देखिएकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | **यस धारासंग सम्बन्धित प्रश्नावली**<br><br>१०. प्रदेश व्यवस्थापिकामा सदस्य संख्या कति हुने ?<br>११. प्रदेश व्यवस्थापिकामा महिला लगायतका वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्व कसरी गराउने ?<br><br>२९. प्रदेश व्यवस्थापिकको नाम स्वायत्त प्रदेश जनप्रतिनिधिसभा राख्ने वा नराख्ने ?<br>३०. स्वायत्त प्रदेशलाई आत्म निर्णयको अधिकार सम्पन्न गराउने वा नगराउने ?<br>३१. स्वायत्त प्रदेश जनप्रतिनिधिसभामा भूगोल र जनघनत्वको अनुपात हेरी जाति, भाषा र प्राकृतिक स्रोतको उपलब्धताको |

| | | | | |
|---|---|---|---|---|
| | | (४) यस संविधान बमोजिम **(अगावै विघटन भएमा बाहेक)** प्रदेश सभाको कार्यकाल पाँच वर्ष हुनेछ । तर देशमा संकटकालीन स्थितिको घोषणा लागू भएको अवस्थामा एक वर्षमा नबढ्ने गरी ऐनद्वारा प्रदेश सभाको कार्यकाल बढाउन सकिने छ । तर यसरी थप गरिएको प्रदेश सभाको कार्यकाल संकटकालीन स्थितिको घोषणा खारेज भएको मितिले छ महिना पुगेपछि स्वतः समाप्त हुनेछ ।<br><br>(५) अठार वर्ष उमेर पूरा भएको प्रदेशको क्षेत्रभित्र बसोबास गर्ने नेपाली नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ ।<br><br>(६) प्रदेश सभाको सदस्यको लागि निर्वाचनमा मतदान गर्ने अधिकार पाएको कुनै पनि व्यक्ति प्रचलित कानूनको अधीनमा रही आफ्नो निर्वाचन क्षेत्रबाट उम्मेदवार हुन पाउने छ ।<br><br>(७) प्रदेश सभाको कार्यकाल बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा जुन स्थान रिक्त भएको हो सो रिक्त स्थानको पूर्ति सोही प्रकृयाद्वारा गरिनेछ ।<br><br>(८) यस धारामा लेखिएको कुराहरुको अधीनमा रही प्रदेश सभाको निर्वाचन र सो सम्बन्धी अन्य कुरा कानूनमा व्यवस्था भए बमोजिम हुनेछ । | | आधारमा २५ देखि ४५ जना सम्म सदस्य रहने व्यवस्था गर्ने वा नगर्ने ?<br>३२. स्वायत्त प्रदेश जनप्रतिनिधिसभाको गठन बहुसदस्यीय निर्वाचन क्षेत्र प्रणालीको आधारमा गर्ने वा नगर्ने ? |
| **१६.** | **४५.प्रदेश सभाको सदस्यको लागि योग्यता :** | प्रदेश सभाको सदस्य हुनको लागि कुनै पनि व्यक्ति :<br>**(क) नेपाली नागरिक हुनु पर्नेछ ।**<br>(ख) प्रदेशको क्षेत्रभित्र बसोबास गरेको हुनु पर्नेछ<br>(ग) पच्चीस वर्ष उमेर पूरा भएको हुनु पर्नेछ ,<br>(घ) कुनै कानूनले अयोग्य हुनु हुँदैन ,<br>(ङ) कुनै लाभको पद धारण गरेको हुनु हुँदैन ।<br><u>स्पष्टीकरण</u>: यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले निर्वाचन वा | यो विषय विवादित देखिएकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | **यस धारासंग सम्बन्धित प्रश्नावली**<br><br>३३. स्वायत्त प्रदेश जनप्रतिनिधिसभाको सदस्य हुन २१ वर्षको उमेर पुगेको हुनु पर्ने व्यवस्था गर्ने वा नगर्ने ? |

| | | | | |
|---|---|---|---|---|
| | | मनोनयनद्वारा पूर्ति गरिने राजनैतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ । | | |
| १७. | ४७.स्थान रिक्तता | प्रदेश सभाका सदस्यको स्थान देहायको अवस्थामा रिक्त हुनेछ :–<br>(क) निजले लिखित राजीनामा दिएमा ;<br>(ख) धारा ४५ बमोजिम निजको योग्यता नभएमा वा नरहेमा ;<br>(ग) प्रदेश सभाको कार्यकाल समाप्त भएमा ;<br>(घ) निजको मृत्यु भएमा<br>(ङ) सभाको स्वीकृति नलिई लगातार तीसवटा बैठकमा अनुपस्थित रहेमा ; वा<br>(च) जुन दलको उम्मेदवार भई सदस्य निर्वाचित भएको हो सो दलले कानूनमा व्यवस्था भए बमोजिम निजले दल त्याग गरेको कुरा सूचित गरेमा । | यो विषय विवादित देखिएकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | यस धारासंग सम्बन्धित प्रश्नावली<br>२२. धारा ७ र ४७ मा कानूनमा व्यवस्था भएबमोजिम सदस्यलाई प्रत्याह्वान गर्न सकिने व्यवस्था राख्ने वा नराख्ने ? |
| १८ | ४८.शपथ : | प्रदेश सभाका सदस्यहरुले सभा वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनु अघि निर्धारित रुपमा शपथ लिनु पर्नेछ । | विवादित देखिएकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | यस धारासंग सम्बन्धित प्रश्नावली<br>२३. धारा ८ र ४८ मा संघीय जनप्रतिनिधिसभा /प्रतिनिधिसभामा र स्वायत्त प्रदेश जनप्रतिनिधिसभाका सदस्यहरुले जनता र राष्ट्रको नाममा सपथ लिने व्यवस्था गर्ने वा नगर्ने ? |
| १९. | ५३.बहसमा बन्देज : | नेपालको कुनै अदालतमा विचाराधीन मुद्दाहरुका सम्बन्धमा न्याय निरुपणमा प्रतिकुल असर पार्ने विषय तथा न्यायाधीशले कर्तव्य पालनको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा सभामा छलफल गरिने छैन ।<br>तर महाभियोगको प्रस्तावमा छलफल गर्दा न्यायाधीशको आचरणको सम्बन्धमा कुनै कुरा व्यक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन । | यो विषय विवादित देखिएकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | यस धारासंगसम्बन्धित प्रश्नावली<br>२४. धारा १४ र ५३ को सट्टा नेपालको कुनै अदालतमा विचराधिन व्यक्तिको सरोकारको मुद्दामा संघीय जनप्रतिनिधिसभाका सदस्यहरुले प्रश्न उठाउन पाउने तर बहसमा लगि निर्णय |

| | | | | |
|---|---|---|---|---|
| | | | | गर्न नसकिने तर देशको शासन व्यवस्था संग सम्बन्धित, राजनीतिक अन्तरवस्तु भएको, सार्वजनिक सरोकारको विषय भएको र संविधानसंग कानून बाझिएको भन्ने प्रश्नका बारेमा औपचारिक प्रस्ताव दर्ता गराई बहसमा लान र निर्णय गर्न सक्ने र एउटा समिति बनाई व्याख्या गर्न लगाई त्यसका आधारमा निर्णय गर्न सकिने व्यवस्था गर्ने वा नगर्ने ? |
| २०. | ५६.महाअभियोग /विश्वासको मत | | यो विषय टुंगो लाग्न बाँकी देखिएकोले संवैधानिक राजनैतिक सम्वाद तथा सहमति समितिमा पठाउने । | राज्यको शासकीय स्वरुप निर्धारण समितिसँग सम्बन्धित । |
| २१. | ६८.अध्यादेश : | (१) प्रदेश सभाको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेको छ भन्ने कुरामा प्रदेश प्रमुख सन्तुष्ट भएमा यस संविधानमा लेखिएका कुराहरुको प्रतिकूल नहुने गरी प्रदेश प्रमुखबाट आवश्यक ठानेको अध्यादेश जारी गर्न सकिनेछ ।<br>(२) उपधारा (१) अनुसार जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ ।<br>तर यस्तो प्रत्येक अध्यादेश-<br>(क) जारी भएपछि बसेको प्रदेश सभामा पेश गरिनेछ र सभाले स्वीकार नगरेमा स्वत: | यो विषय विवादित देखिएकोले संवैधानिक राजनैतिक सम्वाद तथा सहमति समितिमा<br>पठाउने । | यस धारासँग सम्बन्धित प्रश्नावली<br>२८. धारा ३० र ६८ मा अध्यादेश सरकारले जारी गर्न सक्ने, विकास निर्माण, सेवा सहुलियत, राष्ट्रिय सुरक्षा र साम्प्रदायिक सदभाव कायम राख्ने विषय बाहेक अन्य विषयमा जारी गर्न नसकिने, जारी अध्यादेशको आवश्यकता देखिएमा जनप्रतिनिधिसभाको स्थायी समितिमा पेश गर्नु पर्ने, स्थायी समितिले अनुमति दिएमा मात्र |

| | | | | |
|---|---|---|---|---|
| | | निष्क्रिय हुनेछ, <br> (ख) प्रदेश प्रमुखबाट जुनसुकै बखत खारेज हुन सक्नेछ, र (ग) खण्ड (क) वा (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा जारी भएको छ महिनापछि वा सभाको बैठक बसेको साठी दिनपछि स्वतः निष्क्रिय हुनेछ । | | अध्यादेश जारी हुने व्यवस्था राख्ने वा नराख्ने । |

## ८. संवैधानिक निकायको संरचना निर्धारण समिति

| सि.नं | विषय | असहमति भएका विषय | समितिको निर्णय | कैफियत |
|---|---|---|---|---|
| १ | **१. अख्तियार दुरूपयोग अनुसन्धान आयोग** | आयोगमा रहने सदस्य संख्या र नियुक्तिको प्रक्रिया :<br>(१) नेपालमा एक संघीय अख्तियार दुरूपयोग अनुसन्धान आयोग रहनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशिताका आधारमा प्रमुख आयुक्त र अन्य दुई जना आयुक्तहरू रहनेछन् । प्रमुख आयुक्तका अतिरिक्त अन्य आयुक्तहरु नियुक्त भएमा प्रमुख आयुक्तले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अध्यक्ष भई काम गर्नेछ ।<br>(२) राष्ट्रपतिले संवैधानि परिषद्को सिफारिसमा प्रमुख आयुक्त र अन्य आयुक्तहरुको नियुक्ति गर्नेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।) | सबै आयोगमा बराबर सदस्य संख्या राख्ने वा आवश्यकता र कार्यबोझका आधारमा फरक फरक सदस्य संख्या राख्ने भन्ने विषय र शासकीय स्वरुप टुङ्गो लागेपछि पदाधिकारीको नियुक्ति कसरी गर्ने भन्ने विषयमा टुंगो लगाउन तत्कालीन संविधानसभाले संवैधानिक समितिलाई निर्देशन दिएपनि संवैधानिक समितिबाट सहमति कायम भई संविधानसभामा विषय प्रस्तुत भएको नदेखिएकोले यो विषयमा सहमति कायम गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | |
| २ | **१.१ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकार** | (४) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा महान्यायाधिवक्ताको राय लिएर मुद्दा दायर गर्न वा गराउन सक्नेछ । | "अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको कसुरमा कुनै व्यक्ति उपर महान्यायाधिवक्ताको राय लिएर मुद्दा दायर गर्ने वा आफ्नै निर्णयद्वारा मुद्दा दायर गर्न सक्ने" भन्ने विषय टुंगो लगाउन तत्कालीन संविधानसभाले संवैधानिक समितिलाई निर्देशन दिएपनि संवैधानिक समितिबाट | |

| | | | | |
|---|---|---|---|---|
| | | | सहमति कायम भई संविधानसभामा प्रस्तुत भएको नदेखिएकोले संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | |
| ३ | १.२ **प्रादेशिक व्यवस्था** | प्रादेशिक क्षेत्रमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहनेछ । | संवैधानिक आयोगहरुको प्रादेशिक संरचना कस्तो हुने? भन्ने विषय टुंगो लागेको नदेखिएकोले यस विषयमा सहमति कायम गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | |
| ४ | २. **लेखा परीक्षण आयोग** | (१) नेपालमा एक संघीय लेखापरीक्षण आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताका आधारमा एकजना अध्यक्ष र अन्य दुई जना सदस्यहरू रहनेछन् ।<br>(२) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा लेखापरीक्षण आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।) | सबै आयोगमा बराबर सदस्य संख्या राख्ने वा आवश्यकता र कार्यबोझका आधारमा फरक फरक सदस्य संख्या राख्ने भन्ने विषय र शासकीय स्वरुप टुङ्गो लागेपछि पदाधिकारीको नियुक्ति कसरी गर्ने भन्ने विषयमा टुंगो लगाउन तत्कालीन संविधानसभाले संवैधानिक समितिलाई निर्देशन दिएपनि संवैधानिक समितिबाट सहमति कायम भई संविधानसभामा विषय प्रस्तुत भएको नदेखिएकोले यो विषयमा सहमति कायम गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | |
| ५ | २.२ **प्रादेशिक व्यवस्था** | संघीय लेखा परीक्षण आयोगको प्रत्येक प्रान्त/राज्यमा सामान्यतया एक शाखा रहन सक्नेछ। | संवैधानिक आयोगहरुको प्रादेशिक संरचना कस्तो हुने? भन्ने विषय टुंगो लागेको नदेखिएकोले | |

| | | | | |
|---|---|---|---|---|
| | | | यस विषयमा सहमति कायम गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | |
| ६ | **३. लोक सेवा आयोग** | (१) नेपालमा एक संघीय लोक सेवा आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताका आधारमा एकजना अध्यक्ष र आवश्यकता अनुसार अन्य सदस्यहरू रहनेछन् ।<br>(२) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ ।<br>(विकल्प :कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।) | सबै आयोगमा बराबर सदस्य संख्या राख्ने वा आवश्यकता र कार्यबोझका आधारमा फरक फरक सदस्य संख्या राख्ने भन्ने विषय र शासकीय स्वरुप टुङ्गो लागेपछि पदाधिकारीको नियुक्ति कसरी गर्ने भन्ने विषयमा टुंगो लगाउन तत्कालीन संविधानसभाले संवैधानिक समितिलाई निर्देशन दिएपनि संवैधानिक समितिबाट सहमति कायम भई संविधानसभामा विषय प्रस्तुत भएको नदेखिएकोले यो विषयमा सहमति कायम गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | |
| ७ | **४. निर्वाचन आयोग** | (१) नेपालमा एक संघीय निर्वाचन आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशिताका आधारमा प्रमुख निर्वाचन आयुक्त र अन्य दुई जनासम्म निर्वाचन आयुक्तहरू रहनेछन् । प्रमुख निर्वाचन आयुक्तका अतिरिक्त अन्य निर्वाचन आयुक्त नियुक्त भएमा प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्नेछ ।<br>(२) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूको नियुक्ति गर्नेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा | सबै आयोगमा बराबर सदस्य संख्या राख्ने वा आवश्यकता र कार्यबोझका आधारमा फरक फरक सदस्य संख्या राख्ने भन्ने विषय र शासकीय स्वरुप टुङ्गो लागेपछि पदाधिकारीको नियुक्ति कसरी गर्ने भन्ने विषयमा टुंगो लगाउन तत्कालीन संविधानसभाले संवैधानिक समितिलाई निर्देशन दिएपनि संवैधानिक समितिबाट | |

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।) | सहमति कायम भई संविधानसभामा विषय प्रस्तुत भएको नदेखिएकोले यो विषयमा सहमति कायम गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | |
| ८ | **४.१ निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार** | राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन गर्ने जिम्मेवारी निर्वाचन आयोगको हुने वा नहुने ? | यो विषयमा टुंगो लगाउन तत्कालीन संविधानसभाले संवैधानिक समितिलाई निर्देशन दिएपनि संवैधानिक समितिबाट सहमति कायम भई संविधानसभामा प्रस्तुत भएको नदेखिएकोले संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने। | |
| ९ | **४.२ प्रादेशिक व्यवस्था** | **निर्वाचन आयोगको प्रत्येक प्रान्त/राज्यमा एक शाखा रहन सक्नेछ ।** | संवैधानिक आयोगहरुको प्रादेशिक संरचना कस्तो हुने? भन्ने विषय टुंगो लागेको नदेखिएकोले यस विषयमा सहमति कायम गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | |
| १० | **५. मानव अधिकार आयोग** | (१) नेपालमा एक संघीय मानव अधिकार आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताका आधारमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन् :-<br>(क) मानव अधिकारको संरक्षण र संवर्द्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश | सबै आयोगमा बराबर सदस्य संख्या राख्ने वा आवश्यकता र कार्यबोझका आधारमा फरक फरक सदस्य संख्या राख्ने भन्ने विषय र शासकीय स्वरुप टुङ्गो लागेपछि पदाधिकारीको नियुक्ति कसरी गर्ने भन्ने | |

| | | | | |
|---|---|---|---|---|
| | | पदबाट सेवा निवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र संवर्द्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट - अध्यक्ष<br>(ख) मानव अधिकारको संरक्षण र संवर्द्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट चारजना - सदस्य<br>(२) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।) | विषयमा टुंगो लगाउन तत्कालीन संविधानसभाले संवैधानिक समितिलाई निर्देशन दिएपनि संवैधानिक समितिबाट सहमति कायम भई संविधानसभामा विषय प्रस्तुत भएको नदेखिएकोले यो विषयमा सहमति कायम गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने। | |
| ११ | ५.२ प्रादेशिक व्यवस्था | प्रादेशिक क्षेत्रमा मानव अधिकार आयोग रहनेछ । | संवैधानिक आयोगहरुको प्रादेशिक संरचना कस्तो हुने? भन्ने विषय टुंगो लागेको नदेखिएकोले यस विषयमा सहमति कायम गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने । | |
| १२ | ६. महिला आयोग | (१) नेपालमा एक संघीय महिला आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्य रहनेछन् ।<br>(२) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिशमा संघीय महिला आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्ति गर्नेछन्।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन | तत्कालिन संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदनमा प्रस्तावित ११ वटा आयोगहरुमध्ये हाल कायम ५ वटा आयोग बाहेक अन्य आयोगलाई समितिले प्रस्ताव गरे अनुसार व्यवस्था गर्ने वा एकिकृत आयोग | |

| | | | | |
|---|---|---|---|---|
| | | गर्नुपर्नेछ ।<br>(३) संघीय महिला आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) कम्तीमा दश वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको महिला,<br>(ख) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधी हासिल गरेको,<br>(ग) कम्तीमा चालिस वर्ष उमेर पुरा गरेको,<br>(घ) नियुक्ति हुँदाको बखत कुनै राजनैतिक दलको सदस्य नरहेको,<br>(ङ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(४) संघीय महिला आयोगका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ । निजहरुको एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो अवधि पूरा हुनु अगावै संघीय महिला आयोगका अध्यक्ष र सदस्यको उमेर ६५ वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) संघीय महिला आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(५) देहायको अवस्थामा संघीय महिला आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (४) बमोजिम निजको | बनाउने भन्ने विषयमा छलफल गरी अन्तिम टुंगोमा पुग्न तत्कालीन संविधानसभाले संवैधानिक समितिलाई निर्देशन दिए पनि संवैधानिक समितिबाट सहमति कायम भई संविधान सभामा विषय प्रस्तुत भएको नदेखिएकोले संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(६) संघीय महिला आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् र निजहरु वहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु वदलिने छैनन् ।<br>(७) संघीय महिला आयोगका अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको लागि ग्राह्य हुने छैन ।<br>तर,<br>(क) महिला आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा त्यस्तो विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन। | | |
| १३ | **६.१ महिला आयोग काम, कर्तव्य र अधिकार** | (१) यस संविधान र कानुनद्वारा व्यवस्था भए बमोजिम संघीय महिला आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-<br>(क) महिलाको हक हितसँग सरोकार राख्ने संघीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>(ख) महिलाको हक हितसँग सम्बन्धित प्रचलित कानुनको पालना भए वा नभएको वा नेपाल पक्ष भएको | | |

| | | | | |
|---|---|---|---|---|
| | | अन्तर्राष्ट्रिय सन्धि अन्तरगतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनको लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br>(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>(घ) लैङ्गिक समानता, महिला सशक्तिकरण तथा महिलासँग सम्बन्धित प्रचलित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिश गर्ने र सोको अनुगमन गर्ने ।<br>(ङ) महिला अधिकारसंग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।<br>(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुन बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिश गर्ने ।<br>(ज) कानुनद्वारा तोकिएका अन्य कार्य गर्ने । | | |
| १४ | ६.२ अधिकार प्रत्यायोजन | संघीय महिला आयोगले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार अध्यक्ष, सदस्य, समिति, उपसमिति वा आयोगका अधिकृत स्तरको कर्मचारी वा नेपाल सरकारको अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ । | | |

| | | | | |
|---|---|---|---|---|
| १५ | **६.३ प्रादेशिक व्यवस्था** | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | |
| १६ | **६.४ वार्षिक प्रतिवेदन** | संघीय महिला आयोगले प्रत्येक वर्ष आफूले गरेका काम कारवाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्नेछ र र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । | | |
| १७ | **७. दलित आयोग** | (१) नेपालमा एक संघीय दलित आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहनेछन् ।<br>(२) उपधारा (३) र (४) को योग्यता भएको व्यक्तिहरु मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्रपतिले छ वर्षका लागि दलित आयोगका अध्यक्ष र सदस्यहरुको रुपमा नियुक्ति गर्नेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो पदावधि पूरा हुन अगावै दलित आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) दलित आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) दलित आयोगको अध्यक्ष र सदस्य हुन कम्तीमा दस वर्ष दलित हक हित वा दलित विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति हुनुपर्नेछ ।<br>(४) देहायका अवस्थामा दलित आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको | तत्कालीन संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदनमा प्रस्तावित ११ वटा आयोगहरुमध्ये हाल कायम ५ वटा आयोग बाहेक अन्य आयोगलाई समितिले प्रस्ताव गरे अनुसार व्यवस्था गर्ने वा एकिकृत आयोग बनाउने भन्ने विषयमा छलफल गरी अन्तिम टुंगोमा पुग्न तत्कालीन संविधानसभाले संवैधानिक समितिलाई निर्देशन दिए पनि संवैधानिक समितिबाट सहमति कायम भई संविधान सभामा विषय प्रस्तुत भएको नदेखिएकोले संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) दलित आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(ग) चालीस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) दलित आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । दलित आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरुलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।<br>(७) दलित आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) दलित आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा | | |

| | | | | |
|---|---|---|---|---|
| | | छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन । | | |
| १८ | ७.१ दलित आयोगको काम, कर्तव्य र अधिकार | १) नेपालमा भएका दलित सम्वन्धि अध्ययन तथा अन्वेषण गरि त्यस सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने।<br>२) जातिय उत्पीडन र बिभेदको अन्त्य गरी दलित उत्थान र विकासका निम्ती दलित हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>३) दलित उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत दलित हितसंग सम्वन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br>४) दलित अधिकारसंग सम्वन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्वन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।<br>५) दलितलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>६) कानुनद्धारा तोकिएको अन्य कार्य गर्ने । | | |

| | | | | |
|---|---|---|---|---|
| १९ | ७.२ अधिकार प्रत्यायोजन | आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ । | | |
| २० | ७.३ प्रादेशिक व्यवस्था | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | |
| २१ | ७.४ वार्षिक प्रतिवेदन | प्रत्येक वर्ष संघीय दलित आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । | | |
| २२ | ८. आदिवासी/जनजाति आयोग | (१) नेपालमा एक संघीय आदिवासी/जनजाति आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहनेछन् ।<br>(२) उपधारा (३) र (५) को योग्यता भएको व्यक्तिहरु मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्रपतिले छ वर्षका लागि आदिवासी/जनजाति आयोगका अध्यक्ष र सदस्यहरुको रुपमा नियुक्ति गर्नेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो पदावधि पूरा हुन अगावै आदिवासी/जनजाति आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) आदिवासी/जनजाति आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ । | तत्कालीन संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदनमा प्रस्तावित ११ वटा आयोगहरुमध्ये हाल कायम ५ वटा आयोग बाहेक अन्य आयोगलाई मितिले प्रस्ताव गरे अनुसार व्यवस्था गर्ने वा एकिकृत आयोग बनाउने भन्ने विषयमा छलफल गरी अन्तिम टुंगोमा पुग्न तत्कालीन संविधानसभाले संवैधानिक समितिलाई निर्देशन दिए पनि संवैधानिक समितिबाट सहमति कायम भई संविधान सभामा विषय प्रस्तुत भएको नदेखिएकोले संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | (विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) आदिवासी/जनजाति आयोगको अध्यक्ष र सदस्य हुन कम्तीमा दस वर्ष आदिवासी/जनजाति हक हित वा आदिवासी/जनजाति विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति हुनुपर्नेछ ।<br>(४) देहायका अवस्थामा आदिवासी /जनजाति आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) आदिवासी/जनजाति आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(ग) चालीस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) आदिवासी/जनजाति आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । आदिवासी/जनजाति आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरुलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन्<br>(७) आदिवासी/जनजाति आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त | | |

| | | | | |
|---|---|---|---|---|
| | | प्राप्त हुने छैन ।<br>तर,<br>(क) आदिवासी/जनजाति आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन । | | |
| २३ | ८.१ आदिवासी/जनजाति आयोगको काम, कर्तव्य र अधिकार | (१) नेपालमा भएका आदिवासी/जनजाति सम्बन्धि अध्ययन तथा अन्वेषण गरि त्यस सम्बन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।<br>(२) आदिवासी/जनजातिहरुको भाषा तथा संस्कृतिको जगेर्ना एवं तीनिहरुको उत्थान र विकासका निम्ती आदिवासी/जनजाति हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>(३) आदिवासी/जनजाति उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत आदिवासी/जनजाति हित संग सम्बन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br>(४) आदिवासी/जनजाति अधिकार | | |

| | | | | |
|---|---|---|---|---|
| | | सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।<br>(५) आदिवासी/जनजातिलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>(६) कानुनद्वारा तोकिएको अन्य कार्य गर्ने । | | |
| २४ | **८.२ अधिकार प्रत्यायोजन** | आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ । | | |
| २५ | **८.३ प्रादेशिक व्यवस्था** | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | |
| २६ | **८.४ वार्षिक प्रतिवेदन** | प्रत्येक वर्ष संघीय आदिवासी/जनजाति आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । | | |
| २७ | **९. अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय, तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोग** | (१) नेपालमा एक संघीय अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र आवश्यकता अनुसार सदस्यहरु रहनेछन् ।<br>(२) उपधारा (३) र (५) को योग्यता भएको व्यक्तिहरु मध्येबाट संवैधानिक परिषदले सिफारिश गरेका व्यक्तिलाई राष्ट्रपतिले | तत्कालिन संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदनमा प्रस्तावित ११ वटा आयोगहरुमध्ये हाल कायम ५ वटा आयोग बाहेक अन्य आयोगलाई समितिले प्रस्ताव गरे अनुसार व्यवस्था गर्ने वा एकिकृत आयोग | |

| | | | | |
|---|---|---|---|---|
| | | छ वर्षका लागि अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोगका अध्यक्ष र सदस्यहरुको रुपमा नियुक्ति गर्नेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो पदावधि पूरा हुन अगावै अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसट्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष र सदस्य हुन अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हक हित वा विकास वा मानव अधिकारको क्षेत्रमा कम्तीमा दस वर्ष महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति हुनुपर्नेछ ।<br>(४) देहायका अवस्थामा अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :- | बनाउने भन्ने विषयमा छलफल गरी अन्तिम टुंगोमा पुग्न तत्कालीन संविधानसभाले संवैधानिक समितिलाई निर्देशन दिए पनि संवैधानिक समितिबाट सहमति कायम भई संविधान सभामा विषय प्रस्तुत भएको नदेखिएकोले संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | (क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,<br>(ख) नियुक्ति हुंदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(ग) चालीस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरुलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।<br>(७) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य | | |

| | | | | |
|---|---|---|---|---|
| | | हुने छैन।<br>तर,<br>(क) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन । | | |
| २८ | **९.१ अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको काम , कर्तव्य र अधिकारसिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको काम , कर्तव्य र** | (१) नेपालमा भएका अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण सम्वन्धि अध्ययन तथा अन्वेषण गरि त्यस सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने।<br>(२) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको उत्थान र विकास लगायत निजहरुको हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>(३) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत निजहरुको हित संग सम्वन्धित | | |

| | | | | |
|---|---|---|---|---|
| | अधिकार | प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br>(४) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्र सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।<br>(५) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>(६) कानुनद्धारा तोकिएको अन्य कार्य गर्ने । | | |
| २९ | ९.२ अधिकार प्रत्यायोजन | आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ । | | |
| ३० | ९.३ प्रादेशिक व्यवस्था | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | |
| ३१ | ९.४ वार्षिक प्रतिवेदन | प्रत्येक वर्ष संघीय अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित सरक्षण आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश | | |

| | | | | |
|---|---|---|---|---|
| | | गर्ने व्यवस्था गर्नेछ । | | |
| ३२ | १०. मधेशी आयोग | (१) नेपालमा एक संघीय मधेशी आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहनेछन् ।<br><br>(२) उपधारा (३) र (५) को योग्यता भएको व्यक्तिहरु मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्रपतिले छ वर्षका लागि मधेशी आयोगका अध्यक्ष र सदस्यहरुको रुपमा नियुक्ति गर्नेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br><br>तर,<br><br>(क) सो पदावधि पूरा हुन अगावै मधेशी आयोगको अध्यक्ष वा सदस्यको उमेर पैंसट्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन।<br><br>(ख) मधेशी आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br><br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br><br>(३) मधेशी आयोगको अध्यक्ष र सदस्य हुन कम्तीमा दस वर्ष मधेशी हक हित वा मधेशी विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति हुनुपर्नेछ ।<br><br>(४) देहायका अवस्थामा मधेशी आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br><br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br><br>(ख) उपधारा (२) बमोजिम निजको | | |

| | | | | |
|---|---|---|---|---|
| | | पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) मधेशी आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(ग) चालीस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) मधेशी आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । मधेशी आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरुलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।<br>(७) मधेशी आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) मधेशी आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै | | |

| | | | | |
|---|---|---|---|---|
| | | कुराले बाधा पुऱ्याएको मानिने छैन। | | |
| ३३ | १०.१ मधेशी आयोगको काम ,कर्तव्य र अधिकार | (१) नेपालमा भएका मधेशी सम्बन्धि अध्ययन तथा अन्वेषण गरि त्यस सम्बन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।<br>(२) मधेशी समुदायको भाषा संस्कृतिको जगेर्ना एवं मधेशीको उत्थान र विकासका निम्ती मधेशी हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>(३) मधेशी उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत मधेशी हित संग सम्बन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br>(४) मधेशीलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>(५) कानुनद्वारा तोकिएको अन्य कार्य गर्ने । | | |
| ३४ | १०.२ अधिकार प्रत्यायोजन | आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ । | | |
| ३५ | १०.३ प्रादेशिक व्यवस्था | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | १०.४ वार्षिक प्रतिवेदन | प्रत्येक वर्ष संघीय मधेशी आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । | | |
| ३७ | ११. मुस्लिम आयोग | (१) नेपालमा एक संघीय मुस्लिम आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहनेछन् ।<br>(२) उपधारा (३) र (४) को योग्यता भएको व्यक्तिहरु मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्रपतिले छ वर्षका लागि मुस्लिम आयोगका अध्यक्ष र सदस्यहरुको रुपमा नियुक्ति गर्नेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ<br>तर,<br>(क) सो पदावधि पूरा हुन अगावै मुस्लिम आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) मुस्लिम आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) मुस्लिम आयोगको अध्यक्ष र सदस्य हुन कम्तीमा दस वर्ष मुस्लिम हक हित वा मुस्लिम समुदायको विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति हुनुपर्नेछ ।<br>(४) देहायका अवस्थामा मुस्लिम आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा, | तत्कालिन संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदनमा प्रस्तावित ११ वटा आयोगहरुमध्ये हाल कायम ५ वटा आयोग बाहेक अन्य आयोगलाई समितिले प्रस्ताव गरे अनुसार व्यवस्था गर्ने वा एकिकृत आयोग बनाउने भन्ने विषयमा छलफल गरी अन्तिम टुंगोमा पुग्न तत्कालीन संविधानसभाले संवैधानिक समितिलाई निर्देशन दिए पनि संवैधानिक समितिबाट सहमति कायम भई संविधान सभामा विषय प्रस्तुत भएको नदेखिएकोले संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | | (ख) उपधारा (२) बमोजिम निजको पदावधि पुरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) मुस्लिम आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(ग) चालीस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) मुस्लिम आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । मुस्लिम आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरुलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।<br>(७) मुस्लिम आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) मुस्लिम आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने | | |

| | | | | |
|---|---|---|---|---|
| | | छैन। | | |
| ३८ | ११.१ मुस्लिम आयोगको काम , कर्तव्य र अधिकार | १। नेपालमा भएका मुस्लिम समुदाय सम्बन्धि अध्ययन तथा अन्वेषण गरि त्यस सम्बन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।<br><br>२। मुस्लिम समुदायको भाषा, संस्कृतिको जगेर्ना एवं मुस्लिम समुदायको उत्थान र विकासका निम्ती मुस्लिम समुदायको हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br><br>३। मुस्लिम समुदायको उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत मुस्लिम समुदायको हित संग सम्बन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br><br>४) मुस्लिम समुदायको अधिकार सम्बन्धि नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।<br><br>५) मुस्लिम समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br><br>६। कानुनद्वारा तोकिएको अन्य कार्य गर्ने । | | |
| ३९ | ११.२ अधिकार प्रत्यायोजन | आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई | | |

| | | | | |
|---|---|---|---|---|
| | | तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्न गरी सुम्पन सक्नेछ । | | |
| ४० | ११.३ प्रादेशिक व्यवस्था | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | |
| ४२ | राष्ट्रिय वित्तीय आयोग | यो आयोगलाई संवैधानिक बनाउने वा कानूनमा व्यवस्था गर्ने ? | यो विषयमा टुंगो लगाउन तत्कालीन संविधानसभाले संवैधानिक समितिलाई निर्देशन दिएपनि संवैधानिक समितिबाट सहमति कायम भई संविधानसभामा विषय प्रस्तुत भएको नदेखिएकोले संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | |
| ४३ | संवैधानिक पदाधिकारीको नियुक्ति | संवैधानिक पदाधिकारीको नियुक्ति कसरी गर्ने ? | यो विषयमा टुंगो लगाउन तत्कालीन संविधानसभाले संवैधानिक समितिलाई निर्देशन दिएपनि संवैधानिक समितिबाट सहमति कायम भई संविधानसभामा विषय प्रस्तुत भएको नदेखिएकोले संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | |
| ४४ | प्रादेशिक संरचना | संवैधानिक आयोगहरुको प्रादेशिक संरचना कस्तो हुने ? | संवैधानिक आयोगहरुको प्रादेशिक संरचना कस्तो हुने? भन्ने विषय टुंगो लागेको नदेखिएकोले यस विषयमा सहमति कायम गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | |

| | | | | |
|---|---|---|---|---|
| ४५ | **भ्रष्टाचार नियन्त्रण** | भ्रष्टाचार नियन्त्रणका विषयमा निर्वाचित सरकारलाई जवाफदेहि बनाउन के गर्ने ? | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्बन्धमा हालको व्यवस्थालाई यथावत राखी भ्रष्टाचारको नियन्त्रणका विषयमा जन निर्वाचित सरकारलाई जवाफदेही बनाउन सबै विकल्पहरुमा छलफल गरी समुचित टुङ्गोमा पुग्न तत्कालीन संविधान सभाले संवैधानिक समितिलाई निर्देशन दिइएको भए तापनि यस विषयमा संवैधानिक समितिबाट सहमति कायम भई संविधानसभामा विषय प्रस्तुत भएको नदेखिएकोले संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | |

# ८. संवैधानिक समिति

| सि.नं | विषय | असहमति भएको विषय | समितिको निक्यौल | कैफियत |
| --- | --- | --- | --- | --- |
| १. | प्रस्तावना | लोकतन्त्र, शान्ति, मानवअधिकार र अग्रगामी परिवर्तनका लागि गरिएका ऐतिहासिक सशस्त्र संघर्ष, शान्तिपूर्ण जनआन्दोलन र मधेश आन्दोलन तथा नेपाली जनताको त्याग, बलिदान र शहिदहरुलाई सम्मान गर्दै;<br><br>जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक समानुपातिक समावेशी शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, स्वतन्त्र र **उत्तरदायी न्यायपालिका** तथा कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतालाई अवलम्बन गरी समाजवादको आधार निर्माण गर्न प्रतिबद्ध रहदै;<br><br>राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राखी जनताको आत्मनिर्णयको अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै; | *प्रस्तावनाको अनुच्छेद २, ६ र ७ मा असहमति भएको देखिएकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने ।* | प्रस्तावनासंग सम्बन्धित प्रश्नावली<br><br>१. प्रस्तावनाको अनुच्छेद ३ मा माओवादी जनयुद्ध लगायत सबै आन्दोलनको नाम उल्लेख गर्ने वा माओवादी जनयुद्ध लगायत सबै आन्दोलनको नाम व्याख्यात्मक टिप्पणीमा राख्ने वा माओवादी जनयुद्ध व्याख्यात्मक टिप्पणीमा पनि नराख्ने?<br><br>२. प्रस्तावनाको अनुच्छेद ६ मा 'जनताको समानुपातिक समावेशी' भन्ने शब्दहरुको सट्टा 'बहुलवादमा आधारित' भन्ने शब्दहरु राख्ने वा नराख्ने ?<br><br>३.अनुच्छेद ७ मा आत्मनिर्णयको अधिकारको परिभाषा, सो को प्रयोगको विधि र यस अन्तर्गत गर्न पाईने र नपाईने कुराहरु स्पष्ट पारेर परिमार्जन गर्नु पर्ने वा नपर्ने ?<br><br>(बोल्डमा राखिएका शब्दहरु तत्कालीन संविधान सभाको निर्णयानुसार |

| | | | | |
|---|---|---|---|---|
| | | | | परिमार्जन गरिएको ॥<br><br>*अनुच्छेद ८ छलफलमा रहेको यो विषयलाई राज्यपुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति र राज्यको शासकीय स्वरुप निर्धारण समितिबाट तयार हुने प्रतिवेदनको प्रसङ्गमा अर्थो छलफल गर्ने सहमति भएको)* |
| २. | **७.राष्ट्रिय गान र निशाना छाप** | (२) नेपालको निशाना छाप अनुसूची-४ मा उल्लेख भएबमोजिम हुनेछ । सो निशाना छाप आवश्यकता अनुसार ठूलो वा सानो आकारको बनाउन सकिनेछ र त्यसमा नेपाल सरकारबाट निर्धारित रङ्गको प्रयोग हुनेछ । | उपधारा (२) मा अन्य समितिको प्रतिवेदन अनुसार हुनु पर्ने भएकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | *(प्रदेशको आफ्नो छुट्टै निशाना छाप हुने वा नहुने विषय राज्यपुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा निर्णय भए अनुसार गर्नु पर्ने)* |
| ३. | **८.संविधान संशोधन** | (१) जनतामा निहित सार्वभौमसत्ता, गणतन्त्रात्मक व्यवस्था, विधिको शासन, स्वतन्त्र न्यायपालिका, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता, बहुलवाद, बहुदलीय प्रतिष्पर्धा, बालिग मताधिकार र आवधिक निर्वाचन सम्बन्धी मूल्य र मान्यताहरुको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न सकिने छैन ।<br><br>(७) उपधारा (६) बमोजिम सहमतिका लागि पेश भएको विधेयक बहुमत संघीय इकाईका विधायिकाले तीन महिनाभित्र तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको बहुमतबाट स्वीकृत वा अस्वीकृत गरी सोको जानकारी संघीय | उपधारा (१) असहमतिको विषय भएकोले संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने ।<br><br>साविकको उपधारा (३) र (४) हटाइएको । | **यो धारासंग सम्बन्धित प्रश्नावली**<br><br>४.उपधारा (१) संग सम्बन्धित प्रश्नावली<br><br>देहायको विषयको प्रतिकूल असर पर्ने गरी संविधान संशोधन हुन नसक्ने भन्ने व्यवस्था राख्ने वा नराख्ने ?<br><br>(क) सार्वभौमसत्ता<br><br>(ख) राष्ट्रिय स्वाधिनता<br><br>(ग) संघीयता<br><br>(घ) बहुलवाद |

| | | | | |
|---|---|---|---|---|
| | | विधायिकामा पठाउनु पर्नेछ ।<br><br>तर कुनै संघीय इकाईको विधायिका विघटन भएको अवस्था रहेछ भने त्यस्तो विधायिका गठन भई पहिलो बैठक बसेको मितिले तीन महिनाभित्र स्वीकृत वा अस्वीकृत गरी पठाउनु पर्नेछ। | साविकको उपधारा (७) असहमतिको विषय भएकोले संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने । | ड) धर्म निरपेक्षता<br><br>च) स्थानीय स्वायत्तता र स्वशासन,<br><br>छ) समानुपातिक समावेशी<br><br>ज) आदिवासीको अग्राधिकार<br><br>यो धारासंग सम्बन्धित प्रश्नावली<br><br>५. धारा ८ को उपधारा (७) मा उल्लेख गरिएको विधेयक पछि रहेको "बहुमत संघीय इकाईको विधायिकाको" भन्ने शब्दहरुको सट्टा "५०% भन्दा बढी जनताको प्रतिनिधित्व गर्ने संघीय इकाईको विधायिकाले" भन्ने शब्द थप्ने वा नथप्ने? |
| ४. | **१४.संवैधानिक परिषद् सम्बन्धी व्यवस्था** | विषयगत समितिको प्रतिवेदनमा छुट्न गएको देखिएको । | छलफल नभएकोले *संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने ।* | *विषयगत समितिहरुबाट प्रस्तावित भई आएको नदेखिएको ।* |
| ५. | **१५.नेपाली राजदूत र विशेष प्रतिनिधि** | मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले समानुपातिक समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्नेछ । | *सहमति हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने ।* | यो धारासंग सम्बन्धित प्रश्नावली<br><br>६. नेपाली राजूत र विशेष प्रतिनिधि नियुक्ती समानुपातिक समावेशी सिद्धान्तको आधारमा गर्ने वा समावेशी सिद्धान्तको आधारमा गर्ने ? |

| | | | | |
|---|---|---|---|---|
| ६. | संक्रमणकालीन व्यवस्था | (नेपालको अन्तरिम संविधान, २०६३ खारेज हुने र नयाँ संविधान कार्यान्वयनमा नआईसकेको अवस्थालाई संक्रमणकालीन अवस्था भनिएको हो । हाल भएका संवैधानिक संयन्त्रमा के कस्तो परिवर्तन हुन्छ, तिनीहरुका काम, कर्तव्य र अधिकारमा के कस्तो अन्तर आउँछ र नयाँ संयन्त्र बन्न के कति समय लाग्छ भन्ने विषय स्पष्ट नभईकन संक्रमणकालीन व्यवस्थालाई पूर्णता दिन सकिदैन । विषयगत समितिहरुबाट प्राप्त मस्यौदा र संवैधानिक समितिबाट मस्यौदा एकीकरण भई संविधानको विधेयक तयार गर्ने अवधिसम्म संक्रमणकालीन व्यवस्था अन्तर्गत राखिनु पर्ने अन्य विषयहरु थप गर्नु पर्ने अवस्था आउने भएकोले यो भागलाई अन्तिमसम्म खुला राख्नु पर्ने समितिको सुझाव रहेको ।) | | यो भागसंग सम्बन्धित प्रश्नावली<br><br>१२. संक्रमणकालीन व्यवस्था अन्तर्गत प्रस्तावित व्यवस्थाको सट्टा देहायका प्रावधानहरु थप गर्नुपर्ने वा नपर्ने ?<br><br>नयाँ संविधान जारी भएको मितिले बढीमा एक महिनाभित्र राष्ट्रपति तथा मन्त्रिमण्डलको अन्तरिम व्यवस्था व्यवस्थापिका-संसदको रुपमा कायम रहने संविधान सभाले गर्ने ।<br><br>• संवैधानिक अंगका पदाधिकारीहरु र न्यायाधीशहरुको अन्तरिम व्यवस्था नयाँ संविधान जारी भएको तीन महिनाभित्र व्यवस्थापिका-संसदको रुपमा कायम रहने संविधान सभाले गर्ने ।<br>• स्वायत्त प्रादेशिक राज्यहरुको अन्तरिम व्यवस्था नयाँ संविधान जारी भएको तीन महिनाभित्र व्यवस्थापिका-संसदको रुपमा कायम रहने संविधानसभाले गर्ने ।<br>१३.बाधा अड्काउ फुकाउने अधिकार संक्रमणकालीन भाग अन्तर्गत राख्ने वा नराख्ने ?<br><br>१४.बाधा अड्काउ फुकाउने आदेश व्यवस्थापिका संसदबाट एकमहिना भित्र अनुमोदन |

| | | | | |
|---|---|---|---|---|
| | | | | गराउनु पर्ने वा नपर्ने<br><br>१५.संक्रमणकालीन व्यवस्था अन्तर्गत वर्तमान संविधानसभालाई नै व्यवस्थापिकाको रुपमा निरन्तरता दिने तर न्यायाधीश एवं संवैधानिक निकायका पदाधिकारीहरुको हकमा अन्यथा व्यवस्था राखिनुले दोहोरो मापदण्ड अवलम्बन गरेको देखिने हुँदा एकरुपता कायम गरिनुपर्ने वा नपर्ने ? |
| ७. | २१.राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्था | यो संविधान प्रारम्भ हुँदाका बखत बहाल रहेका राष्ट्रपति र उपराष्ट्रपति यस संविधान बमोजिम राष्ट्रप्रमुख र उपराष्ट्रप्रमुखको निर्वाचन नभएसम्म कायम रहनेछन् । | *सहमति हुन बाँकी देखिएकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने ।* | यो धारा सँग सम्बन्धित प्रश्नावली<br><br>७.राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्थाको सट्टामा "यो संविधान प्रारम्भ हुँदाका बखत बहाल रहेका राष्ट्रपति र उपराष्ट्रपति नयाँ संविधान बमोजिम निर्वाचन नभएसम्म कायम रहने र कुनै कारणवस पद रिक्त भएमा पदपूर्ति हुने प्रक्रिया अन्तरिम संविधान बमोजिम हुनेछ" भन्ने व्यवस्था राख्ने वा नराख्ने ?<br><br>(संक्रमणकालमा राष्ट्रपति र उपराष्ट्रपतिको पद रिक्त भएमा पूर्ति हुने प्रक्रियालाई पनि राज्यको शासकीय स्वरुप निर्धारण समितिको प्रतिवेदन प्राप्त भएपछि सोको आधारमा संशोधन गर्नु पर्ने हुन्छ ।) |

| | | | | |
|---|---|---|---|---|
| ८. | **२२.मन्त्रिपरिषद् सम्बन्धी व्यवस्था** | (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको मन्त्रिपरिषद् यसै संविधान अन्तर्गत गठन भएको मानिनेछ। | *उपधारा (१) मा सहमति हुन बाँकी देखिएकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउन उपयुक्त हुने ।* | यो धारा सँग सम्बन्धित प्रश्नावली<br><br>८.कार्यकारिणी सम्बन्धी व्यवस्थाको सङ्गमा "यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको मन्त्रिपरिषद् यसै संविधान अन्तर्गत भएको संघीय मन्त्रिपरिषद् मानिनेछ" भन्ने व्यवस्था राख्ने वा नराख्ने ? (संक्रमणकालमा मन्त्रीपरिषद विघटन भएमा पुन: गठन हुने प्रक्रियालाई पनि शासकीय स्वरुप समितिको प्रतिवेदन प्राप्त भएपछि सोको आधारमा संबोधन गर्नु पर्ने हुन्छ ।। |
| ९. | **२३.विधायिकी अधिकार** | (१) यस संविधान बमोजिमको संघीय विधायिकाको प्रथम अधिवेशन नबसेसम्म नेपालको विधायिकी अधिकार व्यवस्थापिका-संसदको हैसियतले वर्तमान संविधानसभाले नै प्रयोग गर्नेछ । | *उपधारा (१) मा सहमति हुन बाँकी देखिएकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने ।* | यो धारा सँग सम्बन्धित प्रश्नावली<br><br>९.विधायिकी अधिकार सम्बन्धी व्यवस्थाको सङ्गमा "यो संविधान बमोजिम निर्वाचित संघीय संसद/व्यवस्थापिका संसदबाट संघीय मन्त्रिपरिषद् गठन नभएसम्म साविकको मन्त्रिपरिषद् कायम रहने छ । तर संघीय संसद/व्यवस्थापिका संसदको प्रथम अधिवेशन पश्चात् ६० दिन भित्र यस संविधान अन्तर्गतको मन्त्रिपरिषद् गठन हुनेछ ।" भन्ने व्यवस्था राख्ने वा नराख्ने ? |
| १०. | **२४.न्यायपालिका** | (२) यो संविधान प्रारम्भ हुँदाका बखत सर्वोच्च अदालत, पुनरावेदन अदालत | *उपधारा (२) मा सहमति हुन* | यो धारा सँग |

| | | | | |
|---|---|---|---|---|
| | **सम्बन्धी व्यवस्था** | र जिल्ला अदालतहरूमा बहाल रहेका न्यायाधीशहरू यो संविधानमा व्यवस्था भएबमोजिमको नियुक्ति सम्बन्धी व्यवस्था कार्यान्वयन नभएसम्म आ-आफ्नो पदमा यथावत कायम रहनेछन्। | *बाँकी देखिएकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने ।* | सम्बन्धित प्रश्नावली<br><br>१० प्रस्तावित धारा २५ को उपधारा (२) मा रहेको 'बहाल रहेका न्यायाधीशहरु' भन्ने शब्दहरु पछि रहेको "यो संविधानमा व्यवस्था भएको नियुक्ति सम्बन्धी व्यवस्था कार्यान्वयन नभएसम्म" भन्ने शब्दहरुको सट्टा "यसै संविधान बमोजिम नियुक्ति भएको मानी आ-आफ्नो पदमा यथावत कायम रहने छन्" भन्ने व्यवस्था राख्ने वा नराख्ने ? |
| १९. | **२५.संवैधानिक निकाय र पदाधिकारीहरू सम्बन्धी व्यवस्था** | (३) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका संवैधानिक निकायमा कार्यरत पदाधिकारीहरु यो संविधानमा व्यवस्था भएबमोजिमको नियुक्ति सम्बन्धी व्यवस्था कार्यान्वयन नभएसम्म आ-आफ्नो पदमा यथावत कायम रहनेछन् । | *उपधारा (३) मा सहमति हुन बाँकी देखिएकोले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने ।* | यो धारा संग सम्बन्धित प्रश्नावली<br><br>१९.धारा २५ को उपधारा (३) मा रहेको 'कार्यरत पदाधिकारीहरु' भन्ने शब्द पछि रहेको "यो संविधानमा व्यवस्था भएको नियुक्ति सम्बन्धी व्यवस्था कार्यान्वयन नभएसम्म" भन्ने शब्दहरुको सट्टा 'यसै संविधान बमोजिम नियुक्ति भएको मानी आ-आफ्नो पदमा यथावत कायम रहने छन्' भन्ने शब्दहरु राख्ने वा नराख्ने ? |
| १२. | **२८.बाधा अड्काउ फुकाउने अधिकार** | यस संविधान बमोजिम विधायिकाको निर्वाचन भई विधायिकाको बैठक नबसेसम्म यो संविधानको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा राष्ट्रप्रमुखले मन्त्रिपरिषद्को सिफारिसमा त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सकोछ। | *यो विषयमा सहमति कायम हुन बाँकी देखिएकोले संवैधानिक-राजनीतिक संवाद तथा सहमति* | (यस भागमा लेखिएका कुराहरुमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले गर्ने वा राष्ट्रप्रमुखले गर्ने भन्ने विषयमा राज्यको शासकीय स्वरुप निर्धारण समितिको |

| | | | | |
|---|---|---|---|---|
| | | | *समितिमा पठाउन उपयुक्त हुने ।* | प्रतिवेदन प्राप्त भएपछि मात्र टुंगो लगाउने ॥ |
| १३. | **३०.संक्षिप्त नाम र प्रारम्भ :** | (१) यो संविधानलाई "नेपालको संविधान, २०६७" भनिनेछ ।<br>(२) यो संविधानका भाग ... धारा ... बाहेकका अन्य व्यवस्थाहरु सम्वत् दुई हजार सतसट्ठी साल जेठ महिनाको ... देखि प्रारम्भ हुनेछन् । भाग ... र धारा ... देखि प्रारम्भ हुनेछन् । | *यो धारामा सहमति हुन बाँकी देखिएकोले संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिमा पठाउने ।* | यो धारासंग सम्बन्धित प्रश्नावली<br>१६. नामको पछाडि रहेको सम्वत् राख्ने वा राख्न नपर्ने ?<br>१७ समाजवाद उन्मुख गणतन्त्र नेपालको संविधान,२०६७ भनी नाम राख्नुपर्ने वा नपर्ने ?<br>१८. संघीय गणतन्त्र नेपालको संविधान, २०६७ भनी नाम राख्नुपर्ने वा नपर्ने ?<br>१९. जनताको संघीय गणतन्त्र नेपालको संविधान, २०६७ भनी नाम राख्नुपर्ने वा नपर्ने ?<br>२०. गणतन्त्र नेपालको संविधान २०६७ भनी नामाकरण गर्नुपर्ने वा नपर्ने ?<br>२१. संविधानको नाम पछि साल उल्लेख गर्दा नेपाल संवत् ११३० उल्लेख गर्नुपर्ने वा नपर्ने ? |

खण्ड-२

## संविधानसभा, संवैधानिक समितिबाट गठित विवाद समाधान उप-समितिमा भएका सहमतिहरु

संविधानसभामा सहमति कायम नभई बाँकी रहेका विषयहरुमा सहमति कायम गर्नकोलागि संवैधानिक समितिलाई नै जिम्मेवारी दिएपछि संवैधानिक समितिबाट मिति २०६७।११।१३ मा गठित विवाद समाधान उप-समितिले विभिन्न मितिमा मतभेदका विषयहरुमा सहमति कायम गरेको देखिन्छ । संविधान निर्माण कार्यलाई यथाशीघ्र सम्पन्न गर्न संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिबाट सहमति कायम गर्ने क्रममा उक्त सहमतिहरु महत्वपूर्ण हुने हुँदा तपसिल बमोजिम उल्लेख गरिएको छ ।

| सि.नं | बैठक संख्या | बैठक मिति | बैठकको निर्णय |
|---|---|---|---|
| १ | २ | २०६७।११।१७ | संघीय व्यवस्थापिकामा प्रतिनिधिसभा र राष्ट्रियसभा दुई सदन रहने नीतिगत सहमति भएको |
| २ | ४ | २०६७।११।२० | १. प्रश्न नं. ७ मा रहेको संघीय व्यवस्थापिकाको नामाकरण "व्यवस्थापिका-संसद" राख्ने ।<br>२. प्रश्न नं. १२ मा रहेको प्रदेश व्यवस्थापिकाको नाम सम्बन्धमा समितिको प्रतिवेदनमा रहेको "प्रदेशसभा" नै उपयुक्त भएकोले अन्यथा गर्नु नपर्ने ।<br>३. प्रश्न नं. १८ र १९ मा रहेको महिला, दलित, आदिवासी जनजाति, मधेसी र मुस्लिम लगायतका समुदायको प्रतिनिधित्व र विशेषाधिकारको विषयलाई निर्वाचन प्रणाली र प्रश्न नं. ११ सँग आबद्ध गरी पछि टुंगो लगाउने ।<br>४. प्रश्न नं. २४ मा रहेको प्रत्याह्वान सम्बन्धी विषयलाई निर्वाचन प्रणालीसँग आबद्ध गरी पछि टुंगो लगाउने ।<br>५. प्रश्न नं. २५ मा रहेको विषय संघीय व्यवस्थापिका र प्रदेश व्यवस्थापिकाका सदस्यको शपथसँग सम्बन्धित रहेकोले संविधानको अनुसूचीलाई अन्तिम रुप प्रदान गर्दा ध्यान दिने ।<br>६. प्रश्न नं. २७ मा रहेको बहसमा बन्देजसम्बन्धी विषयलाई न्याय प्रणालीसँग सम्बन्धित विषयसँग आबद्ध गरी पछि टुंगो लगाउने ।<br>७. प्रश्न नं. ३२ मा रहेको विषय आत्मनिर्णयको अधिकारसँग सम्बन्धित रहेकोले राज्यको पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनसँग आबद्ध गरी पछि टुंगो लगाउने ।<br>८. मिति २०६७।११।१७ मा भएको संघीय व्यवस्थापिकामा दुई सदन रहने भन्ने नीतिगत निर्णय र आज भएको माथि बुंदा नं. १ देखि ७ नं. सम्मका निर्णय समेतका आधारमा व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी प्रश्नहरुमध्ये प्रश्न नं. ६, ७, ८, १२, १४, १५, १६, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २६, २७, २८, २९, ३०, ३१, ३२, |

| | | | |
|---|---|---|---|
| | | | ३३, ३४ र ३५ मा रहेका विषयहरु विवादित विषयको सूचीमा राखिरहनु आवश्यक नभएकोले सूचीबाट हटाउने।<br>९. अब व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी प्रश्न नं. ९, १०, ११ र १३ का विषयमा उपसमितिको अर्को बैठकमा छलफल गर्ने । |
| ३ | ५ | २०६७।११।२५ | १. संघीय व्यवस्थापिकाको तल्लो सदन विघटन भई निर्वाचनको मिति निर्धारण भएकोमा उक्त मितिमा निर्वाचन हुन नसकेमा स्वतः पुनर्स्थापना हुने व्यवस्था गर्ने वा नगर्ने भन्ने विषय शासकीय स्वरुपको निर्धारणसँग पनि सम्बन्धित रहेकोले उक्त विषयमा छलफल हुँदा ध्यान दिने गरी उक्त प्रश्न सूचीबाट हटाउने ।<br>२. संघीय व्यवस्थापिकाका दुवै सदन र प्रदेशसभामा कति सदस्य संख्या हुने भन्ने विषयको अन्तिम टुंगो राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति र राज्यको शासकीय स्वरुप निर्धारण समितिको प्रतिवेदन अन्तिम गर्दा गर्न सकिने नै भएकोले अहिले उक्त दुवै प्रश्न विवादित विषयको सूचीबाट हटाउने ।<br>३. संघीय व्यवस्थापिकामा के, कसरी र कस्ता कस्ता वर्ग, समुदाय र क्षेत्रबाट प्रतिनिधित्व गराउने भन्ने प्रश्न निर्वाचन प्रणालीसँग सम्बन्धित रहेको देखिंदा उक्त विषय निर्वाचन प्रणालीमाथि छलफल हुँदा सम्बोधन गर्ने गरी उक्त प्रश्न विवादित विषयको सूचीबाट हटाउने । |
| ४ | ७ | २०६७।११।२७ | राष्ट्रिय महत्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनैतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानून बाझिएको विषय लगायतका विषय हेर्न अलगै संवैधानिक अदालतको स्थापना गर्ने सहमति भएको छ । साथै सर्वोच्च अदालतका प्रधान न्यायाधीश नै संवैधानिक अदालतको पदेन अध्यक्ष हुने समेत सहमति भएको छ । न्याय प्रणाली सम्बन्धी समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी अरु सबै विषयको समेत सम्बोधन हुने गरी संवैधानिक अदालतको क्षेत्राधिकार, सर्वोच्च अदालतको क्षेत्राधिकार, दुवै अदालतमा रहने न्यायाधीशहरुको संख्या, न्यायाधीशहरुको योग्यता लगायतका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्यदललाई जिम्मेवारी दिने । |
| ५ | १० | २०६७।१२।८ | १. संवैधानिक समितिको प्रतिवेदनमा रहेको संक्रमणकालीन व्यवस्था अन्तर्गत धारा २१ मा रहेको व्यवस्थालाई उपधारा (१) अन्तर्गत राख्ने र उपधारा (२) मा देहाय बमोजिमको व्यवस्था थप गर्ने :-<br>"(२) उपधारा (१) बमोजिम कायम रहेका राष्ट्रपति र उपराष्ट्रपतिको पद कुनै कारणले रिक्त हुन आएमा तत्काल कायम रहेको व्यवस्थापिका-संसदबाट निर्वाचन गरी पदपूर्ति गरिनेछ ।"<br>२. संवैधानिक समितिको प्रतिवेदनमा रहेको संक्रमणकालीन व्यवस्थाअन्तर्गत धारा २२, २३, २४ र २५ मा रहेको व्यवस्था उपयुक्त रहेकोले यथावत कायम राख्ने ।<br>प्रश्न नं. २१ देखि २७ सम्मका सबै ७ वटा विषयको सम्बोधन भएकोले ती विषयहरुलाई टुंगो लाग्न बाँकी विषयको सूचीबाट |

| | | | |
|---|---|---|---|
| | | | हटाउने । |
| ६ | १२ | २०६७।२।१५ | कार्यदलका संयोजक लक्ष्मणलाल कर्णले न्यायप्रणाली सम्बन्धी समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी विषयहरुको संबोधन गर्ने सम्बन्धमा तयार भएको प्रस्ताव उपसमितिमा पेश गर्नु भएको र उक्त प्रस्ताव जस्ताको तस्तै अनुसूचीमा राखिएको । |
| ७ | १५ | २०६८।२।५ | राष्ट्रियसभाको भूमिका, काम, कर्तव्य र अधिकार सम्बन्धमा संवैधानिक समितिको सचिवालयले तयार गरेको प्रस्ताव पेश भएको र उक्त प्रस्ताव जस्ताको तस्तै अनुसूचीमा राखिएको । त्यसै सन्दर्भमा भएको सहमति :<br><br>१. भावी संविधानको नाम " नेपालको संविधान राख्ने । यस सम्बन्धी विवादको सूचीमा रहेका ६ वटा प्रश्न हटाउने ।<br><br>२. शिविरमा रहेका लडाकुहरुको (जनमुक्ति सेनाको) पुनर्स्थापना, व्यवस्थापन र समायोजन लगायतको शान्ति प्रक्रिया टुंगो लागेपछि मात्र नयाँ संविधान जारी हुने भएकोले सो सम्बन्धी विषय नयाँ संविधानमा राख्न नपर्ने हुंदा राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदनमा रहेको यस सम्बन्धी टुंगो लाग्न बाँकी विषयलाई विवादको सूचीबाट हटाउने । |
| ८ | १६ | २०६८।२।६ | राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी रहेको १८ वर्ष उमेर पुगेका नागरिकलाई सरकारले सैनिक तालिमकोलागि आव्हान गर्न सक्ने, त्यसरी आव्हान भएकोमा तालिम लिई सेवा गर्नु पर्ने व्यवस्था राख्ने वा नराख्ने भन्ने विषयमा छलफल हुंदा "राष्ट्रले चाहेका बखत अनिवार्य सेवा गर्नु नागरिकको कर्तव्य हुने" व्यवस्था समेत संलग्न रहेकोले उक्त विषयलाई विवादको सूचीबाट हटाउने सर्वसम्मतिले निर्णय भएको । |
| ९ | ३० | २०६८।४।२८ | विवाद समाधान उपसमिति अन्तर्गत निर्माण गरिएको कार्यदलका संयोजक माननीय श्री लक्ष्मणलाल कर्णले शासकीय स्वरुप र निर्वाचन प्रणाली दुवै विषयमा तुलनात्मक अध्ययन गरी कार्यदलले तयार पारेको सुझावसहितको लिखित प्रतिवेदन पेश गर्नु भएको र उक्त प्रतिवेदनमाथि उपसमितिको आगामी बैठकबाट छलफल प्रारम्भ गर्ने सहमति भएको । |
| १० | ३४ | २०६८।८।२७ | "१. संघीय व्यवस्थापिका-संसदको निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणालीको मिश्रित स्वरुप) अवलम्बन गर्ने ।<br><br>२. सबै तहका निर्वाचनमा १८ वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मतदानको अधिकार हुने । |
| ११ | ३५ | २०६८।८।२९ | १. संविधानसभाले संवैधानिक समितिलाई मिति २०६७।१०।१२ मा दिएको निर्देशनको बुंदा नं. ४ मा उल्लेख भए बमोजिम मौलिक हकको रुपमा प्रत्याभूत गरिएका उही कुरालाई राज्यका निर्देशक |

| | | | |
|---|---|---|---|
| | | | सिद्धान्त तथा नीतिमा नदोहोऱ्याउन हिजो मिति २०६८।८।२८ गतेको संवैधानिक समितिमा छलफल भई सो विषयमा अध्ययन गरी सुझाव पेश गर्न यस विवाद समाधान उपसमितिमा पठाइएकोमा संवैधानिक समितिमा भएको छलफललाई समेत आधार लिई भाषा र भाव दुवै रुपमा दोहोरिएका विषयहरुलाई यकिन गरी उपसमितिमा सुझाव पेश गर्न उपसमिति अन्तर्गत निर्माण भएको कार्यदललाई जिम्मेवारी दिने ।<br><br>२. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनमा रहेको मौलिक हक सम्बन्धी मस्यौदाको सि.नं. ५ को न्याय सम्बन्धी हकको उपधारा (४) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्ने :-<br><br>"तर यो संविधान जारी भएपछि घटित मानवता विरुद्धको अपराध, युद्ध अपराध र आम नरसंहार सम्बन्धी अपराधमा भूतप्रभावी कानून बनाएर सजाय गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।"<br><br>३. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनमा रहेको मौलिक हक सम्बन्धी मस्यौदाको सि.नं.१० को सम्पत्तिसम्बन्धी हकको समग्र व्यवस्था उपयुक्त र पर्याप्त रहेकोले उक्त व्यवस्थामाथि परेका फरक मतसँग सम्बन्धित जग्गाको हदबन्दी, क्षतिपूर्ति र समग्र सम्पत्तिको सीमा सम्बन्धी तीन वटा टुंगो लाग्न बाँकी विषयहरु अब विवादको सूचीमा राख्न नपर्ने भएकोले हटाउने । |
| १२ | ३६ | २०६८।९।१३ | १. संवैधानिक समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी रहेको संविधान संशोधनसँग सम्बन्धित धाराको उपधारा (७) मा "बहुमत संघीय इकाईको विधायिकाले" भन्ने शब्दावली राख्ने वा "५० प्रतिसतभन्दा बढी जनताको प्रतिनिधित्व गर्ने संघीय इकाईका विधायिकाले" भन्ने शब्दावली राख्ने विषयलाई राज्यको पुनर्संरचनाको विषय टुंगो लगाउँदा संबोधन गर्ने गरी हाललाई उक्त प्रश्न यहाँ कायम नराख्ने।<br><br>२. संवैधानिक समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी रहेको विविध भागसँग सम्बन्धित नेपाली राजदूत र विशेष प्रतिनिधिको नियुक्ति समावेशी समानुपातिक सिद्धान्तको आधारमा गर्ने भन्ने विषयलाई सामाजिक न्यायको हकमा मीलान गरी सोको व्याख्यात्मक टिप्पणीमा "सार्वजनिक सेवा भन्ने शब्दावलीभित्र नेपाली राजदूत र विशेष प्रतिनिधिले गर्ने सेवा पनि समावेश हुने व्यहोरा राख्ने । |
| १३ | ४१ | २०६८।९।१५ | कार्यदलका संयोजक माननीय श्री लक्ष्मणलाल कर्णले पेश गर्नु भएको प्रतिवेदनमा सहमति भएका विषय:<br><br>१. विवादित विषयमध्ये बुँदा नं. ३ को प्रश्न नं. ४ मा रहेको विषय । |

| | | | |
|---|---|---|---|
| | | | विवादित ७५ वटा प्रश्नको सूचीमा ४५ नं. मा रहेको प्रश्न) मा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनको सि.नं. २ को उपधारा (१) मा रहेको "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था" भन्ने शब्दावली नै उपयुक्त रहेकोले यथावत् कायम राख्ने र यसमा परिवर्तनको आवश्यकता नरहेकोले यो प्रश्न कायम राख्न नपर्ने ।<br><br>२. विवादित विषयमध्ये बुँदा नं. ४ अन्तर्गतका ५ देखि ११ नं. सम्मका प्रश्नहरु (विवादित ७५ वटा प्रश्नको सूचीमा ४८,४९,५०,५१,५२,५३ र ५९ नं. मा रहेका प्रश्नहरु) राजनीतिक अग्राधिकार र आत्मनिर्णयको अधिकारसँग सम्बन्धित रहेका उक्त दुवै विषय राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा विवादको सूचीमा रहेको हुनाले यहाँबाट यी प्रश्नहरु हटाउने । यी दुवै विषयमा राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदन टुंगो लगाउँदा छलफल गरी टुंगो लगाउन उपयुक्त हुने ।<br><br>३. विवादित विषयमध्ये प्रस्तावनासँग सम्बन्धित प्रश्न नं. १२ ( विवादित ७५ वटा प्रश्नको सूचीमा ७५ नं. मा रहेको प्रश्न) को सन्दर्भमा संवैधानिक समितिको प्रतिवेदनमा रहेको प्रस्तावनाको अनुच्छेद ३ लाई यसरी पुनर्लेखन गर्ने :-<br><br>"राष्ट्रियहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन र सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीदहरु तथा बेपत्ता र पीडित नागरिकहरुलाई सम्मान गर्दै"<br><br>४. प्रस्तावनासँग संबन्धित प्रश्न नं. १३ मा रहेको "बहुलवाद" सँग सम्बन्धित विषय (विवादित ७५ वटा प्रश्नको सूचीमा ५८ नं. मा रहेको प्रश्न) र संविधान संशोधन सम्बन्धी विषय टुंगो लाग्न बाँकी रहेकोले त्यसलाई त्यही स्थानमा छलफल गरी टुंगो लगाउन सकिने भएकोले यो प्रश्न पनि कायम राख्न नपर्ने ।<br><br>५. मौलिक हकको रुपमा प्रत्याभूत गरिएका उही कुरालाई राज्यका निर्देशक सिद्धान्त तथा नीतिमा नदोहोऱ्याउन मिति २०६८।८।२८ गते संवैधानिक समितिमा भएको छलफललाई समेत आधार लिई भाषा र भाव दुवै रुपमा दोहोरिएका विषयहरुलाई यकिन गरी सुझाव पेश गर्न उपसमितिमा प्राप्त भएकोमा सो विषयमा उपसमिति अन्तर्गत निर्माण गरिएको कार्यदलले आज पेश गरेको प्रतिवेदनमाथि छलफल भई उक्त विषयलाई अन्तिम रुप प्रदान गरिएकोले संवैधानिक समितिमा पेश गर्ने ।<br><br>उपसमितिको मिति २०६८।८।२९को बैठकमा एकसरो छलफलबाट |

| | | | |
|---|---|---|---|
| | | | सहमति कायम भएका, संवैधानिकसमितिमा पनि छलफल गर्न उपयुक्त हुने देहायका विषयहरु पनि संवैधानिक समितिमा प्रस्तुत गर्ने ।<br><br>१. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनमा रहेको मौलिक हक सम्बन्धी मस्यौदाको सि.नं. ५ को न्यायसम्बन्धी हकको उपधारा (४) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्ने :-<br><br>"तर यो संविधान जारी भएपछि घटित मानवता विरुद्धको अपराध, युद्ध अपराध र आम नरसंहार सम्बन्धी अपराधमा भूतप्रभावी कानून बनाएर सजाय गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।"<br><br>२. मौलिक अधिकार तथा निर्देशक सिद्धान्तको सि नं. १० को सम्पत्ति सम्बन्धी हकको समग्र व्यवस्था उपयुक्त र पर्याप्त रहेकोले उक्त व्यवस्थामाथि परेका फरकमतसँग सम्बन्धित तीनवटा टुंगो लाग्न बाँकी विषयहरु अब विवादको सूचीमा राख्न नपर्ने भएकोले हटाउने ।" |

**ध्यानाकर्षण** : विवाद समाधान उपसमितिको प्रतिवेदनको पृष्ठ ६३ देखि पृष्ठ ९३ सम्म उल्लिखित भएका संवैधानिक समितिबाट गठित विवाद समाधान उपसमितिले मिति २०६९।२।२ मा गठन गरेको कार्यदलले मिति २०६९।२।३ मा पेश गरेको प्रतिवेदन संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिलाई सन्दर्भ सामाग्री हुने देखिएकोले ध्यान आकर्षण गराइएको छ ।

## अनुसूची-७
## संविधानसभा
## संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिका सदस्यहरु

**सभापति मा० श्री विष्णु प्रसाद पौडेल**

१ मा० श्री अग्नीप्रसाद सापकोटा
२ मा० श्री अर्जुनप्रसाद जोशी
३ मा० श्री अनन्तप्रसाद पौडेल
४ मा० श्री अनीताकुमारी परियार
५ मा० श्री अभिषेकप्रताप शाह
६ मा० श्री अम्बिका बस्नेत
७ मा० श्री आशा चतुर्वेदी
८ मा० श्री उषा गुरुङ्ग
९ मा० श्री कमलेश्वर पूरी गोस्वामी
१० मा० श्री किरण यादव
११ मा० श्री कुन्तीकुमारी शाही
१२ मा० श्री कुल बहादुर गुरुङ
१३ मा० श्री केशवकुमार बुढाथोकी
१४ मा० श्री गणेशकुमार काम्वाङ्ग
१५ मा० श्री गणेश सिंह ठगुन्ना
१६ मा० श्री गंगालाल तुलाधर
१७ मा० श्री जनार्दन शर्मा
१८ मा० श्री जीवनबहादुर शाही
१९ मा० श्री टेकबहादुर बस्नेत
२० मा० श्री टोपबहादुर रायमाझी
२१ मा० श्री डम्बरध्वज तुम्बाहाम्फे
२२ मा० श्री दलजित बि.के. श्रीपाली
२३ मा० श्री दलबहादुर सुनार
२४ मा० श्री दिपक कार्की
२५ मा० श्री दिपक खड्का
२६ मा० श्री दिपक बोहरा
२७ मा० श्री दिलबहादुर घर्ती
२९ मा० श्री धनराज गुरुङ्ग
३० मा० श्री ध्यानगोविन्द रंजित
३१ मा० श्री ध्रुव बाग्ले
३२ मा० श्री नविन्द्रराज जोशी
३३ मा० श्री नारायणप्रकाश साउद
३४ मा० श्री पशुपति चौलागाई
३५ मा० श्री पार्बत गुरुङ
३६ मा० श्री प्रेम सुवाल
३७ मा० श्री बलबहादुर के.सी
३८ मा० श्री बादशाह कुर्मि
३९ मा० श्री बिक्रम पाण्डे
४० मा० श्री बिरेन्द्रप्रसाद महतो
४१ मा० डा० बंशीधर मिश्र
४२ मा० श्री बृजेशकुमार गुप्त
४३ मा० श्री भरतकुमार शाह
४४ मा० श्री भास्कर भद्रा
४५ मा० श्री भीमप्रसाद आचार्य
४६ मा० श्री भीमबहादुर रावल
४७ मा० श्री मदनबहादुर अमात्य
४८ मा० श्री मानबहादुर विश्वकर्मा
४९ मा० श्री मिनाक्षी झा
५० मा० श्री मीनबहादुर विश्वकर्मा
५१ मा० श्री मिना पुन
५२ मा० श्री रत्न शेरचन
५३ मा० श्री रविन्द्र अधिकारी
५४ मा० श्री राजेन्द्रप्रसाद पाण्डे
५५ मा० श्री राधादेवी तिमिल्सिना
५६ मा० श्री रामचन्द्र यादव (सिराहा-२)
५७ मा० श्री रामजनम चौधरी
५८ मा० श्री रुपा महर्जन श्रेष्ठ
५९ मा० श्री लिला मगर
६० मा० श्री विक्रमबहादुर थापा
६१ मा० श्री विमलकुमार केडिया
६२ मा० श्री विरबहादुर बलायर
६३ मा० श्री विशाल भट्टराई
६४ मा० श्री वैजनाथ चौधरी थारु
६५ मा० श्री शिवचन्द्र चौधरी
६६ मा० श्री सत्यनारायण मण्डल
६७ मा० श्री सन्तकुमार थारु
६८ मा० डा० सुबोधकुमार पोखरेल
६९ मा० श्री श्रवणकुमार अग्रवाल
७० मा० श्री श्रीमाया थकाली
७१ मा० श्री हरिबोलप्रसाद गजुरेल

अनुसूची-२

## समितिको कार्यतालिका र कार्यविधि

| सि.नं. | विषयगतप्रतिवेदनको नाम | अध्ययन उपसमिति गठन गर्ने | उपसमितिले गर्ने | | समिति मा छलफल गर्ने | प्रतिवेदन तयारी र पेश गर्ने |
|---|---|---|---|---|---|---|
| | | | अध्ययनगर्ने | प्रतिवेदन पेश गर्ने | | |
| १ | संवैधानिक समिति | २०७१ वैशाख ४ गतेभित्र | २०७१ वैशाख १० गतेसम्म | २०७१ वैशाख २० गतेसम्म | समितिमा पेश भएका अध्ययन उपसमितिको प्रतिवेदन उपर २०७१ वैशाख२१ देखि जेठ ५गते सम्म क्रमश: छलफल गर्दै जाने | उप समितिको प्रतिवेदनउपर समितिमा छलफल र पारित भएपश्चात ५ दिनभित्र आंशिक प्रतिवेदन तयार गरी क्रमश सभामा पेश गर्दै जाने : |
| २ | मौलिकअधिकार तथा निर्देशक सिद्धान्त समिति | " | " | " | | |
| ३ | अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति | " | " | " | | |
| ४ | राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति | " | " | " | | |
| ५ | व्यवस्थापिकीय अङ्गको स्वरुपनिर्धारण समिति | " | " | " | | |
| ६ | राज्यको शासकीय स्वरुप निर्धारण समिति | " | " | " | | |
| ७ | न्याय प्रणाली सम्बन्धी समिति | " | " | " | | |
| ८ | संवैधानिक निकायको संरचना निर्धारण समिति | " | " | " | | |
| ९ | प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति | " | " | " | | |
| १० | सांस्कृतिक र सामाजिक एक्यवद्धताको आधार निर्धारण समिति | " | " | " | | |
| ११ | राष्ट्रिय हितको संरक्षण समिति | " | " | " | | |
| १२ | अवधारणा पत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन अध्ययन समितिको प्रतिवेदन | " | " | " | | |
| १३ | विवाद समाधान उपसमितिको प्रतिवेदन | | | | | |

अनुसूची-३

प्रतिवेदन छलफलको कार्यतालिका, २०७१

| सि.नं. | प्रतिवेदनको नाम | प्रतिवेदन समितिमा पेश गर्ने | समितिमा छलफल गरेर निर्णयमा पुग्ने | संविधानसभामा पेश गर्नको लागि प्रतिवेदन तयार गर्ने |
|---|---|---|---|---|
| १. | प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिको प्रतिवेदन | २०७१/१/२३ | २०७१/१/२५ | २०७१/१/२७ |
| २. | राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदन | २०७१/१/२३ | २०७१/१/२५ | २०७१/१/२७ |
| ३. | राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदन | २०७१/१/२५ | २०७१/१/२६ | २०७१/१/२७ |
| ४. | न्याय प्रणाली सम्बन्धी समितिको प्रतिवेदन | २०७१/१/२६ | २०७१/१/२८ | २०७१/१/२९ |
| ५. | मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदन | २०७१/१/२८ | २०७१/१/३० | २०७१/२/१ |
| ६. | साँस्कृतिक र सामाजिक एक्येवद्धताको आधार निर्धारण समितिको प्रतिवेदन | २०७१/१/३० | २०७१/२/२ | २०७१/२/३ |
| ७. | राज्यको शासकीय स्वरुप निर्धारण समितिको प्रतिवेदन | २०७१/२/२ | २०७१/२/४ | २०७१/२/५ |
| ८. | व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समितिको प्रतिवेदन | २०७१/२/४ | २०७१/२/६ | २०७१/२/७ |
| ९. | संवैधानिक समितिको प्रतिवेदन | २०७१/२/६ | २०७१/२/८ | २०७१/२/९ र १० |
| १० | अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिको प्रतिवेदन | २०७१/२/८ | २०७१/२/११ | २०७१/२/१२ |
| ११. | संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदन | २०७१/२/११ | २०७१/२/१३ | २०७१/२/१४ |

अनुसूची-४

उपसमितिहरू

१. प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति र राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदन अध्ययन उप-समिति

| | | | |
|---|---|---|---|
| १ | **मा.श्री रविन्द्र अधिकारी - संयोजक** | ७ | मा.श्री पार्वत गुरुङ |
| २ | मा.श्री गंगालाल तुलाधर | ८ | मा.श्री बादशाह कुर्मी |
| ३ | मा.श्री टेकबहादुर बस्नेत | ९ | मा.श्री भरतकुमार शाह |
| ४ | मा.श्री डम्बरध्वज तुम्बाहाम्फे | १० | मा.श्री विक्रमबहादुर थापा |
| ५ | मा.श्री ध्रुव वाग्ले | ११ | मा.श्री विमलकुमार केडिया |
| ६ | मा.श्री नारायणप्रकाश साउद | १२ | मा. श्री शिवचन्द्र चौधरी |

२. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति र न्याय प्रणाली सम्बन्धी समितिको प्रतिवेदन अध्ययन उप-समिति

| | | | | |
|---|---|---|---|---|
| १ | **मा.श्री मीन बहादुर विश्वकर्मा** | **संयोजक** | ७ | मा.श्री आशा चतुर्वेदी |
| २ | मा.श्री अग्नी प्रसाद सापकोटा | | ८ | मा.श्री दिलबहादुर घर्ती |
| ३ | मा.श्री अनन्तप्रसाद पौडेल | | ९ | मा.श्री पशुपति चौलागाईं |
| ४ | मा. श्री अभिषेकप्रताप शाह | | १० | मा.श्री मिनाक्षी झा |
| ५ | मा.श्री अनिता परियार | | ११ | मा.श्री रामचन्द्र यादव (सिराहा-२) |
| ६ | मा.श्री अर्जुनप्रसाद जोशी | | | |

३. अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति र साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको प्रतिवेदन अध्ययन उप-समिति

| | | | | | |
|---|---|---|---|---|---|
| १ | **मा.श्री उषा गुरुङ** | **संयोजक** | ६ | मा. श्री वीरेन्द्रप्रसाद महतो | सदस्य |
| २ | मा.श्री कुलबहादुर गुरुङ | सदस्य | ७ | मा.श्री भीमप्रसाद आचार्य | सदस्य |
| ३ | मा.श्री गणेश कुमार काम्बाङ्ग | सदस्य | ८ | मा.श्री मानबहादुर विश्वकर्मा | सदस्य |
| ४ | मा.श्री दलजीत वि.के.श्रीपाली | सदस्य | ९ | मा.श्री सत्यनारायण मण्डल | सदस्य |
| ५ | मा.श्री ध्यानगोविन्द रञ्जितकार | सदस्य | | | |

### ४. व्यवस्थापिकीय अंगको स्वरूप निर्धारण समिति र संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदन अध्ययन उप-समिति

| | | | | | |
|---|---|---|---|---|---|
| १ | मा. डा. सुवोधकुमार पोखरेल | संयोजक | ६ | मा. श्री टोपबहादुर रायमाझी | सदस्य |
| २ | मा. श्री कमलेश्वर पुरी गोश्वामी | सदस्य | ७ | मा. श्री दिपक खड्का | सदस्य |
| ३ | मा. श्री किरण यादव | सदस्य | ८ | मा. डा. श्री वंशीधर मिश्र | सदस्य |
| ४ | मा. श्री केशवकुमार बुढाथोकी | सदस्य | ९ | मा. श्री वृजेशकुमार गुप्त | सदस्य |
| ५ | मा. श्री गणेश सिंह ठगुन्ना | सदस्य | १० | मा. श्री वैजनाथ चौधरी थारु | सदस्य |

### ५. संवैधानिक समिति, अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन अध्ययन समितिकि प्रतिवेदन र विवाद समाधान सम्बन्धमा गठित उपसमितिको प्रतिवेदन अध्ययन उप समिति

| | | | |
|---|---|---|---|
| १. मा.श्री भीमबहादुर रावल | संयोजक | ८. मा. श्री बलबहादुर के.सी | सदस्य |
| २. मा.श्री अम्बिका बस्नेत | सदस्य | ९.मा. श्री रत्न शेरचन | सदस्य |
| ३. मा.श्री कुन्तीकुमारी शाही | सदस्य | १०. मा.श्री रुपा महर्जन | सदस्य |
| ४. मा.श्री जनार्दन शर्मा | सदस्य | ११. मा.श्री विशाल भट्टराई | सदस्य |
| ५. मा.श्री दलबहादुर सुनार | सदस्य | १२. मा.श्री श्रीमाया थकाली | सदस्य |
| ६. मा.श्री दिपक बोहरा | सदस्य | १३. मा. श्री प्रेम सुवाल | सदस्य |
| ७. मा.श्री धनराज गुरुङ | सदस्य | | |

### ६. राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदन र राज्यको शासकीय स्वरूप निर्धारण समितिको प्रतिवेदन अध्ययन उप समिति

| | | | | | |
|---|---|---|---|---|---|
| १ | मा.श्री हरिबोल प्रसाद गजुरेल | संयोजक | ९ | मा.श्री मीना पुन | सदस्य |
| २ | मा.श्री जीवन बहादुर शाही | सदस्य | १० | मा.श्री राजेन्द्र प्रसाद पाण्डे | सदस्य |
| ३ | मा.श्री दिपक कार्की | सदस्य | ११ | मा.श्री रामजनम चौधरी | सदस्य |
| ४ | मा.श्री नविन्द्रराज जोशी | सदस्य | १२ | मा.श्री लीला मगर | सदस्य |
| ५ | मा.श्री बिक्रम पाण्डे | सदस्य | १३ | मा.श्री वीरबहादुर बलायर | सदस्य |
| ६ | मा.श्री राधादेवी तिमल्सिना | सदस्य | १४ | मा.श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| ७ | मा.श्री भाष्कर भद्रा | सदस्य | १५ | मा.श्री सन्त कुमार थारु | सदस्य |
| ८ | मा.श्री मदनबहादुर अमात्य | सदस्य | १६ | मा. श्री श्रवणकुमार अग्रवाल | सदस्य |

## अनुसूची- ७

## संविधानसभाबाट संवैधानिक समितिलाई दिइएका सुझाव एवं निर्देशनहरू

**१.प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँट समितिको प्रतिवेदन सम्बन्धमा**

मिति २०६६/१०/२० मा संवैधानिक समितिलाई दिएको सुझाव र निर्देशन :

१. **प्राकृतिक स्रोत**, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समितिको प्रतिवेदन साथ संलग्न प्रारम्भिक **मस्यौदाको** सि.नं. १ को प्रस्तावना नियमावली बमोजिम संवैधानिक समितिको कार्यक्षेत्रमा पर्ने **देखिएको**, सि.नं. २ को आर्थिक अधिकार अन्तर्गत धारा १ देखि ८ सम्म रहेका मौलिक हक, सि.नं. ३ मा रहेको **मौलिक** कर्तव्य र सि.नं. ४ को धारा १० देखि १३ सम्म रहेका राज्यको दायित्व, सिद्धान्त र नीतिहरु **सम्बन्धी** विषयहरु नियमावली बमोजिम मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको **कार्यक्षेत्रभित्र** पर्ने देखिएको, सि.नं. ८ राष्ट्रिय सर्वसंचित कोष, सि.नं. ९ अर्थ विधेयक, सि.नं. १० **राष्ट्रिय सर्वसंचित** कोषबाट व्यय, सि.नं. ११ राष्ट्रिय सर्वसंचित कोषमाथि व्ययभार, सि.नं. १२ **राजश्व** र व्ययको अनुमान, सि.नं. १३ विनियोजन ऐन, सि.नं. १४ पूरक अनुमान, सि.नं. १५ पेश्की **खर्च**, सि.नं. १६ राजश्व र व्यय सम्बन्धी विशेष व्यवस्था, सि.नं. १७ उधारो खर्च, सि.नं. १८ **आकस्मिक कोष**, सि.नं. १९ आर्थिक कार्यविधि सम्बन्धी ऐन सम्बन्धी विषय नियमावलीमा स्पष्ट नभए पनि कार्यक्षेत्र विस्तार गर्दा व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिले आफ्नो **कार्यक्षेत्रभित्र** समावेश गरेकोमा सम्माननीय अध्यक्षज्यूको अध्यक्षतामा बसेको समितिका **सभापतिहरुको** मिति २०६५।१०।१४ मा बसेको संयुक्त बैठकले त्यसलाई स्वीकार गरेको हुँदा यी **विषयहरु व्यवस्थापिकीय** अंगको स्वरुप निर्धारण समिति कै कार्यक्षेत्रभित्रका विषय मान्नु पर्ने र सो को **मस्यौदा** पनि त्यही प्रतिवेदनमा आधारित रहेर गर्नु पर्ने देखिन्छ । साथै सि.नं. २७ मा रहेको **सन्धि वा सम्झौताको** अनुमोदन, सम्मिलन स्वीकृति वा समर्थन सम्बन्धी विषय नियमावली बमोजिम **राष्ट्रिय हितको संरक्षण समितिको** कार्यक्षेत्र भित्र पर्ने देखिन्छ । उल्लिखित विषयमा सम्बन्धित **समितिको** मस्यौदा आधिकारिक हुने, प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँट **समितिको मस्यौदामा** आर्थिक र राजश्व बाँडफाँडका दृष्टिले राख्न सिफारिस गरिएका विषयलाई **संवैधानिक समितिले** महत्वपूर्ण सन्दर्भ सामग्रीको रुपमा ग्रहण गर्न उपयुक्त हुने भएको र सो विषयमा सम्माननीय अध्यक्षज्यूले संविधानसभाको मिति २०६६।२।१३ को बैठकमा रुलिङ्ग गरिसक्नु भएको हुँदा सोही बमोजिम गर्न सुझाव दिने । दोहोरिएका ती विषयमा सभामा छलफल हुँदा उठेका र **मतैक्यता** कायम हुन नसकेका विषय पनि सम्बन्धित समितिको मस्यौदाबाट निर्णय भई सम्बोधन हुने भएकोले समितिले यहाँ छलफल र निर्णय गरेको छैन ।

२. प्रारम्भिक मस्यौदाको सि.नं. ५ धारा १४ को उपधारा (१२) को व्याख्यात्मक टिप्पणीमा रहेको **"स्वायत्तताको सिद्धान्तलाई सम्मान गर्न"** भन्ने व्यहोराको सट्टा "स्वायत्तताको सिद्धान्तलाई स्वीकार र **लागू गर्न आवश्यक भएकोले"** भन्ने व्यहोरा राख्ने ।

३. **प्रारम्भिक मस्यौदाको** सि.नं. २४ धारा ३४ मा राष्ट्रिय प्राकृतिक स्रोत आयोग सम्बन्धी व्यवस्था रहेको **देखिन्छ** । उक्त आयोगको प्रमुख काम, कर्तव्य र अधिकार प्राकृतिक स्रोत सम्बन्धी विषयमा संघ र **प्रदेश, प्रदेश-प्रदेश** , प्रदेश र स्थानीय सरकार र स्थानीय सरकार-स्थानीय सरकारबीच उठ्ने विवाद **निरुपण** गर्ने गरी व्यवस्था गरिएको पाइन्छ । संविधानसभा नियमावली,२०६५ को नियम ६६ को क्र.सं. ३ मा संघीय इकाईहरुबीच उत्पन्न हुन सक्ने विवादको समाधान सम्बन्धी संयन्त्र राज्यको **पुनर्संरचना** र राज्यशक्तिको बाँडफाँट समितिको कार्यक्षेत्रभित्र पर्ने व्यवस्था गरे अनुरुप राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँट समितिले आफ्नो प्रारम्भिक मस्यौदाको धारा ११ मा संघीय

इकाईहरुबीच उत्पन्न हुने विवाद समाधान सम्बन्धी, विस्तृत व्यवस्था गरेको हुनाले यो विषयमा संवैधानिक समितिले दुवै प्रतिवेदनलाई समायोजन गरी उपयुक्त व्यवस्था गर्न निर्देशन दिने ।

४. प्रारम्भिक मस्यौदाको सूची-१ अन्तर्गत पेज नं. ३७ मा रहेको जैविक विविधताको विषय स्थानीय इकाईको पनि अधिकार रहने गरी सूचीमा थप गर्ने ।

५. प्रारम्भिक मस्यौदाको सूची-१ अन्तर्गत पेज नं. ४० मा रहेको "मालपोत" शीर्षकलाई "भूमिकर" भनी परिवर्तन गर्ने र व्याख्यात्मक टिप्पणीमा पनि सोही बमोजिम शब्द मिलान गर्ने ।

६. प्रारम्भिक मस्यौदाको सूची-२ अन्तर्गत पेज नं. ४१ मा रहेको "सम्पत्ति कर" शीर्षकको व्याख्यात्मक टिप्पणीको अन्त्यमा रहेको वाक्यांशको सट्टा सम्पत्ति करमा "मूलतः घर जग्गा कर" समावेश हुने भन्ने वाक्यांश राख्ने ।

७. राज्य पुनर्संरचना समितिबाट भएको अधिकारको बाँडफाँटलाई समेत मध्यनजर गरी मूल्य अभिवृद्धि कर र आयकर लगाउने अधिकार प्रदेश र स्थानीय सरकारलाई पनि प्रदान गर्नुपर्ने सुझाव आएको सन्दर्भमा संवैधानिक समितिले त्यसलाई ध्यान दिने ।

८. फरक मत आएका र मतैक्यता हुन नसकेका भनी सूचीकृत गरिएका अन्य विषयहरुको हकमा प्रतिवेदनमा आएको मस्यौदाले नै सम्बोधन गरेको हुँदा समितिको प्रारम्भिक मस्यौदा बमोजिम नै गर्ने

**२.संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदन सम्बन्धमा**

**मिति २०६६।११।२१ मा संवैधानिक समितिलाई दिएको सुझाव र निर्देशन"**

१. संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदन साथ संलग्न प्रारम्भिक मस्यौदाको प्रारम्भमा रहेको प्रस्तावना संवैधानिक समितिको कार्यक्षेत्रमा पर्ने देखिएकोले संवैधानिक निकायको संरचना निर्धारण समितिको मस्यौदामा समितिको दृष्टिले प्रस्तावनामा राख्न सिफारिस गरिएका विषयलाई संवैधानिक समितिले महत्वपूर्ण सन्दर्भ सामग्रीको रुपमा ग्रहण गरी प्रस्तावनालाई पूर्णता दिने क्रममा ध्यान दिन सुझाव दिने । समितिबाट प्रस्तुत प्रस्तावनाको विषयमा सभामा छलफल हुँदा उठेका कुराहरु संवैधानिक समितिको मस्यौदाबाट निर्णय भई संबोधन हुने भएकोले समितिले यहाँ छलफल र निर्णय गरेको छैन ।

२. समितिको प्रतिवेदनमा प्रस्तावित ११ वटा आयोगहरुमध्ये हाल कायम ५ वटा आयोग बाहेक अन्य आयोगहरुलाई समितिले नै प्रस्ताव गरे अनुसार व्यवस्था गर्ने वा एकिकृत रुपमा एउटा छाता आयोग अन्तर्गत व्यवस्था गर्ने वा सभामा छलफलको क्रममा प्रस्तावित गरिएका आयोगहरुको विषयमा उचित व्यवस्था गर्ने भन्ने सम्बन्धमा संवैधानिक समितिले छलफल गरी उपयुक्त व्यवस्था गर्न निर्देशन दिने ।

३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्बन्धमा हालको व्यवस्थालाई यथावत राखी भ्रष्टाचारको नियन्त्रणका विषयमा जन निर्वाचित सरकारलाई जवाफदेही बनाउन सबै विकल्पहरुमा छलफल गरी समुचित टुङ्गोमा पुग्न संवैधानिक समितिलाई निर्देशन दिने ।

४. संवैधानिक आयोगहरुको व्ययभार संचित कोषबाट हुनुपर्छ भन्ने विषयमा व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको प्रतिवेदनको सम्बन्धमा पछि संविधानसभाले संवैधानिक समितिलाई दिने सुझाव र निर्देशनबमोजिम गर्ने ।

५. सबै संवैधानिक आयोगका पदाधिकारीहरुको नियुक्ति सम्बन्धमा शासकिय स्वरुप समितिको प्रतिवेदन

र अन्य सम्बद्ध समितिका प्रतिवेदनहरुका सम्बन्धमा पछि संविधानसभाले संवैधानिक समितिलाई दिने सुझाव र निर्देशनबमोजिम गर्ने ।

६. सबै आयोगमा बराबर सदस्य संख्या नराखी आयोगको प्रकृति, कार्यबोझ र आवश्यकताअनुसार फरक फरक संख्यामा सदस्यहरु रहने व्यवस्था गर्न संवैधानिक समितिलाई निर्देशन दिने ।

७. पृष्ठ ४ को उपदफा (४) मा उल्लिखित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको कसुरमा कुनै व्यक्ति उपर महान्यायाधिवक्ताको राय लिएर मुद्दा दायर गर्ने वा आफ्नै निर्णयद्वारा मुद्दा दायर गर्न सक्ने भन्ने विषयमा संवैधानिक समितिले छलफल गरी निर्णय गर्न निर्देशन दिने ।

८. प्रतिवेदनको पृष्ठ १२ मा रहेको लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी उपधारा (२) मा सार्वजनिक संस्था पनि राख्ने र उपधारा (६) हटाउने । उपधारा (६) मा रहेको स्पष्टीकरणलाई उपधारा (२) मा समावेश गर्ने ।

९. प्रतिवेदनको पृष्ठ १३ मा रहेको लोक सेवा आयोगका प्रादेशिक व्यवस्थामा रहेको मस्यौदाको सट्टा प्रत्येक प्रदेशमा कानूनमा व्यवस्था भएबमोजिम अलग अलग प्रादेशिक लोक सेवा आयोग रहनेछ भन्ने व्यहोरा राख्ने ।

१०. प्रतिवेदनको पृष्ठ १७ को उपधारा (१) मा रहेको राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन व्यवस्थापिका-संसदको बैठकबाट हुने हो वा बाहिरबाट हुने हो भन्ने विषय टुंगो लागेपछि मात्र निर्वाचन आयोगको जिम्मेवारी भित्र राख्न सकिने भएको तथा स्थानीय सरकार अन्तर्गत कार्यपालिका र व्यवस्थापिकाको अलगै व्यवस्था हुने वा नहुने स्पष्ट भए पछि सोको निर्वाचनलाई पनि निर्वाचन आयोगको जिम्मेवारी भित्र राख्न पर्ने अवस्था रहेकोले यी विषयमा शासकिय स्वरुप समितिको प्रतिवेदनको सम्बन्धमा पछि संविधानसभाले संवैधानिक समितिलाई दिने सुझाव र निर्देशनबमोजिम गर्ने ।

११. प्रतिवेदनको पृष्ठ १७ को उपधारा (२) को खण्ड (क) मा रहेको निर्वाचन क्षेत्र निर्धारण गर्ने काम निर्वाचन आयोगको नभई निर्वाचन क्षेत्र निर्धारण आयोगको हुने र खण्ड (ख) देखि (ङ) सम्म रहेका कामहरु कानूनबाट व्यवस्थित हुने विषय भएकोले उपधारा (२) हटाई उपधाराको क्रम मिलाउने ।

१२. प्रतिवेदनको पृष्ठ २३ को मानव अधिकार आयोगको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाको उपधारा (४) को आवश्यकता नरहेकोले सो हटाउने ।

१३. समितिको प्रतिवेदनमा व्यवस्था गरिएका अन्य आयोगहरुमध्ये संवैधानिक समितिबाट अन्तिम टुंगो भएपछि कायम हुने आयोगहरुको प्रादेशिक संरचना कानूनद्वारा व्यवस्था भएबमोजिम हुने व्यवस्था राख्न संवैधानिक समितिलाई निर्देशन दिने ।

१४. प्राकृतिक स्रोत आर्थिक अधिकार तथा राजश्व बाँडफाँट समितिको प्रतिवेदनको सि.नं. २५ धारा ३७ मा समावेश भएको राष्ट्रिय वित्तिय आयोग सम्बन्धी व्यवस्थालाई संवैधानिक निकायको रुपमा संविधानमा समावेश गर्ने वा कानूनद्वारा व्यवस्थित गर्ने भन्ने सम्बन्धमा संवैधानिक समितिले छलफल गरी निर्णय गर्न निर्देशन दिने ।

१५. फरक मत आएका र मतैक्यता हुन नसकेका भनी सूचीकृत गरिएका अन्य विषयहरुको हकमा प्रतिवेदनमा आएको मस्यौदाले नै संबोधन गरेको हुंदा समितिको प्रारम्भिक मस्यौदा बमोजिम नै गर्ने ।

**३. अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिको सम्बन्धमा मिति २०६६।१२।२० मा संवैधानिक समितिलाई दिइएको सुझाव र निर्देशन"**

१. अल्पसंख्यक तथा सिमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिको प्रतिवेदन साथ संलग्न प्रारम्भिक मस्यौदाको प्रस्तावना र राष्ट्को परिभाषा संवैधानिक समितिको कार्यक्षेत्रमा पर्ने, नागरिकता सम्बन्धी व्यवस्था, समानताको हक, सांस्कृतिक तथा शिक्षा सम्बन्धी हक, धर्मसम्बन्धी हक, राज्यका निर्देशक सिद्धान्तहरु र राज्यका नीतिहरु मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्रमा पर्ने, राष्ट्रभाषा सम्बन्धी व्यवस्था सांस्कृतिक तथा सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको कार्यक्षेत्रमा पर्ने देखिन्छ । अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिको मस्यौदामा समितिको दृष्टिले सम्बन्धित भागमा राख्न सिफारिस गरिएका विषयलाई संवैधानिक समितिले महत्वपूर्ण सन्दर्भ सामग्रीको रुपमा ग्रहण गरी सम्बन्धित विषयलाई पूर्णता दिने क्रममा ध्यान दिन उपयुक्त हुन्छ । समितिबाट प्रस्तुत उल्लिखित विषयमा सभामा छलफल हुँदा उठेका कुराहरु सम्बन्धित समितिको मस्यौदाबाट निर्णय भई सम्बोधन हुने भएकोले सभाले यहाँ कुनै निर्णय गरेको छैन ।

२. अल्पसंख्यक र सिमान्तकृत समुदायको हक हितको दृष्टिले हेर्दा जातिय भेदभाव र छुवाछुत विरुद्धको हक महत्वपूर्ण रहेकोमा विवाद हुन सक्दैन । यस समिति र मौलिक हक तथा निर्देशक सिद्धान्त समितिले अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन तयार पार्दा यो हकको प्रत्याभुत गर्ने गरी मस्यौदा तयार गर्नु स्वाभाविक देखिन्छ । यस विषयमा मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनको पृष्ठ ३१ धारा ९ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक शीर्षकमा यस सम्बन्धी उपयुक्त व्यवस्था गरेको देखिएकोले उक्त हकको सम्बन्धमा मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनमा रहेको मस्यौदालाई नै संविधानको मस्यौदामा समावेश गर्न निर्देशन दिएको छ ।

३. संविधान निर्माणको क्रममा अल्पसंख्यकको परिभाषा र पहिचान गर्नुको उद्देश्य अत्यन्त न्यून संख्याको कारणले जातीय पहिचान, संस्कृति, भाषा वा धार्मिक आस्था लोप हुने अवस्था भई संकटको स्थितिमा पुगेका समूहको विशेष संरक्षण गर्नु हुन्छ भने सीमान्तकृत वा बहिष्करणको अवस्थामा रहेका समूहको परिभाषा र पहिचानको उद्देश्य उनीहरुको आर्थिक, सामाजिक अवस्थामा सुधार ल्याई सशक्तीकरण गर्ने र राज्य व्यवस्थामा मूल प्रवाहीकरण गर्नु रहेको हुन्छ । आर्थिक सामाजिक न्याय स्थापित गरी सारभूत समानताको अवस्था र स्थिति निर्माण गर्न यस्ता उपायहरु अवलम्बन गरिने हो । परिभाषा र पहिचानको दृष्टिले सीमान्तकृत र बहिष्करणको अवस्थामा रहेका समुदायलाई छुट्टयाउने आधार, मापदण्ड र उनीहरुलाई गर्नुपर्ने संरक्षण र विकासको विशेष व्यवस्थाको प्रकृति समेत समान हुने भएकोले सीमान्तकृत र बहिष्करणको अवस्थामा रहेका समूहलाई अलग गर्नु पर्ने आवश्यकता र औचित्यता देखिदैन । तसर्थ सीमान्तकृत समुदायको परिभाषा र पहिचानले बहिष्करणको अवस्थामा रहेका समुदायलाई स्वतः समेट्दछ ।

अतः समितिको प्रतिवेदनको प्रारम्भिक मस्यौदा खण्डको पेज नं. १२ र १३ मा रहेको उपधारा (१) को खण्ड (क) र (ख) मा रहेको स्पष्टीकरणलाई परिमार्जन गर्ने र खण्ड (ग) मा रहेको स्पष्टीकरणलाई हटाई संविधानको परिभाषा र व्याख्या भन्ने भागमा अल्पसंख्यक र सिमान्तकृत समुदायको देहायबमोजिमको परिमार्जित परिभाषा समावेश गर्ने ।

**(क) अल्पसंख्यक समुदाय** - "अल्पसंख्यक समुदाय भन्नाले कानूनद्वारा निर्धारित प्रतिशतभन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूहहरुलाई सम्झनुपर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाइ राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।"

**(ख) सीमान्तकृत समुदाय** - "सीमान्तकृत समुदाय भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग

गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका पछिल्लो मानव विकास सूचकांकको कानूनद्वारा निर्धारित स्तर भन्दा न्यून स्थितिमा रहेका समुदायलाई सम्झनुपर्छ र सो शब्दले अतिसीमान्तकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।"

४. अल्पसंख्यक समुदायको लागि प्रत्याभूत गर्नु पर्ने अधिकार र सिमान्तकृत समुदायको लागि प्रत्याभूत गर्नु पर्ने अधिकारहरु एउटै प्रकृतिको नभई बेग्ला बेग्लै हुने भएकोले समितिको प्रतिवेदनको पेज नं. १२ देखि १६ सम्म रहेको अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएकाको अधिकार भन्ने शीर्षक अन्तर्गत व्यवस्था गरिएका प्रावधानहरुको सट्टा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनमाथि पछि संविधानसभाले दिने सुझाव र निर्देशनसँग सामञ्जस्य हुने गरी देहाय बमोजिम व्यवस्था गर्न निर्देशन दिएको छ :-

**अल्पसंख्यक समुदायको अधिकार** : अल्पसंख्यक समुदायलाई देहायबमोजिमको अधिकार प्रत्याभूत गरिएको छ :

(क) आफ्नो सरोकार रहेका र आफूलाई प्रभावित पार्ने नीति निर्माणमा सहभागिताको हक,

(ख) सांस्कृतिक सम्पदा, परम्परागत ज्ञान, सीप र प्रविधि सम्बन्धी हक,

(ग) भाषा लिपी धर्म सम्बन्धी हक,

(घ) भूमि र प्राकृतिक स्रोत साधन सम्बन्धी हक,

(ङ) सामाजिक सुरक्षाको हक,

(च) मातृभाषामा सूचना र संचारको हक,

(छ) राज्यका संरचनामा विशेष प्रतिनिधित्वको हक,

(ज) आफ्नो समुदायको हित र कल्याणका लागि मौलिक संस्कृति र परम्परा संरक्षणको हक ।

**सिमान्तकृत समुदायको अधिकार**: सिमान्तकृत समुदायलाई देहायबमोजिमको अधिकार प्रत्याभूत गरिएको छ:

(क) राज्यका सबै संरचनामा समानुपातिक प्रतिनिधित्वको हक,

(ख) सार्वजनिक सेवामा आरक्षण एवं उपस्थितिको विशेष हक,

(ग) शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा विशेष अधिकार ।

(घ) भूमि र प्राकृतिक स्रोत साधन सम्बन्धी हक

५. संविधानले गरेको अल्पसंख्यक तथा सिमान्तकृत समुदायको परिभाषामा समयानुकुल परिमार्जनको सिफारिस गर्न, ती समुदायहरुकोलागि प्रत्याभूत गरिएका अधिकारहरुको कार्यान्वयनको स्थिति अनुगमन गर्न, आवधिक रुपमा हुने राष्ट्रिय जनगणना र मानव विकास सूचकांकको आधारमा अल्पसंख्यक र सीमान्तकृत समुदायको सूचीमा गरिनुपर्ने परिमार्जनको सिफारिश गर्ने समेतको अधिकारक्षेत्र भावी संविधानमा संवैधानिक निकायको रुपमा रहने कुनै एक आयोगमा रहने गरी मस्यौदा तयार गर्न निर्देशन दिएको छ ।

## ४. साँस्कृतिक तथा सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समितिको प्रतिवेदनका सम्बन्धमा मिति २०६७।१०।१२ मा संवैधानिक समितिलाई प्राप्त सुझाव र निर्देशन"

१. सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समितिको प्रतिवेदन साथ संलग्न प्रारम्भिक मस्यौदाको धारा १, प्रस्तावना संवैधानिक समितिको कार्यक्षेत्रमा पर्ने देखिएको, धारा २, ४, ५, ६, ७, ८, ९ र १० मा रहेका विषयहरु मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्रभित्र पर्ने देखिएको र धारा १२, दलित आयोगको स्थापना तथा धारा १६ मा रहेको भाषा आयोग सम्बन्धी विषय संवैधानिक निकायको संरचना निर्धारण समितिको कार्यक्षेत्रभित्र पर्ने देखिन्छ । सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समितिको मस्यौदामा समितिको दृष्टिले सम्बन्धित भागमा राख्न सिफारिस गरिएका विषयलाई संवैधानिक समितिले महत्वपूर्ण सन्दर्भ सामग्रीको रुपमा ग्रहण

गरी सम्बन्धित विषयलाई पूर्णता दिने क्रममा ध्यान दिने ।

२. धारा ३ को संस्कृति तथा भाषा सम्बन्धी हकको उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेखित 'तर संस्कृतिको आडमा निर्मित कुरीति, कुसंस्कार र कुप्रथा वा मान्यताको प्रयोगमा रोक लगाउने गरी कानूनद्वारा विशेष व्यवस्था गर्न बाधा पुऱ्याएको मानिने छैन ।' भन्ने वाक्यको सट्टा 'तर यस उपधारामा लेखिएको कुनै कुराले संस्कृतिको आडमा निर्मित कुरीति, कुसंस्कार र कुप्रथाको प्रयोगमा रोक लगाउने गरी कानून बनाउन बाधा पुऱ्याएको मानिने छैन ।' भन्ने वाक्य राख्ने ।

३. मस्यौदा प्रतिवेदनको धारा ११, मा संघीय संरचनाको निर्माण गर्दा जोड दिनु पर्ने विषय उल्लेख रहेको, संविधान निर्माण कै क्रममा संघीय संरचना निर्माण भई संविधानमा लेखिने भएकोले यो विषयलाई प्रस्तावना तयार गर्दा र राज्य पुर्नसंरचना गर्दा यथोचित ध्यान दिने । यहा अलग धाराको रुपमा राख्न आवश्यक नपर्ने ।

४. मस्यौदा प्रतिवेदनको धारा १३, राष्ट्रभाषा अन्तर्गत प्रस्तावित मस्यौदाको उपधारा (१) मात्र यहा राखिनु पर्याप्त रहेको । उपधारा (२) मा उल्लेखित 'सम्वर्द्धन' शब्द हटाई राज्यको दायित्व अन्तर्गत उपयुक्त स्थानमा राख्ने । उपधारा (३) को व्यवस्थालाई मौलिक हक अन्तर्गत उपयुक्त स्थानमा राख्ने र उपधारा (४) मा रहेको 'दृष्टिविहिन तथा आवाज विहिनहरुको लागि ब्रेललिपी तथा सांकेतिक भाषाको प्रयोग गर्न पाउने अधिकार हुनेछ ।' भन्ने व्यवस्थालाई 'दृष्टिविहिनहरुलाई ब्रेललिपी तथा बहिराहरुलाई सांकेतिक भाषाको प्रयोग गर्न पाउने अधिकार हुनेछ' भनी परिमार्जन गरी मौलिक हक अन्तर्गत शिक्षा सम्वन्धी हकमा समावेश गर्ने ।

५. धारा १४ मा रहेको सरकारी काम काजको भाषा सम्बन्धी व्यवस्थाको शुरुमा उपधारा (१) मा देहायको व्यवस्था थप गर्ने ,-

"(१) राज्यमा सरकारी कामकाजको भाषा बहुभाषिक नीति अनुरुप हुनेछ ।"

६. धारा १४ को विद्यमान उपधारा (१) लाई देहाय बमोजिम पुर्नलेखन गरी उपधारा (२) बनाई राख्ने,-

(२) उपधारा (१) मा उल्लिखित मान्यताको आधारमा केन्द्रीय सरकारको सरकारी कामकाजको भाषा देवनागरी लिपीमा नेपाली भाषा हुने छ र संविधानको धारा ... (मस्यौदामा कति धारामा उक्त व्यवस्था रहन्छ सो धारा यहाँ उल्लेख गर्ने) बमोजिमको भाषा आयोगले सूचीकृत गरेका अन्य नेपाली भाषाहरुले पनि सरकारी कामकाजको भाषाको रुपमा मान्यता पाउने छन् ।

७. धारा १४ को उपधारा (२) मा रहेको प्रान्तको सरकारी कामकाजको भाषा र धारा १५ मा रहेको केन्द्रीय सरकार तथा प्रान्तीय सरकार र प्रान्तिय सरकारहरु बीचको सम्पर्क भाषा सम्बन्धी विद्यमान मस्यौदा लाई माथि बुंदा नं. ५ र ६ मा गरिएको व्यवस्थाको भावना बमोजिम आवश्यक परिमार्जन गरी राख्ने ।

८. धारा १६ मा व्यवस्था गरिएको भाषा आयोग स्थायी हुने गरी मस्यौदा तयार पार्ने ।

९. धारा १७ मा रहेको अदालती कामकारवाहीको भाषा केन्द्रीय सरकारको सरकारी कामकाजको भाषा हुने व्यवस्था उपयुक्त रहेकोले त्यसलाई यथावत राख्ने । उक्त धाराको उपधारा (१) मा रहेको प्रतिबन्धात्मक वाक्यांश र स्पष्टीकरण आवश्यक नभएकोले हटाउने ।

१० अवधारणा पत्र को विभिन्न स्थानमा सशस्त्र द्वन्द्व शब्दको सट्टा जनयुद्ध शब्द राख्ने वा नराख्ने भन्ने विषय संवैधानिक समितिको प्रतिवेदनमा समेत छलफलमा नै रहेकोले सो विषयमा पछि हुने सहमति बमोजिम गर्न निर्देशन दिने ।

## ५. संविधानसभाबाट मिति २०६७।०१।२ मा संवैधानिक समितिलाई दिएको सुझाव र निर्देशन"

### ५.१.मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनको सम्बन्धमा

#### ५.१.१. नागरिकता सम्बन्धमा (संविधानसभाबाट भएको निर्णय)

१. मस्यौदाको सि नं. १ मा रहेको व्यवस्थालाई पुनर्लेखन गरी देहायको उपधारा (१) र (२) गरी राख्ने ।

(१) कुनै पनि नेपाली नागरिकलाई नागरिकताबाट बन्चित नगरिने :- कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बन्चित गरिने छैन ।

(२) एकल संघीय नागरिकताको व्यवस्था:- नेपालमा प्रादेशिक पहिचान सहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको छ ।

२. मस्यौदाको सि.नं. १ को व्याख्यात्मक टिप्पणी सम्बन्धी भागमा रहेको "संघीय सरकारले आफै वा प्रादेशिक संरचना मार्फत प्रदान गर्ने" भन्ने वाक्यांशको सट्टा "अधिकारको बाँडफाँडसँग सम्बन्धित सूचीमा उल्लेखित जिम्मेवारी अनुरुप कानूनमा व्यवस्था भए बमोजिम नागरिकताको व्यवस्थापन र वितरण गर्ने" भन्ने वाक्यांश राख्ने । सोही टिप्पणीको अन्त्यमा "प्रादेशिक पहिचान उल्लेख गर्दा जातीय, सामुदायिक तथा भौगोलिक विवरण पनि उल्लेख गर्न सकिनेछ ।" भन्ने व्यहोरा थप गर्ने ।

३. वंशजको आधारमा नागरिकता प्राप्त गर्न बाबु र आमा दुवै नेपाली नागरिक हुनुपर्ने मस्यौदाको सि.नं. ३ को उपधारा (१) को खण्ड (क) को व्यवस्था उपयुक्त भएकोले यथावत राख्ने ।

४. मस्यौदाको सि.नं. ४ को उपधारा (१) मा देहाय बमोजिम परिमार्जन गरी उपयुक्त मस्यौदा गर्ने :

नेपाली नागरिकसँग विवाह गर्ने विदेशी पुरुषले वैवाहिक अंगिकृत नागरिकता लिन चाहेमा पन्ध्र वर्षसम्म नेपालमा स्थायी बसोवास गरेको हुनुपर्ने व्यवस्था राख्ने ।
नेपाली नागरिकसँग विवाह गर्ने विदेशी महिलाले नेपालको नागरिकता लिन चाहेमा निजलाई विदेशको नागरिकता परित्याग गर्ने कारवाही चलाए पछि नेपालको अंगिकृत नागरिकता प्रदान गर्ने ।

५. मस्यौदाको सि.नं. ४ को उपधारा (२) मा रहेको व्यवस्थालाई देहाय बमोजिम परिमार्जन गरी सि.नं. ३ को उपधारा (३) मा राख्ने "नेपाली नागरिक आमाबाट नेपालमा जन्मभई नेपालमा नै बसोवास गरेको र बाबुको पहिचान नभएको व्यक्तिलाई वंशजको नागरिकता प्रदान गर्ने" तर सो व्यवस्थाको प्रतिवन्धात्मक वाक्यांशमा "तर बाबु विदेशी नागरिक भएको प्रमाणित भएमा त्यस्तो व्यक्तिको नागरिकता स्वत: अंगिकृत नागरिकतामा परिणत हुनेछ" भन्ने व्यवस्था गर्ने ।

६. नेपालको राष्ट्रप्रमुख, उपराष्ट्रप्रमुख, प्रधानमन्त्री, संघीय व्यवस्थापिका र संघीय न्यायपालिकाका प्रमुख, सुरक्षा निकायका प्रमुख, प्रदेशका प्रमुख र उपप्रमुखको पदमा निर्वाचित वा मनोनित भई नियुक्ति हुन अंगिकृत बाहेकका नागरिकता प्राप्त गरेको नेपाली नागरिक हुनु पर्नेछ भन्ने व्यवस्था राखी मस्यौदाको सि.नं. १३ (१) लाई परिमार्जन गर्ने ।

७. मस्यौदाको सि.नं. १३ को उपधारा (२) मा रहेको "नेपालको संवैधानिक पदमा" भन्ने शब्दको सट्टा "उपधारा (१) मा उल्लेखित पदवाहेक नेपालका अन्य संवैधानिक पदमा" भन्ने शब्दहरु राख्ने, सोही उपधारामा रहेको "वा जन्मका आधारमा" भन्ने शब्दहरु हटाउने र उक्त उपधारामा देहाय बमोजिको प्रतिवन्धात्मक वाक्यांश थप गर्ने ।

"तर यस उपधाराको व्यवस्था वैवाहिक आधारमा अँगिकृत नागरिकता प्राप्त गरेको महिला नागरिकको हकमा लागू हुने छैन ।"

८. मस्यौदाको सि.नं. १४ मा नेपालको नागरिकता त्याग गरी विदेशको नागरिकता प्राप्त गरेका दक्षिण एसियाली क्षेत्रिय सहयोग संगठन (सार्क) क्षेत्र भन्दा बाहिरका देशमा बसोबास गरेका नेपाली मुलका व्यक्तिलाई प्रचलित कानून बमोजिम आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने छ भन्ने व्यवस्था राखी मस्यौदा परिमार्जन गर्ने साथै व्याख्यात्मक टिप्पणीमा रहेको "गैरआवासीय परिचय-पत्र" भन्ने शब्दको सट्टा "गैरआवासीय नेपाली नागरिकता" भन्ने शब्दावली राख्ने ।

**५.१.२. मौलिक हक सम्बन्धमा**

- सि.नं. १ को सम्मानपूर्वक बाँच्न पाउने हकको मस्यौदा परिवर्तन गर्न नपर्ने यथावत राख्ने ।
- सि.नं. ३ को उपधारा (२) को प्रतिबन्धात्मक वाक्यांशमा 'आर्थिक' पछि 'शैक्षिक' शब्द थप गर्न आवश्यक नपर्ने ।
- सि.नं. ३ को उपधारा (५) मा रहेको 'पुर्ख्यौली' भन्ने शब्दको सट्टा 'पैतृक' भन्ने शब्द राख्ने र सो को व्याख्यात्मक टिप्पणीमा पनि 'पुर्ख्यौली' भन्ने शब्दको सट्टा 'पैतृक' भन्ने शब्द राख्ने ।
- सि.नं. ३ मा प्रयोग भएको समानताले सबै किसिमका समानतालाई समेट्ने भएकोले आर्थिक समानताको हक थप गर्न नपर्ने ।
- सि.नं. ४ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशमा केही परिमार्जन गर्न नपर्ने ।
- सि नं. ५ को उपदफा (१०) मा गर्भवती महिलालाई थुनामा राख्दा विशेष सुविधा दिनु पर्ने भन्ने र सि.नं. ६ मा पीडकबाट क्षतिपूर्ति पाउन नसक्ने अवस्था भए राज्यबाट क्षतिपूर्ति पाउने व्यवस्था राख्नुपर्ने भनी आएका सुझाव कानून निर्माण गर्दा संबोधन गर्न सकिने भएकोले संविधानमा समावेश गर्न नपर्ने ।
- सि.नं. ८ को उपधारा (२) को सट्टा देहायको उपधारा (२) राख्ने:

  "(२) उपधारा (१) बमोजिम निवारक नजरबन्दमा रहेको व्यक्तिको स्थितिको बारेमा निजका परिवारका सदस्यलाई जानकारी दिनु पर्नेछ ।

  तर शत्रुराज्यका नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।"
- सि.नं. ९ को उपधारा (१) मा रहेको "आधारमा" भन्ने शब्दावली पछाडी "कुनै पनि स्थानमा" भन्ने शब्दहरु थप गर्ने ।
- सि.नं. ९ को उपधारा (५) मा रहेको "सामाजिक अपराधको रुपमा" भन्ने शब्दावली अगाडि "गम्भीर" भन्ने शब्द थप गर्ने ।
- सि.नं. १६ को उपधारा (३) को शुरुमा "अपाङ्गता भएका र" भन्ने शब्दहरु थप गरी उपधारा (३) पछि देहायको उपधारा (४) थप गरी उपधाराको क्रम मिलाउने :

  "(४) कानूनमा व्यवस्था भएबमोजिम दृष्टिविहिनहरुलाई ब्रेललिपी तथा बहिराहरुलाई सांकेतिक भाषामा शिक्षा पाउने हक हुनेछ ।" यसको व्याख्यात्मक टिप्पणीमा देहायको व्यहोरा राख्ने: "दृष्टिविहीनहरु र बहिरा नागरिकहरुलाई उनीहरुको आवश्यकता बमोजिमको ब्रेललिपी तथा सांकेतिक भाषामा पाठ्य सामग्री र शिक्षण सुविधा नहुने हो भने उनीहरुले आधारभूत शिक्षाबाट बञ्चित हुने अवस्था सृजना हुने भएकोले ।"
- सि.नं. १८ को उपधारा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरी उपधारा (३) हटाउने:

"तर यस उपधारा बमोजिम रोजगारी उपलब्ध नहुँदासम्म बेरोजगार नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम बेरोजगार भत्ता पाउने हक हुनेछ।"

- सि.न. २२ को उपधारा (२) मा रहेको 'नागरिकलाई' भन्ने शब्द पछि "आफ्नो स्वामित्वमा रहेको" भन्ने शब्दहरु थप गर्ने।
- सि.न. २३ को उपधारा (३) मा रहेको "महिलालाई" भन्ने शब्द पछि "सुरक्षित मातृत्व र" भन्ने शब्दहरु थप गर्ने।
- सि.न. २४ को उपधारा (२) मा रहेको 'उचित स्याहार' भन्ने शब्द पछि "सहितको प्रारम्भिक बाल विकास" भन्ने शब्दहरु थप गरी उपधारा (३) हटाउने, उपधारा (३) को व्याख्यात्मक टिप्पणी उपधारा (२) मा राख्ने र मातृभाषामा शिक्षा पाउने हक सि.नं. १६ मा नै प्रत्याभूत भएकोले दोहोरिएको उपधारा (४) हटाउने र उपधाराको क्रम मिलाउने।
- सि.नं. २४ पछि देहायको सि.नं. २५ राखी सि.नं.को क्रम मिलाउने :

  "**२५. <u>जेष्ठ नागरिकको हक</u>** : प्रत्येक जेष्ठ नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम समाजिक सुरक्षाको हक हुनेछ।"
- सि.नं. २५ मा प्रस्तावित दलित समुदायको हकको सट्टामा देहायको व्यवस्था राखी क्रम मिलाउने :

"**<u>२६.दलित समुदाय सम्बन्धी हक</u>** : (१) दलित समुदायका व्यक्तिलाई निजामती सेवा, सेना, प्रहरी लगायतका राज्यका सबै निकाय र क्षेत्रहरुमा समानुपातिक आधारमा रोजगारी प्राप्त गर्ने हक हुनेछ। सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताको लागि कानूनद्वारा विशेष व्यवस्था गरिनेछ।

(२) दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षासम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ। प्राविधिक र व्यवसायिक उच्च शिक्षामा दलितको लागि कानूनद्वारा विशेष व्यवस्था गरिनेछ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानूनद्वारा विशेष व्यवस्था गरिनेछ। यस्तो व्यवस्था गर्दा विपन्न दलितलाई प्राथमिकता दिईनेछ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ। राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरुलाई प्राथमिकता दिई सो का लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ।

(५) राज्यले भूमिहीन दलितलाई एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ।

(६) आवासविहीन दलितको लागि राज्यले बसोबासको व्यवस्था गर्नेछ।

(७) संघीय प्रादेशिक र स्थानीय तहका सबै राजनीतिक संरचनामा जनसंख्याको आधारमा दलितको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरी संघीय र प्रादेशिक संरचनामा क्रमशः तीन र पाँच प्रतिशत थप प्रतिनिधित्वको लागि कानूनद्वारा आवश्यक व्यवस्था गरिनेछ।

(८) दलित समुदायले यस धारा बमोजिम प्राप्त गर्ने अधिकारहरु पहाडी दलित, मधेशी दलित र दलित महिलाले समानुपातिक आधारमा प्राप्त गर्नेछन्।"

- सि.नं. २७ मा रहेको सामाजिक न्यायको हक अन्तर्गतको उपधारा (२) को सट्टा देहायको उपधारा (२) राख्ने :

- "(२) उपधारा (१) बमोजिमको हकको उपभोग गर्दा आर्थिक रुपले विपन्न नागरिकलाई प्राथमिकता पाउने हक हुनेछ ।"
- सि.नं. २८ मा रहेको "जेष्ठ नागरिक" भन्ने शब्दहरु हटाउने ।
- सि.नं ३१ को मौलिक हकको कार्यान्वयन र संवैधानिक उपचारको हक अन्तर्गतको उपधारा (३) लाई उपधारा (१) मा राख्ने र सो को व्यहोरामा रहेको "कारवाही चलाउन" भन्ने शब्दको सट्टा "उपचार" भन्ने शब्द राख्ने । सोही हकको उपधारा (१) लाई उपधारा (३) मा राख्ने ।
- सि.नं ३१ को मौलिक हकको कार्यान्वयन र संवैधानिक उपचारको हक अन्तर्गतको उपधारा (२) मा रहेको "कानूनी व्यवस्था" भन्ने शब्दहरुको सट्टा "मनासिव माफिकको कानूनी व्यवस्था" भन्ने शब्दहरु राख्ने ।

### ५.१.३. मौलिक कर्तव्य सम्बन्धमा

- सि.नं. १ मा देहायका कर्तव्य मात्र राख्ने, अन्य विषय राख्न आवश्यक नपर्ने ।
  क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु
  ख) संविधान र कानूनको पालना गर्नु
  ग) राष्ट्रले चाहेका बखत अनिवार्य सेवा गर्नु ।

### ५.१.४. राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धमा

- मस्यौदाको सि.नं. २ को उपधारा (१)मा रहेको व्यवस्थाको व्याख्यात्मक टिप्पणीमा "सबै प्रकारका विदेशी हस्तक्षेपको अन्त गर्दै" भन्ने विषयलाई पनि राख्ने ।
- मस्यौदाको सि.नं. २ को उपधारा (३) मा रहेको "साझेदारी" शब्दको सट्टा "सहभागिता" शब्द राख्ने ।
- मस्यौदाको सि. नं. ३ को खण्ड (ग) को २ को मस्यौदालाई निम्न लेखिए बमोजिम परिमार्जन गर्ने :
  "२. स्वस्थ र सुमधुर संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारीत सभ्य समाजको निर्माण गर्ने,"
- मस्यौदाको सि.नं. ३ को खण्ड (घ) को बुंदा नं. १ लाई देहाय बमोजिम पुनर्लेखन गर्ने ।
  "राज्यले सार्वजनिक, सहकारी र निजी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने ।"
- मस्यौदाको सि.नं. ३ को खण्ड (घ) को बुंदा नं. ४ को प्रारम्भमा "राज्यले" भन्ने शब्द राख्ने ।
- मस्यौदाको सि.नं. ३ को खण्ड (घ) को बुंदा नं. १२ मा रहेको विषय मौलिक हकमा रहेको व्यवस्थाबाट संबोधन हुने भएकोले उक्त बुंदालाई निर्देशक सिद्धान्त तथा नीति सम्बन्धी भागमा राख्न नपर्ने भएकोले यहाँबाट हटाउने र क्रम मिलाउने ।
- मस्यौदाको सि नं. ३ को खण्ड (छ) को बुंदा नं. १ मा रहेको "प्राथमिकता" भन्ने शब्द पछि "र अग्राधिकार" भन्ने शब्द थप गर्ने ।
- सि.नं. ३ को खण्ड (छ) को बुंदा नं. २ मा उल्लेख भएको नीति कृषि र भूमि सम्बन्धी रहेकोले त्यसलाई खण्ड (ङ) अन्तर्गत बुंदा नं. ३. पछि बुंदा नं. ४. गरी राख्ने ।
- सि.नं. ३ को खण्ड (ज) को बुंदा नं. ३ मा रहेको "व्यवहारिक" शब्द पछि "एवं जनमुखी" भन्ने शब्द थप गर्ने ।
- सि.नं. ३ को खण्ड (झ) को बुंदा नं. २ पछि देहायको बुंदा नं. ३ राखी अन्य बुंदाहरुको क्रम मिलाउने :

  '३. राज्यले दलित समुदायलाई सबै औद्योगिक प्रतिष्ठानहरुमा समानुपातिक ढंगले रोजगारी उपलब्ध गराउने नीति अवलम्वन गर्नेछ ।'

- सि.नं. ३ को खण्ड (त्र) को बुंदा नं. १० मा रहेको व्यवस्थालाई सबै समितिको प्रतिवेदनमा प्रयोग गर्न उपयुक्त हुने साझा र एकीकृत शब्दावली सहमतिबाट तय भए बमोजिम राख्ने ।
- सि.नं. ३ को खण्ड (ञ) को बुंदा नं. १६ मा रहेका 'सम्वर्द्धन गरी' भन्ने शब्दहरुलाई 'सम्वर्द्धन गर्ने' भनी मिलाउने र त्यसपछि रहेको अंशलाई खण्ड (छ) को बुंदा नं. १ मा मिलान गर्ने ।
- सि.नं. ३ को खण्ड (ठ) अन्तर्गत एउटामात्र नीति रहेकोले सो को व्यहोराको शुरुमा रहेको १.अंक हटाई, सोही व्यहोराको "सांस्कृतिक" भन्ने शब्द पछि "धार्मिक" भन्ने शब्द थप गर्ने ।
- सि.नं. ५ मा रहेको "राष्ट्रप्रमुखले प्रत्येक वर्ष संघीय व्यवस्थापिकासमक्ष पेश गर्नेछ" भन्ने शब्दहरुको सट्टा "प्रत्येक वर्ष नेपाल सरकारले तयार गरी राष्ट्रप्रमुख समक्ष पेश गर्नेछ र राष्ट्रप्रमुखले त्यस्तो प्रतिवेदन प्रधानमन्त्री मार्फत संघीय व्यवस्थापिका समक्ष पेश गर्ने व्यवस्था गर्नेछ" भन्ने शब्दहरु राख्ने ।
- व्यवस्थापिकाको नाम अन्तिम रुपमा जे तय हुन्छ त्यही नै यो प्रतिवेदनमा पनि प्रयोग गरी मिलान गर्ने ।
- मौलिक हक, निर्देशक सिद्धान्तहरु र राज्यका नीतिहरुमा एउटै विषय र व्यहोरा उल्लेख भएको देखिएकोले कुनै पनि विषय संविधानको विभिन्न धारा उपधारामा दोहोरो पर्ने गरी नराख्ने । यो निर्णयअनुसार मौलिक हकमा व्यवस्था गर्ने भनी मस्यौदामा उल्लेख भएका विषयलाई निर्देशक सिद्धान्त र राज्यका नीतिहरुमा नराख्ने ।

**५.१.५ देहायका विषयमा संवैधानिक समितिले नै थप छलफल गरी टुंगो लगाई मस्यौदा परिमार्जन गर्ने**

**मौलिक हक**

(१). मस्यौदाको सि.नं. ५ को न्यायसम्बन्धी हकको उपधारा (४) मा "तर मानवता बिरुद्धको अपराध, युद्ध अपराध र जातीय नरसंहार सम्बन्धी अपराधमा भूतप्रभावी कानून बनाएर सजाय गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।" भन्ने व्यवस्था राख्ने वा नराख्ने ? (पेज नं.२५, सि नं ५ उपधारा (४))

(२). सि नं. १० को सम्पत्ति सम्बन्धी हकमा जग्गाको हदबन्दी तोक्ने वा नतोक्ने ?

(३). हदबन्दी तोकिएको अवस्थामा हदबन्दी भन्दामाथिको जग्गा प्राप्त गर्दा राज्यले क्षतिपूर्ति दिनु पर्ने वा नपर्ने?

(४). समग्र सम्पत्तिमा सीमा तोक्ने वा नतोक्ने ?

(५). सि नं. २७ मा सामाजिक न्यायको हक अन्तर्गत उपधारा (५) मा रहेको व्यवस्थाको सट्टा आदिवासी, जनजाति समुदायलाई आत्मनिर्णयको अधिकार सहित स्वशासन र स्वायत्तताको अधिकार तथा स्वतन्त्र, पूर्व र सुसूचित सहमतिको हक हुनेछ भन्ने व्यवस्था राख्ने वा नराख्ने ?(सि.नं. २७ पेज नं. ५२-५६)

(६). सि नं. २७ मा सामाजिक न्यायको हक अन्तर्गत उपधारा (५) मा रहेको व्यवस्थाको सट्टा आदिवासी, जनजाति तथा स्थानीय समुदायलाई पहिचानको हक, प्राकृतिक स्रोत माथि प्राथमिकताको हक, स्वशासनको हक तथा राष्ट्रिय अखण्डता, समग्र राष्ट्रिय हित तथा एकतालाई सुदृढ गर्दै संविधान र प्रचलित कानूनको अधिनमा रही आत्मनिर्णयको अधिकार हुनेछ भन्ने व्यवस्था राख्ने वा नराख्ने ?( सि.नं. २७ पेज नं. ५२-५६)

(७). सोही उपधाराको प्रावधानमा "मधेशी समुदायको आत्मनिर्णयको अधिकार सहितको स्वायत्त मधेश प्रदेश र त्यहाँको भूमि तथा प्राकृतिक स्रोतमाथि अग्राधिकारको हक हुनेछ ।" भन्ने व्यवस्था थप गर्ने वा नगर्ने ?

(८). सोही सि.नं. को उपधारा (११) को सट्टा "लोकतन्त्र प्राप्तिको लागि भएका सबै आन्दोलन/संघर्षको क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्ग, घाइते तथा पीडितलाई राहत तथा न्याय प्रदान गर्ने एवम् उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा प्राथमिकताका साथ अवसर प्रदान गरिनेछ ।" भन्ने व्यवस्था राख्ने वा नराख्ने ?

(९). सोही सि.नं. को उपधारा (११) पछि देहायको उपधारा (१२) थप गर्ने वा नगर्ने "(१२) आदिवासी र स्थानीय समुदायलाई भूमि र प्राकृतिक सम्पदामाथि अग्राधिकारको हक हुनेछ ।"

५.१.६.राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

(१०) मस्यौदाको सि.नं. २ को उपधारा (१) मा "आत्म निर्णय सहितको" भन्ने वाक्यांश राख्ने वा नराख्ने ?

(११) सोही उपधारामा रहेका "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था" भन्ने शब्दहरूको सट्टा देहायको मध्ये कुनै शब्दावलीहरु राख्ने वा नराख्ने ?

क) "जनताको संघीय गणतन्त्र"

ख) "समाजवादी गणतन्त्र"

ग) "बहुलवाद र बहुदलीय प्रतिस्पर्धामा आधारित संघीय लोकतान्त्रिक गणतन्त्र"

५.२. व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको प्रतिवेदनको सम्बन्धमा

(१). धारा २ मा रहेको "संसदको अधिकार" शीर्षकलाई "नेपालको व्यवस्थापिकीय अधिकार" भनी सोही अनुसार मस्यौदामा मिलाउने, धारा ५(ख) मा दुई सदन रहने भएमा तल्लो सदनका सदस्यको उमेर २५ वर्ष पूरा भएको हुनुपर्ने मस्यौदाको व्यवस्थालाई यथावत कायम राख्ने ।

(२). धारा ९(१) मा रहेको "यथाशिघ्र" भन्ने शब्दको सट्टा "बैठक प्रारम्भ भएको १५ दिन भित्र" भन्ने शब्दहरु राख्ने, सोही धारामा "सभामुख र उपसभामुख फरक फरक दलको हुनुपर्ने" व्यवस्था थप गर्ने र सोही धारामा प्रतिबन्धात्मक वाक्यांश राखी 'तर एक दलभन्दा बढी दलको प्रतिनिधित्व नभएको अवस्थामा वा प्रतिनिधित्व भएर पनि उम्मेदवारी नदिएमा एकै दलको व्यक्ति सभामुख र उपसभामुख हुन बाधा पर्ने छैन' भनी मस्यौदालाई परिमार्जन गर्ने ।

(३). धारा १९ को '... निजले मतदान गरेमा' पछाडिका वाक्यांशहरु हटाई "कानूनमा व्यवस्था भए बमोजिम सजाय हुनेछ" भन्ने वाक्यांश राखी मस्यौदा परिमार्जन गर्ने ।

(४). धारा २०(८) मा रहेको मस्यौदाको सट्टा "कसैले कुनै सदनको अवहेलना गरेमा कानूनले व्यवस्था गरे बमोजिम सजाय हुनेछ" भन्ने वाक्यांश राखी मस्यौदा परिमार्जन गर्ने ।

(५). धारा २१ को उपधारा (१) मा रहेको "नियमावली" भन्ने शब्दको सट्टा "कानून" शब्द राखी संगतीपूर्ण तवरले मस्यौदा परिमार्जन गर्ने ।

(६). धारा २२ मा रहेको व्यवस्थाको सट्टा 'सभाले कानूनमा व्यवस्था भए बमोजिम समितिहरु गठन गर्न सक्नेछ' भन्ने व्यवस्था राख्ने ।

(७). धारा २६(२) मा 'सशस्त्र प्रहरी' शब्द पछि 'वा प्रहरी' भन्ने शब्द थप गर्ने ।

(८). धारा २८ मा रहेको 'सदस्य' भन्ने शब्द हटाउने ।

(९). धारा ३२ मा ... जुनसुकै ऋण असुल हुंदा प्राप्त भएको "सबै धन" पछि "नेपाल सरकारलाई प्राप्त हुने अन्य जुनसुकै रकम" भन्ने शब्दावली थप गरी यस धाराको अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्ने : "तर निजी गुठी बाहेकको अन्य गुठीको रकमको हकमा कानून बनाई नियमित गर्न सकिनेछ ।"

(१०). धारा ३४(१) मा "राष्ट्रप्रमुख" शब्द पछि "र उपराष्ट्रप्रमुख" शब्द थप गर्ने, उपधारा (३) मा खण्ड (च) पछि खण्ड (छ) थप गरी "राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यहरु" थप गर्ने र सोही धाराको उपधारा (४) मा "निर्वाचन आयोग" भन्ने शब्दपछि "राष्ट्रिय मानव अधिकार आयोग" शब्दहरु थप गर्ने ।

(११). धारा ४५ को खण्ड (क) मा नेपाली नागरिक हुनुपर्ने छ । भन्ने व्यवस्था थप गरी सोही अनुसार मस्यौदाको क्रम मिलाउने । मस्यौदाको खण्ड (ख) मा रहेको सदस्यको उमेर २५ वर्ष पुरा भएको हुनुपर्ने व्यवस्थालाई यथावत कायम राख्ने ।

(१२). धारा ४९ को शीर्षकलाई "प्रदेश सभामुख र प्रदेश उपसभामुखको व्यवस्था" भन्ने, धारा ४९(१) मा रहेको "आफ्ना सदस्य मध्येबाट" भन्ने शब्द पछि "बैठक प्रारम्भ भएको १५ दिन भित्र" भन्ने शब्दहरु राख्ने, सोही धारामा प्रदेश सभामुख र प्रदेश उपसभामुख मध्ये फरक फरक दलको हुनुपर्ने व्यवस्था थप गर्ने र सोही धारामा प्रतिवन्धात्मक वाक्यांश राखी 'तर एक दल भन्दा बढी दलको प्रतिनिधित्व नभएको अवस्थामा वा प्रतिनिधित्व भएर पनि उम्मेदवारी नदिएमा एकै दलको व्यक्ति सभामुख र उपसभामुख हुन बाधा पर्ने छैन' भनी मस्यौदालाई परिमार्जन गर्ने ।

(१३). धारा ५७ को ' निजले मतदान गरेमा' पछाडिका वाक्यांशहरु हटाई 'कानुनले व्यवस्था गरे बमोजिम सजाय हुनेछ' भन्ने वाक्यांश राखी मस्यौदा परिमार्जन गर्ने ।

(१४). धारा ५८(८) मा रहेको मस्यौदाको सट्टा 'कसैले प्रदेश सभाको अवहेलना गरेमा कानूनले व्यवस्था गरे बमोजिम सजाय हुनेछ' भन्ने वाक्यांश राखी मस्यौदा परिमार्जन गर्ने ।

(१५). धारा ५९ को उपधारा (१) मा रहेको 'नियमावली' भन्ने शब्दको सट्टा 'कानून' शब्द राखी संगतीपूर्ण तवरले मस्यौदा परिमार्जन गर्ने ।

(१६). धारा ६० मा रहेको व्यवस्थाको सट्टा 'प्रदेश सभाले कानूनमा व्यवस्था भए बमोजिम समितिहरु गठन गर्न सक्नेछ' भन्ने व्यवस्था राख्ने ।

(१७). धारा ६६ मा रहेको 'सदस्य' भन्ने शब्द हटाउने ।

(१८). धारा ७० मा 'गुठी रकम बाहेक' भन्ने शब्दहरु पछि 'संघीय सरकारबाट प्राप्त हुने अनुदान वा ऋण' भन्ने शब्दावली थप गरी यस धाराको अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्ने : 'तर निजी गुठी बाहेकको अन्य गुठीको रकमको हकमा कानून बनाई नियमित गर्न सकिनेछ ।'

(१९). धारा ७२ मा प्रदेशमा स्वतन्त्र संवैधानिक अंगहरु रहने भएमा तिनका पदाधिकारीहरुमाथि हुने व्ययभार प्रदेश सञ्चित कोषबाट व्यहोरिने गरी मस्यौदा परिमार्जन गर्ने ।

(२०). व्यवस्थापिकामा प्रतिनिधित्वको आधार जनसंख्या र भूगोल हुने सैद्धान्तिक कुरालाई आत्मसात गरी

उपयुक्त मस्यौदा गर्ने ।

देहायका विषयहरुमा संवैधानिक समितिले नै थप छलफल गरी टुंगो लगाई मस्यौदा परिमार्जन गर्ने

१. देशको संघीय व्यवस्थापिका एकसदनात्मक हुने वा दुईसदनात्मक हुने ?
२. संघीय व्यवस्थापिकाको नामाकरण गर्दा संसद भन्ने वा व्यवस्थापिका भन्ने ?
३. तल्लो सदनको नाम जनप्रतिनिधिसभा वा प्रतिनिधिसभा के राख्ने ?
४. निर्वाचनमा कति वर्ष पुगेको व्यक्तिलाई मताधिकार दिने ?
क) १६ वर्ष ख) १८ वर्ष
५. संघीय व्यवस्थापिकाको तल्लो सदन विघटन भई निर्वाचनको मिति निर्धारण भएकोमा उक्त मितिमा निर्वाचन हुन नसकेमा स्वतः पुनर्स्थापना हुने वा नहुने ?

## ५.२.१ खुला प्रश्न

६. प्रत्येक सदनमा सदस्य संख्या कति हुने ?
७. विधायिकामा महिला लगायतका वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्व कसरी गराउने ?
८. माथिल्लो सदन रहेमा त्यहाँ कति संख्या रहने, के कसरी र कस्ता कस्ता वर्ग, समुदाय, क्षेत्रबाट प्रतिनिधित्व गराउने ?
९. प्रदेश व्यवस्थापिकाको नाम के रहने ?
१०. प्रदेश व्यवस्थापिकामा सदस्य संख्या कति हुने ?
११. प्रदेश व्यवस्थापिकामा महिला लगायतका वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्व कसरी गराउने ?

## ५.२.२ संघमा एकसदनात्मक व्यवस्थापिका रहने गरी विषय टुंगो लागेमा देहायका विषयमा थप छलफल गर्ने,

१२. कार्यकारी राष्ट्रपति सहितको एकसदनात्मक व्यवस्थापिका रहने वा नरहने ?
१३. जनप्रतिनिधिसभा/प्रतिनिधिसभामा २४५ जना सदस्य रहने वा नरहने ?
१४. संघीय जनप्रतिनिधिसभा देशको शासन व्यवस्थाको सर्वोच्च र सर्वशक्ति सम्पन्न मूल अंग हुने वा नहुने?
१५. संघीय जनप्रतिनिधिसभा/प्रतिनिधिसभाले राज्यका अन्य अंगहरुको निर्माण, निर्देशन नियन्त्रण एवं अनुगमन गर्ने व्यवस्था गर्ने वा नगर्ने ?
१६. संघीय जनप्रतिनिधिसभा/प्रतिनिधिसभामा जनसंख्याको अनुपातमा प्रतिनिधित्व गर्न आवश्यक न्यून संख्या नपुग्ने जाति, आदिवासी जनजाति, मधेशी, मुस्लिम आदि समुदायको प्रतिनिधित्वको लागि निश्चित संख्या मनोनयन गर्ने व्यवस्था राख्ने वा नराख्ने ?
१७. महिला, दलित र मुस्लिम समुदायको विशेषाधिकार सहितको प्रतिनिधित्वको व्यवस्था गर्ने वा नगर्ने ?
१८. संघीय जनप्रतिनिधिसभा/प्रतिनिधिसभामा बहुसदस्यीय निर्वाचन क्षेत्र प्रणाली अनुसार सबै समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व हुने गरी प्रत्यक्ष निर्वाचन प्रणाली हुने वा नहुने ?
१९. संघीय जनप्रतिनिधिसभा/प्रतिनिधिसभामा सभामुख र उपसभामुख ३० वर्ष उमेर पुगेको हुनु पर्ने वा नपर्ने ?
२०. संघीय जनप्रतिनिधिसभा/प्रतिनिधिसभाको बैठक नबसेको अवस्थामा आवश्यक व्यवस्थापिकीय कार्य गर्नको लागि हरेक स्वायत्त प्रदेशबाट कम्तीमा एक जना प्रतिनिधि पर्ने गरी बढीमा २१ जना सदस्य रहेको स्थायी समितिको व्यवस्था गर्ने वा नगर्ने ?
२१. धारा ४ को राष्ट्रियसभा सम्बन्धी व्यवस्था आवश्यक नभएकोले हटाउने वा नहटाउने ?

२२. धारा ७ र ४७ मा कानूनमा व्यवस्था भएबमोजिम सदस्यलाई प्रत्याह्वान गर्न सकिने व्यवस्था राख्ने वा नराख्ने ?

२३. धारा ८ र ४८ मा संघीय जनप्रतिनिधिसभा/प्रतिनिधिसभामा र स्वायत्त प्रदेश जनप्रतिनिधिसभाका सदस्यहरुले जनता र राष्ट्रको नाममा सपथ लिने व्यवस्था गर्ने वा नगर्ने ?

२४. धारा १० आवश्यक नभएकोले हटाउने वा नहटाउने ?

२५. धारा १४ र ५३ को सट्टा नेपालको कुनै अदालतमा विचराधीन व्यक्तिको सरोकारको मुद्धामा संघीय जनप्रतिनिधिसभाका सदस्यहरुले प्रश्न उठाउन पाउने तर बहसमा जाणि निर्णय गर्न नसकिने तर देशको शासन व्यवस्थासँग सम्बन्धित, राजनीतिक अन्तरवस्तु भएको, सार्वजनिक सरोकारको विषय भएको र संविधानसँग कानून बाझिएको भन्ने प्रश्नका बारेमा औपचारिक प्रस्ताव दर्ता गराई बहसमा लान र निर्णय गर्न सक्ने र एउटा समिति बनाई व्याख्या गर्न लगाई त्यसका आधारमा निर्णय गर्न सकिने व्यवस्था गर्ने वा नगर्ने ?

२६. धारा १८ को सट्टा मन्त्रीले सदनका जुनसुकै समितिमा छलफलमा भाग लिन सक्ने तर मतदान भने आफू सदस्य रहेको समितिमा मात्र गर्न पाउने व्यवस्था गर्ने वा नगर्ने ?

२७. धारा २३ मा संयुक्त समितिको सट्टा बढीमा १५ सदस्य रहने विशेष समितिको व्यवस्था गर्न सकिने वा नसकिने ?

२८. धारा ३० र ६८ मा अध्यादेश सरकारले जारी गर्न सक्ने, विकास निर्माण, सेवा सहुलियत, राष्ट्रिय सुरक्षा र साम्प्रदायिक सदभाव कायम राख्ने विषय बाहेक अन्य विषयमा जारी गर्न नसकिने, जारी अध्यादेशको आवश्यकता देखिएमा जनप्रतिनिधिसभाको स्थायी समितिमा पेश गर्नु पर्ने, स्थायी समितिले अनुमति दिएमा मात्र अध्यादेश जारी हुने व्यवस्था राख्ने वा नराख्ने ?

२९. प्रदेश व्यवस्थापिकाको नाम स्वायत्त प्रदेश जनप्रतिनिधिसभा राख्ने वा नराख्ने ?

३०. स्वायत्त प्रदेशलाई आत्म निर्णयको अधिकार सम्पन्न गराउने वा नगराउने ?

३१. स्वायत्त प्रदेश जनप्रतिनिधिसभामा भूगोल र जनघनत्वको अनुपात हेरी जाति, भाषा र प्राकृतिक स्रोतको उपलब्धताको आधारमा २५ देखि ४५ जनासम्म सदस्य रहने व्यवस्था गर्ने वा नगर्ने ?

३२. स्वायत्त प्रदेश जनप्रतिनिधिसभाको गठन बहुसदस्यीय निर्वाचन क्षेत्र प्रणालीको आधारमा गर्ने वा नगर्ने ?

३३. स्वायत्त प्रदेश जनप्रतिनिधिसभाको सदस्य हुन २१ वर्षको उमेर पुगेको हुनु पर्ने व्यवस्था गर्ने वा नगर्ने ?

### ५.३. राज्यको शासकीय स्वरुप निर्धारण समितिको प्रतिवेदन

१. प्रारम्भिक मस्यौदाको पेज नं. XXXIII को धारा २ मा विभिन्न तहका सरकारहरु बीच अन्तरसम्बन्ध अन्तर्गत संघीय र प्रादेशिक सरकार बिचको विवाद समाधान संयन्त्र तथा संघीय, प्रादेशिक र स्थानीय सरकारहरु बीचको विवाद समाधान संयन्त्र सम्बन्धमा आवश्यक व्यवस्था प्रस्ताव गरेको देखिन्छ । संविधानसभा नियमावली,२०६५ अनुसार राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको कार्यक्षेत्रमा 'संघीय इकाईहरुबीच उत्पन्न हुनसक्ने विवादको समाधान सम्बन्धी संयन्त्र' समेत रहेकाले यो विषय यहाँ दोहोरिएको छ । राज्यको शासकिय स्वरुप निर्धारण समितिको मस्यौदामा समितिको दृष्टिले सम्बन्धित भागमा राख्न सिफारिस गरिएका विषयलाई संवैधानिक समितिले महत्वपूर्ण सन्दर्भ सामग्रीको रुपमा ग्रहण गरी सम्बन्धित विषयलाई पूर्णता दिने क्रममा ध्यान दिने ।

२. प्रारम्भिक मस्यौदाको पेज नं. XXIII को उपधारा (१) र (२) मा रहेको "यो संविधान र अन्य कानूनको अधीनमा रही प्रत्येक प्रदेशको" भन्ने वाक्यांशको सट्टा "संविधान र कानूनको अधीनमा रही प्रदेशको" भन्ने वाक्यांश राख्ने ।

३. प्रारम्भिक मस्यौदाको पेज नं. XXIV को धारा ४ को उपधारा (१) को खण्ड (ख) मा मुख्यमन्त्रीको हकमा गरिए जस्तै एकरुपता कायम गर्न "राष्ट्रपति समक्ष राजीनामा दिएमा" भन्ने व्यवस्था राख्ने ।

४. प्रारम्भिक मस्यौदाको पेज नं. XXIV को धारा ४ को शीर्षक "प्रदेशप्रमुख पदमुक्त हुने अवस्था" को सट्टा "प्रदेशप्रमुखको पद रिक्त हुने अवस्था" भनी राख्ने ।

५. प्रारम्भिक मस्यौदाको पेज नं. XXV को धारा ५ को उपधारा (२) मा रहेको "सामान्यतया" भन्ने शब्द व्याख्यात्मक टिप्पणीसंग मेल नखाएको र मस्यौदाको दृष्टिले पनि नमिलेकोले हटाउने ।

६. प्रारम्भिक मस्यौदाको पेज नं. XXVI को धारा ७ को उपधारा (२) अन्तर्गत रहेको स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राख्ने :- "**स्पष्टीकरण:** यस धाराको प्रयोजनको लागि मन्त्री भन्नाले मुख्यमन्त्री, उप मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री समेतलाई जनाउँछ ।"

७. प्रारम्भिक मस्यौदाको पेज नं. XXVII को धारा ७ को उपधारा (६) (७) र (८) लाई धारा ८ अन्तर्गत उपधारा (३), (४) र (५) बनाई मस्यौदा मिलाउने ।

८. प्रारम्भिक मस्यौदाको पेज नं. XXVII को धारा ७ को उपधारा (७) को खण्ड (ख) मा रहेको "प्रधानमन्त्री" शब्दको सट्टा "मुख्यमन्त्री" शब्द राख्ने ।

९. प्रदेशमा राज्य मन्त्री र सहायक मन्त्री नियुक्त गर्न सकिने विषय धारा ७ को उपधारा (१), (२), (३) र (४) ले नै स्पष्ट गरिसकेकोले धारा ९ राख्न नपर्ने हुनाले त्यसलाई हटाउने ।

१०. प्रारम्भिक मस्यौदाको पेज नं. XXXVII मा रहेको धारा ४ को सरकारी सेवाको गठन सम्बन्धी व्यवस्थामा निश्चित सेवामात्र संविधानमा उल्लेख गरी कठोर बनाउन उपयुक्त नभएको, नेपाली सेना र प्रहरी सम्बन्धी व्यवस्था राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदनमा सुझाव र निर्देशन भैसकेको हुँदा यसमा अन्तरिम संविधानमा भए भन्दा बढी व्यवस्था गर्न आवश्यक नभएकोले उपधारा (१) को सट्टा देहायको उपधारा (१) राख्ने : "(१) संघीय सरकारले देशको प्रशासन सञ्चालन गर्न निजामती सेवा र आवश्यक अन्य सेवाहरुको गठन गर्न सक्नेछ । त्यस्ता सेवाहरुको गठन, सञ्चालन र सेवाका शर्तहरु ऐनद्वारा निर्धारण गरिएबमोजिम हुनेछन ।"

११. संघीय सरकारी सेवाको विषयमा उपधारा (१) ले नै संबोधन गरेकाले सोही धाराको उपधारा (२) मा रहेको "संघीय" शब्द आवश्यक नपर्ने हुँदा हटाउने । साथै त्यसमा रहेको "प्रादेशिक र स्थानीय सरकारले राज्यको प्रशासन सञ्चालन गर्न आवश्यकतानुसार" भन्ने वाक्यांशको सट्टा "प्रादेशिक, विशेष संरचना र स्थानीय सरकारले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकतानुसार ऐनद्वारा" भन्ने वाक्यांश राख्ने ।

१२. सोही धारा ४ को उपधारा (३) र (४) आवश्यक नभएकोले हटाई क्रम मिलाउने ।

१३. प्रारम्भिक मस्यौदाको पेज नं. XXXVIII को धारा ५ को उपधारा (१) मा संघीय र प्रादेशिक पछि "स्थानीय" शब्द थप्नु पर्ने । किनकि यसै प्रतिवेदनको माथि स्थानीय कार्यकारिणी अन्तर्गतको धारा ५ मा स्थानीय व्यवस्थापिकाको परिकल्पना गरिएको र प्रस्तुत धाराको व्याख्यात्मक टिप्पणीमा पनि स्थानीय विधायिकाको अपरिहार्यता भएको भन्ने व्यहोरा रहेकोले त्यसलाई मिलान गर्ने प्रकारको व्यवस्था गर्न आवश्यक छ ।

१४. प्रारम्भिक मस्यौदाको पेज नं. XXXIX को धारा ५ मा रहेको निर्वाचन क्षेत्र निर्धारण आयोग अस्थायी प्रकृतिको रहेकोले धारा ६ मा निर्वाचन क्षेत्रको पुनरावलोकन त्यही आयोगले गर्ने भन्नु भन्दा पनि प्रत्येक आवधिक जनगणना पछिको निर्वाचन हुनुभन्दा अघि आयोग गठन गरी निर्वाचन क्षेत्रको पुनरावलोकन गर्ने व्यवस्था राख्नु उपयुक्त हुने भएकोले सो व्यवस्था धारा ५ मा नै उपधारा थप गरी

समावेश गर्ने र अलग्गै धारा ६ राख्न आवश्यक नहुने ।

१५. कुनै कारणले प्रदेशको मन्त्रिपरिषद् नरहने अवस्था भएमा प्रदेशको कार्यकारिणी अधिकार प्रदेशप्रमुखले नै प्रयोग गर्ने कुरामा कुनै विवाद छैन । पेज नं. XXIII को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशलाई अन्तिम रुप दिंदा कस्तो अवस्थामा प्रदेशको मन्त्रिपरिषद् विघटन हुन सक्छ भन्ने विषयमा संकटकालीन अधिकार लगायतका अन्य व्यवस्थालाई ध्यान दिने ।

१६. प्रतिनिधित्वको आधार जनसंख्या र भूगोल दुवै हुने भएकोले मस्यौदाको पेज नं. XXXIX को धारा ५ को उपधारा (६) मा रहेको व्यवस्थालाई सोही मान्यताको आधारमा परिमार्जन गर्ने ।

१७. मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्ने गरी निर्वाचन प्रणाली टुंगो लागेमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित राजनीतिक दलले खसेको मतको ३ प्रतिशत मत प्राप्त गर्नु पर्ने प्रावधान नराख्ने ।

१८. स्थानीय सरकारको कार्यकारी, विधायिकी र न्यायपालिकीय अधिकार प्रयोगको संयन्त्र अलग-अलग हुने व्यवस्था गर्नु पर्ने भएकोले सोही मान्यता अनुरुप स्थानीय कार्यकारिणी सम्बन्धी व्यवस्थामा आवश्यक परिमार्जन गर्ने ।

**५.३.१. देहायका विषयहरुमा संवैधानिक समितिले नै थप छलफल गरी टुंगो लगाई मस्यौदा परिमार्जन गर्ने**

१. केन्द्रमा देहायका मध्ये कुन शासन प्रणाली अवलम्बन गर्ने ?

(क) सहमतिय (प्रत्यक्षरुपमा निर्वाचित) राष्ट्रपति प्रणाली

(ख) संवैधानिक राष्ट्रपती सहित व्यवस्थापिकामा बहुमत प्राप्त कार्यकारी प्रधानमन्त्री रहने शासन प्रणाली

(ग) व्यवस्थापिकाबाट निर्वाचित राष्ट्रपतीय शासन प्रणाली

(घ) आलंकारिक राष्ट्रपतिय प्रणाली र जनताबाट प्रत्यक्षरुपमा निर्वाचित कार्यकारी अधिकार सहितको प्रधानमन्त्री

२. संघीय तहको व्यवस्थापिकामा देहायका मध्ये कुन निर्वाचन प्रणाली अवलम्बन गर्ने ?

(क) बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली

(ख) मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र मिश्रित सदस्य समानुपातिक)

(ग) मिश्रित निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र समानुपातिक)

(घ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली

(ङ) पूर्ण समानुपातिक निर्वाचन प्रणाली

३. प्रदेशमा देहायका मध्ये कुन निर्वाचन प्रणाली अवलम्बन गर्ने ?(पेज नं. XLI)

(क) बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली

(ख) मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र मिश्रित सदस्य समानुपातिक)

(ग) मिश्रित निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र समानुपातिक)

(घ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली

(ङ) पूर्ण समानुपातिक निर्वाचन प्रणाली

५.३.२. खुला प्रश्न

४. मन्त्रिपरिषद्को गठन विधि के हुने ?

## ५.४. न्याय प्रणाली सम्बन्धी समितिको प्रतिवेदन

१ प्रारम्भिक मस्यौदाको धारा ३२ मा प्रस्तावित संक्रमणकालीन व्यवस्था संवैधानिक समितिको कार्यक्षेत्र भित्र पर्ने देखिएकोले यहाँ दोहोरिएको छ । न्यायप्रणाली सम्बन्धी समितिको मस्यौदामा समितिको दृष्टिले सम्बन्धित भागमा राख्न सिफारिस गरिएको विषयलाई संवैधानिक समितिले महत्वपूर्ण सन्दर्भ सामग्रीको रुपमा ग्रहण गरी सम्बन्धित विषयलाई पूर्णता दिने क्रममा ध्यान दिने ।

२. मस्यौदाको धारा ३ को व्यवस्थालाई उपधारा (१) मा राखी देहायको उपधारा (२) थप गर्ने :

"(२) उपधारा (१) बमोजिम स्थापना र गठन भएका विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधीकरणबाट कैदको सजाय हुनेगरी गरेको निर्णय पुनरावेदन सुन्ने अदालतबाट साधक सदर भएपछि मात्र कार्यान्वयन गर्नुपर्नेछ ।"

३. मस्यौदाको धारा २९ को उपधारा (३) मा उल्लिखित "जनसंख्याको आधारमा समानुपातिक र समावेशी सिद्धान्त" भन्ने शब्दहरुको सट्टा "यस संविधानमा उल्लिखित योग्यता, दक्षता र अनुभवको अधिनमा रही जनसंख्याको आधारमा समानुपातिक र समावेशी सिद्धान्त" भन्ने शब्दहरु राख्ने ।

४. स्वतन्त्र र उत्तरदायी न्यायपालिकाको अवधारणप्रति सैद्धान्तिक सहमती कायम भएकोले उक्त मान्यतालाई आत्मसात गर्ने ।

### ५.४.१. देहायका विषयहरुमा संवैधानिक समितिले नै थप छलफल गरी टुंगो लगाई मस्यौदा परिमार्जन गर्ने :

१. राष्ट्रिय महत्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनैतिक विषयसंग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानून बाझिएको विषय हेर्ने अधिकार विधायिकाको विशेष समितिलाई हुने वा न्यायपालिकालाई हुने ?

२. संविधानको व्याख्या, राष्ट्रिय सरोकाका विषय, मानव अधिकार तथा नागरिक सरोकारका विषय, राजनीतिक विषयहरुसंग सम्बन्धी मुद्दाको व्याख्या र निरोपण गर्न तथा संघ र प्रदेश तथा प्रदेश प्रदेश बीचका विवाद हेर्न अलग्गै संवैधानिक अदालतको व्यवस्था गर्ने वा सर्वोच्च अदालतलाई नै सो अधिकार दिने ?

३. सर्वोच्च अदालतका न्यायाधीशको बर्खास्तगी र कारवाही व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट गर्ने वा कानून बनाई प्रभावकारी ढंगले गर्ने ?

४. सर्वोच्च अदालतको प्रधानन्यायाधीशको नियुक्ति यस संविधान बमोजिम प्रधानन्यायाधीश हुन योग्यता पुगेका कुनै पनि व्यक्तिमध्येबाट गर्ने वा सर्वोच्च अदालतका न्यायाधीशहरुमध्येबाट मात्र गर्ने ?

५. प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरुको नियुक्तिको सिफारिस गर्ने संयन्त्र एउटै हुने वा अलग अलग हुने ?

६. राज्य/उच्च अदालतका न्यायाधीशहरुको नियुक्ति र बर्खास्तगी प्रादेशिक व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट हुने वा न्यायपरिषदजस्तो केन्द्रिय संयन्त्रबाट हुने ?

७. स्थानीय अदालतका न्यायाधीशहरुको नियुक्ति र बर्खास्तगी स्थानीय व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट हुने वा राज्य संयन्त्रबाट हुने ?

८. राज्य/उच्च अदालत र स्थानीय अदालतका न्यायाधीशहरुको सरुवा हुने व्यवस्था संविधानमा गर्ने वा नगर्ने ?

## ५.५. राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदन

१. राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदनसाथ संलग्न प्रारम्भिक मस्यौदाको क.सं. १, २, १०, १७, १९ र २० मा रहेका विषयहरु संवैधानिक समितिको कार्यक्षेत्रमा पर्ने देखिएको, क.सं. ४, ५, ६, ७ र ८ मा रहेका विषयहरु मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्रभित्र पर्ने देखिएको र क.स. १८ रहेको विषय राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँट समितिको कार्यक्षेत्रभित्र पर्ने देखिन्छ । राष्ट्रिय हितको संरक्षण समितिको मस्यौदामा समितिको दृष्टिले सम्बन्धित भागमा राख्न सिफारिस गरिएका विषयलाई संवैधानिक समितिले महत्वपूर्ण सन्दर्भ सामग्रीको रुपमा ग्रहण गरी सम्बन्धित विषयलाई पूर्णता दिने क्रममा ध्यान दिने ।

२. मस्यौदाको क.सं. ३ को राष्ट्रिय हित सम्बन्धी व्यवस्थामा राष्ट्रिय हितका आधारभूत विषय सहितको परिभाषा मात्र समावेश गर्न उपयुक्त हुने भएकोले हालको मस्यौदाको पहिलो हरफमा रहेको सार्वभौमसत्ता र राष्ट्रिय अखण्डता पछि "राष्ट्रिय स्वाधिनता" भन्ने शब्दहरु थप गर्ने, दोस्रो हरफमा रहेको राष्ट्रको स्वतन्त्रता पछि "राष्ट्रिय एकता सबै नेपालीको हक, हित र स्वाभिमानको संरक्षण" भन्ने शब्दहरु थप गर्ने, नवौं हरफमा रहेको जाति पछि "धर्म" शब्द थप गर्ने, एघारौं हरफको समतामूलक समाजको निर्माण गर्ने पछि "नेपाली श्रम र पूँजीको संरक्षण, खाद्य सुरक्षा, उर्जा सुरक्षा र स्वच्छ पानीको संरक्षण गर्ने" भन्ने शब्दहरु थप गरी सो भावना प्रतिविम्वित हुने गरी मस्यौदा गर्ने । साथै हालको मस्यौदाको दोस्रो र तेस्रो हरफमा रहेको "पहिचान, सहमति र सहकार्यको आधारमा राष्ट्रिय एकता" भन्ने शब्दहरु, आठौं हरफमा रहेको "यातायात, सूचना र प्रविधिको विकास" भन्ने शब्दहरु, व्याख्यात्मक टिप्पणीको सातौं हरफमा रहेको "र यसको ठोस परिभाषा समेत गर्न कठिन" भन्ने शब्दहरु राख्न आवश्यक नभएकोले हटाउने ।

३. मस्यौदाको क.सं ११ को उपधारा (२) को सट्टा देहायको उपधारा (२) राख्ने :

(२) "प्रदेशको सूचीकृत क्षेत्राधिकारको विषयमा सन्धि वा सम्झौता गर्दा केन्द्रले प्रदेशको सहमति लिनुपर्नेछ । "

४. मस्यौदाको क.सं ११ को उपधारा (३) मा रहेको व्यवस्था अन्तर्राष्ट्रिय सन्धि सम्बन्धी शीर्षकमा नराखी संविधानको अन्य उपयुक्त स्थानमा राख्ने ।

५. क.सं. १२ मा सन्धि सम्पन्न गर्न नसकिने विषयको नकारात्मक सूची राखिएकोमा संविधानमा त्यस्तो सूची राख्न आवश्यक नरहेको, यो बुंदामा उल्लिखित खण्ड (क) को व्यवस्थालाई मात्र क.सं. १३ को व्यवस्था अन्तर्गत उपधारा (३) पछि नेपालको अन्तरिम संविधान,२०६३ को धारा १५६(४) अनुरुपको भाषा र तरिकाले अलग्गै उपधारामा राख्ने ।

६. क.सं. १३ को उपधारा (२) को पाँचौं हरफमा रहेको "तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरुको" भन्ने शब्दहरुको सट्टामा "उपस्थित सदस्यहरुको" भन्ने शब्दहरु राख्ने र उपधारा (३) र (४) लाई नेपालको अन्तरिम संविधान,२०६३ को धारा १५६ मा भए सरहको व्यवस्था अनुरुप मस्यौदा गरी अरु विषयहरु सन्धि सम्बन्धमा विधायिकाबाट निर्मित कानूनले नियमित गर्ने गरी आवश्यक क्रम मिलाई राख्ने ।

७. क.सं. १४ मा रहेको व्यवस्था संविधानमा राख्न उपयुक्त नहुने हुँदा उक्त व्यवस्था विधायिकाबाट निर्मित कानूनले नियमित गर्ने गरी राख्ने ।

८. क.सं.१५. को व्यवस्था संविधानमा उल्लेख गर्नु पर्ने महत्वको नभएकोले सन्धि सम्बन्धी विधायिका निर्मित कानून वा विधायिकाको कार्यविधि सम्बन्धी नियमावलीबाटै व्यवस्थित हुन सक्ने कारणले संविधानमा समावेश गर्न नपर्ने ।

९. क.सं. २१ मा रहेको नेपालको अन्तर्राष्ट्रिय सिमाना सम्बन्धी व्यवस्थाको लागि उपधारा (१) को व्यवस्था पर्याप्त रहेकोले उपधारा (२) आवश्यक नपर्ने, साथै यो उपधारा (२) मा उल्लेख भएको कुरा अवधारणा पत्र र व्याख्यात्मक टिप्पणीबाट नै स्पष्ट भई रहेको छ । क.सं. २१ को व्याख्यात्मक टिप्पणीको पेज १९ को तेस्रो हरफमा रहेको "सन् १८७५ को सन्धि" भन्ने शब्द पछि "लगायत" भन्ने शब्द थप गर्दा कुनै ऐतिहासिक दस्तावेज यहाँ उल्लेख गर्न छुट भएको भएपनि सबैलाई आधार लिएर सिमाना व्यवस्थापन गर्न सकिने हुनाले सोही बमोजिम परिमार्जन गर्ने ।

१०. क.सं. २२ मा रहेको राष्ट्रिय सुरक्षा परिषद सम्बन्धी व्यवस्थाको उपधारा (१) को तेस्रो हरफमा रहेको सेनाको परिचालन पछि कमा (,) राख्ने र "नियन्त्रण" भन्ने शब्द थप गर्ने,

११. सोही उपधाराको खण्ड (च) आवश्यक नरहेकोले हटाउने ।

१२. सोही क.सं.को उपधारा (२) र (४) मा रहेको विषय कानूनद्वारा व्यवस्थित हुने विषय भएकोले संविधानमा राखिरहन नपर्ने ।

१३. सोही क.सं.को उपधारा (३) मा रहेको विषयलाई देहाय बमोजिम परिमार्जन गरी उपधाराको क्रम मिलाउने - "रक्षा मन्त्रालयको सचिवले राष्ट्रिय सुरक्षा परिषद्को सचिव भई काम गर्नेछ"

१४. सोही क.सं.को अन्त्यमा देहायको उपधारा थप गर्नु आवश्यक देखिएको ।

"(३) राष्ट्रिय सुरक्षा परिषदले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रप्रमुख समक्ष पेश गर्नेछ र निजले उक्त प्रतिवेदन मन्त्रिपरिषद् मार्फत व्यवस्थापिका समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।"

१५. क.सं. २४ मा रहेको नेपाली राष्ट्रिय सेना सम्बन्धी व्यवस्थाको उपधारा (१) को व्यवस्थाको सट्टा देहाय बमोजिमको व्यवस्थाहरु गर्न उपयुक्त हुने :

"(१) देशको सार्वभौमसत्ता, अखण्डता, स्वतन्त्रता र राष्ट्रिय एकताको रक्षाका लागि लोकतान्त्रिक सिद्धान्तप्रति प्रतिवद्ध समानुपातिक, समावेशी र राष्ट्रिय स्वरुपको नेपाली सेनाको एक संगठन रहनेछ ।"

१६. सोही क.सं.को उपधारा (१) पछि देहायका उपधारा (२) र (३) थप गरी उपधाराको क्रम मिलाउने :-

"(२) नेपाली सेनालाई राष्ट्रिय स्वरुप प्रदान गर्न र समावेशी बनाउन मधेशी, आदिवासी जनजाती, दलित, महिला, पिछडिएका क्षेत्र लगायतका जनताको प्रवेश समानता र समावेशी सिद्धान्तका आधारमा कानूनमा व्यवस्था गरी सुनिश्चित गरिनेछ ।

(३) नेपाल सरकारले नेपाली सेनालाई कानूनमा व्यवस्था भए बमोजिमको विकास निर्माण र प्राकृतिक प्रकोप नियन्त्रण लगायतका अन्य कार्यमा समेत लगाउन सक्नेछ ।"

१७. सोही क.सं.को उपधारा (२) मा २ वटा अलग अलग विषय एकै स्थानमा रहेकोमा नेपाली सेना लोकतान्त्रिक सिद्धान्तप्रति प्रतिवद्ध, सहभागितामूलक तथा समावेशी स्वरुपको हुनु पर्ने विषय उपधारा (१) मा नै समावेश भई सकेको र शिविरमा रहेका लडाकु (जनमुक्ति सेना) को १२ बुँदे समझदारी र वृहत शान्ति सम्झौताको आधारमा पुनःस्थापन, व्यवस्थापन र समायोजन सम्बन्धी विषय टुङ्गो लाग्न बाँकी रहेकोले सो विषय टुङ्गो लागे बमोजिम गर्ने गरी यो उपधारा हटाउने ।

१८. सोही क.सं.को उपधारा (४) मा प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले गर्ने व्यवस्था राख्ने ।

१९. सोही क.सं.को उपधारा (५) मा प्रधानसेनापतिको पदमुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले गर्ने व्यवस्था राख्ने ।

२०. सोही क.स.को उपधारा (६) को व्यवस्था सि.नं. २२ (१) को राष्ट्रिय सुरक्षा परिषद सम्बन्धी व्यवस्थामा समावेश भैसकेकोले राखिरहन नपर्ने ।

२१. सोही क.सं.को उपधारा (७) को अन्त्यमा रहेको "केन्द्रिय व्यवस्थापिकाको विशेष सुरक्षा समितिमा" भन्ने शब्दहरुको सट्टा "संघीय व्यवस्थापिकामा" भन्ने शब्दहरु राखी उपधाराहरुको क्रम मिलाउने ।

२२. क.सं. २५, २६, २७ र २८ मा रहेका अर्ध सैनिक बल, गुप्तचर संगठन, प्रहरी सम्बन्धी व्यवस्था र सरकारप्रति उत्तरदायी रहने भन्ने व्यवस्थाहरुको मस्यौदामा रहे जस्तो अलग अलग विस्तृत व्यवस्था संविधानमा रहनु पर्ने देखिदैन । त्यसको सट्टामा एउटै बुँदामा देहायको व्यवस्था र व्याख्यात्मक टिप्पणी राख्नु पर्याप्त हुने,-

| क.स. | विषयवस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था |
|---|---|---|
| २५ | **नेपाल प्रहरी, अर्धसैनिक बल र गुप्तचर संगठन सम्बन्धी व्यवस्था :** | (१) केन्द्रमा संघीय प्रहरी, संघीय अर्धसैनिक बल र संघीय गुप्तचर संस्थाको संगठन रहनेछ ।<br>(२) प्रत्येक संघीय इकाईमा प्रहरी संगठन रहनेछ ।<br>(३) सुरक्षा निकाय सम्बन्धी अन्य व्यवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । |

## ५.६ तत्कालिन संविधानसभाबाट मिति २०६७/१०/१२ को निर्णयानुसार संवैधानिक समितिको प्रतिवेदनको सन्दर्भमा सोही समितिलाई दिइएको सुझाव एवं निर्देशन

१. मस्यौदा प्रस्तावनाको अनुच्छेद ४ को अन्त्यमा रहेको "स्मरण गर्दै" भन्ने शब्दावलीको सट्टा "अनुभूति गर्दै" भन्ने शब्द राख्ने, अरु परिमार्जन गर्न आवश्यक नरहेको ।

२. छैठौं अनुच्छेदमा रहेको "सक्षम, निष्पक्ष र स्वतन्त्र न्यायपालिका" भन्ने शब्दहरुको सट्टा "स्वतन्त्र र उत्तरदायी न्यायपालिका" भन्ने शब्दावली राख्ने ।

३. प्रस्तावनाको अनुच्छेद ८ मा रहेको "सबै प्रकारका विभेद" भन्ने शब्द पछि "र उत्पीडनको" भन्ने शब्दहरु थप गर्ने र उक्त अनुच्छेदको व्याख्यात्मक टिप्पणीमा "मजदुर, किसान, कामदारवर्गको विशेष अधिकार सुनिश्चित हुने गरी सबै समुदाय र वर्गलाई न्याय प्रदान गर्ने र समतामूलक समाजको स्थापना गर्ने लक्ष्यलाई स्पष्ट पार्न यो अनुच्छेद राखिएको" भन्ने व्यहोरा राख्ने ।

४. मस्यौदा प्रस्तावनाको अनुच्छेद ९ को व्याख्यात्मक टिप्पणीमा "नेपाली जनताले सामन्तवाद, साम्राज्यवाद, विस्तारवाद र सबै प्रकारका विदेशी हस्तक्षेप बिरुद्धमा विगतमा गर्दै आएका संघर्ष र आन्दोलनहरुलाई सम्मान गर्दै अब उप्रान्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट नेपाली राष्ट्रियता, स्वाधीनता, सार्वभौमसत्ता र राष्ट्रिय अखण्डतालाई मजबुत बनाउने तथा अग्रगमन सहितको दिगो शान्ति, समृद्धि र विकासको माध्यमद्वारा नेपाली जनताको जीवनस्तर अभिवृद्धि गर्दै लोकतन्त्रको लाभहरु उपयोग गर्न सक्ने स्थितिको सृजना गर्ने प्रतिबद्धता सहित यो संविधान जारी भएको व्यहोरा उल्लेख गरिएको हो ।" भन्ने व्यहोरा राख्ने ।

५. मस्यौदामा रहेको राष्ट्रको परिभाषा यथावत राख्ने । नेपाल राज्यको परिभाषाको मस्यौदामा "समावेशी" शब्दपछि "लोकतन्त्रात्मक" शब्द थपेर "समावेशी लोकतन्त्रात्मक" बनाई व्याख्यात्मक टीप्पणीमा जनताको समावेशी लोकतन्त्रात्मक राज्य हुने कुरा थप्ने । नेपाल राज्यको परिभाषामा रहेको "बहुराष्ट्रिय" शब्दको सट्टा "बहुजातीय" शब्द राख्ने र व्याख्यात्मक टिप्पणीमा नेपाल बहुजातीय (Multinational) विशेषतायुक्त समेत हुने भनेर थप्ने ।

६. देश संघीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण भएको परिवर्तित सन्दर्भमा राष्ट्रिय झण्डाको नयाँ व्याख्या गर्ने गरी झण्डा यथावत राख्ने ।

७. राष्ट्रिय गानमा रहेको "वीरहरु" शब्दले "विरंगना" समेतलाई समेट्ने भएकोले कुनै परिवर्तन गर्न नपर्ने ।

८. जनमत संग्रहसँग सम्बन्धित विषयमा देहायबमोजिमको व्यवस्था गरी छुट्टै धारामा संविधानको उपयुक्त स्थानमा राख्ने :

"(१) यस संविधानमा अन्यत्र व्यवस्था भएकोमा बाहेक राष्ट्रिय महत्वको कुनै विषयमा जनमत संग्रहबाट निर्णय गर्न आवश्यक छ भनी संघीय व्यवस्थापिकाले तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरुको दुई तिहाई सदस्यको बहुमतबाट निर्णय गरेमा त्यस्तो विषयमा जनमत संग्रहबाट निर्णय लिन सकिनेछ ।

(२) जनमत संग्रह सम्बन्धी अन्य व्यवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।"

९. मस्यौदाको धारा ८ मा संविधान संशोधन शीर्षक अन्तर्गतको उपधारा (३) र (४) को व्यवस्था हटाई उक्त धाराको मस्यौदालाई मिलाउने ।

१०. सोही धारा ८ को उपधारा (२) मा रहेको "तोकिए बमोजिमको न्यूनतम संख्याका सदस्यहरु" को सट्टा "संघीय व्यवस्थापिकाको सदस्य" राखी मस्यौदा परिमार्जन गर्ने र त्यसको व्याख्यात्मक टिप्पणीमा "यस व्यवस्थाले सर्वसाधारण जनताहरुले संविधान संशोधनका सम्बन्धमा विभिन्न किसिमले सुझाव दिन सक्ने र विधायिकाका सदस्यहरुले त्यस्ता सुझावहरु अध्ययन गरी संविधान संशोधन प्रस्ताव गर्न उपयुक्त सम्झेमा एकजना सदस्यले समेत संशोधन प्रस्ताव राख्न सक्ने गरी संविधान संशोधनको प्रस्ताव पेश गर्ने सम्बन्धमा लचिलो व्यवस्था गरिएको" भन्ने वाक्यांश थप गर्ने ।

११. प्रारम्भिक मस्यौदाको धारा १२ मा उपधारा (२) नरहेको हुनाले प्रारम्भमा रहेको (१) हटाउने ।

१२. सोही धारामा रहेको दर्ता र सञ्चालन भन्ने शब्दहरुको सट्टा दर्ता, सुविधा र सञ्चालन भन्ने शब्दहरु राख्ने ।

१३. प्रारम्भिक मस्यौदाको धारा १३ को उपधारा (१) पछि देहायको उपधारा (२) थप गरी उपधाराको क्रम मिलाउने :-

"(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै प्रदेशमा प्राकृतिक विपत्ति वा महामारीको कारणले गम्भीर संकट उत्पन्न भएमा सम्बन्धित प्रदेश सरकारले नेपाल सरकारसमक्ष यस धारा बमोजिम आंशिक संकटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्नको लागि अनुरोध गर्न सक्नेछ ।"

**५.६.१ देहायका विषयहरुमा संवैधानिक समितिले नै थप छलफल गरी टुंगो लगाई मस्यौदा परिमार्जन गर्ने**

**५.६.१.१ सि.नं. १ प्रस्तावनामा :**

१. प्रस्तावनाको अनुच्छेद ३ मा माओवादी जनयुद्ध लगायत सबै आन्दोलनको नाम उल्लेख गर्ने वा माओवादी जनयुद्ध लगायत सबै आन्दोलनको नाम व्याख्यात्मक टिप्पणीमा राख्ने वा माओवादी जनयुद्ध व्याख्यात्मक टिप्पणीमा पनि नराख्ने ?

२. प्रस्तावनाको अनुच्छेद ६ मा 'जनताको समानुपातिक समावेशी' भन्ने शब्दहरुको सट्टा 'बहुलवादमा आधारित' भन्ने शब्दहरु राख्ने वा नराख्ने ?

३. अनुच्छेद ७ मा आत्मनिर्णयको अधिकारको परिभाषा, सो को प्रयोगको विधि र यस अन्तर्गत गर्न पाइने र नपाइने कुराहरु स्पष्ट पारेर परिमार्जन गर्नु पर्ने वा नपर्ने ?

**५.६.१.२ सि.नं. ६ संविधान संशोधनमा :**

४. देहायको विषयको प्रतिकूल असर पर्ने गरी संविधान संशोधन हुन नसक्ने भन्ने व्यवस्था राख्ने वा नराख्ने ?

क) सार्वभौमसत्ता

ख) राष्ट्रिय स्वाधिनता

ग) संघीयता

घ) बहुलवाद

ङ) धर्म निरपेक्षता

च) स्थानीय स्वायत्तता र स्वशासन,

छ) समानुपातिक समावेशी

ज) आदिवासीको अग्राधिकार

५. धारा ८ को उपधारा (७) मा उल्लेख गरिएको विधेयक पछि रहेको "बहुमत संघीय इकाईको विधायिकाको" भन्ने शब्दहरुको सट्टा "५०% भन्दा बढी जनताको प्रतिनिधित्व गर्ने संघीय इकाईको विधायिकाले" भन्ने शब्द थप्ने वा नथप्ने ?

**५.६.१.३ सि.नं. ९ विविधमा :**

६. नेपाली राजदूत र विशेष प्रतिनिधि नियुक्ती समानुपातिक समावेशी सिद्धान्तको आधारमा गर्ने वा समावेशी सिद्धान्तको आधारमा गर्ने ?

**५.६.१.४ सि.नं. १० संक्रमणकालीन व्यवस्थामा :**

७ राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्थाको सट्टामा "यो संविधान प्रारम्भ हुदाँका बखत बहाल रहेका राष्ट्रपति र उपराष्ट्रपति नयाँ संविधान बमोजिम निर्वाचन नभएसम्म कायम रहने र कुनै करणवस पद रिक्त भएमा पदपूर्ति हुने प्रकृया अन्तरिम संविधान बमोजिम हुनेछ" भन्ने व्यवस्था राख्ने वा

नराख्ने ?

८. कार्यकारीणी सम्बन्धी व्यवस्थाको सट्टामा "यो संविधान प्रारम्भ हुँदाका वखत कायम रहेको मन्त्रिपरिषद् यसै संविधान अन्तर्गत भएको संघीय मन्त्रिपरिषद् मानिनेछ" भन्ने व्यवस्था राख्ने वा नराख्ने ?

९. विधायिकी अधिकार सम्बन्धी व्यवस्थाको सट्टामा "यो संविधान बमोजिम निर्वाचित संघीय संसद/व्यवस्थापिका-संसदबाट संघीय मन्त्रिपरिषद् गठन नभएसम्म साविकको मन्त्रिपरिषद् कायम रहने छ । तर संघीय संसद/व्यवस्थापिका संसदको प्रथम अधिवेशन पश्चात ६० दिनभित्र यस संविधान अन्तर्गतको मन्त्रिपरिषद् गठन हुनेछ ।" भन्ने व्यवस्था राख्ने वा नराख्ने ?

१०. धारा २४ को उपधारा (२) मा रहेको 'वहाल रहेका न्यायाधीशहरु' भन्ने शब्दहरु पछि रहेको "यो संविधानमा व्यवस्था भएको नियुक्ति सम्बन्धी व्यवस्था कार्यान्वयन नभएसम्म" भन्ने शब्दहरुको सट्टा "यसै संविधान बमोजिम नियुक्ति भएको मानी आ-आफ्नो पदमा यथावत कायम रहने छन्" भन्ने व्यवस्था राख्ने वा नराख्ने ?

११. धारा २५ को उपधारा (३) मा रहेको 'कार्यरत पदाधिकारीहरु' भन्ने शब्द पछि रहेको "यो संविधानमा व्यवस्था भएको नियुक्ति सम्बन्धी व्यवस्था कार्यान्वयन नभएसम्म" भन्ने शब्दहरुको सट्टा 'यसै संविधान बमोजिम नियुक्ति भएको मानी आ-आफ्नो पदमा यथावत कायम रहने छन्' भन्ने शब्दहरु राख्ने वा नराख्ने ?

१२. संक्रमणकालीन व्यवस्था अन्तर्गत प्रस्तावित व्यवस्थाको सट्टा देहायका प्रावधानहरु थप गर्नुपर्ने वा नपर्ने?

- नयाँ संविधान जारी गएको मितिले वढीमा एक महिनाभित्र राष्ट्रपति तथा मन्त्रीमण्डलको अन्तरिम व्यवस्था व्यवस्थापिका-संसदको रुपमा कायम रहने संविधानसभाले गर्ने ।
- संबैधानिक अंगका पदाधिकारीहरु र न्यायाधीशहरुको अन्तरिम व्यवस्था नयाँ संविधान जारी भएको तीन महिना भित्र व्यवस्थापिका-संसदको रुपमा कायम रहने संविधान सभाले गर्ने ।
- स्वायत्त प्रादेशिक राज्यहरुको अन्तरिम व्यवस्था नयाँ संविधान जारी भएको तीन महिनाभित्र व्यवस्थापिका -संसदको रुपमा कायम रहने संविधानसभाले गर्ने ।

१३. बाधा अड्काउ फुकाउने अधिकार संक्रमणकालीन भाग अन्तर्गत राख्ने वा नराख्ने ?

१४. बाधा अड्काउ फुकाउने आदेश व्यवस्थापिका संसदबाट एक महिनाभित्र अनुमोदन गराउनु पर्ने वा नपर्ने?

### ५.६.१.५ खुला प्रश्न

१५. संक्रमणकालीन व्यवस्था अन्तर्गत वर्तमान संविधानसभालाई नै व्यवस्थापिकाको रुपमा निरन्तरता दिने तर न्यायाधीश एवं संवैधानिक निकायका पदाधिकारीहरुको हकमा अन्यथा व्यवस्था राखिनुले दोहोरो मापदण्ड अवलम्बन गरेको देखिने हुँदा एकरुपता कायम गरिनुपर्ने वा नपर्ने ?

### ५.६.१.६ सि.नं. १२ संक्षिप्त नाम, प्रारम्भ र खारेजी

१६. नामको पछाडी रहेको सम्वत् राख्ने वा राख्न नपर्ने ?

१७ समाजवाद उन्मुख गणतन्त्र नेपालको संविधान, २०६७ भनी नाम राख्नुपर्ने वा नपर्ने ?

१८. संघीय गणतन्त्र नेपालको संविधान, २०६७ भनी नाम राख्नुपर्ने वा नपर्ने ?

१९. जनताको संघीय गणतन्त्र नेपालको संविधान, २०६७ भनी नाम राख्नुपर्ने वा नपर्ने ?

२०. गणतन्त्र नेपालको संविधान २०६७ भनी नामाकरण गर्नुपर्ने वा नपर्ने ?

२१. संविधानको नाम पछि साल उल्लेख गर्दा नेपाल संवत ११३० उल्लेख गर्नुपर्ने वा नपर्ने ?

**६. "संविधानसभा बाट मिति २०६७।१२।३ मा राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँट समितिको प्रतिवेदनको सम्बन्धमा संवैधानिक समितिलाई दिईएको सुझाव र निर्देशन"**

१. समितिको प्रतिवेदनमा रहेका धारा १ प्रस्तावना, धारा २ परिभाषा, धारा ५(९) र धारा ७(५) को संक्रमणकालीन प्रकृतिका व्यवस्था संवैधानिक समितिको कार्यक्षेत्रमा पर्ने, धारा १२, १४, १५, १७, १८ मा रहेका मौलिक हकहरु मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्रमा पर्ने देखिएको, धारा १६ मा रहेका महिला आयोग तथा दलित आयोग सम्बन्धी व्यवस्था संवैधानिक निकायको संरचना निर्धारण समितिको कार्यक्षेत्रमा परेको देखिन्छ । राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँट समितिको मस्यौदामा समितिको दृष्टिले सम्बन्धित भागमा राख्न सिफारिस गरिएका विषयलाई संवैधानिक समितिले महत्वपूर्ण सन्दर्भ सामग्रीको रुपमा ग्रहण गरी सम्बन्धित विषयलाई पूर्णता दिने क्रममा ध्यान दिने ।

२. मतैक्यता हुन नसकेका विषयमध्ये मस्यौदाको धारा ३ को उपधारा (२) उपयुक्त देखिएकोले कुनै थप घट गर्न नपर्ने ।

३. धारा ४ को उपधारा (१) को व्याख्यात्मक टिप्पणीमा "सबै प्रकारका विभेदका विरुद्ध उठेका वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, लैङ्गिक आन्दोलन" भन्ने शब्दावली राख्दा त्यसमा सबै किसिमका आन्दोलनको भावना समेटिने भएकोले अरु आन्दोलनको नाम लेख्न आवश्यक नपर्ने ।

४. धारा ७ को उपधारा (१) मा "स्थानीय सरकार" भन्ने शब्दावली राख्दा कार्यकारी प्रकृतिको काम गर्ने अंग मात्र बुझिने भएकोले "स्थानीय तह" भन्ने शब्दावली नै उपयुक्त हुने ।

५. धारा ९ को उपधारा (३) लाई देहाय बमोजिम परिमार्जन गरेर राख्ने:- "(३) संविधानको अनुसूची ५ मा उल्लिखित साझा सूचीका विषयमा संघीय व्यवस्थापिकाले बनाएको कानूनसँग नबाझिने गरी प्रादेशिक व्यवस्थापिकाले आवश्यक कानून निर्माण गर्न सक्नेछ ।" उक्त उपधाराको व्याख्यात्मक टिप्पणीलाई पनि सोही बमोजिम मिलाउने ।

६. अनुसूची ५ को क्रम संख्या ११ मा "उपभोक्ता हकहित" सम्बन्धी विवाद पनि थप गर्ने ।

७. अनुसूची ५ को क्रम संख्या १८ मा रहेको "सवारी साधन अनुमति पत्र" भन्ने विषयलाई त्यहाबाट हटाई अनुसूची ४ मा राख्ने ।

८. अनुसूची ६ को स्थानीय तहको अधिकारको सूचीको क्रम संख्या ३ मा "टेलिभिजन र पत्रपत्रिका" थप गर्ने ।

९. अनुसूची ६ को स्थानीय तहको अधिकारको सूचीमा "भाषा, संस्कृति र लिपी, प्राकृतिक स्रोत बापत प्राप्त रोयल्टी र सेवा शुल्क" पनि थप गर्नु पर्ने सुझाव आएकोमा प्राकृतिक स्रोत आर्थिक अधिकार तथा राजश्व बाँडफाँट समितिको प्रतिवेदनमा रहेको स्थानीय तहको सूचीमा ती सबै विषय समावेश भएको देखिएकोले मिलान हुने गरी अधिकारको सूचीलाई अन्तिम रुप प्रदान गर्ने ।

१०. संघीय संरचना अन्तिम हुंदा विशेष संरचना र सो अन्तर्गत स्वायत्त क्षेत्र रहने भएमा सो सम्बन्धी हालको अनुसूची ७ मा "प्रहरी" राख्न नपर्ने ।

११. संघीय संरचना अन्तिम भए पछि मात्र अधिकारको सूचीलाई अन्तिम रुप दिन सकिने भएकोले अधिकारको सूचीलाई अन्तिम रुप दिंदा प्राकृतिक स्रोत आर्थिक अधिकार तथा राजश्व बाँडफाँट समितिको प्रतिवेदनमा रहेका सूचीलाई समेत मिलान गरेर सूची निर्माण गर्ने ।

६.१ देहायका विषयहरुमा संवैधानिक समितिले नै थप छलफल गरी सहमतिमा टुंगो लगाई मस्यौदा परिमार्जन गर्ने

मस्यौदाको धारा ३ राज्यको पुनर्संरचना र राज्यशक्तिको स्वरुप शीर्षक अन्तर्गत (पेज II – III)

१. (फरकमत) उपधारा (३) को दोश्रो हरफमा बसोवास गर्ने भन्ने पदावली पछि 'मधेशी समुदाय र' भन्ने शब्द थप गर्ने वा नगर्ने ?

२. उपधारा (३) - यो उपधारा लगायत अन्य धारामा उल्लेखित 'आदिवासी, आदिवासी जनजाति' भन्ने शब्दले अस्पष्टता ल्याएकोले यसरी प्रयोग गर्न नहुने, यो शब्दावलीको सट्टा उत्पीडित क्षेत्रका जनता भन्नु पर्ने वा नपर्ने ?

३. धारा ३(१) मा संघ प्रदेश, स्थानीय तह र विशेष संरचनाले राज्यशक्तिको प्रयोग गर्ने भनिएको तर धारा ४ मा संघ, प्रदेश, स्थानीय गरी तीन तहलाई मूल संरचना भनेको हुँदा अस्पष्टता ल्याएकोले यसलाई कसरी राख्ने ?

४. विशेष संरचनाको प्रशासनिक संरचना कस्तो हुने ?

धारा ४ संघीय नेपालको तहगत संरचना शीर्षक अन्तर्गत (पेज III – IV)

५. उपधारा (३) स्थानीय तहको अधिकार प्रयोग गर्ने निर्वाचित परिषद्मा 'विधायिकी, कार्यकारी र न्यायिक अधिकार' एकै ठाँउमा राख्ने कि नराख्ने ?

६. उपधारा (५) स्वायत्त क्षेत्रको अधिकार प्रयोग गर्ने निर्वाचित परिषद्मा 'विधायिकी, कार्यकारी र न्यायिक अधिकार' एकै ठाँउमा राख्ने कि नराख्ने ?

७. (फरकमत) उपधारा (४) को दोश्रो हरफमा रहेको "संविधानको धारा ८ मा व्यवस्था भएबमोजिम" भन्ने शब्दको सट्टा "प्रादेशिक कानूनमा व्यवस्था भएबमोजिम" भन्ने शब्द राख्ने वा नराख्ने ?

८. (फरकमत) उपधारा (५) मा रहेको "स्थापना हुने" पछि "विशेष संरचनालाई" भन्ने शब्दहरु थप्ने वा नथप्ने

९. (फरकमत) सोही उपधारामा रहेको "स्वायत्त क्षेत्रमा संविधानको अनुसूची ७ मा उल्लिखित अधिकार प्रयोग गर्ने गरी" भन्ने शब्दहरु हटाउने वा नहटाउने ?

धारा ५ प्रदेशको निर्माण शीर्षक अन्तर्गत (पेज V – VII)

१०. राज्य पुनर्संरचना आयोग गठन गरी सो आयोगले प्रस्तुत गर्ने सिफारिसलाई समेत मध्यनजर गरी प्रदेशको निर्माण गर्ने वा नगर्ने ?

११. (फरकमत) जातीय पहिचानका आधारमा विभाजित चौध राज्यको संरचनाप्रति असहमति रहेको हुनाले यसमा के गर्ने ?

१२. (फरकमत) उपधारा (१) मा "नेपाललाई" भन्ने शब्द पछि १४ र ६ अंक कायम गरी प्रदेश निर्माणका दुवै विकल्प प्रस्तुत गर्ने भनिएकोले के गर्ने ?

१३. सोही उपधाराको व्याख्यात्मक टिप्पणीमा तराई र मधेशमा विभक्त भएको छ भन्ने वाक्यांश पछाडि

देहायका वाक्यहरु राखि परिमार्जन गर्ने वा नगर्ने ?

"यस विविधतापूर्ण अवस्थितिलाई ध्यान राखी नेपालमा सबैभन्दा पछिल्लो पटक लिएको २०५८ सालको औपचारिक जनगणनामा आधारित भई कूल संख्याको एक प्रतिशत भन्दा माथि रहेको जाति समुदाय र एक प्रतिशतभन्दा बढी जनताले बोल्ने भाषिक संख्याद्वारा निर्मित भौगोलिक क्षेत्रगत निरन्तरतामा रहेका भ्रुण्डहरुलाई आधार बनाई मानव अवस्थितिको क्षेत्रगत रेखाङ्कन तयार भएको प्रारम्भिक मानव अवस्थिति वा क्षेत्र भ्रुण्डहरु मध्ये ज्यादै कम संख्यामा मानव अवस्थितिको वा भ्रुण्डहरुमा मात्र निश्चित जाति, समुदाय वा भाषिक वक्ताको बहुसंख्या देखियो । यस प्रकारको मानव अवस्थितिको क्षेत्रगत रेखाङ्कन वा भ्रुण्डहरुको बसोवासको अवस्थाले गर्दा प्राय सबै ठाँउ, जाति, समुदाय वा भाषा-भाषिक हिसावले अत्यधिक मिश्रणमा रहेको पाइयो । तसर्थ एकल पहिचानको प्रदेश निर्माण गर्न एक दुई क्षेत्र अपवाद बाहेक प्राय: सबै क्षेत्रमा असमान जस्तै देखियो । प्रदेश निर्माण सम्बन्धी प्रयोगमा ल्याइएका सिद्धान्त एवं पहिचान र सामर्थ्यका स्वीकृत आधार मध्ये जाति, समुदाय वा भाषा बाहेकमा पहिचानका अन्य आधारित र सामर्थ्यका आधारलाई समेत प्रयोग गर्न पर्ने अवस्था बन्यो । जस अनुसार निर्माण गरिने प्रदेशहरुको स्वायत्त र स्वशासनको अधिकार जिम्मेवारीलाई प्रयोग गर्न सक्ने गरी भौगोलिक तथा सांस्कृतिक निकटता र आर्थिक अन्तरसम्बन्ध र प्रशासनिक सुगमतालाई पनि दृष्टिगत गर्दै नेपालको एकात्मक स्वरुपलाई पुनर्संरचना गरी लोकतान्त्रिक गणतन्त्र नेपाललाई संघीय एकाइमा व्यवस्थित गर्न वैज्ञानिक र व्यवहारिक देखिएको हुँदा संविधानसभामा ६ र १४ दुबै विकल्पका नक्सा प्रस्तुत गर्ने गरी यो व्यवस्था गरिएको छ ।"

१४. उपधारा (१) मा 'चौध स्वायत्त प्रदेश' उल्लेख भएकोमा स्वायत्त प्रदेश वा प्रदेश मात्र उल्लेख गर्ने भन्ने सम्बन्धमा यसैको उपधारा (२) र (३) मा "प्रदेश" मात्र उल्लेख भएको हुंदा अस्पष्टता ल्याएकोले कसरी उल्लेख गर्ने ?

१५. चौध प्रदेशको पुनर्संरचना सम्बन्धमा यसको संख्या, नामाङ्कन र सिमाङ्कनका सम्बन्धमा फरकमतहरु आएको र सभामा छलफल हुंदा समेत माननीय सदस्यहरुको विचार फरक फरक रहेको हुँदा के गर्ने?

१६. (फरकमत) उपधारा (२) मा रहेको व्यवस्थाको सट्टा निम्नानुसार राख्ने वा नराख्ने ?

"उपधारा (१) बमोजिम निर्माण गरिने प्रदेशको नाम र क्षेत्रको निर्धारण पहिचान र सामर्थ्यका आधारमा संविधानसभाले गठन गरेको विशेषज्ञ कमिटीले तय गरे बमोजिम हुनेछ ।"

१७. उपधारा (३) - प्रदेशको नाम हेरफेर गर्ने सम्बन्धमा संघीय विधायिकाको समर्थन लिन पर्ने व्यवस्था गर्ने वा नगर्ने ?

१८. उपधारा ४ बमोजिम प्रदेशको नाम हेरफेर गर्ने सम्बन्धमा भएको जनमत संग्रहबाट अनुमोदन भएमा स्वत: नाम परिवर्तन हुने व्यवस्था गर्ने वा नगर्ने ?

१९. प्रदेशको नाम हेरफेर गर्ने सम्बन्धमा प्रस्तावित उपधारा (३) र (४) को व्यवस्था जटिल भएकाले यसलाई परिमार्जन गर्ने वा नगर्ने ?

२०. उपधारा (५) - प्रदेशहरु एक आपसमा गाभिने सम्बन्धमा संघीय विधायिकाको दुई तिहाई मत जरुरी हुनु पर्ने वा नपर्ने ?

२१. प्रदेशहरु एक आपसमा गाभिने सम्बन्धमा रहेको उपधारा (६) को व्यवस्थामा जनमत संग्रहमात्र राखी त्यसबाट अनुमोदन भए स्वत: प्रदेश गाभिने व्यवस्था हुनुपर्ने वा नपर्ने ?

२२. प्रदेशको निर्माणमा अन्यथा सहमति भएमा सो अनुसार प्रदेशको राजधानी परिवर्तन गरिनु पर्ने वा

नपर्ने ?

२३. (फरकमत) प्रदेश निर्माणको व्याख्यात्मक टिप्पणीमा उल्लेखित "भू-बनौटका हिसाबले हिमाल, पहाड, उपत्यका र तराई-मधेश विभक्त भएको छ।" भन्ने शब्दहरुको सट्टा "हिमाल, पहाड, तराई, भित्री तराई" भनी परिमार्जन गर्ने वा नगर्ने ? (पेज V)

२४. समग्र मधेशलाई एउटै प्रदेश कायम गर्ने वा नगर्ने ?

**धारा ६ संघको राजधानी सम्बन्धी विषय**

२५. संघको राजधानी फेर्न सम्भव छ वा छैन ?

२६. (फरकमत) संघको राजधानी दाङमा राख्ने वा नराख्ने ?

**धारा ७ स्थानीय तहको निर्माण र क्षेत्र निर्धारण अन्तर्गत (पेज VII - VIII)**

२७. गाउँपालिका र नगरपालिकाभन्दा माथि प्रदेशभन्दा तलको बिचमा प्रशासनिक इकाई आवश्यक हुने वा नहुने ?

२८.(फरकमत) उपधारा (१) को 'रुपमा' शब्दपछि 'जिल्ला तह' शब्द थप्नुपर्ने वा नपर्ने ?

२९.उपधारा (२), (३) र (४) मा रहेको व्यवस्थाको सट्टा स्थानीय तहको संख्या र क्षेत्र संविधान निर्माणसँगै र प्रदेशको निर्माणसँगै गरिनुपर्ने व्यवस्था राख्ने वा नराख्ने ?

३०. स्थानीय तहको संरचना गर्दा अपनाउने मापदण्ड संविधानमै तोकिई वैज्ञानिक तवरले गर्न खोजिएको तर सोही मापदण्डलाई प्रदेश निमार्णमा ध्यान नदिइएको भन्ने प्रश्न उठेकाले यसलाई कसरी सम्बोधन गर्ने ?

३१. (फरकमत) उपधारा (३) को पहिलो हरफमा रहेको "बमोजिम" भन्ने शब्द पछि रहेको "संघीय सरकारले तोकेको मापदण्डको आधारमा सम्बन्धित" शब्दहरु हटाउने वा नहटाउने ?

३२.(फरकमत) उपधारा (६) मा रहेको 'प्रादेशिक' शब्द हटाउनुपर्ने वा नपर्ने ?

**धारा ८ विशेष संरचना सम्बन्धी व्यवस्था अन्तर्गत (पेज IX – X)**

३३. (फरकमत) उपधारा (१) मा उल्लेखित वाक्यांशको सट्टामा देहाय बमोजिम लेख्ने वा नलेख्ने ?

"संविधानको धारा ४ बमोजिमको तहगत संरचनाको अतिरिक्त कुनै प्रदेशभित्र आदिवासी जनजाति वा भाषिक समुदायको बाहुल्य भएको वा सघन उपस्थिति भएको क्षेत्रलाई स्वायत्त क्षेत्र कायम गरिने छ।"

३४. उपधारा (१) - स्वायत्त क्षेत्र कायम गर्न सकिने भनी यस उपधारा (१) मा उल्लेख भएको भएता पनि सो को विपरित उपधारा (४) मा अनुसूची २ मा उल्लेख भए बमोजिमका स्वायत्त क्षेत्र रहने कुरा उल्लेख गरिएको उक्त सूची अपूर्ण र अवैज्ञानिक रहेको र यिनको भौगोलिक अवस्थिति कहाँ रहेको भन्ने स्पष्ट नभएको भन्ने विचार आएको, साथै अरु क्षेत्र निर्माणको लागि आयोग गठन गर्न जरुरी ठानियो तर यी सूचीकृत क्षेत्र के आधारमा निर्माण गरियो भन्ने सम्बन्धमा पनि जिज्ञासाहरु आएका हुँदा यसलाई कसरी सम्बोधन गर्ने ?

३५. उपधारा (२) र (३) बमोजिमका विशेष क्षेत्र, संरक्षित क्षेत्र निर्वाचित वा मनोनीत के हुने भन्ने अस्पष्टता रहेको भन्ने प्रश्न उठेकोले के गर्ने ?

३६. (फरकमत) उपधारा (२), (३), (४) र (५) रहेको व्यवस्थालाई हटाउने वा नहटाउने ?

३७. (फरकमत) उपधारा (४) र (५) को सट्टा देहाय बमोजिमको उपधारा (४) राखी व्याख्यात्मक टिप्पणी समेत परिमार्जन गर्ने वा नगर्ने ?

"(४) उपधारा (१), (२) र (३) बमोजिम विशेष संरचना निर्माण गर्दा संघीय सरकारले तोकेको मापदण्डको आधारमा सम्बन्धित प्रदेश सरकारले विषयगत विज्ञहरुको आयोग गठन गर्ने छ । धारा ५ को उपधारा (४) बमोजिम गठित आयोगको सिफारिस बमोजिम प्रादेशिक सरकारद्वारा प्रस्तुत प्रस्तावले प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई सदस्यहरुको समर्थन प्राप्त गरेपछि विशेष संरचनाको गठन गरिनेछ ।"

३८. (फरकमत) उपधारा (४) मा रहेको "अनुसूची २" भन्ने शब्द हटाउने वा नहटाउने ?

३९. (फरकमत) उपधारा (४) को सट्टा देहायको व्यवस्था राख्ने वा नराख्ने ?

"उपधारा (१) बमोजिम प्रदेश अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रहरु अनुसूची-२ मा उल्लेख भएबमोजिम हुनेछन् । स्वायत्त क्षेत्रको सीमाङ्कन, नामाकरण प्रादेशिक सरकारले एक वर्ष भित्रमा कानून बनाई निर्धारण गर्नेछ । त्यसको लागि प्रादेशिक सरकारले एक अधिकार सम्पन्न आयोग गठन गर्नेछ । आयोगको सिफारिशमा नाम र सीमा निर्धारण हुनेछन् ।"

४०. उपधारा (७) मा रहेको विशेष संरचना सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानून बमोजिम हुने व्यवस्था हटाउने वा नहटाउने ?

**धारा ९ संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाको अधिकारको बाँडफाँट शीर्षक अन्तर्गत (पेज X – XII)**

४१. उपधारा (५) - स्थानीय तहलाई कानून बनाउने अधिकार दिनु उपयुक्त हुने वा नहुने ?

४२. प्रादेशिक कानुनसँग स्थानीय तहले बनाएको कानून बाझिएमा त्यस्ता कानून स्वतः निस्क्रीय हुने भन्ने व्यवस्था राख्ने वा नराख्ने ?

४३. (फरकमत) उपधारा (५), (६), (७), (८), (९) र (१०) को व्यवस्थालाई हटाउने वा नहटाउने ?

४४. उपधारा (११) - अवशिष्ट अधिकार प्रदेशलाई हुनुपर्ने गरी परिमार्जन गर्ने वा नगर्ने ?

**धारा ११ संघीय एकाइहरुबीच उत्पन्न हुने विवाद समाधान सम्बन्धी व्यवस्था**

४५. अन्तरप्रादेशिक परिषद्मा विशेषज्ञहरु, स्वतन्त्र व्यक्तिहरु रहनुपर्ने, यो परिषद्मा राजनीतिक प्रकृतिका व्यक्तिमात्र रहने व्यवस्था गरियो, विवादको पक्ष समेत यो परिषद्मा रहने अवस्था आउने हुँदा प्रभावकारी हुन नसक्ने, यसमा कानुनमन्त्री समेत राख्नु पर्ने भन्ने मतहरु आएका हुँदा यसलाई कसरी सम्बोधन गर्ने ? **( प्रश्न यथावत रहने)**

४६.(फरकमत) उपधारा (११) को संघ र प्रदेश, प्रदेश र प्रदेश पछि रहेको प्रदेश र स्थानीय तह, प्रदेश र विशेष संरचना र स्थानीय तह र विशेष संरचनाका क्षेत्रहरु भन्ने शब्दहरु हटाउने वा नहटाउने ?

४७. उपधारा (११) देखि (१६) सम्म रहेको संवैधानिक अदालतको व्यवस्था न्याय प्रणाली सम्बन्धी समितिको प्रतिवेदनसँग मेल खाँदैन, यो विषय यसको क्षेत्राधिकार नभएको, यी दुवै समितिका प्रतिवेदनमा भएका व्यवस्था एकैसाथ राखी हेर्नुपर्छ भन्ने विचार आएको हुँदा यसलाई कसरी सम्बोधन गर्ने ?

धारा १२ आत्मनिर्णयको अधिकार अन्तर्गत (यो विषयमा राष्ट्रिय हितको संरक्षण समिति र संवैधानिक समितिको प्रतिवेदन समेत सान्दर्भिक रहेको)

४८. (फरकमत) उपधारा (१) मा "आदिवासी-जनजाति" शब्द पछि "स्थानीय तह र विशेष संरचनामा स्थायी रुपमा बसोबास गर्ने सबै नागरिकलाई" भन्ने शब्दहरु थप्ने वा नथप्ने ?

४९. "आदिवासी, आदिवासी जनजाति" भन्ने शब्दले अस्पष्टता ल्याएको, आत्म निर्णयको अधिकार भन्ने शब्दावलीको विभिन्न अर्थ लगाइने गरेको हुँदा यस व्यवस्थालाई राख्न नहुने भन्ने मत आएकाले यसलाई कसरी सम्बोधन गर्ने ?

५०. (फरकमत) उपधारा (१) आत्मनिर्णयको अधिकारलाई हटाउने वा नहटाउने ?

५१. (फरकमत) आत्मनिर्णयको अधिकारको व्यवस्था हटाई त्यसको निर्णय गर्ने जिम्मेवारी व्यवस्थापिका संसदलाई दिनुपर्ने वा नपर्ने ?

**धारा १३ राजनैतिक अग्राधिकार सम्बन्धी**

५२. राजनितिक अग्राधिकार सम्बन्धी व्यवस्था लोकतन्त्र विरोधी भएकोले राख्न नहुने भन्ने विचार आएकाले यसलाई कसरी सम्बोधन गर्ने ?

५३. (फरकमत) राजनीतिक अग्राधिकार सम्बन्धी प्रस्तावित व्यवस्था पूरै हटाउने वा नहटाउने ?

५४. (फरकमत) प्रदेश र विशेष संरचना क्षेत्र अन्तर्गत जाति वा भाषिक बाहुल्यताको आधारमा राजनैतिक अग्राधिकार हुनेछ भन्ने व्यवस्था हटाउनु पर्ने वा नपर्ने ?

५५. (फरकमत) धारा १३ को उपधारा (१) को व्यवस्था हटाउने वा नहटाउने ?

५६. उपधारा (१) मा रहेको "दुई कार्यकाल" को सट्टा "१५ वर्ष" राख्ने वा नराख्ने ?

५७. उपधारा (२) को सट्टा देहाय बमोजिमको वाक्यांश राखी परिमार्जन गर्ने वा नगर्ने ?

"संघीय, प्रादेशिक र स्थानीय तहका सबै राजनीतिक संरचनामा दलित समुदायको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वमा इतिहासकाल देखिकै उत्पीडन बापत क्षतिपूर्तिका रुपमा थप सात प्रतिशत प्रतिनिधित्वको सुनिश्चित हुने गरी विशेषाधिकारको व्यवस्था हुनेछ ।"

५८. उपधारा (२) मा दलितलाई थप सात प्रतिशत क्षतिपूर्ति दिने व्यवस्था हुनुपर्ने विषय राख्ने वा नराख्ने ?

५९. स्थानीय निकायमा दलित समुदायको बाहुल्यता भएको स्थानमा दलित नै प्रमुख हुने व्यवस्था गर्नुपर्ने वा नपर्ने ?

६०. मस्यौदामा रहेको धारा १४ महिलाको अधिकार, धारा १५ को दलितको अधिकार जस्तै धारा २० मा थप गरी मुस्लिम अधिकार उल्लेख गर्नुपर्ने भन्ने सभापतिको जवाफमा आएकोले के गर्ने ?

**प्रदेशहरुको संख्या, सीमाना र क्षेत्र सम्बन्धी अनुसूची १ अन्तर्गत**

६१.यो अनुसूचीको सट्टा देहायको अनुसूची १ राख्नुपर्ने वा नपर्ने ?

"नेपाललाई भूगोलको आधारमा निम्न बमोजिम १४ वटा प्रान्तमा विभाजन गरिएको छ : १) मेची प्रान्त २) कोशी प्रान्त ३) सगरमाथा प्रान्त ४) जनकपुर प्रान्त ५) नारायणी प्रान्त ६) बागमती प्रान्त ७) लुम्बिनी प्रान्त ८) गण्डकी प्रान्त ९) अन्नपूर्ण प्रान्त १०) राप्ती प्रान्त ११) भेरी प्रान्त १२) कर्णाली प्रान्त १३) सेती प्रान्त १४) महाकाली प्रान्त ।"

६२. यो अनुसूचीको सट्टा देहायको अनुसूची १ राख्नुपर्ने वा नपर्ने ?

"प्रदेशहरु बेग्लाबेग्लै भौगोलिक क्षेत्र, जाति, भाषा वा संस्कृतिलाई मिलाएर गठन गरिनुपर्छ र प्रदेशहरु निम्न अनुसार हुनेछन् :- कोशी प्रदेश - मेची र कोशी अञ्चललाई मिलाएर । सगरमाथा प्रदेश - सगरमाथा र जनकपुर अञ्चललाई मिलाएर । बागमती प्रदेश - बागमती र नारायणी अञ्चललाई मिलाएर । गण्डकी प्रदेश - गण्डकी र धवलागीरी अञ्चललाई मिलाएर । लुम्बिनी प्रदेश - राप्ती र लुम्बिनी अञ्चललाई मिलाएर । कर्णाली प्रदेश - कर्णाली अञ्चललाई मिलाएर । महाकाली प्रदेश -भेरी, सेती र महाकाली अञ्चललाई मिलाएर ।"

**अनुसूची-२ स्वायत्त क्षेत्रको सूची अन्तर्गत**

६३. यो अनुसूची पूरै हटाउनुपर्ने वा नपर्ने ?

**अनुसूची-३ संघको अधिकारको सूची अन्तर्गत**

६४. (फरकमत) देहायका विषयलाई यस अनुसूचीबाट हटाई अनुसूची-४ को प्रदेशको अधिकारको सूचीमा समावेश गर्ने वा नगर्ने ?

- क्रमसंख्या ४ को केन्द्रीय दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँड, टेलिभिजन र हुलाक,
- क्र.सं. ५ को भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, राहदानी, भिसा, हुलाक, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर,
- क्र.सं. २४ को हातहतियार, खरखजाना कारखाना तथा उत्पादन सम्बन्धी,
- क्र.सं. २५ को नापतौल, क्र.सं. २७ को बीमा नीति
- क्र.सं. २९ को बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाइन, प्रतिलिपि अधिकार समेत)

६५. क्रमसंख्या ३ मा "मुद्रा" शब्द थप्नुपर्ने वा नपर्ने ?

६६. क्रमसंख्या ३० पछि देहायको क्रमसंख्या र विषयहरु थप गर्ने वा नगर्ने ?

"३१. भूमिसुधार, ३२. राष्ट्रियस्तरको वन, ३३. तालतलैया, ३४. निकुञ्ज र ३५. नदी र पहाडहरु ।"

**अनुसूची-४ प्रदेशको अधिकारको सूची अन्तर्गत**

६७. क्रमसंख्या २१ मा रहेको 'भूमि व्यवस्थापन' शब्द हटाउनुपर्ने वा नपर्ने ?

**संघीय पद्धतिसँगै असहमति राखी आएका लगायतका अन्य विषयहरु**

६८. धारा ४, ५, ६, ८, ९ र १० को व्यवस्था संघीय व्यवस्थासँग सम्बन्धित भएकोले सो व्यवस्थाप्रति असहमति रहेको भन्ने मत आएकाले के गर्ने ?

६९. जिल्लाको आवश्यकता अनुसार संसदद्वारा पुनर्गठन हुनेछ भन्नु पर्ने वा नपर्ने ?

७०."स्थानीय स्वायत्त शासनका तीन तह हुनेछन् - प्रदेश, जिल्ला र गाउँ वा नगरपालिका" भन्नु पर्ने वा नपर्ने ?

७१. प्रदेशहरु ५ देखि ७ भन्दा बढी हुने छैनन् भनी लेख्ने वा नलेख्ने ?

७२. संघीय संरचनामा निम्न चार तहहरु रहने छन् भन्नु पर्ने वा नपर्ने ? "(१) संघ (केन्द्र), (२) प्रदेश, (३) जिल्ला र (४) ग्रामपालिका एवं नगरपालिकाहरु ।"

७३. "प्रशासनिक दृष्टिकोणले नेपाल राज्य चार तहमा बाँडिनेछ - केन्द्र, प्रदेश, जिल्ला र गाँउ वा नगरपालिका" भन्नु पर्ने वा नपर्ने ?

७४. स्थानीय स्वायत्त शासन अन्तर्गतका तीन तहको गठन विधि उल्लेख हुनु पर्ने, गाँउ समितिको कार्यक्षेत्र र अधिकार, जिल्ला समितिको कार्यक्षेत्र र अधिकार र प्रादेशिक समितिका कार्यक्षेत्र र अधिकारको विषयमा उल्लेख हुनु पर्ने भन्ने मत आएकोले यसलाई कसरी सम्बोधन गर्ने ?

७५. जनजाति तथा दलित काउन्सिल बारे संविधानमा व्यवस्था गर्ने वा नगर्ने ?

